# लक्ष्मणप्रसाद गौतमको जीवनी, व्यक्तित्त्व र कृतित्त्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**केशव नेपाल**

त्रि.वि. दर्ता नं. ६-३-१९-६०८-२०१०

परीक्षा क्रमाङ्क १९०००५

**वीरेन्द्र बहुमुखी क्याम्पस**

नेपाली विभाग

भरतपुर, चितवन



सन् २०१५/२०७१ साल

# त्रिभुवन विश्वविद्यालय

## सामाजिकशास्त्र सङ्काय

## वीरेन्द्र बहुमुखी क्याम्पस

## नेपाली विभाग

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरका विद्यार्थी केशव नेपालद्वारा नेपाली विषयमा एम.ए. द्वितीय वर्षको दशौं पत्रको प्रयोजनार्थ प्रस्तुत **लक्ष्मणप्रसाद गौतमको जीवनी, व्यक्तित्त्व र कृतित्त्वको अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

प्राध्यापक डा. नारायणप्रसाद खनाल ..................................
विभागीय प्रमुख हस्ताक्षर

उपप्राध्यापक विष्णुप्रसाद सापकोटा ..................................
शोध निर्देशक हस्ताक्षर

प्राध्यापक डा. वेदव्यास उपाध्याय ..................................
बाह्य परीक्षक हस्ताक्षर

मितिः

# शोधनिर्देशकको सिफारिस पत्र

वीरेन्द्र बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विषय स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत **लक्ष्मणप्रसाद गौतमको जीवनी, व्यक्तित्त्व र कृतित्त्वको अध्ययन** शीर्षकको शोधपत्र केशव नेपालले मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँको अध्ययन र प्रस्तुतिमा म सन्तुष्ट भएकाले यस शोधपत्रको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

**शोध निर्देशक**

.....................................

उपप्राध्यापक विष्णुप्रसाद सापकोटा
वीरेन्द्र बहुमुखी क्याम्पस,
भरतपुर, चितवन

मिति : २०७१/१०/०१
१५ जनवरी २०१५

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधकार्यको तयारीका क्रममा आफ्ना अनेकौं व्यस्तताका बीचमा पनि शोधपत्रको शीर्षक चयन गर्नदेखि लिएर यस शोधपत्रको रूपरेखा तयार पारी त्यसलाई अन्तिम रूप दिन अमूल्य सरसल्लाह र मित्रवत् कुशल निर्देशन दिनुहुने श्रद्धेय गुरू विष्णु सापकोटाप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

शोधपत्रको तयारीका क्रममा आफ्नो अमूल्य समय दिई शोधपत्रको पूर्णताको लागि कुशल निर्देशन गरी सहयोग पुऱ्याउने हुने अनुसन्धान समितिका अध्यक्ष एवम् विभागीय प्रमुख प्राध्यापक नारायणप्रसाद खनाल ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

त्यसैगरी आफ्नो व्यस्त समयका बावजुध शोधपत्रको तयारीका क्रममा आफ्नो अमूल्य समय दिई शोधपत्रको पूर्णताको लागि आवश्यक तथ्याङ्कीय विवरणका साथ सामग्री सङ्कलनमा पूर्ण सहयोग पुऱ्याउने हुने शोधनायक डा. लक्ष्मणप्रसाद गौतमज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

शोधपत्र तयार गर्ने क्रममा अध्ययनको लागि सल्लाह सुझाव र उत्प्रेरणा दिनुहुने मेरा अन्य गुरूहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसैगरी सामग्री सङ्कलनमा सहयोग पुऱ्याउनु हुने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय र वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालयप्रति पनि कृतज्ञता प्रकट गर्दछु । त्यसरी नै मेरो शोधपत्र लेखनका सर्न्दभमा पूर्ण रूपमा सहयोग गर्ने मित्रहरू प्रनिस नेपाल, यज्ञराज दाहाल, भीम दाहाल, घनश्याम भण्डारीलाई विशेषरूपमा सम्झन चाहन्छु । त्यसैगरी सामग्री सङ्कलन गर्नेदेखि लिएर लेखन कार्यमा मलाई घरायसी कार्यबाट मुक्त गराई चौतर्फी रूपमा वातावरण तयार पारी दिने मेरी श्रीमती लक्ष्मी तिमल्सिना तथा कम्प्युटर सेटिङ्मा विशेष सहयोग गर्ने क्वालिटि फोटोकपी तथा कम्प्युटरलाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।



केशव नेपाल

वीरेन्द्र बहुमुखी क्याम्पस,

भरतपुर, चितवन


मिति : २०७१।०९।३०

# विषयसूची

**पेज नं.**

**परिच्छेद : एक**

**शोध परिचय**


| | | |
|---|---|---|
| १.१ | विषय प्रवेश | १ |
| १.२ | समस्या कथन | ३ |
| १.३ | शोधकार्यको उद्देश्य | ४ |
| १.४ | पूर्वकार्यको विवरण र समीक्षा | ४ |
| १.५ | शोधको औचित्य, महत्त्व र उपयोगिता | १० |
| १.६ | शोधकार्यको क्षेत्र र सीमा | १० |
| १.७ | सामग्री सङ्कलन विधि | ११ |
| १.८ | शोधविधि र सैद्धान्तिक ढाँचा | ११ |
| १.९ | शोधपत्रको रूपरेखा | ११ |


**परिच्छेद : दुई**

**समालोचक लक्ष्मणप्रसाद गौतमको जीवनीको अध्ययन**


| | | |
|---|---|---|
| २.१ | विषय प्रवेश | १३ |
| २.२ | जन्म र जन्मस्थान | १४ |
| २.३ | बाल्यकाल र उपनयन | १४ |
| २.४ | शिक्षा दीक्षा | १५ |
| | २.४.१ अक्षरारम्भ र प्राथमिक शिक्षा | १५ |
| | २.४.२ माध्यमिक तहको शिक्षा | १५ |
| | २.४.३ उच्च तहको शिक्षा | १६ |
| २.५ | विवाह तथा सन्तान | १७ |
| २.६ | आर्थिक अवस्था | १७ |
| २.७ | रुचि तथा स्वभाव | १८ |
| २.८ | कार्यक्षेत्र | १९ |
| | २.८.१ शैक्षिक सेवा तथा संस्थागत संलग्नता | १९ |

२.८.२ प्रशासनिक सेवा तथा संलग्नता २०
२.८.३ साहित्यिक संस्थागत संलग्नता २१
२.९ भ्रमण २१
२.१० सम्मान तथा पुरस्कार २२
२.१०.१ सामान्य सम्मान तथा पुरस्कारहरू २२
२.१०.२ विशिष्ट सम्मान तथा पुरस्कार २३
२.११ धारणा/मान्यता २४
२.११.१ सामाजिक वा राजनैतिक धारणा/मान्यता २५
२.११.२ साहित्यक धारणा वा मान्यता २५
२.१२ सुख दुःखका क्षण २६
२.१३ लेखनको प्रेरणा र लेखनारम्भ २७
२.१३.१ गौतमका प्रकाशित/अप्रकाशित पुस्तकाकार कृतिहरू २८
२.१३.२ गौतमका पुस्तकाकार कृतिहरू २८
२.१३.३ सम्पादित पुस्तकाकार कृतिहरू २९
२.१३.४ अप्रकाशित पुस्तकाकार कृतिहरू ३०
२.१३.५ फुटकर समालोचनात्मक तथा अनुसन्धानात्मक लेखहरू ३१
२.१३.६ प्रस्तुत गरिएका कार्यपत्रहरूको सूची ४६
२.१३.७ भूमिका लेखनको सूची ४८
३.१३.८ प्रकाशित फुटकर कविताहरू ५४
२.१३.९ प्रकाशित फुटकर कथाहरू ५५
२.१३.१० प्रकाशित फुटकर निबन्धहरू ५५
३.१४ निष्कर्ष ५७


**परिच्छेद -तीन**

**समालोचक लक्ष्मणप्रसाद गौतमको व्यक्तित्त्वको अध्ययन**


३.१ पृष्ठभूमि ५८
३.२ बाह्य/शारीरिक व्यक्तित्त्व ५९
३.३ आन्तरिक व्यक्तित्त्व ५९
३.४ व्यक्तित्त्वका विभिन्न पाटाहरू ५९

३.४.१ साहित्यिक व्यक्तित्त्व ६०
३.४.१.१ स्रष्टा व्यक्तित्त्व ६०
३.४.१.१.१ कवि व्यक्तित्त्व ६०
३.४.१.१.२ कथाकार व्यक्तित्त्व ६१
३.४.१.१.३ निबन्धकार व्यक्तित्त्व ६१
३.४.१.२ द्रष्टा व्यक्तित्त्व ६२
३.४.३ साहित्येतर व्यक्तित्त्व ६३
३.४.३.१ शिक्षक व्यक्तित्त्व ६३
३.४.३.२ प्रशासक व्यक्तित्त्व ६३
३.४.३.३ सम्पादक व्यक्तित्त्व ६४
३.४.३.४ सामाजिक व्यक्तित्त्व/ संस्थागत व्यक्तित्त्व ६४
३.४.३.५ अन्तर्वार्ताकार व्यक्तित्व ६५
३.४.३.६ अन्तर्वार्तानायक व्यक्तित्व ६५
३.४.४ निष्कर्ष ६५

**परिच्छेद : चार**

**समालोचक लक्ष्मणप्रसाद गौतमको साहित्ययात्रा र चरण विभाजन**

४.१ विषय प्रवेश ६६
४.२ पृष्ठभूमि (२०३६-२०५१) ६७
४.२.१ पृष्ठभूमि चरणका प्रवृत्तिहरू ६८
४.३ प्रथम चरण, वि.सं. २०५२- वि.सं. २०५९) ६८
४.३.१ प्रथम चरणका प्रवृत्तिहरू ६९
४.४ द्वितीय चरण (वि.सं. २०६०- वि.सं. २०६५) ७०
४.४.१ द्वितीय चरणका प्रवृत्तिहरू ७१
४.५ तृतीय चरण (वि.सं. २०६६ देखि हालसम्म) ७२
४.५.१ तेस्रो चरणका प्रवृत्ति ७४
४.६ निष्कर्ष ७४

## परिच्छेद : पाँच

## समालोचक लक्ष्मणप्रसाद गौतमको कृतित्वको अध्ययन


५.१ विषय प्रवेश ७६

५.२ समालोचनाको सैद्धान्तिक चर्चा ७७

५.३ समालोचनाको परिभाषा ७८

५.४ समालोचनाका उपकरणहरू ८१

५.५ लक्ष्मणप्रसाद गौतमका कृतिहरूको विश्लेषण ८४

५.६ लक्ष्मणप्रसाद गौतमका एकल समालोचनात्मक कृतिहरूको विश्लेषण ८५

५.६.१ नन्दनको काव्यिक परिवेश कृतिको विश्लेषण ८६

५.६.१.१ विषय प्रवेश ८६

५.६.१.२ विषयवस्तु ८६

५.६.१.३ मूलभाव र विचार ८८

५.६.१.४ अन्तर्दृष्टि ८८

५.६.१.५ समालोचनाप्रणाली ८९

५.६.१.६ निष्कर्ष ८९

५.६.२ चितवनको साहित्य सर्वेक्षण र विश्लेषण कृतिको विश्लेषण ८९

५.६.२.१ विषय प्रवेश ९०

५.६.२.२ विषयवस्तु ९०

५.६.२.३ मूलभाव र विचार ९४

५.६.२.४ अन्तर्दृष्टि ९५

५.६.२.५ समालोचनाप्रणाली ९५

५.६.२.६ निष्कर्ष ९५

५.६.३ सान्दर्भिक समालोचना कृतिको विश्लेषण ९६

५.६.३.१ विषय प्रवेश ९६

५.६.३.२ विषयवस्तु ९६

५.६.३.३ मूलभाव र विचार १००

५.६.३.४ अन्तर्दृष्टि १०१

५.६.३.५ समालोचनाप्रणाली १०१

५.६.३.६ निष्कर्ष १०१

५.६.४ समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण कृतिको विश्लेष्ण १०२
५.६.४.१ विषय प्रवेश १०२
५.६.४.२ विषयवस्तु १०२
५.६.४.३ मूलभाव र विचार १०४
५.६.४.४ अन्तर्दृष्टि १०५
५.६.४.५ समालोचनाप्रणाली १०५
५.६.४.६ निष्कर्ष १०५
५.६.५ नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना कृतिको विश्लेषण १०६
५.६.५.१ विषय प्रवेश १०६
५.६.५.२ विषयवस्तु १०७
५.६.५.३ मूलभाव र विचार १०९
५.६.५.४ अन्तर्दृष्टि १०९
५.६.५.५ समालोचनाप्रणाली ११०
५.६.५.६ निष्कर्ष ११०
५.६.६ समकालीन नेपाली कविताका प्रवृत्ति कृतिको विश्लेषण १११
५.६.६.१ विषय प्रवेश १११
५.६.६.२ विषयवस्तु १११
५.६.६.३ मूलभाव र विचार ११५
५.६.६.४ अन्तर्दृष्टि ११५
५.६.६.५ समालोचनाप्रणाली ११५
५.६.६.६ निष्कर्ष ११६
५.६.७ उत्तरवर्ती नेपाली समालोचना केही प्रतिरूप कृतिको विश्लेषण ११६
५.६.७.१ विषयप्रवेश ११७
५.६.७.२ विषयवस्तु ११७
५.६.७.३ मूलभाव र विचार ११८
५.६.७.४ अन्तर्दृष्टि ११९
५.६.७.५ समालोचनाप्रणाली ११९
५.६.७.६ निष्कर्ष ११९
५.६.८ राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता कृतिको विश्लेषण११९

५.६.८.१ विषय प्रवेश १२०
५.६.८.२ विषयवस्तु १२०
५.६.८.३ मूलभाव र विचार १२२
५.६.८.४ अन्तर्दृष्टि १२२
५.६.८.५ समालोचनाप्रणाली १२२
५.६.८.६ निष्कर्ष १२३
५.६.९ कविताको सैद्धान्तिक विमर्श कृतिको विश्लेषण १२३
५.६.९.१ विषय प्रवेश १२३
५.६.९.२ विषयवस्तु १२४
५.६.९.३ मूलभाव र विचार १२५
५.६.९.४ अन्तर्दृष्टि १२५
५.६.९.५ समालोचनाप्रणाली १२५
५.६.९.६ निष्कर्ष १२६
५.७ लक्ष्मणप्रसाद गौतमका सह-समालोचनात्मक कृतिको विश्लेषण १२६
५.७.१ नोबेल पुरस्कार विजेता साहित्यकार कृतिको विश्लेषण १२६
५.७.१.१ विषय प्रवेश १२६
५.७.१.२ विषयवस्तु १२७
५.७.१.३ मूलभाव र विचार १२७
५.७.१.४ अन्तर्दृष्टि १२७
५.७.१.५ समालोचनाप्रणाली १२८
५.७.१.६ निष्कर्ष १२८
५.७.२ नेपाली कथाको इतिहास कृतिको विश्लेषण १२८
५.७.२.१ विषय प्रवेश १२९
५.७.२.२ विषयवस्तु १२९
५.७.२.३ मूलभाव र विचार १३०
५.७.२.४ अन्तर्दृष्टि १३०
५.७.२.५ समालोचनाप्रणाली १३१
५.७.२.६ निष्कर्ष १३१
५.८ लक्ष्मणप्रसाद गौतमका एकल सम्पादकीय कृतिको विश्लेषण १३१

५.८.१ शब्दहरू अविराम यात्रामा सम्पादकीय कृतिको विश्लेषण १३२
५.८.१.१ विषय प्रवेश १३२
५.८.१.२ विषयवस्तु १३३
५.८.१.३ सम्पादकीय क्षमता १३३
५.८.१.४ निष्कर्ष १३३
५.८.२ नेपाली यौनकथा भाग-दुई कृतिको विश्लेषण १३४
५.८.२.१ विषय प्रवेश १३४
५.८.२.२ विषयवस्तु १३५
५.८.२.३ सम्पादकीय क्षमता १३७
५.८.२.४ निष्कर्ष १३७
५.८.३ समकालीन नेपाली द्वन्द्वकथा कृतिको विश्लेषण १३८
५.८.३.१ विषय प्रवेश १३८
५.८.३.२ विषयवस्तु १३९
५.८.३.३ सम्पादकीय क्षमता १४१
५.८.३.४ निष्कर्ष १४१
५.८.४ अन्तरसंवाद सम्पादकीय कृतिको विश्लेषण १४१
५.८.४.१ विषय प्रवेश १४१
५.८.४.२ विषयवस्तु १४२
५.८.४.३ सम्पादकीय क्षमता १४३
५.८.४.४ निष्कर्ष १४४
५.९ लक्ष्मणप्रसाद गौतमका सह-सम्पादकीय कृतिहरूको विश्लेषण १४४
५.९.१ आख्यानपुरुष ध्रुवचन्द्र गौतम कृतिको विश्लेषण १४४
५.९.१.१ विषय प्रवेश १४५
५.९.१.२ विषयवस्तु १४५
५.९.१.३ सम्पादकीय क्षमता १४८
५.९.१.४ निष्कर्ष १४९
५.९.२ रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड) सम्पादकीय कृतिको विश्लेषण १४९
५.९.२.१ विषय प्रवेश १५०

५.९.२.२ विषयवस्तु १५०
५.९.२.३ सम्पादकीय क्षमता १५२
५.९.२.४ निष्कर्ष १५३
५.९.३ रत्न बृहद् नेपाली समालोचना प्रायोगिक खण्ड कृतिको विश्लेषण १५३
५.९.३.१ विषय प्रवेश १५४
५.९.३.२ विषयवस्तु १५५
५.९.३.३ सम्पादकीय क्षमता १५७
५.९.३.४ निष्कर्ष १५८
५.९.४ प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता भाग-१ सम्पादकीय कृतिको विश्लेषण १५८
५.९.४.१ विषय प्रवेश १५९
५.९.४.२ विषयवस्तु १५९
५.९.४.३ सम्पादकीय क्षमता १६२
५.९.४.४ निष्कर्ष १६३
५.९.५ प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता भाग-२ कृतिको विश्लेषण १६३
५.९.५.१ विषय प्रवेश १६३
५.९.५.२ विषयवस्तु १६४
५.९.५.३ सम्पादकीय क्षमता १६४
५.९.५.४ निष्कर्ष १६५
५.१० अन्य १६५
५.१०.१ विज्ञान शब्दकोष कृतिको विश्लेषण १६५
५.१०.१.१ विषय प्रवेश १६५
५.१०.१.२ विषयवस्तु १६६
५.१०.१.३ निष्कर्ष १६६
५.१०.२ लक्ष्मणप्रसाद गौतमका फुटकर समालोचनाहरूको विश्लेषण १६६
५.१०.२.१ भवानी भिक्षुका काव्यिक परिवृत्त: विश्लेषण र मूल्याङ्कनका फुटकर रचनाको विश्लेषण १६७
५.१०.२.१.१ विषय प्रवेश १६७
५.१०.२.१.२ विषयवस्तु १६८

५.१०.२.१.३ समालोचनाप्रणाली १६८
५.१०.२.१.४ निष्कर्ष १६९
५.१०.२.२ विश्वेश्वरप्रसाद कोइरालाका कथाको अन्तर्विषयक पठन लेखको विश्लेषण १६९
५.१०.२.२.१ विषय प्रवेश १६९
५.१०.२.२.२ विषयवस्तु १६९
५.१०.२.२.३ समालोचनाप्रणाली १७०
५.१०.२.२.४ निष्कर्ष १७०
५.११ नेपाली समालोचनामा लक्ष्मणप्रसाद गौतमको स्थान निर्धारण १७१

**परिच्छेद : छ**
**उपसंहार**

**सन्दर्भग्रन्थसूची** **१७८**

**परिशिष्ट 'क':** शोधनायक लक्ष्मणप्रसाद गौतमलाई सोधिएका प्रश्नावलीहरू १८३
**परिशिष्ट 'ख':** लक्ष्मणप्रसाद गौतमकी धर्मपत्नी सीता गौतमलाई सोधिएको प्रश्नावली १८५

# परिच्छेद : एक

# शोध परिचय

## १.१ विषय प्रवेश

लक्ष्मणप्रसाद गौतम नेपाली समालोचनामा स्थापित नाम हो । २०२० फागुन ७ मा बाग्लुङमा स्व. पिता शशिधर गौतम र माता यमुना गौतमका सुपुत्रका रूपमा जन्मिएका गौतमले त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि प्राप्त गरिसकेका छन् । अतिरिक्त शैक्षिक योग्यताको रूपमा नेपाली पत्रकारिता विषयमा स्नातक (त्रि.वि २०४८) र शिक्षास्नातक ( बि.एड. २०४९/५०) पनि प्राप्त गरिसकेका छन् ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतको वीरेन्द्र बहुमुखी क्याम्पसमा धेरै वर्ष अध्यापन गरेका गौतम हाल भने त्रिभुवन विश्वविद्यालय केन्द्रीय नेपाली विभाग कीर्तिपुर काठमान्डौमा सहप्रध्यापकका रूपमा प्राध्यापनरत छन् । हाल उनको स्थायी बसोबास पनि काठमान्डौको कीर्तिपुरमा रहेको छ ।

वि.सं. २०३६ सालमा **मातृभूमि** शीर्षकको कविता **नयाँ पुकार** पत्रिकामा प्रकाशित भएपछि उनले साहित्यमा पहिलो पाइलो टेकेको जानकारी पाइन्छ । समालोचना विधामा विशेष दक्षता हासिल गरेका गौतमको पहिलो समालोचना भने वि.पी. कोइरालाको **सुम्निमा एक समीक्षा** (२०४८) हो । यो समालोचना उनको महत्त्वपूर्ण घुम्ती थियो, जसले उनलाई स्थापित हुनमा एक खुट्किलोको काम गरेको थियो । त्यसपछि उनी निरन्तर समालोचना लेखनमा प्रवृत्त भएको पाइन्छ । पुस्तकाकार रूपमा प्रकाशित उनको पहिलो समालोचनात्मक कृति भने **नन्दनको काव्यिक परिवेश** (२०५२) हो, जुन चितवन वाङ्मय प्रतिष्ठानबाट प्रकाशित छ । त्यसै गरी उनका अन्य समालोचनात्मक कृतिहरू यसप्रकार छन् :

क) चितवनको साहित्य सर्वेक्षण र विश्लेषण (२०५२)

ख) सान्दर्भिक सामालोचना (२०५७)

ग) समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण (२०६०)

घ) विज्ञान शब्दकोष (सहलेखन २०६०)

ङ) नोबेल पुरस्कार विजेता साहित्यकार (सहलेखन २०६०)

च) नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना (२०६६)

छ)	समकालीन नेपाली कविताका प्रवृत्ति (२०६६)

ज)	उत्तरवर्ती समालोचना केही प्रतिरूप (२०६८)

झ)	राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता (२०६८)

ञ)	नेपाली कथाको इतिहास (२०६८)

ट)	कविताको सैद्धान्तिक विमर्श (२०६९)

यी पुस्तकाकार कृतिका अतिरिक्त लक्ष्मणप्रसाद गौतमका विभिन्न फुटकर कविताहरू, निबन्धहरू र कथाहरू प्राप्त छन् भने विभिन्न पत्रपत्रिकामा प्रकाशित दुई सय पचास भन्दा बढी लेख रचनाहरू रहेको जानकारी प्राप्त गर्न सकिन्छ ।

लक्षमणप्रसाद गौतम कवि, कथाकार, निबन्धकार र समालोचक हुनुका साथै सफल सम्पादक पनि हुन् । उनका सम्पादकीय कृतिहरू यसप्रकार छन् :

क)	शब्दहरू अविराम यात्रामा (संयुक्त कवितासङ्ग्रह २०५०)

ख)	आख्यानपुरुष ध्रुवचन्द्र गौतम : अभिनन्दन ग्रन्थ (२०६०)

ग)	नेपाली यौनकथा भाग-२ (२०६१)

घ)	समकालीन नेपाली द्वन्द्वकथा (२०६३)

ङ)	सनत रेग्मी संवाद सन्दर्भ (२०६६)

च)	रत्न बृहत् नेपाली समालोचना (सहलेखन २०६९)

छ)	रत्न बृहत् नेपाली समालोचना प्रायोगिक खण्ड (सहलेखन २०६९)

ज)	प्रज्ञा समकालीन नेपाली कविता (२०७०)

यसका साथै गौतमले **मधूलिका, मारुनी, मृगतृष्णा, वागीश्वरी** पत्रिकाको पनि सम्पादन गरेका छन् ।

लक्ष्मणप्रसाद गौतम एक सफल अनुसन्धाता पनि हुन् । उनले नेपाली साहित्यका क्षेत्रमा विभिन्न लघु योजना, परियोजनामा रहेर अनुसन्धान पुरा गरिसकेका छन् भने अद्यापि अनुसन्धानरत छन् । उनले सम्पन्न गरेका लघुअनुसन्धान यसप्रकार छन् :

क)	चालिसको दशकको पूवार्धका नेपाली कवितामा बिम्बविधान (२०५५)

ख)	पचासको दशकको पूर्वार्धका नेपाली कवितामा बिम्बविधान (२०५६)

ग)	विज्ञान शब्दकोष (२०५९/६०)

घ)	भवानी भिक्षुको काव्यिक परिवृत्त (२०६७)

ङ)	छन्दोबद्ध नेपाली कवितामा युगबोध (२०६७/६८)

च)	कथा सिद्धान्त र नेपाली कथाको इतिहास (सह. २०६७/६८)

छ)	विश्वेश्वरप्रसाद कोइरालाका कथाको अन्तर्विषयक पठन (२०६९/७०)

ज)	भीमनिधि तिवारीको कवित्वको विश्लेषण र मूल्याङ्कन (२०७०)

यसरी अनुसन्धानरत लक्ष्मणप्रसाद गौतमको अनुसन्धान पक्ष उल्लेखनीय रहेको छ ।

लक्ष्मणप्रसाद गौतम विभिन्न संस्थाहरूसँग पनि आबद्ध छन् । हाल उनी नेपाल लेखक सङ्घका केन्द्रीय सदस्य, चितवन वाङ्मय प्रतिष्ठानका सल्लाहकार, साहित्यिक पत्रकार सङ्घका उपाध्यक्ष रहेका छन् ।

लक्ष्मणप्रसाद गौतम नेपाली साहित्यमा स्थापित छन्, सम्मानित छन् र अद्यापि साधनारत छन् । उल्लिखित कृतिहरूले यिनको विशिष्टताको परिचय दिएकै छन् । यस विशिष्टताले उनी अनुसन्धेय रहेको प्रमाण पेस गर्दछ । यिनका बारेमा हालसम्म पनि कुनै व्यवस्थित अध्ययन भएको देखिँदैन । नेपाली समालोचनाको विकासमा उनको योगदानको मूल्याङ्कन हुनुपर्ने देखिएकाले यस शोधकार्यको विषय लक्ष्मणप्रसाद गौतमको कृतिहरूको विशेष अध्ययन विश्लेषण गर्नुका साथै उनको जीवनी र व्यक्तित्त्वको अध्ययनसँग सम्बन्धित रहेको छ । अतः यस शोधकार्यका लागि **लक्ष्मणप्रसाद गौतमको जीवनी, व्यक्तित्त्व र कृतित्त्वको अध्ययन** शीर्षक चयन गरिएको छ ।

## १.२ समस्या कथन

लक्ष्मणप्रसाद गौतमको जीवनी व्यक्तित्त्व र कृतित्त्वको अध्ययन गर्दा उनको कृतित्त्वको रेखाङकन तथा मूल्याङ्कन नै प्रस्तुत शोधकार्यको मूल समस्या रहेको छ । प्रस्तुत शोधकार्यका बुँदागत समस्याहरू निम्ननिखित रहका छन् :

क)	लक्ष्मणप्रसाद गौतमको जीवनी कस्तो रहेको छ ?

ख)	लक्ष्मणप्रसाद गौतमको व्यक्तित्त्वको निर्माण कसरी भएको छ ?

ग)	लक्ष्मणप्रसाद गौतमको साहित्य यात्राको चरण विभाजन र रचनाहरूको प्रमुख प्रवृत्ति के रहेको छ ?

घ)	नेपाली साहित्यको श्रीवृद्धिमा लक्ष्मणप्रसाद गौतमको के-कस्तो योगदान रहेको छ ?

यिनै विभिन्न समस्याहरूको वस्तुपरक अध्ययन अनुसन्धान, विश्लेषण र मूल्याङ्कनमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

विभिन्न समस्याहरूमा केन्द्रित भई **लक्ष्मणप्रसाद गौतमको जीवनी, व्यक्तित्त्व र कृतित्त्वको** अध्ययन गर्नु यस शोधकार्यको मुख्य उद्देश्य रहेको छ । यस शोधकार्यका बुँदागत उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) लक्ष्मणप्रसाद गौतमको जीवनीको अध्ययन गर्नु ।

ख) लक्ष्मणप्रसाद गौतमको व्यक्तित्त्व निर्माणको पहिचान गर्नु ।

ग) लक्ष्मणप्रसाद गौतमको साहित्य यात्राको चरण विभाजन र उनका रचनाहरूमा पाइने प्रमुख प्रवृत्तिहरू पत्ता लगाउनु ।

घ) नेपाली साहित्यको श्रीवृद्धिमा लक्ष्मणप्रसाद गौतमले दिएको योगदान थाहा पाउनु र उचित मूल्याङ्कन गर्नु ।

यिनै विभिन्न उद्देश्यपूर्तिका लागि वस्तुपरक अध्ययन, अनुसन्धान, विश्लेषण र मूल्याङ्कनमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

नेपाली साहित्यका समालोचक लक्ष्मणप्रसाद गौतमका समालोचनात्मक कृतिहरू एघार वटा छन् । उनका सम्पादकीय रचना पनि एक दर्जन छन् । त्यसै गरी उनले गरेका अनुसन्धान पनि लगभग एक दर्जन छन् । फुटकर कविता, कथा, निबन्ध, लेख, रचना र भूमिका लेखनमा पनि उनी सिद्धहस्त छन् । नेपाली साहित्यमा स्थापित भइसक्दा पनि उनीबारे नै केन्द्रित कृतिहरू भने लेखिएका छैनन् । समालोचना विधालाई अधिक प्रेम गर्ने गौतम र उनका कृतिबारे धेरै विद्वान्हरूले आ-आफ्ना मत प्रकट गरेका छन् । प्रस्तुत शोधकार्यको पूर्वकार्यका लागि विद्वान्हरूको मत कालक्रमका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

सुधा त्रिपाठीले चितवनको साहित्यिक इतिहासमा उल्लेखनीय एवम् अविस्मणीय कार्य हुनपुगेको उल्लेख गर्दै चितवनको साहित्यिक गतिविधिका बारेमा सामान्य चासो राख्ने व्यक्तिदेखि लिएर साहित्यका विशिष्ट अनुसन्धाताहरूका लागि समेत **चितवनको साहित्य**

**सर्वेक्षण र विश्लेषण** कृति महत्त्वपूर्ण प्राप्ति बन्न पुगेको छ भनी उल्लेख गरेकी छिन् ।[१]

गोवर्द्धन पूजाले चितवनको साहित्यक गतिविधिमा संलग्न व्यक्ति एवम् व्यक्तित्त्वलाई प्रकाशमा ल्याउने क्रममा लक्ष्मणप्रसाद गौतमको **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** कृतिको महत्त्व अमूल्य रहेको छ भनी टिप्पणी गरेका छन् ।[२]

ठाकुरप्रसाद पराजुलीले आफ्ना अध्ययन अन्तर्गत नेपाली साहित्यका केही शीर्षस्थ कृतिहरूलाई विभिन्न कोणबाट हेर्ने प्रयास गौतमको रहेको छ तापनि विवेच्य कृतिको विधागत रूपको स्थापना, विषयवस्तुको ऊहापोह र त्यसमा पाइने वैचारिक औचित्यको मूल्याङ्कन नै **सान्दर्भिक समालोचना** कृतिको समीक्षात्मक परिधि रहेको छ भनी टिप्पणी गरेका छन् । [३]

खगेन्द्र लुइटेलले लक्ष्मणप्रसाद गौतम वर्तमानकालीन नेपाली समालोचकका कित्तामा विशेष सक्रियताका साथ अग्रसर भइरहेका युवा समालोचक हुन् भनी उल्लेख गरेका छन् ।[४]

भागवत आचार्यले लक्ष्मणप्रसाद गौतमको सूक्ष्म अध्ययन, गहन विद्वत्ता, तार्किक विश्लेषण तथा परिपक्व एवम् उत्तरदायी मूल्याङ्कन क्षमताको उपजका रूपमा **नेपाली कविताको बिम्बपरक विश्लेषण** कृति रहेको उल्लेख गरेका छन् ।[५]

घनश्याम कँडेलले **लक्ष्मणप्रसाद गौतम** नेपाली साहित्यका उदीयमान समालोचक रहेको टिप्पणी गर्दै उनका समालोचनामा प्रतिमान र परिश्रमको स्पष्ट छाप देखापर्छ भनी उल्लेख गरेका छन् ।[६]

शिवप्रसाद भट्टराईले लक्ष्मणप्रसाद गौतमद्वारा लेखिएको **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण** नामक प्रस्तुत कृतिमा स्रष्टाहरूका मौलिक प्रतिभाको कसीमा नेपाली कविता साहित्यमा तिनीहरूद्वारा प्रयोग भएका बिम्ब सिर्जनाहरूको व्याख्या विश्लेषण गरिएको छ भनी उल्लेख गरेका छन् ।[७]

गोविन्दराज भट्टराईले साठी साल सकिने बेलामा नेपाली साहित्यमा जन्मिएको लक्ष्मणप्रसाद गौतमको **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण** महत्त्वपूर्ण कृति

---

१. सुधा त्रिपाठी *खोजपूर्णकार्य,* **मधुपर्क** वर्ष १, अङ्क २९ पूर्णाङ्क ३३४, चैत्र २०५३ पृष्ठ १६ ।
२. गोर्वद्धन पूजा *चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,* **नवसमानान्तर** वर्ष १ अंक, २ २०५४, पृष्ठ ५ ।
३. ठाकुरप्रसाद पराजुली *गौतमका रचनात्मक अध्ययन,* **सान्दर्भिक समालोचना** काठमान्डौ भुडीपुराण प्रकाशन पृष्ठ भूमिका ।
४. खगेन्द्र लुइटेल, *बिम्ब र नेपाली कवितामा बिम्ब विधान* **समकालीन साहित्य** वर्ष १४, अङ्क ३ पूर्णाङ्क २५ चैत्र २०६१ पृष्ठ १६२ ।
५. भागवत आचार्य *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,* **मिर्मिरे** वर्ष ३३ अङ्क ३, पूर्णाङ्क २२६, २०६१, पृष्ठ १०५ ।
६. घनश्याम कंडेल *साहित्यिक बिम्ब केलाइएको ग्रन्थ* **मधुपर्क**, वर्ष ३७, अङ्क ६, पूर्णाङ्क ४२५, कार्तिक ०६१, पृष्ठ ४८ ।
७. शिवप्रसाद भट्टराई, *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण* **गोरखा पत्र** २६ असार २०६१ पृष्ठ ग ।

रहेको टिप्पणी गरेका छन् ।[८]

नेत्र एटमले व्यक्ति र कृतिकेन्द्री समालोचनामा नन्दनको काव्यिक परिवेशको महत्त्वपूर्ण स्थान रहेको कुरा उल्लेख गरेका छन् ।[९]

दधिराज सुवेदीले चितवनका युवाचिन्तक लक्ष्मणप्रसाद गौतमले आफ्नो सीप र प्रतिभालाई उजागर गर्दै बीस जना कथाकारका नयाँ-नयाँ शिल्प र शैलीका आधुनिक कथा तथा बीसवटा जति विश्वकै कथासिद्धान्तका सन्दर्भ ग्रन्थहरू पढेर तयार पारेको **नेपाली कथा परम्परा र उत्तरआधुनिक सन्दर्भ** नामक गोष्ठीपत्र उत्कृष्ट रहेको उल्लेख गरेका छन् ।[१०]

रेवतीरमण सुवेदीले लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित **समकालीन नेपाली द्वन्द्वकथा** सम्भवतः नेपाली साहित्यको क्षेत्रमा प्रथम पटक सम्पादन गरिएको उत्कृष्ट कृति भनी टिप्पणी गरेका छन् ।[११]

डुन्डिराज पौडेलले लक्ष्मणप्रसाद गौतमको समकालीन **नेपाली कविताको बिम्बपरक विश्लेषण** अनुसन्धनात्मक र अन्तरविषयक पद्धति अङ्गालेर लेखिएको ग्रन्थ भएको टिप्पणी गर्दै यो कृति नेपाली साहित्यमा लेखिएको बिम्ब सम्बन्धि पहिलो मानक कृति रहेको उल्लेख गरेका छन् ।[१२]

होमनाथ सुवेदीले समकालीन **नेपाली कविताको बिम्बपरक विश्लेषण**ले बिम्बवादका विशेषता, गुण, अवगुणको मात्र विश्लेषण नगरेर इतिहास समेत केलाएको टिप्पणी गर्दै बिम्बवादका मान्यताको विस्तृत चर्चा गरेको कुरा उल्लेख गरेका छन् ।[१३]

दयाराम श्रेष्ठले २०५० को दशकमा नेपाली साहित्यको इतिहासबारे प्रकाशनका दृष्टिले ठोस कामहरू भएको उल्लेख गर्दै त्यसमा लक्ष्मण गौतमको **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**को उल्लेख्य योगदान रहेको निष्कर्ष प्रस्तुत गरेका छन् ।[१४]

---

८. गोविन्दराज भट्टराई, *साठी साल सकिने वेलामा* **कान्तिपुर (कोसेली)** जेष्ठ १६, २०६१ पृष्ठ घ ।

९. नेत्र एटम, *व्यक्ति र कृतिकेन्द्री समालोचना,* **समालोचनाको स्वरूप**, काठमान्डौ, विद्यार्थी पुस्तक भण्डार, २०६१, पृष्ठ २४१ ।

१०. दधिराज सुवेदी, *नेपाली कथा साहित्यको तलाउमा उत्तरआधुनिक तरङ्ग,* विराटनगर, प्रतिभा पुरस्कार प्रतिष्ठान, २०६१ पृष्ठ १७

११. रेवतीरमण सुवेदी, *समकालीन नेपाली द्वन्दकथा,* **शारदा**, वर्ष १, अङ्क ३, चैत २०६३ पृष्ठ ९७ ।

१२. डुन्डिराज पोडेल, *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण अनुसन्धान ग्रन्थको विवेचना,* **नेपाली वाङमयमा रत्न-श्रेष्ठ पुरस्कार गुठी**, वागलुङ, दीअ प्रकाशन २०६३, पृष्ठ १२३ ।

१३. होमनाथ सुवेदी, *समकालीन नेपाली कविताको बिम्ब परक विश्लेषणको अवलोकन,* **समुद्रपारका समालोचना**, अमेरिका, अन्तर्राष्ट्रिय, नेपाली साहित्य समाज, २०६५ (अप्रिल २००९, पृष्ठ ३८९ ।

१४. दयाराम श्रेष्ठ, *इतिहास लेखनको प्रारम्भ र विकास,* **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ**, काठमान्डौ, पालुवा प्रकाशन (ते.सं.) २०६५, पृष्ठ ८२ ।

कृष्णप्रसाद घिमिरेले लक्ष्मण समीक्षा क्षेत्रका उज्वल प्रतिभा हुन्, उनीभित्र दमित भएर रहेको सृजनशील व्यक्तित्त्व पनि छ भन्ने कुरा उनको *उत्तरआधुनिक प्रेम* भन्ने कथाले प्रमाण पेस गरेको छ भनी उल्लेख गरेका छन् ।[१५]

तारालाल श्रेष्ठले नेपाली साहित्यमा उत्तरआधुनिकतावादको थालनी र विकासक्रमको इतिहास समेत लेखिन थालेको र यसको पछिल्लो उदाहरण लक्ष्मणप्रसाद गौतमको **नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना** रहेको टिप्पणी गरेका छन् ।[१६]

मोहनराज शर्माले **समकालीन नेपाली कविताका प्रवृत्ति** नामक ग्रन्थबारे टिप्पणी गर्दै लक्ष्मण गौतमले अनुसन्धान कार्य पुरै जिम्मेवारीका साथ सम्पन्न गरेको र यसको परिणाम **समकालनि नेपाली कविताका प्रवृत्ति** नामक पुस्तक रहेको चर्चा गरेका छन् ।[१७]

मोहनराज शर्माले लक्ष्मणप्रसाद गौतमले **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना** पुस्तकमा विशेषतः नेपाली साहित्यमा उत्तरआधुनिकताको थालनी र त्यसको वर्चस्वपूर्ण विकासक्रम कोर्ने प्रमाणिक प्रयास गरेको उल्लेख गरेका छन् ।[१८]

भागवत आर्चायले लक्ष्मणप्रसाद गौतम नेपाली साहित्यमा स्थापित रहेको उल्लेख गर्दै उनका हरेक समालोचनात्मक कृति उत्कृष्ट रहेको र **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना** कृतिमा उनको खारिएको विद्वत्ता प्रस्तुत भएको टिप्पणी गरेका छन् ।[१९]

चूडामणि बन्धुले **समकालीन नेपाली कविताका प्रवृत्ति** कृतिबारे टिप्पणी गर्दै उक्त कृति युवा हस्ताक्षर लक्ष्मणप्रसाद गौतमको महत्त्वपूर्ण अनुसन्धनात्मक समालोचना हो भन्दै समालोचना र अनुसन्धान हुनु नै यस पुस्तकको समकालीन विशेषता हो भनी उल्लेख गरेका छन् ।[२०]

रविन्द्र समीरले समकालीन समयका कविता लेख्ने पुराना कविदेखि नयाँ पुस्तासम्मका साढे तीन सय जति कविका कविताहरूलाई आधार बनाएर तयार गरिएको **समकालीन नेपाली कविताका प्रवृत्ति**ले समकालीन नेपाली कविताको ऐतिहासिक दस्ताबेज

---

१५. कृष्णप्रसाद घिमिरे, *कथाहरूको आलोडन,* **मधुपर्क**, वर्ष ४१, अङ्क ३, पूर्णाङ्क ४७०, साउन २०६५ पृष्ठ १४ ।

१६. तारालाल श्रेष्ठ, *उत्तरआधुनिक समालोचनाको समालोचना,* **नागरिक** (अक्षर) भदौं १३ २०६६।

१७. मोहनराज शर्मा, *मन्तव्य रूपमा केही शब्द,* **समकालीन नेपाली कविताका प्रवृत्ति**, ललिलतपुर, साझा प्रकाशन, २०६६, पृष्ठ भूमिका ।

१८. मोहनराज शर्मा, *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना,* काठमान्डौ, ओरियन्टल पब्लिकेशन, २०६६ पश्च आवरण ।

१९. भागवत आचार्य, *उत्तर आधुनिक समालोचनाको समालोचना,* **मिरमिरे** वर्ष ३८, अङ्क ११, पूर्णाङ्क २९४, पृष्ठ १४५ ।

२०. चूडामणि बन्धु, *समकालीन नेपाली कविताका प्रवृत्ति,* **गरिमा,** वर्ष २८, अङ्क १०, पूर्णाङ्क ३३४, असोज २०६७, पृष्ठ ११७ ।

रहेको उल्लेख गरेका छन् ।[२१]

छविरमण सिलवालले हरेक समयले आफ्नै कालखण्डको निर्माण गर्ने र साहित्यले पनि त्यही समयको कालखण्डलाई पच्छयाइरहने कुरा उल्लेख गर्दै **समकालीन नेपाली कविताका प्रवृत्ति**लाई सिङ्गै नेपाली कविताको अवलोकन भन्दा पनि हुने कुरा उल्लेख गरेका छन् ।[२२]

कपिल अज्ञातले **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना** गौतमका समालोचनात्मक चेतको विशिष्ट उपलब्धि रहेको टिप्पणी गर्दै उत्तरआधुनिक सिद्धान्तका बारेमा लेखिएको समालोचनाको पनि समालोचना हो भनी उल्लेख गरेका छन् ।[२३]

ज्ञानु अधिकारीले नेपाली समालोचनामा गहन तथा नवीन कार्यहरू गरी यस क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने लक्ष्मणप्रसाद गौतम वस्तुवादी समालोचना लेख्ने वरिष्ठ समालोचक हुन् भनी उल्लेख गरेकी छिन् ।[२४]

सुकुम शर्माले समसामयिक नेपाली कविताका क्षेत्रमा देखापरेका विविध चिन्तन वा प्रवृत्तिको व्यवस्थित र शोधपरक अध्ययन नै **समकालीन नेपाली कविताका प्रवृत्ति** कृति रहेको छ भनी उल्लेख गरेका छन् ।[२५]

ब्रतराज आचार्यले समालोचक लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीले **कथा साहित्यको इतिहास** लेखन जस्तो गम्भीर विषयमा विस्तृत सूचनासहित गहकिलो ग्रन्थ लेखन गरेको टिप्पणी गरेका छन् ।[२६]

राजु भुसालले **नेपाली कथाको इतिहास** एउटा आधार ग्रन्थ रहेको उल्लेख गर्दै यसले नेपाली कथाको आरम्भदेखि वर्तमानसम्मको समग्र सन्दर्भलाई केलाएको टिप्पणी गरेका छन् ।[२७]

गोपीकृष्ण ढुङ्गानाले लक्ष्मणप्रसाद गौतमका तीन कृति **राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता, उत्तरवर्ती नेपाली समालोचनाका केही प्रतिरूप** र ज्ञानु अधिकारीसँगको सहकार्यमा **नेपाली कथाको इतिहास** एकसाथ बजारमा आएको उल्लेख

---

२१. रविन्द्र समीर, *समकालीन नेपाली कविताको इन्साईक्लोपेडिया,* **नेपाल साप्ताहिक**, वर्ष १०, अङ्क ४९ असार २७, २०६७ पृष्ठ ५४ ।

२२. छविरमण सिलवाल, *नेपाली कविताको अवलोकन,* **दृष्टि साप्ताहिक**, वर्ष २७, अङ्क ३७, साउन ११, २०६७, पृष्ठ ८ ।

२३. कपिल अज्ञात, *वस्तुवादी समालोचक लक्ष्मणप्रसाद गौतम,* **स्रष्टा बिम्ब, व्यक्तित्त्व आरेख**, चितवन, चितवन साहित्य परिषद, २०६७, पृष्ठ ७१ ।

२४. ज्ञानु अधिकारी, *समकालीन नेपाली कविता माथिको मानक अनुसन्धान,* **अन्नपूर्ण पोष्ट** दैनिक, वर्ष ९, अङ्क ९९, २०६७, पृष्ठ ६ ।

२५. सुकुम शर्मा, *समकालीन नेपाली कविताको अन्वेषणात्मक ग्रन्थ,* **कृति परिचय**, काठमान्डौ, दोभान प्रकाशन, २०६८, पृष्ठ १३५ ।

२६. ब्रतराज आचार्य, *नेपाली कथाको इतिहास केलाउँदा,* **गरिमा**, वर्ष ३०, अङ्क १०, पूर्णाङ्क ३५८, असोज २०६९, पृष्ठ १७५ ।

२७. राजु भुसाल, *नेपाली कथाको इतिहास, एक संक्षिप्त परिचय,* **मेचीकाली** दैनिक बुटवल, असोज २७ शनिवार २०६९, पृष्ठ ४ ।

गरेका छन् ।[२८]

रजनी ढकालले **नेपाली कथाको इतिहास** नेपाली कथाको दस्तावेज रहेको कुरा उल्लेख गर्दै नेपाली साहित्यमा विधागत इतिहास लेखन कार्य कम भएको समयमा यस कृतिको अधिक महत्त्व रहेको टिप्पणी गरेकी छिन् ।[२९]

**नागरिक** दैनिकले समालोचक लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीद्वारा संयुक्त रूपमा लिखित **नेपाली कथाको इतिहास** कथा अभिलेखका हिसाबले उल्लेख्य कृति रहेको टिप्पणी गरेको छ ।[३०]

राजेन्द्र सुवेदीले प्रेमविनोद नन्दनको सृजना वृत्तमा केन्द्रित रहेको **नन्दनको काव्यिक परिवेश** शीर्षकको समालोचनामा प्रवृत्त भएका गौतमको लेखनको प्राथमिक सन्दर्भ निकै प्रभावशाली रहेको उल्लेख गरेका छन् ।[३१]

प्रदीप नेपालले नेपाली कथा साहित्यको समग्र इतिहासको पहिलो पुस्तकका रूपमा प्रकाशित **नेपाली कथाको इतिहास**ले कथाको समग्र इतिहासलाई आफूभित्र समेट्न सफल रहेको कुरा उल्लेख गरेका छन् ।[३२]

युवक उप्रेतीले राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित **रत्न बृहत् नेपाली समालोचना**मा त्रिचालीस समालोचकहरूका कविता आख्यान, नाटक, निबन्ध, लोकसाहित्य, विधासिद्धान्त र पाश्चात्य साहित्य सिद्धान्तबारे विशेष चर्चा गरिएको टिप्पणी गरेका छन् । [३३]

उल्लिखित विवरणका आधारमा लक्ष्मणप्रसाद गौतम नेपाली समालोचना विधामा स्थापित रहेको जानकारी प्राप्त हुन्छ । उनका बारेमा खोजी गर्ने जो भए पनि प्रशंसायोग्य नै छन् तथापि यी सम्पूर्ण विवरण अपुग छन् । हालसम्म उनको समग्र जीवनी, व्यक्तित्त्व र कृतित्त्वबारे अध्ययन हुन सकेको देखिँदैन । त्यसैले प्रस्तुत शोधकार्यमा गौतमको जीवनी व्यक्तित्त्व र कृतित्त्वको समग्र अध्ययन गरिएको छ ।

---

२८. गोपिकृष्ण ढुङ्गाना, *एकैसाथ तीन,* **अन्नपूर्ण पोष्ट** (फुर्सद), वर्ष ११, अङ ६७, २०६९, पृष्ठ २ ।
२९. रजनी ढकाल, *नेपाली कथाको इतिहास,* **कान्तिपुर** राष्ट्रिय दैनिक (कोशेली), वर्ष २०, अंक १७५ ।
३०. *नयाँ शीर्षक,* **नागरिक** दैनिक, वर्ष ४, अङ्क ४१, जेष्ठ २० २०६९, पृष्ठ ६ ।
३१. राजेन्द्र सुवेदी, *नेपाली समालोचना परम्परा र प्रवृत्ति,* काठमान्डौ, पाठ्य सामग्री पसल, २०६९, पृष्ठ ४३२ ।
३२. प्रदीप नेपाल, *अरुलाई चम्काउने ग्रन्थ,* **नेपाल** साप्ताहिक, वर्ष १३, अङ्क १, साउन २१ २०६९, पृष्ठ ४६-४७ ।
३३. युवक उप्रेती, *विद्यार्थीमुखी समालोचना,* **नागरिक** दैनिक (अक्षर), वर्ष ५, अङ्क २०६, ९ मङ्सिर २०६९, पृष्ठ ६ ।

## १.५ शोधको औचित्य, महत्त्व र उपयोगिता

समालोचक लक्ष्मणप्रसाद गौतमको प्रतिभालाई उल्लेख र उजागर गर्दै उनको समग्र साहित्य सृजनयात्रा र समालोचनाकारिताले नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई पाठकसामु पुऱ्याउनु आफैँमा औचित्यपूर्ण कार्य हो । धेरै वर्षदेखि समीक्षा विधामा साधनारत उनको प्रतिभालाई अझ अग्रगतितर्फ लैजानुले पनि यस शोधकार्यको औचित्यलाई स्पष्ट पर्छ । लक्ष्मणप्रसाद गौतम जस्ता स्रष्टाको जीवनी, व्यक्तित्त्व र कृतित्त्वको अध्ययन समकालीन तथा उत्तरवर्ती प्रतिभाहरूका लागि प्रेरणादायी बन्नुका साथै उनका बारेमा जान्न इच्छुक पाठकहरू समेत लाभान्वित हुने भएकोले प्रस्तुत शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता आफैँ पुष्टि हुन जान्छ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधकार्य समालोचक लक्ष्मणप्रसाद गौतमको जीवनी, व्यक्तित्त्व र कृतित्त्वको अध्ययन तथा विश्लेषण विषयमा केन्द्रित रहको छ । कृतिमा पाइने वैचारिकता समालोचकीय क्षमता र प्रवृत्ति जस्ता पक्षहरू यस अध्ययनभित्र समेटिने छ । उनका जीवनका प्रमुख घटनाहरू साहित्यतर्फ प्रेरित गर्ने प्रसङ्ग र परिवेशहरू शोधपत्रको जीवनी खण्डमा समेटिने छ भने व्यक्तित्त्वका विविध पाटाहरूलाई व्यक्तित्त्व खण्डमा र उनीद्वारा सृजित रचनाहरूको अध्ययनलाई कृतित्त्व खण्डमा समेटिने छ । प्रस्तुत शोधकार्यको सीमा यसप्रकार निर्धारण गरिएको छ :-

क) प्रस्तुत शोधकार्य शीर्षकानुसार लक्ष्मणप्रसाद गौतमको जीवनी, व्यक्तित्त्व र कृतित्त्वको अध्ययनमा केन्द्रित रहेको छ ।

ख) प्रस्तुत शोधकार्यमा लक्ष्मणप्रसाद गौतमका वि.सं. २०५२ देखि २०७१ साउनसम्म प्रकाशित पुस्तकाकार कृतिहरूको मात्र अध्ययन गरिएको छ ।

ग) उनका पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरूको समेत गहन अध्ययन र विश्लेषणतिर नगई सूची विवरण मात्र दिनु यस शोधपत्रको सीमाक्षेत्र रहेको छ ।

घ) उनका अप्रकाशित रचनाहरूलाई यस शोधपत्रमा समिटिएको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यको सामग्री सङ्कलन र शोधलेखनका क्रममा विशेषतः पुस्तकालयीय अध्ययन विधि अपनाइएको छ । उक्त विधि अनुसार नै तत्सम्बन्धी पुस्तक र पत्रपत्रिकाको अध्ययन गरी शोधलेखन कार्य सम्पन्न गरिएको छ साथै अनुसन्धेय व्यक्ति जीवितै भएको हुँदा उनीसँग प्रत्यक्ष रूपमा भेटघाट गरी लिखित र मौखिक रूपमा आवश्यकका पत्नीसँग प्रत्यक्ष सम्पर्क गरी प्रश्नावलीका आधारमा समेत आवश्यक सामग्री सङ्कलन गरिएको छ ।

## १.८ शोधविधि र सैद्धान्तिक ढाँचा

समालोचक लक्ष्मणप्रसाद गौतमको जीवनी, व्यक्तित्त्व र कृतिको अध्ययन गर्ने क्रममा सामग्री सङ्कलन शीर्षकमा उल्लिखित पद्धतिहरूबाट प्राप्त सामग्रीलाई आधार बनाई जीवनी र व्यक्तित्त्व पक्षको अध्ययन जीवनीपरक समालोचनाप्रणालीबाट र कृतित्त्वको अध्ययन प्रभावपरक र अनुसन्धानात्मक समालोचना पद्धति अनुसार अध्ययन र विश्लेषण गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सुसङ्गठित र व्यवस्थित बनाउनको लागि निम्नानुसार संरचना प्रदान गरिएको छ :-

**परिच्छेद एक : शोधपरिचय**

यस परिच्छेदमा विषय परिचय, शोधसमस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोधविधि, सैद्धान्तिक ढाँचा र अन्तमा शोधपत्रको रूपरेखा रहेको छ ।

**परिच्छेद दुई : लक्ष्मणप्रसाद गौतमको जीवनीको अध्ययन**

यस परिच्छेदमा लक्ष्मणप्रसाद गौतमको जीवनीलाई विभिन्न शीर्षक तथा उपशीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ । यस अध्ययन अन्तर्गत गौतमको वंश,

परम्परा, जन्म, नामकरण, बाल्यकाल, उपनयन, शिक्षारम्भ, वैवाहिक तथा पारिवारिक स्थिति, आर्थिक अवस्था, कलेज जीवन, पेसा, लेखनमा प्रेरणा र प्रभाव, रुचि तथा स्वभाव, अविस्मरणीय घटना, भ्रमण, सङ्घ-संस्थासँगको आबद्धता र सम्मान तथा पुरस्कारको अध्ययन गरी निष्कर्ष समेत निकालिएको छ ।

**परिच्छेद तीन : लक्ष्मणप्रसाद गौतमको व्यक्तित्त्वको अध्ययन**

यस परिच्छेदमा लक्ष्मणप्रसाद गौतमको बाह्य व्यक्तित्त्वका साथै आन्तरिक व्यक्तित्त्वलाई पनि साहित्यिक र साहित्येतर गरी दुई भागमा विभाजन गरी साहित्यिक व्यक्तित्त्व शीर्षकमा कवि समालोचक आदि र साहित्येतर शीर्षक अन्तर्गत सामाजिक प्रशासनिक आदि व्यक्तित्त्वमा वर्गीकरण गरी अध्ययन गरिएको छ ।

**परिच्छेद चार : लक्ष्मणप्रसाद गौतमको साहित्य यात्राको चरणविभाजन र चरणगत प्रवृत्तिहरूको अध्ययन**

यस परिच्छेदमा लक्ष्मणप्रसाद गौतमको साहित्यिक विधा लेखन अन्तर्गत निबन्धगत, कथागत, कवितागत र समालोचनागत प्रवृत्तिहरूको सामान्य अध्ययन गरी निष्कर्ष समेत उल्लेख गरिएको छ ।

**परिच्छेद पाँच : लक्ष्मणप्रसाद गौतमको कृतित्त्वको अध्ययन, मूल्याङ्कन र योगदान**

यस परिच्छेदमा लक्ष्मणप्रसाद गौतमका पुस्तकाकार कृतिहरूको अध्ययन एवम् विश्लेषण गरी निष्कर्ष निकालिएको छ । लक्ष्मणप्रसाद गौतमको स्थान निर्धारण पनि यही परिच्छेदमा गरिएको छ ।

**परिच्छेद छ : मूल्याङ्कन तथा निष्कर्ष**

यो परिच्छेदमा गौतमको जीवनी व्यक्तित्त्व र कृतित्त्वको समेत सङ्क्षेपमा विवेचना गरिनुका साथै प्रवृत्तिहरूको समेत मूल्याङ्कन गरिएको छ ।

यसप्रकार शोधपत्रको पूर्वभाग र मध्यभाग निर्माण गरिनुका साथै अन्त्यभागको रूपमा परिशिष्ट र सन्दर्भसामग्रीसूची समावेश गरी साङ्गोपाङ्ग शोधप्रतिवेदन प्रस्तुत गरिएको छ ।

## परिच्छेद : दुई

# समालोचक लक्ष्मणप्रसाद गौतमको जीवनीको अध्ययन

## २.१ विषय प्रवेश

मानिसले आफ्नो जीवनावधिमा गरेका राम्रा, नराम्रा कार्यहरूको लेखाजोखा नै जीवनी हो । मानिसले आफ्नो समयमा गरेका कार्य, उसको जीवनमा आएको सुख दुःख, हाँसो खुसी, पीडा र रोदन आदिको समग्रता नै जीवनी हो । त्यसकारण 'जीवनभर गरेका काम कुराको क्रमबद्ध लेख वा कथन, जीवनचरित्र, जीवनचरित, कसैको जीवन सम्बन्धी इतिवृत्त' भनी उल्लेख गरिएको पाइन्छ ।[३४] जीवनी बारेका व्याख्या विश्लेषणलाई सबैले आफ्नो जीवनभोगाईसँग जोडेर हेर्ने गरेको पाइन्छ । मानवले आफ्नो जीवनमा हरेक क्षणहरूको सामाना गर्नुपर्ने हुन्छ । मानव जीवन वा अन्य प्राणीको जीवन पनि हरेक पल एकै किसिमले अगाडि बढेको हुँदैन । कसैको जीवन पुण्यै पुण्य गरेर बित्छ भने कसैको पापैपाप गरेर बित्छ । जीवन आरोह र अवरोह हो । घुम्ती र गल्छेडाहरूको र साँघुरा बाटाको सङ्ग्रह हो । जीवन पूर्णिमाको रात जस्तो मात्र होइन शिशिरको तुषारेरात जस्तो पनि हुन्छ । मानव जीवनको सार्थकता र वास्तविकताको पहिचान त्यही हो, जुन जीवनले मर्ने बेलामा चार जना मलामी कमाउन सकेको होस् । मानिस आफ्नो जीवनमा अगाडि बढ्ने क्रममा विभिन्न क्षेत्रसँग सम्बन्धित भएर अगाडि बढ्छ । समाजसेवा, राजनीति, खेलकुद, साहित्य, कृषि, व्यापार आदि विभिन्न यस्ता क्षेत्र विद्यमान छन् जहाँबाट मानवले आफ्नो पहिचान बनाउन सक्दछ । कतिपय व्यक्तिहरू यस्ता हुन्छन् जसले आफ्ना मनका भावना र अनुभूतिलाई प्रकट गर्न कलमको सहारा लिन्छन् साहित्यको सिर्जना गरेर आफू आनन्दित हुन्छन् साथै अरुलाई पनि आनन्द प्रदान गर्छन् । लक्ष्मणप्रसाद गौतम पनि नेपाली साहित्यको साधनामा लागेका स्रष्टा हुन् । नेपाली समालोचनाको अथक् साधनामा लागेका गौतम एक स्थापित स्रष्टा हुन् । लक्ष्मणप्रसाद गौतमको व्यक्तित्त्व र कृतित्त्वको मूल्याङ्कन पूर्व यस शोधपत्रमा उनको जीवनी सम्बन्धी अध्ययन प्रस्तुत गरिएको छ ।

---

३४. बालकृष्ण पोखरेल (निर्देशक), **नेपाली बृहत् शब्दकोष**, काठमान्डौ, नेपाल प्रज्ञा प्रतिष्ठान, २०६७, पृष्ठ ४७० ।

## २.२ जन्म र जन्मस्थान

बाग्लुङ जिल्लाको गलकोट अन्तर्गत गल्याङ भन्ने स्थानको ग्रामीण परिवेशमा भक्तिराम गौतम नाम गरेका सम्पन्न व्यक्ति बसोबास गरेको उल्लेख पाइन्छ । भक्तिराम गौतमका छोराको नाम काशीराम गौतम थियो । तिनै काशीराम गौतमका सुपुत्रका रूपमा शशिधर गौतमको जन्म भएको पाइन्छ । शशिधर गौतमका तीन भाइ छोरामध्ये माइलो सन्तानका रूपमा जन्मिएका लेखनाथ गौतमको प्रचलित नाम नै लक्ष्मणप्रसाद गौतम रहेको पाइन्छ । यिनीले वि.सं. २०२० साल असोज २५ गते माता यमुनादेवीको कोखबाट जन्मेका थिए ।[३५] त्यसैले उनको जन्मस्थान र पुर्ख्यौली बाग्लुङ जिल्ला रहेको स्पष्ट जानकारी प्राप्त गर्न सकिन्छ ।

## २.३ बाल्यकाल र उपनयन

बाग्लुङमा जन्मिएका लक्ष्मणप्रसाद गौतमको बाल्यकाल स्थिर रूपले एकै स्थानमा बितेका पाइँदैन । बाल्यकालमा एउटै वातावरण र साथी सङ्गीको सङ्गत नभएका कारण उनीमा एकान्तप्रेमी र कम बोल्ने स्वभाव विकसित भएको पाइन्छ ।[३६] एउटा बालकले प्रत्येक क्षण नयाँ स्थान र नयाँ नयाँ वातावरणको सामना गर्नु र उक्त वातावरणमा घुलमेल हुन नसक्नु अस्वाभाविक हैन । लक्ष्मणप्रसाद गौतम डेढ वर्षको हुँदा २०२२ सालमा परिवार पाल्पा बसाइँ सरेको देखिन्छ । गौतम ७ वर्षको हुँदा २०२७ सालमा चितवनमा बसाइँ सराई र चितवनमा पनि २०२७ देखि २०२९सम्मका दुई वर्षमा तीन ठाउँसम्म परिवारले बसाइँ सराइ गरेको झमेला बेहोर्नु परेका कारण उनी बाह्य वातावरणसँग कम घुलमेल हुन पुगेका थिए । उनको शिक्षा पनि बसाइँ सराइकै कारण सहज रूपमा अगाडि बढ्न नसकेको देखिन्छ । उनको उपनयन ७ वर्षको उमेरमा २०२७ सालमा भएको थियो । छिमेकीको घरमा पूजा भएको अवस्थामा उनको व्रतबन्ध भएको पाइन्छ । आफ्ना दाजु हरिहर गौतमले बुबाआमालाई आश्चर्यमा पार्न उहाँहरूलाई जानकारी नै नदिई एकदिन अगाडि मात्र उहाँहरूलाई उक्त कुराको जानकारी दिइएको उल्लेख पाइन्छ । गाउँमा व्रतबन्धबारे सबैलाई

---

३५. शोधनायक लक्ष्मणप्रसाद गौतमसँगको अन्तवार्ता अनुसार ।
३६. ऐजन ।

जानकारी भएको तर स्वयं मातापितालाई एकदिन अगाडिमात्र जानकारी भएको रोचक प्रसङ्ग पनि गौतमको व्रतबन्धसँग जोडिएको उल्लेखनीय विषय रहेको पाइन्छ ।[३७]

## २.४ शिक्षा दीक्षा

लक्ष्मणप्रसाद गौतमले आफ्नो जीवनकालमा प्राप्त गरेको शिक्षा र शैक्षिक संस्थाबारे तल उल्लेख गरिएको छ ।

### २.४.१ अक्षरारम्भ र प्राथमिक शिक्षा

लक्ष्मणप्रसाद गौतमका पिता शशिधर गौतम उनलाई आफू जस्तै पण्डित बनाउन चाहन्थे । शशिधर गौतम आफू जुन समाज र पेसामा आबद्ध रहेका थिए । त्यही पेसामा छोरालाई लगाउन चाहने नेपाली समाजका अपवाद हुन चाहँदैनथे । पारिवारिक पृष्ठभूमिले पण्डित बनाउने वातावरणतर्फ झुकाव राखेपछि गौतमले ५ वर्षसम्म घरैमा संस्कृत शिक्षाको प्राथमिक जानकारी लिएको पाइन्छ । घरमै सिकेको कखरा र प्राथमिक संस्कृत शिक्षाले उनलाई पाठशाला जाने बाटो खुलाइदिएको थियो । यही वातावरणमा लक्ष्मणप्रसाद गौतमले २०२७ सालमा राष्ट्रिय प्राथमिक पाठशाला यज्ञपुरी चितवनमा भर्ना भई २०३१ सालमा त्यहाँबाट प्राथमिक शिक्षा उत्तीर्ण गरेको जानकारी प्राप्त गर्न सकिन्छ ।[३८]

### २.४.२ माध्यमिक तहको शिक्षा

लक्ष्मणप्रसाद गौतमले राष्ट्रिय प्राथमिक विद्यालयबाट प्राप्त गरेको नेपाली विषयको शिक्षा भन्दा घरमै सिकेको संस्कृत शिक्षाले बढी प्रभावकारिता ग्रहण गरेका कारण उनले संस्कृत शिक्षाध्ययनलाई नै आफ्नो जीवनको लक्ष्य बनाउन चाहेको पाइन्छ । त्यही लक्ष्यका साथ २०३१ सालमा तनहुँको देवघाटमा अवस्थित वेदवेदाङ्ग संस्कृत विद्यापीठमा लक्ष्मणप्रसाद गौतमले वि.सं. २०३५ सालमा प्रथमा परीक्षा उर्त्तीण गरेको देखिन्छ ।[३९] तनहुँबाट प्रथमा परीक्षा उर्त्तीण गरेपछि उनी देहरादुन स्थित ऋषिकेश पुगेर आफ्नो संस्कृत

---

३७. ऐजन ।
३८. ऐजन ।
३९. ऐजन ।

भाषा साहित्यप्रतिको रुचिको संस्कृत शिक्षामा उनले पूर्वमध्यमा अर्थात् एस.एल.सी. त्यहीँबाट उत्तीर्ण गरेर माध्यमिक शिक्षालाई पूर्णता दिएको जानकारी पाउन सकिन्छ ।[४०] यसरी उनले नेपाल र भारतका विभिन्न शैक्षिक संस्थाहरूबाट माध्यमिक शिक्षा उत्तीर्ण गरेको जानकारी पाइन्छ ।

### २.४.३ उच्च तहको शिक्षा

लक्ष्मणप्रसाद गौतमले भारतको ऋषिकेशमै रहेका बेला उत्तरमध्यमा प्रथम वर्ष अर्थात् प्रमाणपत्र तह प्रथम वर्षको परीक्षा पनि सन् १९७९ मा अखण्ड संस्कृत विद्यापीठबाट उत्तीर्ण गरेको जानकारी पाइन्छ । उत्तरमध्यमा दोस्रो वर्षको अध्ययन भने गोरक्षनाथ संस्कृत विद्यापीठमा पूर्णता दिँदै सन् १९८१ मा उत्तरमध्यमा उत्तीर्ण गरेको जानकारी पाइन्छ । गौतमले उच्च तहको शिक्षा विभिन्न विद्यालयबाट विभिन्न समयमा उत्तीर्ण गरेको पाइन्छ । शास्त्री अर्थात् स्नातकतह श्री मोतीनाथ संस्कृत महाविद्यालय (एन.एम.एस. कलेज) रमेशनगर दिल्लीबाट सन् १९८२ मा नव्यव्याकरण तथा नेपाली विषयमा उत्तीर्ण गरेको पाइन्छ । गौतमले शास्त्री (स्नातक) परीक्षामा दिल्ली प्रदेशबाटै सर्वाधिक अङ्क ल्याउन सफल भएपछि भारत सरकारले उनलाई छात्रवृत्ति प्रदान गरेको जानकारी पाइन्छ ।[४१] भारतमा रहेको बेला गौतमले विभिन्न संस्कृत विद्यापीठबाट संस्कृत स्नातक तहको शिक्षा उत्तीर्ण गरे पनि उनको इच्छा पण्डित बन्ने भने थिएन । उनी विज्ञान विषयमा ठूलो रुचि राख्दथे । पत्रकारितामा पनि उनको विशेष रुचि थियो ।

यस्तै विभिन्न रुचिहरूका साथ उनले नेपाल आएर वि.सं. २०४५ मा पत्रकारिता विषयमा बि.ए. उत्तीर्ण गरेका थिए । त्यसैगरी वि.सं. २०५१ सालमा नेपाली विषयमा त्रिभुवन विश्वविद्यालयबाटै बि.एड. र नेपाली विषयमा एम.ए उत्तीर्ण गर्न सफल भएको जानकारी पाइन्छ । एम.ए. नेपाली विषयमा उनी प्रथम श्रेणीमा सर्वद्वितीय हुन सफल रहेका छन् ।[४२] उनले नेपालबाट प्राप्त गरेका सम्पूर्ण डिग्रीहरू त्रिभुवन विश्वविद्यालयबाटै प्राप्त गरेका छन् । वि.सं. २०६६ सालमा गौतमले त्रिभुवन विश्वविद्यालयबाटै **समकालीन नेपाली कविताका प्रवृत्ति** शीर्षकमा विद्यावारिधि गरेका छन् । हाल थाँती रहेको गौतमको औपचारिक

---

४०. ऐजन ।

४१. ऐजन ।
४२. ऐजन ।

अध्ययनले स्वाध्यायन र लेखनको स्वरूप ग्रहण गरेको छ । उनी हाल पनि लेखन र स्वाध्यायनमै निरन्तर क्रियाशील, अध्ययनशील रहेको प्रत्यक्ष देख्न सकिन्छ ।[४३]

## २.५ विवाह तथा सन्तान

लक्ष्मणप्रसाद गौतम दाजु हरिहर गौतम पछिका माइला सन्तान हुन् । उनी पछि उनका भाइ शङ्करप्रसाद गौतम र बहिनीहरू सृजना गौतम(भण्डारी) मेनुका गौतम(पौडेल) र शारदा (गौरी) गौतम(अधिकारी) रहेका छन् । वि.सं. २०४१ साल माघमा सीता पौडेलसँग लक्ष्मणप्रसाद गौतमको मागी विवाह सु-सम्पन्न भएको देखिन्छ । सीता पौडेल(गौतम) पाल्पा निवासी मित्रराज पौडेल (उपाध्याय) र इन्द्रमाया पौडेलकी जेठी छोरी हुन् । लक्ष्मणप्रसाद गौतम र सीता गौतमका हाल दुई वटी छोरीहरू र एक जना छोरा छन् । ठूली छोरी सिन्धुले तीन वर्ष अगाडि बी.एन. सकेर वीर अस्पतालको न्यूरो विभागमा कार्यरत छिन् । कान्छी छोरी इन्दु समाजशास्त्रमा एम.ए. गर्दैछिन् भने छोरा सौरभ गौतम बायोलोजीमा बी.एस.सी. गर्दैछन् ।[४४] हालसम्म गौतम परिवार एक स्वास्थ्य, सुखी र शिक्षा सम्पन्न परिवारका रूपमा रहेको पाइन्छ । गौतम पत्नी सीताले व्यवहारिक कठिनाइका कारण र घर सम्हालेर पतिलाई पढाउँदा वा पढाइमा सहयोग गर्दा आफूले माध्यमिक तहभन्दा माथि पढ्न पाइनन् तथापि आज गौतमले लेखेका प्रत्येक कुरामा प्राविधिक रेखदेख र व्यावहारिक काम पारिवारिक निर्देशन र अभिभावकीय दायित्वको वहन सीताले नै गर्ने गरेको पाइन्छ ।[४५]

## २.६ आर्थिक अवस्था

बाग्लुङमा हुँदा लक्ष्मणप्रसाद गौतमको परिवार अत्यन्त सम्पन्न परिवारका रूपमा रहेको पाइन्छ । गलकोटमा हुँदा गौतमका पिता स्वर्गीय शशिधर गौतम पण्डित, महाजन र गलकोटे साहुका रूपमा परिचित थिए ।[४६] बाग्लुङमा हुँदाको अति सम्पन्न गौतम परिवार समयको क्रमसँगै विभिन्न ठाउँमा बसाइँ सरेका कारण मध्यम वर्गीय र निम्नमध्यम वर्गीय परिवारमा परिणत हुन पुगेको देखिन्छ । हाल लक्ष्मणप्रसाद गौतमको आर्थिक स्थिति फेरि

४३. **शोधकर्ता**ले उनको घरको भ्रमण गर्दा गरेको प्रत्यक्ष अनुभवबाट ।
४४. **लक्ष्मणप्रसाद गौतम** पूर्ववत् ।
४५. ऐजन ।
४६. ऐजन ।

सुधारिएको अवस्थामा छ । खान, लाउन र छोराछोरीलाई राम्रो शिक्षा प्रदान गर्न गौतम परिवारलाई कठिनाइ छैन । आफ्नो आर्थिक स्थिति जस्तोसुकै भए पनि र सम्पन्नशाली आफू भए पनि भौतिक धनसम्पतिलाई कहिल्यै प्राथमिकतामा नराख्ने र सँधै ज्ञान आर्जन र ज्ञानदानमा रमाउने गौतमको निजी स्वभाव रहेको पाइन्छ । हाल गौतमको परिवार काठमान्डौको कीर्तिपुरमा बसोबास गर्दछ । काठमान्डौको कीर्तिपुरको पाँच आना जग्गामा अवस्थित दुई तले घर, दराजमा भएका किताब, कापी, आफूमा निहित कला र शिक्षित सन्तान नै लक्ष्मणप्रसाद गौतमका सम्पत्ति हुन् ।[४७]

## २.७ रुचि तथा स्वभाव

लक्ष्मणप्रसाद गौतमका त्यस्ता उल्लेखनीय रुचिहरू केही नभएको उनको धारणा छ तथापि सादा जीवनयापन गरेर उच्च कार्य गर्ने उनको विशेष रुचिको विषय हो । लवाइखवाइमा तडकभडक नदेखाई आफू जति नै प्रतिष्ठित र सम्मानित भए पनि सामान्य जीवन पद्धतिका साथ अघि बढ्ने उनको अर्को रुचिको विषय हो । प्राज्ञिक क्षेत्रमा लागेका गौतमको उपकारमा लागेर जीवन सफल पार्ने चाहना छ । अरूका आदर्श र गुणको सधैं कदर गर्नुपर्छ भन्ने मान्यताबाट प्रेरित गौतम आफ्ना छात्रछात्राहरू पढेर ठूलो मान्छे भएको हेर्न सधैं लालायित रहन्छन् ।[४८] स्वभावका दृष्टिले लक्ष्मणप्रसाद गौतम सानैबाट शान्त स्वभावका रहेका पाइन्छन् । उनले भोगेको समाज र अस्थिर बसोबासका कारण उनी एकान्तप्रेमी बनेको देखिन्छ । सबैसँग समान व्यवहार गर्ने, अध्ययनमा तल्लीन रहने र कसैको गाली र तालीमा कहिल्यै विचलित भएर फुर्किने र घुर्किने स्वभाव उनमा कहिल्यै विकसित भएन ।[४९] उनीसँग सङ्गत गर्ने व्यक्तिहरूसँग बुझ्दा लक्ष्मणप्रसाद गौतम अत्यन्त शान्तस्वभावका देखिन्छन् । लक्ष्मणप्रसाद गौतम मेहनती, स्पष्टवक्ता, साधनारत, लक्ष्यमा पुग्न सधै लालायित, प्रजातान्त्रिक व्यक्तिहरू भन्दा प्रगतिशील व्यक्तिहरूसँग वढी झुकाव राख्ने स्वभावका धनी देखिन्छन् । [५०]

---

४७. ऐजन ।

४८. ऐजन ।

४९. शोध नायककी पत्नी सीता गौतमबाट प्राप्त जानकारी अनुसार ।

५०. शोध निर्देशक विष्णुप्रसाद सापकोटाबाट प्राप्त जानकारी अनुसार ।

## २.८ कार्यक्षेत्र

लक्ष्मणप्रसाद गौतम विभिन्न कार्यक्षेत्रसँग सम्बन्धित छन् । उनले आफ्नो कार्यकौशल प्रस्तुत गरेका संस्थाहरूबारे यहाँ उल्लेख गरिएको छ ।

### २.८.१ शैक्षिक सेवा तथा संस्थागत संलग्नता

लक्ष्मणप्रसाद गौतमको मूल कार्यथलो शैक्षिक क्षेत्र नै रहेको छ । हालसम्म एकाउन्न वर्षको उमेर बिताइसक्दा पनि उनी शैक्षिक क्षेत्रमा कार्यरत छन् । काठमान्डौ उपत्यका बाहिरका विभिन्न प्रथामिक विद्यालय, माध्यमिक विद्यालय, उच्च माध्यमिक विद्यालय र महाविद्यालय(क्याम्पस)हरूमा सेवा गरिसकेका गौतम हाल त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस कीर्तिपुर काठमान्डौको नेपाली विभागमा अध्यापनरत छन् । उनीले आफ्नो जीवनमा धेरै शैक्षिक संस्थामा संलग्न रहेका देखिन्छन् । तिनीहरूलाई बुँदागत रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

(क) नेपाली छात्रसङ्घ देहरादुन भारतको नेपाली विषय शिक्षक सन् १९८१ ।

(ख) निम्नमाध्यमिक विद्यालय नेपाली विषय शिक्षक, रामपुर माध्यमिक विद्यालय रामपुर, चितवन वि.सं. २०४१ देखि वि.सं. २०४३ सम्म ।

(ग) माध्यमिक नेपाली विषय शिक्षक, गुञ्जनगर माध्यमिक विद्यालय, गुञ्जनगर चितवन वि.सं.२०४३ देखि वि.सं. २०४८ सम्म ।

(घ) माध्यमिक नेपाली विषय शिक्षक, बालकुमारी माध्यमिक विद्यालय नारायणगढ चितवन वि.सं. २०४८ देखि वि.सं. २०५२ सम्म ।

(ङ) सहायक प्राध्यापक, बालकुमारी कलेज नारायणगढ चितवन वि.सं. २०५२ देखि वि.सं. २०५४ सम्म ।

(च) शिक्षण सहायक अस्थायी- वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर चितवन वि.सं. २०५४ ।

(छ) उपप्राध्यापक स्थायी नियुक्ति त्रि.वि. वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर चितवन वि.सं. २०५४ देखि वि.सं. २०६६ सम्म ।[५१]

---

५१. **शोधनायक**बाट प्राप्त जानकारी अनुसार ।

## २.८.२ प्रशासनिक सेवा तथा संलग्नता

लक्ष्मणप्रसाद गौतम एक दक्ष प्रशासकका रूपमा पनि परिचित छन् । उनी संलग्न प्रशासनिक संस्थाहरू पनि शैक्षिक नै छन् । शैक्षिक संस्थामा संलग्न हुने क्रममा उनले विभिन्न समयमा विभिन्न ओहोदामा रहेर कार्य सम्पन्न गरेका छन् । ती यस प्रकार छन् :

क) माध्यमिक तहको संयोजक, बालकुमारी माध्यमिक विद्यालय नारायणगढ चितवन वि.सं. २०४८ देखि वि.सं. २०५२ सम्म ।

ख) शिक्षक नायक, नेपाल जुनियर रेडक्रस सर्कल बालकुमारी माध्यमिक विद्यालय चितवन वि.सं. २०४८ देखि वि.सं. २०५३ सम्म ।

ग) नेपाल जुनियर रेडक्रस सर्कल जिल्ला उपसमिति सदस्य, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा चितवन वि.सं. २०४९ देखि वि.सं. २०५३ सम्म ।

घ) सहायक प्राध्यापक तथा उच्च माध्यमिक विद्यालय तह संयोजक, बालकुमारी उच्च माध्यमिक विद्यालय नारायणगढ वि.सं. २०५२ देखि वि.सं. २०५४ सम्म ।

ङ) उपप्राध्यापक तथा दिवा समूहको कार्यक्रम प्रमुख, बालकुमारी कलेज नारायणगढ चितवन वि.सं. २०५४ देखि वि.सं. २०६१ सम्म ।

च) नेपाल प्राध्यापक संघ एकाइ समिति सदस्य, बालकुमारी कलेज नारायणगढ चितवन वि.सं. २०५५/०५६ सम्म ।

छ) कार्यक्रम प्रमुख स्नातकोत्तर तह (एम.एड.), बालकुमारी कलेज नरायणगढ चितवन वि.सं. २०६२ देखि वि.सं. २०६६ सम्म ।

ज) परीक्षा समिति सदस्य, त्रि.वि. नेपाली केन्द्रीय विभाग वि.सं. २०६७ देखि

झ) पाठ्यक्रम निर्माण समिति सदस्य, ऐच्छिक नेपाली, सुदूर पश्चिमाञ्चल विश्वविद्यालय वि.सं. वि.सं. २०६९ देखि ।[५२]

---

५२. ऐजन ।

लक्ष्मणप्रसाद गौतमको मूल कार्यक्षेत्र शैक्षिक क्षेत्र हो । शैक्षिक प्रशासनिक यिनै उल्लिखित संस्थाहरूमा बसेर उनले प्रशासनिक कार्यलाई अगाडि बढाएको पाइन्छ ।

### २.८.३ साहित्यिक संस्थागत संलग्नता

लक्ष्मणप्रसाद गौतम नेपाली साहित्यको सेवामा निरन्तर क्रियाशील व्यक्तित्त्व हुन् । विशेषतः समालोचना विधामा स्थापित गौतम साहित्य र समालोचनासँग सम्बन्धित विभिन्न साहित्यिक संस्थामा आबद्ध रहेको पाइन्छ । ती साहित्यिक संस्थाहरू यसप्रकार रहेका छन् :

क) चितवन साहित्य परिषद् सदस्य, **वागीश्वरी** पत्रिकाको सम्पादन वि.सं. २०५० ।

ख) नेपाली लेखक सङ्घको नारायणी अञ्चल अध्यक्ष एवम् केन्द्रीय सदस्य, वि.सं. २०६४ वि.सं. २०६७ सम्म ।

ग) नेपाली लेखक सङ्घ चितवनको उपाध्यक्ष, वि.सं. २०६८ देखि ।

घ) साहित्यिक पत्रकार सङ्घ चितवनको उपाध्यक्ष वि.सं. २०६३ देखि वि.सं. २०६७ सम्म ।

ङ) सल्लाहकार, बलराम वाङ्मय प्रतिष्ठान, चितवन वि.सं. २०६८ देखि ।

च) सल्लाहकार, नवमाधुरी साहित्य प्रतिष्ठान, कुस्मा पर्वत वि.सं. २०६२ देखि ।

छ) केन्द्रीय सदस्य, नेपाल - जापान नेपाली लेखक सङ्घ ।

ज) केन्द्रीय सदस्य नेपाल म्यानमार नेपाली लेखक सङ्घ ।[५३]

यसरी लक्ष्मणप्रसाद गौतम विभिन्न संस्थासँग आबद्ध छन् । आज पनि उनी साहित्य समालोचनामा निरन्तर क्रियाशील रहेका कारण उनको साहित्य संस्थासँगको संलग्नता निरन्तर रहिरहने आशा गर्न सकिन्छ ।

## २.९ भ्रमण

लक्ष्मणप्रसाद गौतम एक साहित्यिक व्यक्तित्त्वका साथै शिक्षक व्यक्तित्त्व भएकाले उनलाई विभिन्न ठाउँमा उपस्थित हुनुपर्ने परिस्थिति आइपर्छ । त्यसैले उनी साहित्यिक

---

५३. ऐजन ।

कार्यक्रम, सेमिनार र गोष्ठीहरूमा भाग लिन धेरै ठाउँमा उपस्थित हुने गरेका र भइसकेका देखिन्छन् । यस्तै विविध परिस्थिति र अवसरका कारण गौतमले नेपालका चालीस जिल्ला घुमिसकेका छन् ।[५४] विदेश भ्रमणको कुरा गर्दा गौतमलाई वैदेशिक भ्रमणको अवसर प्रदान गर्ने कार्य पनि साहित्य क्षेत्रले नै प्रदान गरेको देखिन्छ । त्यस अतिरिक्त विभिन्न कारणबाट उनले भारतका विभिन्न स्थानका साथै वि.सं. २०६८ सालमा म्यानमारका धेरै प्रान्तहरूको भ्रमण गरेको जानकारी पाइन्छ ।[५५]

## २.१० सम्मान तथा पुरस्कार

विशेषतः चितवन जिल्लामा रहेर केही वर्ष नेपाली समालोचनामा कलम चलाएका गौतम हाल भने काठमान्डौ बासी भएका छन् । चितवनमा रहेकै बेला पनि गौतमले अन्य विभिन्न जिल्लाका साहित्यिक सङ्घ संस्थामा आफ्नो उपस्थिति जनाएकै देखिन्छ । साहित्यिक निमन्त्रणामा प्रायः जुनसुकै स्थानमा उपस्थिति जनाउन चाहने गौतम तिनै साहित्यिक सङ्घ संस्थाबाटै प्रतिष्ठित-सम्मानित छन् । लक्ष्मणप्रसाद गौतमले आफ्नो जीवनमा सामान्यदेखि लिएर विशिष्ट सम्मान तथा पुरस्कार ग्रहण गरेको देखिन्छ । सम्मान भनेको सधैं अनमोल हुन्छ । कुन पुरस्कार सामान्य अनि कुन पुरस्कार विशिष्ट भन्ने कुराको लेखाजोखा मुर्खतापूर्ण कार्य हुन जान्छ । यति हुँदाहुँदै पनि अनुसन्धाता स्वयंलाई र पाठकलाई पनि सजिलो पर्ने भएकाले गौतमले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरू यस प्रकार रहेका छन् :

### २.१०.१ सामान्य सम्मान तथा पुरस्कारहरू

क) श्लोक अन्त्याक्षरी प्रतियोगिता (प्रथम), अखण्ड संस्कृत महाविद्यालय, ऋषिकेश देहरादुन (सन् १९७९) ।

ख) श्लोक अन्त्याक्षरी प्रतियोगिता (सहप्रथम), देवयानी परिषद् दिल्ली विश्वविद्यालय, दिल्ली (सन् १९८३) ।

ग) साहित्य शास्त्रार्थ (प्रथम), एम.एन.एस.कलेज दिल्ली (सन् १९८४) ।

---

५४. ऐजन ।
५५. ऐजन ।

घ) उत्कृष्ट शिक्षक पुरस्कार, गुञ्जनगर माध्यमिक विद्यालय, गुञ्जनगर (२०४५) ।

ङ) उत्कृष्ट शिक्षक पुरस्कार, गुञ्जनगर माध्यमिक विद्यालय, गुञ्जनगर (२०४६) ।

च) उत्कृष्ट सामाजिक सेवा सम्मान, नेपाल रेडक्रस सोसाइटी, चितवन शाखा (२०५०) ।

छ) उत्कृष्ट प्राध्यापन पुरस्कार, बालकुमारी कलेज नारायणगढ (२०५३) ।

ज) उत्कृष्ट प्राध्यापन पुरस्कार, बालकुमारी कलेज नारायणगढ (२०५४) ।[५६]

लक्ष्मणप्रसाद गौतम एक साहित्यिक व्यक्तित्त्व भएका कारण उनले पाएका साहित्येतर अन्य पुरस्कारलाई यहाँ सामान्य पुरस्कारकै कोटिमा राखिएको छ । आफ्नो विद्यार्थी जीवन र शिक्षण सेवाले भोगेको जीवनक्रममा आएका यिनै पुरस्कारलाई यहाँ उल्लेख गरिएको छ ।

## २.१०.२ विशिष्ट सम्मान तथा पुरस्कार

क) नारायणी वाङ्मय पुरस्कार वीरगञ्ज (वि.सं.२०५२) ।

ख) नवकविता सम्मान, काठमान्डौ (वि.सं. २०५७) ।

ग) दोभान प्रतिभा सम्मान, काठमान्डौ (वि.सं. २०५९) ।

घ) चितवन वाङ्मय प्रतिष्ठान प्रतिभा पुरस्कार, चितवन (वि.सं. २०६०) ।

ङ) रत्नश्रेष्ठ पुरस्कार बाग्लुङ (वि.सं.२०६१) ।

च) रोहिणी अन्तर्राष्ट्रिय सर्वोत्कृष्ट कृति पुरस्कार, वासिङ्टन डिसी अमेरिका (सन् २००३ - २००४) ।

छ) चितवन साहित्य सम्मान, **चितवन साप्ताहिक** (वि.सं. २०६६) ।

ज) अभिव्यञ्जना साहित्य सम्मान, चितवन (वि.सं. २०६४) ।

झ) कालिका स्रष्टा सम्मान, चितवन (वि.सं. २०६५) ।

ञ) कृष्णकुमारी गुरूङ् स्मृति पुरस्कार, चितवन साहित्य परिषद, चितवन (वि.सं. २०६६) ।

---

५६. ऐजन ।

ट)	रत्न श्रेष्ठ पुरस्कार बागलुङ (वि.सं. २०६७) ।

ठ)	तन्नेरी विशिष्ट साहित्य सम्मान, काठमान्डौ (वि.सं. २०६७) ।

ड)	नेपाल विद्या भूषण पदक 'क', नेपाल सरकार (वि.सं. २०६७) ।

ढ)	अन्तर्राष्ट्रिय सर्वोत्कृष्ट कृति पुरस्कार, वासिङ्टन डि.सी. अमेरिका (सन् २०१०) ।

ण)	अखिल म्यान्मारदेशीय गोरखा हिन्दु सङ्घ सम्मान, म्यानमार/बर्मा (सन् २०११) ।

त)	नेपाली प्रज्ञा प्रतिष्ठान सम्मान, म्यानमार/बर्मा (सन् २०११) ।

थ)	रामेश्वर विद्यापीठ सम्मान म्यानमार/बर्मा (सन् २०११) ।

द)	भद्रकुमारी घले साहित्य पुरस्कार (वि.सं. २०७०) ।

ध)	ईश्वर बराल, नई पुरस्कार (वि.सं. २०७०) ।

न)	भीमनिधि तिवारी साहित्य पुरस्कार (वि.सं. २०७०) ।

प)	बलराम स्मृति वाङ्मय पुरस्कार (वि.सं. २०७०) ।[५७]

लक्ष्मणप्रसाद गौतम साहित्यका एक साधक हुन् । उनी सफल समालोचक पनि मानिन्छन् । उनले प्राप्त गरेका यिनै साहित्य सम्मान तथा पुरस्कारलाई विशिष्ट पुरस्कारमा समावेश गरिएको छ ।

## २.११ धारणा/मान्यता

कुनै पनि व्यक्ति वस्तु वा अन्य पदार्थ परिस्थिति र परिवेशको प्रभावपछि आफ्नो मनमा लागेको कुरा प्रकट गरिहाल्ने मानवीय स्वभाव नै रहेको पाइन्छ । यसरी प्रकटित विभिन्न भावहरू नै कसैका धारणा हुन्, मान्यता हुन् । लक्ष्मणप्रसाद गौतम एक साहित्यिक र दार्शनिक चेत भएका व्यक्ति हुन् । त्यसैले उनका पनि विविध क्षेत्रसँग सम्बन्धित आफ्नै धारणा छन्, मान्यता छन् । ती धारणा र मान्यतालाई यहाँ प्रस्तुत गरिएको छ ।

---

५७. ऐजन ।

## २.११.१ सामाजिक वा राजनैतिक धारणा/मान्यता

लक्ष्मणप्रसाद गौतम राजनैतिक झन्डामुनि बसेर विश्लेषण गर्ने व्यक्ति होइनन् । उनी त साहित्यका एक सफल साधक हुन् । उनलाई राजनीतिप्रति पटक्कै चासो नरहेको भने होइन । उनी राजनीतिलाई समाज र मानव विकासको महत्त्वपूर्ण साधन ठान्छन् ।[५८] वर्तमान नेपाली राजनीतिप्रति पूर्ण वितृष्णा रहेको बताउने गौतम आजको नेपाली राजनीति फोहोरी खेल भएको र यसले समाजलाई केही दिन नसकेको धारणा राख्छन् । लोकतन्त्र र प्रजातन्त्रको संस्थागत विकास गर्न नेताहरू अक्षम रहेको मान्यता पनि गौतमको रहेको पाइन्छ । समाज मानवले आफू विकसित हुने क्रममा तयार पारेको एउटा घर हो, जहाँ व्यक्ति आफू स्वतन्त्र र सुरक्षित रहेको महसुस गर्न सक्छ । यस्तो ऐतिहासिक महत्त्वको मानव समाजमा आज सामाजिक भाव, समर्पण र "वसुधैव कुटुम्बकम्"को भावना नरहेको गौतमको धारणा रहेको छ । [५९]

## २.११.२ साहित्यक धारणा वा मान्यता

लक्ष्मणप्रसाद गौतमको साहित्य सिर्जना सुरुदेखि नै कठिन मोडबाट गुज्रिएको पाइन्छ । सुरुदेखि नै व्यावहारिक जीवन बिताएर कमाउँदै पेट पाल्नुपर्ने अवस्थाले गर्दा चौबीस घण्टामा सोह्र घण्टासम्म पनि उनी पठनपाठन र लेखनमै क्रियाशील रहेको पाइन्छ । कठिन परिस्थितिबाट गुज्रिएको उनको साहित्य सिर्जनायात्राबाट खारिएका उनका विचार र मान्यताहरू पनि अत्यन्त गहन छन् । उनका विचारमा साहित्य मानवीय अन्त:प्रेरणाकै प्रकटीकरण हो ।[६०] समालोचना एक निष्पक्ष, तटस्थ, सम्यक् दृष्टियुक्त, नीरक्षीर, विवेकी, बौद्धिक, तार्किक, इमान्दार, सूक्ष्म दृष्टि र व्यापक ज्ञानयुक्त व्यक्तिबाट गरिएको व्यापक समीक्षा र विश्लेषण हो ।[६१]

---

५८. ऐजन ।
५९. ऐजन ।
६०. ऐजन ।
६१. ऐजन ।

## २.१२ सुख दुःखका क्षण

लक्ष्मणप्रसाद गौतमले आजसम्ममा संसारका धेरै स्थानबारे जानकारी प्राप्त गरिसकेका छन् । हालसम्म ५१ औं वसन्त पार गरिसक्दा उनले अनेक अनुकूल र प्रतिकूल परिस्थितिको सामना गरिसकेको पाइन्छ । उनले भोगेका अनुकुल परिस्थिति औंलामा गन्न सकिन्छन् तर प्रतिकूल परिस्थिति यति धेरै छन् जसको उल्लेख यहाँ सम्भव छैन । त्यसैले उनको जीवनमा आएका मूलभूत परिस्थितिहरूको मात्रै यहाँ उल्लेख गरिन्छ ।

गौतमले आफ्नो जीवनको पहिलो रोमाञ्चक तर त्रासदपूर्ण घटना देवघाटमा संस्कृत पढ्दा बेहोरेको पाइन्छ । आफ्ना एक जना भरत पराजुली नाम गरेका म्याग्दीका साथीसँग बोटेहरूले बाँधेर राखिरहेको डुङ्गा लिएर नदी पारी तर्न लाग्दा डुङ्गा चलाउन नजानेर बल्ल बल्ल बाँच्न सफल भएको घटना उनको दिमागमा ताजै रहेको पाइन्छ । डुङ्गा भुँमरीमा परेका बेला साहसी भरत पराजुलीले बचाएको गौतमले ताजा रूपमा सम्झिन्छन् ।[६२]

यो घटना सुन्दा रोमाञ्चक लाग्छ तर भाग्यले बाँचेका उनका लागि यो कारुणिक घटना नै हो । सानैमा घर छोडेर पढाइको क्रममा भारतका विभिन्न ठाउँमा भौंतारिँदा उनले अझ कारुणिक क्षण बेहोरेको पाइन्छ । तनहुँको देवघाटबाट पढाइकै लागि भारत प्रस्थान गर्दा अलपत्र परेर उनले बेहोरेका दुःखहरू कारुणिक छन् । आफूसँग भएको पैसा सकिएर तीन दिनसम्म काँचो टमाटर र काँक्रो खाएर बिताएको समय कम पीडादायी छैन । यो घटनाले आज पनि उनलाई धेरै पटक झस्काइरहने कुरा जानकारी पाइन्छ । हरेक व्यक्तिले त्यो दिन आफूलाई एक्लो महसुस गर्छ जुनदिन उ अभिभावकको छत्रछायाँबाट बञ्चित हुन्छ । गौतमलाई यीभन्दा पनि ज्यादा पीडादायी र कारुणिक क्षणका रूपमा आफ्ना पिताको निधन भएको क्षण लाग्ने गरेको पाइन्छ । वि.सं. २०६३ सालमा भएको गौतमका पिता शशीधर गौतमको निधनलाई नै उनी आफ्नो जीवनको सबैभन्दा कारुणिक क्षण मान्दछन् ।[६३]

यस्तै कारुणिक घटनाका साथै उनले केही सुखद क्षणहरू पनि बेहोरेका छन् । नेपालका ४० जिल्ला भ्रमण गर्दाका क्षणहरू र आफूले प्राप्त गरेका राष्ट्रिय पुरस्कारहरूको प्राप्ति उनले बेहोरेका सुखद क्षण हुन् । वैदेशिक भ्रमण र गौतमले प्राप्त गरेको विविध

---

६२. ऐजन ।
६३. ऐजन ।

अन्तर्राष्ट्रिय पुरस्कारको प्राप्ति उनको जीवनका सुखद क्षणहरू हुन् । उनी आफूले पढाएका विद्यार्थीले हासिल गरेको सफलतामा रमाउने व्यक्ति हुन् । आफूले पढाएका विद्यार्थीहरू प्रगतिपथमा लम्किँदा उनी सबैभन्दा बढी खुसी हुन्छन् । उनले पढाएका विद्यार्थीमा पनि उनी अमर न्यौपाने, ज्ञानु अधिकारी, सरिता तिवारी र पुष्करराज भट्टराईको प्रगतिबाट आफू अत्यन्त गौरवान्वित भएको महसुस गर्दछन् ।[६४]

## २.१३ लेखनको प्रेरणा र लेखनारम्भ

लक्ष्मणप्रसाद गौतमले साहित्यका विभिन्न विधामा कलम चलाए तापनि उनको प्रमुख रुचिको क्षेत्र भने समालोचना नै रहेको पाइन्छ । कविता कथा र निबन्धहरू फुटकर रूपमा प्रकाशित हुनु र समालोचनात्मक कृतिहरू पुस्तकाकार रूपमा प्रकाशित हुनुले उनको समालोचना लेखनप्रतिको मोहलाई परिभाषित गरेका छन् । लक्ष्मणप्रसाद गौतमका हाल एक दर्जन समालोचनात्मक कृति र दशवटा सम्पादित कृति गरी जम्मा बाइसवटा पुस्तकाकार कृति प्रकाशित छन् । गौतमको यो प्राप्ति आफैले गरेको अथक प्रयासबाट भएको पाइन्छ तथापि उनलाई प्रत्यक्ष परोक्ष रूपमा प्रेरणा प्रदान गर्ने विविध व्यक्तित्त्वहरू छन् । उनका समालोचनात्मक कृतिले विविध व्यक्तित्त्वको प्रेरणा र प्रभाव ग्रहण गरे पनि समालोचना इतरका कविता कथा र निबन्धहरू भने उनको अन्तः प्रेरणाकै उपज देखिन्छन् ।[६५] लक्ष्मणप्रसाद गौतमलाई लेखनको लागि प्रेरणा प्रदान गर्ने राष्ट्रिय व्यक्तित्त्वहरूमा पनि ईश्वर बराल प्रमुख रहेका पाइन्छन् । बरालकै प्रेरणाबाट लक्ष्मणप्रसाद गौतमलाई लेखनको प्रत्यक्ष प्रेरणा मिलेको पाइन्छ । दिल्लीमा अध्ययनरत रहेका बेला ईश्वर बराल गौतमका गुरु रहेको जानकारी पाइन्छ । गौतमलाई लेखनमा प्रेरणा प्रदान गर्ने अर्का व्यक्ति रमाकान्त शुक्ल हुन् । शुक्ल दिल्ली विश्वविद्यालयका प्राध्यापक हुन् । शुक्लकै माया स्नेह र निकटताले गर्दा उनले भारतका विभिन्न पत्रपत्रिकामा संस्कृत भाषामा लेखिएका आफ्ना रचना छपाउने मौका पाएको देखिन्छ । गौतम एक लगनशील र अनुशासित छात्र भएका कारण शुक्ल उनलाई विद्यावारिधि गराएर भारतमै राख्न चाहन्थे ।[६६] साहित्य सिर्जनाका दृष्टिले गौतम

---

६४. ऐजन ।
६५. ऐजन ।
६६. ऐजन ।

स्वको प्रकटीकरणलाई प्राथमिकता दिन्छन् । आफ्नै लगावका कारण उनले वि.सं. २०३६ सालको **नयाँ पुकार** पत्रिकामा मातृभूमि शिर्षकको कविता प्रकाशन गरी नेपाली साहित्यमा प्रवेश गरेको पाइन्छ । उनको पहिलो समालोचना चाहीँ सुम्निमा एक समीक्षा (२०४८) हो । समालोचना लेखनका दृष्टिले ईश्वर बरालबाट प्रत्यक्ष प्रभावित गौतम परोक्ष रूपमा विविध अन्तर्राष्ट्रिय व्यक्तित्त्वबाट प्रभावित छन् । अन्तर्राष्ट्रिय साहित्यिक तथा समालोचक व्यक्तित्त्वहरू टि.एस. इलियट, एज्रा पाउण्ड, ज्याकस् डेरिडा, रोलाँ बार्थ, भी.एस. नयपाल, म्याक्सिम गोर्की, ह्यारोल्ड पिन्टरको सृजना र समालोचनाको छाप गौतममा परेको देखिन्छ ।[६७]

## २.१३.१ गौतमका प्रकाशित/अप्रकाशित पुस्तकाकार कृतिहरू

लक्ष्मणप्रसाद गौतमका हालसम्म बाइस वटा कृति प्रकाशित छन् । यी कृतिहरूमा पनि नौ वटा एकल समालोचनात्मक कृति दुईवटा सहलेखन समालोचनात्मक कृति र एउटा सहलेखन सम्बद्ध कोषग्रन्थ प्रकाशित छन् । सम्पादित कृतिहरूमा पनि गौतमको एकल सम्पादनमा एउटा मात्र कवितात्मक कृति (सङ्ग्रह) प्रकाशित छ भने सहसम्पादित कवितासङ्ग्रह दुईवटा छन् । त्यसैगरी एकल सम्पादित दुईवटा कथासङ्ग्रह र दुईवटा अन्तर्वार्ता सङ्ग्रह रहेका छन् भने समालोचनात्मक कृतिका रूपमा **रत्न बृहत् नेपाली समालोचना** सैद्धान्तिक खण्ड र प्रायोगिक खण्ड राजेन्द्र सुवेदीसँगको सहकार्यमा सम्पादन गरेका छन् ।

## २.१३.२ गौतमका पुस्तकाकार कृतिहरू

लक्ष्मणप्रसाद गौतमका पुस्तकाकार कृतिहरू विशेषतः समालोचनात्मक छन् साथै उनका सम्पादित कृतिहरू पनि पुस्तकाकारकै रूपमा छन् । उनका ती कृतिहरूलाई यस शोधपत्रको कृतित्व खण्डको अध्ययनमा विश्लेषण गरिनेछ । यहाँ उनका कृतिहरूको नाममात्रै उल्लेख गरिएको छ ।

क) नन्दनको काव्यिक परिवेश (वि.सं. २०५२)

---

६७. ऐजन ।

ख) चितवनको साहित्य सर्वेक्षण र विश्लेषण (वि.सं. २०५२)

ग) सान्दर्भिक समालोचना - समालोचना सङ्ग्रह (वि.सं. २०५७)

घ) समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण (वि.सं. २०६०)

ङ) विज्ञान शब्दकोष सहलेखन (वि.सं. २०६०)

च) नोबेल पुरस्कार विजेता साहित्यकार सहलेखन (वि.सं. २०६२)

छ) नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना (वि.सं. २०६६)

ज) समकालीन नेपाली कविताका प्रवृत्ति (वि.सं. २०६६)

झ) उत्तरवर्ती नेपाली समालोचना : केही प्रतिरूप (वि.सं. २०६८)

ञ) राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता (वि.सं. २०६८)

ट) नेपाली कथाको इतिहास (वि.सं. २०६९)

ठ) कविताको सैद्धान्तिक विमर्श (वि.सं. २०६९) [६८]

## २.१३.३ सम्पादित पुस्तकाकार कृतिहरू

लक्ष्मणप्रसाद गौतमका सम्पादित पुस्तकार कृतिहरू दशवटा छन् । उनको कृतित्वको विश्लेषणमा उनीद्वारा सम्पादित कृतिहरूको विश्लेषण गरिनेछ । यहाँ उनका सम्पादित कृतिहरूको नाममात्र उल्लेख गरिएको छ ।

क) शब्दहरू अविराम यात्रामा, संयुक्त कवितासङ्ग्रह (वि.सं. २०५७)

ख) आख्यान पुरुष ध्रुवचन्द्र गौतम : अभिनन्दन ग्रन्थ (वि.सं. २०६०)

ग) नेपाली यौनकथा भाग -२ (वि.सं. २०६१)

घ) समकालीन नेपाली द्वन्द्वकथा (वि.सं. २०६३)

ङ) अन्तरसंवाद, अन्तर्वार्तासङ्ग्रह (वि.सं. २०६५)

च) सनत रेग्मी : संवादसन्दर्भ (वि.सं. २०६६)

छ) रत्न बृहत् नेपाली समालोचना : सैद्धान्तिक खण्ड (वि.सं. २०६९)

ज) रत्न बृहत् नेपाली समालोचना : प्रायोगिक खण्ड (वि.सं. २०६९)

झ) प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता भाग -१ (वि.सं. २०७०)

ञ) प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता भाग-२ (वि.सं. २०६१)

---

६८. ऐजन ।

यी कृतिहरूका अतिरिक्त गौतमले मारुनी, मधूलिका वागीश्वरी मृगतृष्णा साहित्यिक पत्रिकाको पनि सम्पादन पनि गरेको जानकारी पाइन्छ ।[६९]

### २.१३.४ अप्रकाशित पुस्तकाकार कृतिहरू

लक्ष्मणप्रसाद गौतमका अप्रकाशित कृतिहरूमध्ये सबैभन्दा धेरै अनुसन्धानात्मक कृतिहरू रहेका छन् । विभिन्न योजना तथा परियोजना अन्तर्गत रहेर गौतमले यी अनुसन्धानहरू पुरा गरेको अप्रकाशित रचनाहरूको सूची प्रस्तुत गरिएको छ :-

क) चालीसको दशकका नेपाली गद्यकवितामा बिम्बबिधान, त्रिभुवन विश्वविद्यालय अनुसन्धान आयोग (वि.सं. २०५५) ।

ख) पचासको दशकको पूर्वार्धका नेपाली कवितामा बिम्बबिधान, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय (वि.सं. २०५६) ।

ग) विज्ञान शब्दकोष, विज्ञान शब्दकोष निर्माण परियोजना, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, (वि.सं. २०५९/६०) ।

घ) भवानी भिक्षुको काव्यिक परिवृत्त, नेपाल प्रज्ञा प्रतिष्ठान (वि.सं. २०६७) ।

ङ) छन्दोबद्ध आधुनिक नेपाली कवितामा युगबोध, नेपाल प्रज्ञा प्रतिष्ठान (वि.सं. २०६७/६८) ।

च) कथा सिद्धान्त र नेपाली कथाको इतिहास, सह अनुसन्धान परियोजना नेपाल प्रज्ञा प्रतिष्ठान (वि.सं. २०६८) ।

छ) विश्वेश्वरप्रसाद कोइरालाका कथाको अन्तर्विषयक पठन, नेपाल प्रज्ञा प्रतिष्ठान (वि.सं. २०६९/७०) ।

ज) भीमनिधि तिवारीका कवित्वको विश्लेषण र मूल्याङ्कन, अनुसन्धान परियोजना नेपाल प्रज्ञा प्रतिष्ठान (वि.सं.२०६९/७०) ।[७०]

---

६९. ऐजन ।
७०. ऐजन ।

## २.१३.५ फुटकर समालोचनात्मक तथा अनुसन्धानात्मक लेखहरू

लक्ष्मणप्रसाद गौतमका विभिन्न पत्रिकाहरूमा फुटकर समालोचनाहरू प्रकाशित भएका छन् । नेपालका विभिन्न क्षेत्रबाट प्रकाशित दैनिक पत्रिका, साप्ताहिक पत्रिका, पाक्षिक र मासिक पत्रिका तथा मुखपत्रहरूमा उनका लेखहरू प्रकाशित भएका छन् । यस्ता समालोचनात्मक लेखहरू तीन सय जति छन् । कालक्रमिकरूपमा तीमध्ये प्राप्त फुटकर रचनाहरूको विवरण यस प्रकार छ :

*चितवनको निबन्धविधा एक संक्षिप्त अवलोकन,* **मधूलिका,** वर्ष १, अङ्क १, २०५१ पृष्ठ ३१-३६ ।

*वागीश्वरी पहिलो पाइलोतिर एक फन्को मार्दा,* **वागीश्वरी,** वर्ष ६, अङ्क २, २०५१ ।

*समकालीनताको पाश्चात्य कविता सन्दर्भ,* **समकालीन नेपाली साहित्य,** वर्ष ११, अङ्क १, २०५१ ।

*भाषिक प्रयोगका आधारमा मदनमणि दीक्षितको माधवी,* **उन्नयन,** पूर्णाङ्क १६, २०५१ ।

*इन्दबहादुर राइको महारुदन सूत्र समालोचनात्मक आरेख,* **मधूलिका,** वर्ष १, अङ्क १, २०५१ ।

*चितवनको वर्तमान साहित्ययात्रा : प्रवृत्तिगत केन्द्रीयतामा संक्षिप्त दिग्दर्शन,* **वागीश्वरी,** वर्ष ७ अङ्क ३ २०५२, पृष्ठ ४-९ ।

*अपाङ्ग बालबालिकाका लागि* **बाल साहित्य,** पूर्णाङ्क ९, २०५३, पृष्ठ ४३-४६ ।

*भानुभक्त आचार्यको आदिकवित्व : केही प्रश्न केही उत्तर,* **भानु स्मारिका,** २०५३, पृष्ठ १७-१८ ।

*इतिवृत्त भित्रका वृत्तहरू पात्रविधानका कोणबाट,* **वागीश्वरी,** ८/४ २०५३, पृष्ठ ३३-३९ ।

*साहित्यिक पत्रकारिता, ऋद्धिबहादुर र शारदा पत्रिका,* **उन्नयन,** पूर्णाङ्क २५, २०५४, पृष्ठ ३८४-३८९ ।

*चिसो चुल्होमा चिसिएको प्रेम भौतिक कि अभौतिक ?* **समुन्नत**, वर्ष ३, अङ्क ३, २०५४ ।

*बैरागी काइँला र उनको पर्वत कवितामा मिथकीय प्रयुक्ति,* **ऋचा,** वर्ष १६, अङ्क २, वि.सं. २०५४ ।

*पिँडाली र आचार्य कि पिँडालु र अरिङ्गाल,* **मधुपर्क**, अङ्क ३०, पूर्णाङ्क ३३९, वि.सं. २०५४ ।

*पश्चिमी साहित्यालोचनको नवीनतम चिन्तनः नव आलोचना अर्थात् न्यू क्रिटिसिज्म,* **मधुपर्क**, वर्ष ३१, अङ्क ४, पूर्णाङ्क ३५०, वि.सं. २०५५, पृष्ठ १५४-२५७ ।

*चितवनको साहितियिक पत्रपत्रिका : संक्षिप्त रेखाङ्कन्,* **मुद्रण स्मारिका,** वर्ष १,अङ्क १, वि.सं. २०५५, पृष्ठ.२२-२५ ।

*नेपाली साहित्यको समकालीन लेखन र समालोचना संक्षिप्त चर्चा,* **वागीश्वरी**, १०/६ २०५५, पृष्ठ १७-२० ।

*बिम्बयोजना : केही समकालीन नेपाली कवितामा,* **गरिमा,** वर्ष १७,अङ्क १, पूर्णाङ्क १९३, वि.सं. २०५५, पृष्ठ ८७-९४ ।

*परालको आगोमा सामाजिक सन्दर्भ,* **कोशेली** (जापान), बर्ष १, अङ्क १ वि.सं. २०५५, पृष्ठ ६६-६७ ।

*नेपाली कविताको विकासक्रम एक संक्षिप्त अनुरेखाङ्कन* **उन्नयन,** पूर्णाङ्क ३०, वि.सं. २०५५ ।

*नेपाली महाकाव्य विकासक्रमिक अनुरेखाङ्कन,* **नेपाली वाङ्मय,** पूर्णाङ्क ३, वि.सं. २०५५ ।

*परालको आगोमा सामाजिक सन्दर्भ,* **कान्तिपुर कोशेली**, वि.सं. २०५५ ।

*उमानाथ सिन्धुलीय र उनको मकवानीबाला महाकाव्य संक्षिप्त अनुरेखाङ्कन,* **दीपशीखा,** वर्ष २, वि.सं. २०५५ ।

*समको चिसो चुल्हो विविध आयामिक विश्लेषण,* अभिनव प्रस्तुत, वर्ष ४,अङ्क ४, वि.सं. २०५५ ।

*भानुभक्तको आदिकवित्व केही प्रश्न केही उत्तर,* **भानुस्मारिका**, वि.सं. २०५५ ।

*जीवनका विविध यात्राको समद्घोषण,* **मधुपर्क**, वर्ष ३२, अङ्क ११, पूर्णाङ्क ३६८, वि.सं. २०५६, पृष्ठ १५-१६ ।

*शैलीविज्ञानमा अग्रभूमि निर्माण,* **वागीश्वरी,** वर्ष ११,अङ्क ७, वि.सं. २०५६, पृष्ठ ६१-६३ ।

*समकालीन नेपाली कवितामा मूल प्रवृत्ति र स्तर सूत्रात्मक पर्यावलोकन,* **सगर,** वर्ष ४, अङ्क १२-१३-१४, वि.सं. २०५६, पृष्ठ ७८-८२ ।

*नवकविताका प्रारम्भिक सात अङ्कहरूमाथि संक्षिप्त दृष्टिप्रक्षेप,* **नव कविता,** पूर्णाङ्क ४८, वि.सं. २०५६, पृष्ठ ३९-४८ ।

*गोठालेको भाँडो सूत्र समालोचनात्मक आरेख,* **हाम्रो पुरुषार्थ,** वर्ष २६, अङ्क २, पूर्णाङ्क ३८, वि.सं. २०५६, पृष्ठ १५६-१५८ ।

*समकालीन नेपाली कवितामा यौनबिम्ब,* **गरिमा,** वर्ष १७, अङ्क ११, पूर्णाङ्क २०३, वि.सं. २०५६, पृष्ठ ९४-९८।

*समकालीन नेपाली कवितामा प्रयुक्त केही प्रतीकात्मक बिम्ब,* **मारुनी**, वर्ष ३८, अङ्क ८, वि.सं. २०५६, पृष्ठ १५-२० ।

*ईन्द्रबहादुर राईको महारुदन : सूत्रसमालोचनात्मक आरेख,* **मधूलिका,** वर्ष ५, अङ्क ६, वि.सं. २०५६, पृष्ठ ३१-३४ ।

*मोहनराज शर्माको माछो कथा : एक सूत्रसमालोचनात्मक आरेख* **मधूलिका,** वर्ष ५, अङ्क २, पूर्णाङ्क १९, वि.सं. २०५६, पृष्ठ ४१-४५।

*माधव घिमिरेको बैशाख कवितामा लोकजीवनको अभिव्यक्ति* **उन्नयन,** पूर्णाङ्क ३४, वि.सं. २०५६ ।

*प्रथम शोधग्रन्थका रूपमा नेपालीमा संरचनावादी समालोचना* **मधुपर्क**, वर्ष ३२, अङ्क ३६, पूर्णाङ्क ८, वि.सं. २०५६ ।

*लुनीमा प्रतिध्वनित प्रकृति र संस्कृति,* **विवेक,** वर्ष ११, अङ्क २, वि.सं.२०५६ ।

*भ्रष्ट नेतालाई झापड : एक समीक्षा,* **कान्तिपुर,** ३ वैशाख २०५७, पृष्ठ ख ।

*एउटा प्राप्तिपूर्ण अनुशीलन,* **कान्तिपुर**, २१ साउन २०५७, पृष्ठ ख ।

*छहरोको जीवन्त इतिहास र यस भित्रका उपकरणहरू* **छहरो**, वर्ष ३१, अङ्क १, वि.सं. २०५८, पृष्ठ ८३-९४ ।

*बिम्बको परिभाषा, स्वरूप र विकास,* **मधुपर्क**, वर्ष ३३, अङ्क ८, पूर्णाङ्क ३७७, वि.सं. २०५७, पृष्ठ ३३-३४ ।

*एउटा प्राप्तिपूर्ण इतिहासको अध्ययन विश्व* **ज्ञानमञ्च,** वर्ष ५, अङ्क ३०, वि.सं. २०५७।

*चितवनको साहित्ययात्रा र प्रवृत्ति,* **चितवन महोत्सव स्मारिका,** वि.सं. २०५७, पृष्ठ ९५-९९ ।

*पाश्चात्य साहित्यको नवीनतम चिन्तन : पाठकीय अनुक्रियापरक समालोचना,* **कुञ्जिनी,** वर्ष ८, अङ्क ५, वि.सं. २०५७, पृष्ठ ८६-९१ ।

*औपन्यासिक नवप्रयुक्तिका रूपमा बाढी र यसको आनुभवन्यासिक विश्लेषण,* **समकालीन साहित्य,** वर्ष ११, अङ्क १, पूर्णाङ्क ३९, वि.सं. २०५७, पृष्ठ १४२-१६० ।

*नवकविता र यसभित्रका कवितामा विविध संवेदनाका विविध स्वरहरू,* **नवकविता**, पूर्णाङ्क ५०, वि.सं.२०५७, पृष्ठ ५-३७ ।

*सगरकविताहरूमा विविध संवेदनाका स्वरहरू,* **सगर,** वर्ष ७, अङ्क १, पूर्णाङ्क २२, वि.सं. २०५७, पृष्ठ १-११ ।

*नरसिंह अवतार : सूत्रसमालोचनात्मक आरेख,* **मधूलिका,** वर्ष ६, अङ्क ४, वि.सं. २०५७, पृष्ठ २५-३५ ।

*बिम्ब र प्रतीक एक संक्षिप्त चर्चा,* **मिर्मिरे**, वर्ष २९, अङ्क ३, पूर्णाङ्क १७८, वि.सं. २०५७, पृष्ठ ६८-७८ ।

*लघुकथाको स्वरूप संरचना र तत्त्व,* **मधुपर्क,** वर्ष ३२, अङ्क ४, पूर्णाङ्क ३६२, वि.सं. २०५७, पृष्ठ ६१-६८ ।

*बिम्बको परिभाषा स्वरूप र विकास,* **मधुपर्क**, वर्ष ३, पूर्णाङ्क ३७७, वि.सं. २०५७ ।

*नेपाली बालकविताका प्रवृत्ति र स्वर : सूत्रात्मक पर्यवलोकन,* **बालसाहित्य**, वर्ष १३, २०५७/५८, पृष्ठ २३-२५ ।

*नेपाली साहित्यको शान्त पोखरीमा उत्तरआधुनिकताको तरङ्ग,* **गोरखापत्र,** २५ फागुन, २०५८, पृष्ठ ख ।

*आधुनिक गद्यकविताको स्वरूप,* **गोरखापत्र,** जेठ ४, वि.सं. २०५८, पृष्ठ ख ।

*समकालीन नेपाली कविता सन्दर्भ र नरमेध,* **गरिमा,** वर्ष २०, अङ्क ३, पूर्णाङ्क २३१, वि.सं. २०५८, पृष्ठ १०४-१०८ ।

*सनत रेग्मीको रूपबजार : सूत्रसमालोचनात्मक आरेख,* **समकालीन साहित्य,** वर्ष १२, अङ्क १, पूर्णाङ्क ४३,वि.सं. २०५८, पृष्ठ १०७-१११ ।

*चर्चाको साँझ कवितामा प्रयुक्तिविचलन र अर्थ तात्त्विक विचलन,* **मृगतृष्णा**, अङ्क २, वि.सं. २०५८, पृष्ठ १९-२४ ।

*नेपाली बालकविताका प्रमुख प्रवृत्ति र स्वर : सूत्रात्मक पर्यवलोकन,* **बालसाहित्य** अङ्क १३, वि.सं. २०५७/५८, पृष्ठ २३-२५ ।

*समाजपरक समालोचना र प्रगतिवाद : संक्षिप्त चर्चा,* **कुञ्जिनी,** वर्ष ९, अङ्क ६ वि.सं. २०५८, पृष्ठ २८-३१ ।

*दौलतविक्रम बिष्टका औपन्यासिक प्रवृत्ति,* **वसुन्धरा** वर्ष १०, अङ्क १, वि.सं. २०५८, पृष्ठ ४३-४९ ।

*बिम्बसँग मिथक र रूपकको तुलना* **विवेक,** वर्ष १३, अङ्क ५, वि.सं. २०५८, पृष्ठ ९३ ।

*नेपाली बालकविताका प्रमुख स्वरः सूत्रात्मक पर्यावलोकन,* **बालसाहित्य,** वर्ष १३, अङ्क ५८, वि.सं. २०५८, ।

*घनश्याम कँडेलको उज्यालोतिर सूत्रसमालोचनात्मक आरेख,* **मारुनी,** पूर्णाङ्क ९, वि.सं. २०५८ ।

*इन्द्रबहादुर राईको त्यसरी बाँचेको छ त्यसरी नै कथा कथाको वस्तुविश्लेषण र शैली विश्लेषण,* **अविनव प्रस्तुति,** वि.सं. २०५८ ।

*समकालीन नेपाली कविताको यात्रापथ,* **गोरखापत्र,** १ चैत २०५९ पृष्ठ ख ।

*वर्तमान नेपाली साहित्यको गतिधारामाथि बहस-२,* **गरिमा**, वर्ष २०, अङ्क ९, पूर्णाङ्क २३७, वि.सं. २०५९, पृष्ठ १०५ ।

*वर्तमान बोधको ज्वलन्त काव्य बिम्ब : समयको प्रस्थान,* **गरिमा,** वर्ष २०, अङ्क १०, पूर्णाङ्क २३८, वि.सं. २०५९, पृष्ठ ९६-९७ ।

*विविध विषयवस्तु र नवीन प्रयोगको अनुभव* **मधुपर्क,** वर्ष ३५, अङ्क ३, पूर्णाङ्क २९८, २०५९, पृष्ठ २४ ।

*बिम्ब र पूर्वीय अर्थालङ्कार,* **प्रज्ञा,** वर्ष ३२, अङ्क ९६, वि.सं. २०५९, पृष्ठ ११४-१२१।

*नेपाली कथामा उत्तरआधुनिक चेतना,* **समकालीन साहित्य**, वर्ष १२, अङ्क ३, पूर्णाङ्क ४४, वि.सं. २०५९, पृष्ठ १०९-१२९ ।

*नेपाली साहित्यिक पत्रिकामा गरिमाको योगदान* **रजस्थल,** वर्ष ११, अङ्क ३६, वि.सं. २०५९ ।

*नेपाली कवितामा बिम्बबिधानको पृष्ठभूमि र परम्परा,* **हाम्रो पुरुषार्थ**, वर्ष २९, अङ्क ४४, वि.सं. २०५९ ।

*सगर कविताहरूमा विविध संवेदनाका सागर* **सगर,** वर्ष ७, अङ्क २२, वि.सं. २०५९ ।

*समकालीन नेपाली कवितामा प्रयुक्त केही ब्रह्माण्ड बिम्ब,* **मधुश्री**, वर्ष १, अङ्क १, वि.सं. २०५९ ।

*पचासको दशकमा चितवनको कविता,* **चितवन महोत्सव स्मारिका,** वि.सं. २०५९ ।

*सिद्धिचरण श्रेष्ठको उर्वशीमा भोगवादी चेतना,* **नेपाली साहित्य वाटिका,** पूर्णाङ्क ६, वि.सं. २०५९ ।

*समकालीन नेपाली कवितामा यौनविम्ब,* **गरिमा**, अङ्क २०, पूर्णाङ्क २४०, वि.सं. २०५९ ।

*समालोचनामा उत्तरआधुनिकता,* **गोरखापत्र,** १७ साउन २०६०, पृष्ठ ख ।

*माया प्रितिमा मन बुझाउने चौतारी : लोकदोहोरी,* **मधुपर्क**, वर्ष ३६, अङ्क २, पूर्णाङ्क ४०९, वि.सं. २०६०, पृष्ठ १२०-१२३ ।

*नेपाली कथामा प्रयुक्त यौन प्रतीकहरू* **मधुपर्क,** वर्ष ३६, अङ्क ४, पूर्णाङ्क ४११, वि.सं. २०६०, पृष्ठ ११२-१३६ ।

*आफ्नैपनको नयाँ प्रस्तुति* **मधुपर्क**, वर्ष ३६, अङ्क ८ पूर्णाङ्क ४१५, वि.सं. २०६०, पृष्ठ ३१-३२ ।

*चितवनका नारी हस्ताक्षरहरू : संक्षिप्त चर्चा,* **वागीश्वरी,** वर्ष १५, अङ्क ११, वि.सं. २०६०, पृष्ठ १९-२२ ।

*कथामा यौनवादी प्रवृत्ति : नेपाली यौनकथाका सन्दर्भमा* **सगर,** वर्ष ८८, अङ्क २५, पूर्णाङ्क २६, वि.सं. २०६०, पृष्ठ ६-२१ ।

*परशु प्रधानको टोकियोमा सानो बुद्ध : सूत्रसमालोचनात्मक आरेख,* **अभिव्यञ्जना,** वर्ष १, अङ्क १, वि.सं. २०६०, पृष्ठ ८३-८९ ।

*विसङ्गत परिदृश्यको चरम नमूना : तथा कथित,* **गरिमा,** वर्ष २१, अङ्क १०, पूर्णाङ्क २५०, वि.सं.२०६०, पृष्ठ ११३-१३४ ।

*समकालीन नेपाली कविता : प्रवृत्तिगत सन्दर्भमा,* **समकालीन साहित्य**, वर्ष १३, अङ्क ४, पूर्णाङ्क ५०, २०६०, पृष्ठ ६५-८५ ।

*पत्रसाहित्य : संक्षिप्त चर्चा,* **पल्लव,** वर्ष ८, अङ्क ४, वि.सं. २०६०, पृष्ठ ६३-६६ ।

*नेपाली लोकगीत : स्वरूप र तत्त्वः संक्षिप्त चर्चा* **विवेक,** वर्ष १५, अङ्क ६, वि.सं. २०६०, पृष्ठ ९५-९८।

*प्रसङ्गवश स्रष्टाहरूसँग साक्षात्कार,* **अभिव्यक्ति,** वर्ष ४२, अङ्क १५५, वि.सं. २०६०, पृष्ठ ९-१२ ।

*विधामिश्रण र स्मृतिबिम्बको नैबन्धिक कृति गुडबाई छोडीजानेहरूलाई* **ज्योति,** वर्ष ८, अङ्क ४, वि.सं. २०६० ।

*शङ्कर लामिछानेको एब्स्ट्याक चिन्तन प्याज र जीवनको अमूर्त चित्रण* **समकालीन साहित्य,** वर्ष १३, अङ्क ४९, वि.सं. २०६० ।

*औपन्यासिक नवप्रयुक्तिका रूपमा बाढी र यसको अनुभवन्यासिक विश्लेषण,* **मधूलिका**, वर्ष १०, अङ्क ९, वि.सं. २०६० ।

*पचासको दशकमा चितवनको कविता चितवन* **महोत्सव स्मारिका** वि.सं. २०६० ।

*नेपाली महिला कथाकार,* **गोरखापत्र,** ९ असोज २०६१, पृष्ठ ख ।

*स्व.नयराज पन्तबारे भिन्नै खालको कृति,* **गोरखापत्र**, पुस २४ २०६१, पृष्ठ ख ।

*सार्थक साहित्यिक कृति,* **अन्नपूर्ण पोष्ट,** २६ भदौ २०६१, पृष्ठ ७ ।

*सांस्कृतिक परिवर्तनप्रति प्रगतिवादी दृष्टिकोण,* **मधुपर्क**, वर्ष २७, अङ्क १२, पूर्णाङ्क ४१९, वि.सं. २०६१, पृष्ठ २७-२८ ।

*सूत्रात्मक प्रस्तुतिका लघुकथाहरू,* **मधुपर्क**, वर्ष ३७, अङ्क ५, पूर्णाङ्क ४२४, वि.सं. २०६१, पृष्ठ ४०-४१ ।

*परिमार्जनको अपेक्षा,* **मधुपर्क**, वर्ष ३७, अङ्क १०, पूर्णाङ्क ४२९, वि.सं. २०६१, पृष्ठ ५४-५५ ।

*कथ्यको गम्भीर प्रस्तुति : पृथ्वीवादको मर्म,* **गरिमा,** वर्ष २३, अङ्क २, पूर्णाङ्क २६६, वि.सं. २०६१, पृष्ठ ६१-६६ ।

*कविता सिद्धान्त र नेपाली कविता इतिहास* **गरिमा,** वर्ष २२, अङ्क १२, पूर्णाङ्क २६४, वि.सं. २०६१, पृष्ठ ८२-८५ ।

*जीवनानुभवको इतिवृत्ति : उत्तरोत्तर,* **समकालीन साहित्य,** वर्ष १४, अङ्क ३, पूर्णाङ्क ५३, वि.सं. २०६१, पृष्ठ ८२-८५ ।

*गोपाली पराजुलीको समयको प्रस्थान : सूत्र समालोचनात्मक आरेख,* **नोबेल,** वर्ष ३, अङ्क ३, वि.सं. २०६१, पृष्ठ १६५-१७२ ।

*अक्षर बिम्बमा शब्दक्रीडा,* **मिर्मिरे,** वर्ष ३३, अङ्क ६, पूर्णाङ्क २२९, वि.सं. २०६१, पृष्ठ ४४-५० ।

*पौराणिक मिथकमा समकालीन चेतनाको प्रतिरूप : अस्वत्थामा,* **वागीश्वरी,** वर्ष १६, अङ्क १२, वि.सं. २०६१, पृष्ठ ७५-८० ।

*छन्दोबद्ध कवितामा चितवन,* **चितवन महोत्सव स्मारिका**, वि.सं. २०६१, पृष्ठ ६३-६६ ।

*समयका सम्भावनाहरूमा प्रतिध्वनित यथार्थ,* **गरिमा,** वर्ष २३, अङ्क २६८, वि.सं. २०६१ ।

*प्रेमान्तर : एक समीक्षा,* **गोरखापत्र,** १ माघ वि.सं. २०६२, पृष्ठ ख ।

*रचनागर्भ र रचनाको शल्यक्रिया* **मधुपर्क**, वर्ष ३८, अङ्क ६, पूर्णाङ्क ४३७, वि.सं. २०६२, पृष्ठ २८-२९ ।

*युगीन विसङ्गतिमाथि प्रहार,* **मधुपर्क,** वर्ष ३९, अङ्क ९, पूर्णाङ्क ४४०, वि.सं. २०६२, पृष्ठ १६ ।

*साहित्यको इतिहासलेखनमा सैद्धान्तीकरणका आधार,* **गरिमा**, वर्ष २४, अङ्क २, पूर्णाङ्क २७८, वि.सं. २०६२ पृष्ठ ५४-५९ ।

*अमेरिकाली कविताको समकालीन सन्दर्भ,* **समकालीन साहित्य,** वर्ष १५, अङ्क ३, पूर्णाङ्क ५७, वि.सं. २०६२, पृष्ठ १४०-१४४ ।

*यथार्थ कुरा अभिनन्दन अङ्क-४४ को यथार्थ कुराको एउटा पाटो,* **यथार्थ कुरा,** वर्ष ११, अङ्क १, पूर्णाङ्क ४५, वि.सं. २०६२, पृष्ठ १२८-१२९ ।

*स्वरगत वैविध्यका दृष्टिले समकालीन नेपाली नारी कविता लेखनको स्वरूप,* **अक्षर,** वर्ष २, अङ्क १, पूर्णाङ्क ५, वि.सं. २०६२, पृष्ठ २२-२३ ।

*लीलालेखन विनिर्माण र कठपुतलीको मन : सूत्र समालोचना,* **बनिता,** वर्ष ६, अङ्क २३, वि.सं. २०६२, पृष्ठ १९०-१९८ ।

*साहित्यिक पत्रकारिता र यसका चुनौती* **हाम्रो पुरुषार्थ**, वर्ष ३२, अङ्क २, पूर्णाङ्क ५०, वि.सं. २०६२, पृष्ठ २३५-२३९ ।

*समकालीन नेपाली नारी कविता लेखनमा अन्तर्वस्तुको विविधता,* **नोबेल,** वर्ष ४, अङ्क ४, वि.सं. २०६२, पृष्ठ १३५-१४८ ।

*नवमाधुरी साहित्यिक पत्रिकाको प्रवेशाङ्कको संक्षिप्त अनुशीलन,* **धवलप्रभात**, वर्ष ५, अङ्क १, वि.सं. २०६२, पृष्ठ ८-११ ।

*कविता सिद्धान्त र नेपाली कविताको इतिहास कविताका बारेमा लेखिएको मानक ग्रन्थ,* **नवप्रज्ञापन,** वर्ष १३, अङ्क ३१, वि.सं. २०६२ ।

*पठनीय कृति : गजल तिम्रो नाम होइन,* **गरिमा,** वर्ष २४, अङ्क १२, पूर्णाङ्क २८८, वि.सं. २०६३, पृष्ठ १४४-११५ ।

*उत्तरआधुनिक ऐनामा प्रतिबिम्बित आजको नेपाली साहित्य,* **गरिमा,** वर्ष २५, अङ्क १, पूर्णाङ्क २८९, वि.सं. २०६३, पृष्ठ ४३-५३ ।

*नरेन्द्रराज पौडेलका तीन कथाको वस्तुविन्यास,* ***स्रष्टा नरेन्द्रराज पौडेल द्रष्टाहरूका आँखामा*** कालिका एफएम वि.सं. २०६३ ।

*समकालीन नेपाली कवितामा पाइने सबल र दुर्बल पक्षको विश्लेषण* **मिर्मिरे,** वर्ष ३५, अङ्क २, पूर्णाङ्क २४९, वि.सं. २०६३, पृष्ठ १५-२३ ।

*युगीन पीडाबोधको प्रस्तुति : आँखाको खोजीमा* **मिर्मिरे,** वर्ष ३५, अङ्क ३, पूर्णाङ्क २५०, वि.सं. २०६३, पृष्ठ ८०-८१ ।

*हुस्सु भित्रको घाम : एक समीक्षा,* **मधुपर्क**, वर्ष ३९, अङ्क ७, पूर्णाङ्क ४५०, वि.सं. २०६३, पृष्ठ ४५-४६ ।

*लोकवाङ्मयको मानक ग्रन्थ,* **मधुपर्क**, वर्ष ३९, अङ्क १०, पूर्णाङ्क ४५३, वि.सं. २०६३, पृष्ठ १९ ।

*समकालीन नेपाली कवितामा सशस्त्र द्वन्द्वजन्य प्रभाव* **शारदा,** वर्ष १, अङ्क २, वि.सं. २०६३, पृष्ठ ८४-८७ ।

*महाकवि देवकोटा सम्बन्धी अर्को नयाँ कृति* **हाम्रो पुरुषार्थ**, वर्ष ३३, अङ्क २, पूर्णाङ्क ५२, वि.सं. २०६३, पृष्ठ २७-२८ ।

*पाश्चात्य साहित्यका प्रमुख तत्त्व वा संरचक घटकहरू* **वागीश्वरी**, वर्ष १८, अङ्क १४, वि.सं. २०६३, पृष्ठ २५-२९ ।

*प्रेमा शाहको लोग्नेमा आवेगको प्रतिफलन,* **अस्तिता,** वर्ष १, अङ्क १, वि.सं. २०६३, पृष्ठ ७८-८३ ।

*पाठकीय अनुक्रियापरक समालोचनाको सैद्धान्तिक स्वरूप,* **विवेक,** वर्ष १८, अङ्क ७, वि.सं. २०६३, पृष्ठ ८१-८८ ।

*पाश्चत्य समकालीन कविताका विविध काव्य सम्प्रदाय काव्यिक आन्दोलन र अभियानहरू संक्षिप्त चर्चा,* **उन्नयन**, पूर्णाङ्क ६२, वि.सं. २०६३ ।

*समकालीन नेपाली कवितामा सशस्त्र द्वन्द्वजन्य प्रभाव,* **शारदा,** वर्ष १, अङ्क २, वि.सं. २०६३ ।

*आजका नेपाली कवितामा लोकतान्त्रिक चेतना,* **गरिमा,** वर्ष २५, अङ्क ५, पूर्णाङ्क २९२, वि.सं. २०६४, पृष्ठ १९५-२०५ ।

*तेस्रो विश्वयुद्ध : सङ्गतिहीनताको प्रस्तुति,* **गरिमा**, वर्ष २५, अङ्क १०, पूर्णाङ्क २९८, वि.सं. २०६४, पृष्ठ ६०-६४ ।

*नीलमका कविता,* **गरिमा**, वर्ष २६, अङ्क ४, पूर्णाङ्क ३०४, वि.सं. २०६४, पृष्ठ १२६-१२७ ।

*मोहन कोइराला : काव्ययात्रा, प्रवृत्ति र योगदान,* **मधुपर्क**, वर्ष ३९, अङ्क १२ पूर्णाङ्क ४५५, वि.सं. २०६४, पृष्ठ १४-१८ ।

*नेपालीमा संरचनावादी समालोचना,* **मधुपर्क**, वर्ष ४०, अङ्क ७, पूर्णाङ्क ४६२, वि.सं. २०६४, पृष्ठ ८-१० ।

*प्रेमान्तर बिम्बबिधान,* **जनमत**, वर्ष २४, अङ्क १०, पूर्णाङ्क १२५, वि.सं. २०६४, पृष्ठ ३५-३७ ।

*कपिल अज्ञातको समालोचकीय कौशल,* **जनमत,** २५, ३-१२९, वि.सं. २०६४, पृष्ठ ३५-३८ ।

*पाश्चात्य र नेपाली समालोचनाका उत्तरवर्ती प्रवृत्ति,* **शारदा,** वर्ष १, अङ्क ७, वि.सं. २०६४, पृष्ठ ५३-६३ ।

*पारिजातको साहित्यिक मूल्याङ्कनको समालोचकीय बिन्दु,* **वेदना,** वर्ष ३४,अङ्क १, पूणाङ्क ७३, वि.सं. २०६४, पृष्ठ १०५-१०८ ।

लघुकथाको संरचनात्मक स्वरूप, **अक्षर,** वर्ष ४, अङ्क १, पूर्णाङ्क १०, वि.सं. २०६४, पृष्ठ १६-१९ ।

*आधुनिकता, समकालीनता र समकालीन नेपाली कविताका प्रवृत्ति* **मिर्मिरे,** वर्ष ३६, अङ्क ११, पूर्णाङ्क २७०, वि.सं. २०६४, पृष्ठ २०६-२२० ।

*सामाजिक यथार्थका वृत्तचित्र : सनत रेग्मीका प्रतिनिधि कथा सनत रेग्मी : सृजनासन्दर्भ,* **मध्यपश्चिमाञ्चल स्रष्टा समाज,** वि.सं. २०६४ ।

*सिर्जनावृत्तका परिधिभित्र नन्दन* **वागीश्वरी,** वर्ष १८, अङ्क १५, वि.सं. २०६४ ।

*पाश्चात्य र नेपाली समालोचना उत्तरवर्ती प्रवृत्ति* **शारदा,** वर्ष १, अङ्क ७ ।

*यन्त्रवत् : उम्दा लघुकथाहरू,* **गरिमा,** अङ्क २६, पूर्णाङ्क ३७४, वि.सं. २०६४ ।

*उदयानन्द अर्ज्यालको पुरानो बातको अर्जी कविताको वस्तुविन्यास,* **वाङ्मय,** पूर्णाङ्क १३, वि.सं. २०६५ ।

नेपाली बहुलबादी समालोचनाको प्रतिरूप : उत्तर आधुनिक जिज्ञासा **गरिमा,** वर्ष २६, अङ्क १२, पूर्णाङ्क ३१२, वि.सं. २०६५ ।

*उताको बाघको वस्तुविश्लेषण,* **गरिमा,** वर्ष २६, अङ्क ७, पूर्णाङ्क ३०७, वि.सं. २०६५, पृष्ठ ५५-६५ ।

*पाश्चात्य समकालीन कविताका प्रमुख सम्प्रदाय र अभियानहरू,* **रश्मि,** वर्ष २४, अङ्क १, वि.सं. २०६५, पृष्ठ ८७-९६ ।

*समकालीन नेपाली कविताका आन्दोलन र अभियानहरू,* **मिर्मिरे,** वर्ष ३७, अङ्क ४, पूर्णाङ्क २७५, वि.सं. २०६५, पृष्ठ ५९-८० ।

*उत्तरआधुनिकता उत्तरआधुनिकतावादको सैद्धान्तिक स्वरूप,* **मधूलिका,** वर्ष १३, अङ्क १०, वि.सं. २०६५ ।

*रोचक र घोचक व्यङ्ग्यको कलात्मक बान्की,* **शारदा,** वर्ष २, अङ्क ४, वि.सं. २०६५ ।

*लोक साहित्यमा खाँडो : स्वरूप र विश्लेषण,* **मिर्मिरे,** वर्ष ३७, पूर्णाङ्क २८९, वि.सं. २०६५ ।

*सृजामाता खण्डकाव्यमा बिम्बबिधान,* **कुञ्जिनी**, वर्ष १६, अङ्क १३, २०६५/२०६६ ।

*एक हातको तालीमा चेतनाको पीडा* **गरिमा**, वर्ष २८, अङ्क ४, वि.सं. २०६६, पृष्ठ ४४-५१ ।

*अनुवादविज्ञानको सैद्धान्तिक स्वरूप,* **गरिमा**, वर्ष २७, अङ्क १२, वि.सं. २०६६, पृष्ठ ५-१७ ।

*वस्तुवादी र पाठकवादी समालोचनाको मानक प्रतिरूप,* **समकालीन साहित्य**, वर्ष २०, वि.सं. २०६६/०६७, पृष्ठ १३६-१४२ ।

*प्रमिथस महाकाव्यमा बिम्बबिधान,* **भृकुटी**, वर्ष ५, वि.सं. २०६६, पृष्ठ १७१-१८५ ।

*जनआन्दोलन २०३६ र सडक कविता क्रान्तिः समकालीन नेपाली कविता सन्दर्भ,* **कविता**, पूर्णाङ्क ८७, वि.सं. २०६६/६७, पृष्ठ ११६-१२६ ।

*देवकोटाको महाकाव्यकारिता,* **वागीश्वरी,** वर्ष २०, अङ्क १७, वि.सं. २०६६, पृष्ठ ४९-५४ ।

*अनर्गल प्रलापभित्रका निबन्धमा वस्तु विधान,* **उन्नयन**, पूर्णाङ्क ७३, वि.सं. २०६६, पृष्ठ ५-१२ ।

*लोकसाहित्यमा स्थलगत अध्ययनका बेजोड नमुना,* **हाम्रो मातृभूमि**, वर्ष ७, अङ्क २, वि.सं. २०६६, पृष्ठ ११-१४ ।

*सानीको साहसमा बालमनोविज्ञान र बाल रचनाको अभिव्यक्ति,* **रचना**, वर्ष ४९, पूर्णाङ्क १०२, वि.सं. २०६६ ।

*नदी किनाराका माझीमा जनजातीय सांस्कृतिक चेतना,* **लेखक**, वर्ष २, अङ्क २, वि.सं. २०६६ ।

*जनआन्दोलन २०६२/०६३ र सडक कविता क्रान्ति समकालीन नेपाली कविता सन्दर्भ,* **कविता**, पूर्णाङ्क ८७, वि.सं. २०६६-२०६७ ।

*'नारायणीका लहर लहर' मा अन्तरवस्तुको दृष्टिचेतना,* **चितवन महोत्सव स्मारिका** २०६७ ।

*लघुकथाको सैद्धान्तिक स्वरूप र नेपाली लघुकथाको सन्दर्भ,* **समकालीन साहित्य**, पूर्णाङ्क ६२, वि.सं. २०६७, पृष्ठ १०१-११३ ।

*समकालीन समालोचना केही प्रश्न र थुप्रै उत्तरहरू,* **समकालीन साहित्य,** पूर्णाङ्क ६३, वि.सं. २०६७, पृष्ठ ६४-७४,

*भवानी भिक्षुका कवितामा बिम्बविधान,* **समकालीन साहित्य,** पूर्णाङ्क ६०, वि.सं. २०६७, पृष्ठ १११-११८ ।

*अनुसन्धानमा सामग्रीको अध्ययन विश्लेषण र सामान्यीकरण,* **प्रज्ञा,** अङ्क ४०, पूर्णाङ्क १०३, वि.सं. २०६७, पृष्ठ १३८-१४४ ।

*पाश्चात्य साहित्यको विकासक्रमिक अनुरेखाङ्कन र प्रवृत्ति,* **वाङ्मय,** पूर्णाङ्क १४, वि.सं. २०६७, पृष्ठ ६८-८४ ।

*उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पद्धति र प्रारूप,* **भृकुटी,** पूर्णाङ्क १०, वि.सं. २०६७, पृष्ठ ३८४-३९८ ।

*नेपाली साहित्यिक पत्रकारितामा मधुपर्कको योगदान,* **मधुपर्क**, अङ्क ४३, पूर्णाङ्क ५००, वि.सं. २०६७, पृष्ठ ११-२० ।

*निबन्धका प्रकार : सैद्धान्तिक स्वरूपमा,* **मधुपर्क**, अङ्क ४३, पूर्णाङ्क ५००, वि.सं. २०६७, पृष्ठ ११-२० ।

*साहित्य र संविधान* **गरिमा,** वर्ष २९, अङ्क १, वि.सं. २०६७, पृष्ठ १०९-११० ।

*मोतिराम भट्टको अम्मलाष्टक : एक प्रक्षेपण,* **शब्दयात्रा**, वर्ष २, अङ्क २, वि.सं. २०६७, पृष्ठ ५-७ ।

*मधुपर्कको देवकोटा शतवार्षिकी विशेषङ्कका परिधिमा,* **मिर्मिरे,** वर्ष ३९, अङ्क १ वि.सं. २०६७, पृष्ठ २३९-२४७ ।

*महाकाव्यमा माओवादी सशस्त्रद्वन्द्व,* **मिर्मिरे**, वर्ष ३९, अङ्क ११, वि.सं. २०६७, पृष्ठ ७८-७९ ।

*जनआन्दोलन २०४६ र आन्दोलन कविता एवम् समकालीन कविता सन्दर्भ,* पूर्णाङ्क ८९, वि.सं. २०६७, पृष्ठ ११४-१३५ ।

*समकालीन नेपाली कवितामा सामूहिकताको अभिव्यक्ति* **जनमत**, अङ्क २८, पूर्णाङ्क १६६, वि.सं. २०६८, पृष्ठ ५१-५३ ।

*समकालीन पाश्चात्य कविता सन्दर्भ,* **समकालीन नेपाली साहित्य**, वर्ष ११, अङ्क १ सन् २०११, पृष्ठ ९५-१०२ ।

*युगीन यथार्थका जीवन्त काव्यबिम्ब : तीर्थ श्रेष्ठका कविता,* **गरिमा**, अङ्क २९, पूर्णाङ्क ३४६, वि.सं. २०६८, पृष्ठ ४७-४८ ।

*समकालीन नेपाली नारी कविता लेखनको स्वरूप नारी स्रष्टा : चिन्तना र सिर्जना,* वि.सं. २०६८, पृष्ठ ११-३३ ।

*बैरागी काइँलाको शरणार्थी विचार र मालीगाउँमा चितुवा नवीन चेतनाको अन्वेषण,* **चैरेवेति**, वर्ष २, अङ्क ४, वि.सं. २०६८ ।

*समकालीन नेपाली कवितामा सामूहिकताको अभिव्यक्ति* **जनमत**, वर्ष २८, पूर्णाङ्क १६६, वि.सं. २०६८ ।

*समकालीन नेपाली कवितामा राष्ट्रिय चेतना,* **अन्तर्दृष्टि,** वि.सं. २०६८, पृष्ठ ११०-११४ ।

*नेपाली कविताको समसामयिक धारा* **कन्या**, वर्ष १, अङ्क १, वि.सं. २०६९, पृष्ठ ४९-५४ ।

*आस्तित्विक चेतना र युगीन यथार्थका बिम्बमय कविता : मञ्जुका कविता,* **गरिमा,** अङ्क ३०, पूर्णाङ्क ३५८, वि.सं. २०६९, पृष्ठ ४१-४२ ।

*रमणका मानसबिम्बका युगीन यथार्थ* **गरिमा**, अङ्क ३०, पूर्णाङ्क ३५७, वि.सं. २०६९, पृष्ठ १८३-१८४ ।

*देवकोटाको गीतकार व्यक्तित्त्व र गीत कृतिहरू विश्लेषण,* **महाकवि देवकोटा व्याख्यानमाला**, २०६९, १६०/१८४ ।

*भैरव अर्यालको हास्यव्यङ्ग्य यात्रा कृति र प्रवृत्ति* **भैरव स्मारिका,** वि.सं. २०६९, पृष्ठ ३९-५४,

*समकालीन पाश्चात्य कविताका प्रमुख सम्प्रदाय* **प्रक्रिया,** २६/३६ सन् २०१२, पृष्ठ ४३-५४ ।

*उत्तरवर्ती नेपाली नारीकविता लेखनमा नारीवादी चेतना* **गरिमा**, वर्ष ३०, पूर्णाङ्क ३५५, वि.सं. २०६९, पृष्ठ ३४०-३५१ ।

*उपन्यासमा नारीवादी चेतना समेतको अभिव्यक्ति नियतिचक्र,* **गरिमा**, वर्ष ३०, पूर्णाङ्क ३५५, वि.सं. २०६९, पृष्ठ ४२५-४२९ ।

*आधुनिक उत्तर आधुनिक र समकालीन सिर्जना तथा समालोचना,* **मधूलिका**, वर्ष १५, अङ्क १२, वि.सं. २०६९, पृष्ठ ५७-६० ।

*पश्चिमका केही महान साहित्यकार : पाश्चात्य अध्ययनको आयामिक ग्रन्थ,* **ताना शर्मा : सङ्घर्ष र प्राप्ति,** वि.सं. २०६९, पृष्ठ २२६-२४१ ।

*उपन्यासभित्र उपन्यास सिद्धान्त अधिउपन्यास अर्थात् मेटानोबल, भर्चुअल रियालिटी र उपन्यासमा भञ्जन, प्रयोग र विपठनमा,* **सुकरातको डायरी,** वि.सं. २०६९ पृष्ठ ९२-९६ ।

*प्रतिबद्ध उपन्यासमा मानवीय विद्रूपताको चित्र,* **सेवा नेपाल**, वर्ष ११, अङ्क ११, वि.सं. २०६९, पृष्ठ ३०-३६ ।

*भीमनिधि तिवारीका कवितामा युगबोध* **तन्नेरी**, पूर्णाङ्क ३४, वि.सं. २०६९ ।

*समसामयिक नेपाली कवितामा राष्ट्रिय चेतना,* **चितवन महोत्सव स्मारिका,** वि.सं. २०६९ ।

*देवघाट क्षेत्रको सांस्कृतिक अध्ययन परम्पराको ऐतिहासिक दस्तावेज,* **देववाणी**, वर्ष १४, अङ्क ३, वि.सं. २०६९ ।

*जनआन्दोलन २०६२/०६३ र लोकतान्त्रिक गणतान्त्रिक कविता आन्दोलन,* **कविता**, पूर्णाङ्क ९६, वि.सं. २०६९/७० ।

*नेपाली कथाको समसामयिक धारा,* **कन्या,** वि.सं. २०६९ ।

*भानुभक्त पोखरेलका कवितामा युगबोधी चेतना,* **मिर्मिरे**, अङ्क ४२, पूर्णाङ्क ३२१, वि.सं. २०७० ।

*वी.पी. कोइरालाको कवित्व,* **सगरमाथा वाङ्मय**, वर्ष १०, अङ्क ११, वि.सं. २०७० ।

*चितवनको साहित्य विगत र वर्तमान,* **मारुनी**, वर्ष १४, वि.सं. २०७० ।

*साहित्यिक विधामा हास्यव्यङ्ग्य,* **मधुपर्क**, अङ्क ४६, पूर्णाङ्क ५३१, वि.सं. २०७० ।

*पच्चीस प्रतिभा आधा दर्जन कृतिहरूको सङ्गालो,* **दायित्व**, वर्ष २०, अङ्क ८१, वि.सं. २०७० ।

*समकालीनता र समकालीन नेपाली प्रतिनिधि कविता,* **प्रज्ञा समकालीन नेपाली कविता**, वि.सं. २०७० ।

*उत्तरवर्ती नेपाली नारी कविता लेखनमा नारीवादी चेतना,* **नेपाली नारीवादी समालोचना**, वि.सं. २०७०, पृष्ठ ११४-१६६ ।

*वी.पी. कोइरालाको कवित्व,* **सगरमाथा वाङ्मय**, वर्ष २, अङ्क ३, वि.सं. २०७०, पृष्ठ १२२-१२८ ।

*भानुभक्त पोखरेलका कवितामा युगबोधी चेतना,* **मिर्मिरे**, अङ्क ५२, पूर्णाङ्क ३२१, वि.सं. २०७०, पृष्ठ २०४-२२५ ।

*अर्धनारीश्वर काव्यको वस्तुविधान,* **वासुदेव त्रिपाठी स्रष्टा एक द्रष्टा अनेक** वि.सं. २०७०, पृष्ठ ४५६-४६४ ।

*बी.पी. कोइरालाको कवित्व,* **सगरमाथा वाङ्मय**, वर्ष १०, अङ्क ११, वि.सं. २०७० ।

*पच्चीस प्रतिभा आधा दर्जन कृतिहरूको सङ्गालो,* **दायित्व**, अङ्क २०, पूर्णाङ्क ८१, वि.सं. २०७० ।

*जनआन्दोलन २०६२/०६३ र लोकतान्त्रिक गणतान्त्रिक कविता आन्दोलन,* **कविता,** पूर्णाङ्क ९६, वि.सं. २०६९/०७०, पृष्ठ ८३-९६ ।

*अन्तर्विषयकता अन्तर्विविषयक पठन र अन्तपाठीयता* **कलाश्री**, वर्ष ३, अङ्क ३, वि.सं. २०७१ ।

*आधुनिक नेपाली कविताका प्रवृत्ति,* अन्तर्विषयक, वर्ष १७, अङ्क १, वि.सं. २०७१ ।

*भानुभक्त र शङ्कराचार्य,* **गोरखापत्र**, वर्ष १४, अङ्क ३, वि.सं. २०७१ ।[७१]

## २.१३.६ प्रस्तुत गरिएका कार्यपत्रहरूको सूची

लक्ष्मणप्रसाद गौतमले विभिन्न समयमा विभिन्न कार्यपत्रहरू प्रस्तुत गरेका छन् । ती कार्यपत्रहरू उनले शैक्षिक संस्थाहरू, प्रकाशक संस्थाहरू र विशुद्ध साहित्यिक संस्थामा आयोजित कार्यक्रममा प्रस्तुत गरेका छन् । गौतमले प्रस्तुत गरेका कार्यपत्रहरू कथा, कविता, निबन्ध र समालोचना विधाको विकासमा गरिनुपर्ने पहलसँग सम्बन्धित छन् । तिनीहरूले आत्मसात् गरेको परिवर्तनको लेखाजोखाबारे निष्कर्षात्मक टिप्पणी प्रस्तुत गरेका छन् । लक्ष्मणप्रसाद गौतमले प्रस्तुत गरेका **कार्यपत्रहरू** यस प्रकार छन् :

*चितवनको साहित्यिक इतिहास,* **चितवन वाङ्मय प्रतिष्ठान,** वि.सं. २०५२ ।

*नेपाली बालकविताका प्रवृत्ति,* **नेपाल बालसाहित्य समाज**, निजगढ, बारा, वि.सं. २०५३ ।

---

७१. ऐजन ।

*नेपाली कथामा उत्तर आधुनिक चेतना,* **नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान र वाणी प्रकाशन विराटनगर**को संयुक्त आयोजनामा भएको बृहत् साहित्यिक गोष्ठीमा प्रस्तुत कार्यपत्र, वि.सं. २०५८ ।

*समकालीन नेपाली कविता प्रवृत्तिगत सन्दर्भमा,* **वाणी प्रकाशन विराटनगर**को आयोजनामा भएको बृहत् साहित्यिक गोष्ठीमा प्रस्तुत कार्यपत्र, वि.सं. २०५९ ।

*नेपाली साहित्यिक पत्रकारितामा गरिमा पत्रिकाको योगदान,* **साझा प्रकाशन**को आयोजनामा भएको बृहत् साहित्यिक गोष्ठीमा प्रस्तुत कार्यपत्र, वि.सं. २०६१ ।

*उत्तरवर्ती नेपाली समालोचनाका प्रवृत्ति,* **त्रिभुवन विश्वविद्यालय तानसेन बहुमुखी क्याम्पस**को आयोजनामा भएको स्नातकोत्तर शिक्षक अभिमुखीकरण गोष्ठीमा प्रस्तुत कार्यपत्र, वि.सं. २०६३ ।

*नेपाली वर्णविन्यास र यसको मानकीकरण,* **त्रिभुवन विश्वविद्यालय बालकुमारी कलेजको** आयोजनामा भएको स्नातक शिक्षक अभिमुखीकरण गोष्ठीमा प्रस्तुत कार्यपत्र, वि.सं. २०६४ ।

*आधुनिक नेपाली कविताका प्रवृत्तिः* **नेपाल प्रज्ञा प्रतिष्ठान**को आयोजनामा भएको बृहत् साहित्यिक गोष्ठीमा प्रस्तुत कार्यपत्र विरगञ्ज, वि.सं. २०६७ ।

*लघुकथाको सैद्धान्तिक स्वरूप र नेपाली लघुकथाको विकासप्रक्रिया,* **नेपाल प्रज्ञा प्रतिष्ठान र लघुकथा समाज**को आयोजनामा भएको बृहत् साहित्यिक गोष्ठीमा प्रस्तुत कार्यपत्र, वि.सं. २०६७ ।

*समकालीन नेपाली कवितामा राष्ट्रिय ध्येय,* **नेपाली कला साहित्य डटकम प्रतिष्ठान**को आयोजनामा भएको साहित्यिक गोष्ठीमा प्रस्तुत कार्यपत्र, वि.सं. २०६७, इलाम ।

*नेपाली साहित्यिक पत्रकारितामा मधुपर्क पत्रिकाको योगदान,* **गोरखापत्र संस्थानको आयोजना**मा भएको बृहत् साहित्यिक गोष्ठीमा प्रस्तुत कार्यपत्र, वि.सं. २०६८ ।

*उत्तरवर्ती नेपाली कथामा आञ्चलिकता,* **नेपाल प्रज्ञा प्रतिष्ठान**को आयोजनामा भएको बृहत् साहित्यिक गोष्ठीमा प्रस्तुत कार्यपत्र, वि.सं. २०६८, चितवन ।

*उत्तरवर्ती नेपाली कवितामा राष्ट्रिय चेतना,* **नेपाल प्रज्ञा प्रतिष्ठान**को आयोजनामा भएको बृहत् साहित्यिक गोष्ठीमा प्रस्तुत कार्यपत्र, वि.सं. २०६८ ।

*चितवनको साहित्यिक विगत वर्तमान,* **नारायणी कला मन्दिर**को आयोजनामा भएको बृहत् साहित्यिक गोष्ठीमा प्रस्तुत कार्यपत्र, वि.सं. २०७० ।

*समसामयिक समस्याको सम्बोधनमा साहित्यको भूमिका,* **बन्दीपुर साहित्य महोत्सव**को आयोजनामा भएको बृहत् साहित्यिक गोष्ठीमा प्रस्तुत कार्यपत्र, वि.सं. २०७०-७१ ।

*मुक्तकको रचनाविधान,* **मुक्तक प्रतिष्ठान नेपाल**को आयोजनामा भएको वहत् साहित्यिक गोष्ठीमा प्रस्तुत कार्यपत्र पोखरा, वि.सं. २०७० ।

*बोध अभिव्यक्ति शिक्षण कला,* **त्रिभुवन विश्वविद्यालय एस.पी.एम. कलेज,** गैंडाकोटको आयोजनामा भएको स्नातक शिक्षण अभिमुखीकरण गोष्ठीमा प्रस्तुत कार्यपत्र पोखरा, वि.सं. २०७१ ।

*आधुनिक नेपाली कविताका प्रवृत्ति र स्वरूप,* **त्रिभुवन विश्वविद्यालय हिन्दी केन्द्रीय विभाग**को आयोजनामा भएको बृहत् साहित्यिक गोष्ठीमा प्रस्तुत कार्यपत्र, वि.सं. २०७१ ।[७२]

यसका अतिरिक्त लक्ष्मणप्रसाद गौतमले वाणी प्रकाशन, साझा प्रकाशन, त्रिभुवन विश्वविद्यालय, भोजपुरी वाङ्मय प्रतिष्ठान, चितवन वाङ्मय प्रतिष्ठान, चितवन साहित्य डटकम प्रतिष्ठानका साहित्यिक शैक्षणिक तथा प्राज्ञिक समारोहहरूमा पचास भन्दा बढी कार्यपत्रहरू प्रस्तुत गरेको जानकारी पाइन्छ ।[७३]

## २.१३.७ भूमिका लेखनको सूची

लक्ष्मणप्रसाद गौतमले आफ्नो समालोचकीय धारको विकासमा, कृतिलेखनका क्रममा र साहित्यिक यात्रामा धेरै स्रष्टाहरूका कृतिहरूबारे भूमिका लेखेका छन् । पुराना स्थापित स्रष्टाहरूका साथै नवोदित स्रष्टाहरूका कृतिहरूको भूमिका लेख्दै आफ्नो निष्पक्ष, तटस्थ, विश्लेषणीय क्षमता र समालोचकीय शैलीको परिचय पनि दिएकै छन् । उनले हालसम्म अठ्सठ्ठी वटा भूमिका लेखेका छन् । ती भूमिकाहरू कालक्रम अनुसार यस प्रकार रहेका छन् :

---

७२. ऐजन ।
७३. ऐजन ।

*लेख्न नपर्ने कुराहरूभित्रका निबन्धमा वस्तु विधान,* **लेख्न नपर्ने कुराहरू**, निबन्धसंग्रह, रामबाबु घिमिरे, वि.सं. २०५६ ।

*अविराम यात्रामा शब्दपथ,* **शब्दहरू अविराम यात्रामा** (कवितासङ्ग्रह), (सम्पादन) हरिहर पौडेल र लक्ष्मणप्रसाद गौतम, वि.सं. २०५७।

*भासिएको पहाडमा सामयिक चेतना,* **भासिएको पहाड** (कवितासङ्ग्रह) शान्त बस्नेत, वि.सं. २०५८ ।

*अविश्रान्त भित्रका अविश्रान्तिहरू, सूत्रात्मक समीक्षण,* **अविश्रान्त** (कवितासङ्ग्रह) गोविन्दराज विनोदी, वि.सं. २०५९ ।

*सूत्रकवितामाथि सूत्र समालोचनात्मक आरेख,* **अनुभूतिको जुलुस** (कवितासङ्ग्रह) अमर त्यागी, वि.सं. २०६० ।

*नेपाली यौन कथाको परिवेश र प्रवृत्ति संक्षिप्त अनुशीलन,* **नेपाली यौन कथा** (कथासङ्ग्रह) सम्पादन लक्ष्मणप्रसाद गौतम, वि.सं. २०६१ ।

*ऐतिहासिक विषयवस्तुमा चेतनाको प्रतिरूप,* **गोर्खागाथा** (काव्य) धनेश्वर भट्टराई, वि.सं. २०६१ ।

*बालुवामा अर्को नेपालभित्रका कथाहरूको अन्तर्वस्तु र कथ्यगत वैशिष्ठटय,* **बालुवामा अर्को नेपाल** (कथा संग्रह) रक्षा राई, वि.सं. २०६१ ।

*केही शब्दबिम्बहरूले कालो उज्यालो,* **कालो उज्यालो** (लघु कथासङ्ग्रह), हरिहर पौडेल, वि.सं. २०६२ ।

*यौनिक कथा विश्वयौन कथाको परिदृष्य,* **विश्व यौनकथा** (कथासङ्ग्रह) अनु, परशु प्रधान, वि.सं. २०६२ ।

*चक्रब्युह र युद्ध पीडाहरूबाट आहत आजको मान्छे र आयामका कविताको समकालीन चेतना,* **चक्रब्युह र युद्धपीडाहरू** (कवितासङ्ग्रह), सङ्गीत आयाम, वि.सं. २०६२ ।

*युग चेतनाको ऐनाबाट गुलाबको ऐस्ट्रेमा मृत्यु चिन्तनका बिम्बहरू,* **गुलाबको ऐस्ट्रेमा मृत्यु** (कवितासङ्ग्रह), गोपी सापकोटा, वि.सं. २०६३ ।

*विखण्डित प्रवाहमा दृष्टिप्रवाहको अनुशीलन,* **विखण्डित प्रवाह** (कथासङ्ग्रह), नवराज रिजाल, वि.सं. २०६३ ।

*भूमिका होइन है वनमाली सर पत्र सञ्चयन* (पत्रहरू), **वनमाली निराकार**, २०६३ ।

*त्रिशङ्कुको देशमा शब्दप्रहारको कौशल,* **त्रिशङ्कुको देशमा** (लघुकथासङ्ग्रह), एल.बी. क्षेत्री, २०६४ ।

*कवितामा नयाँ नेपालको बाटो कोर्दै स्रष्टाहरू,* **नयाँ नेपालको बाटो** (कवितासङ्ग्रह), कला विमर्श केन्द्र, पाल्पा, २०६४ ।

*प्रमुख अतिथि हुनुको आतङ्कमा अभिव्यक्त व्यङ्ग्यका बान्की,* **प्रमुख अतिथि हुनुको आतङ्क** (हास्यव्यङ्ग्य), नरेन्द्रराज पौडेल, २०६४ ।

*मरुद्यानमा फुलेको काव्यिक सौन्दर्य, सूत्रात्मक आरेख,* **मरुद्यान** (कवितासङ्ग्रह), हुसैन खाँ, २०६४ ।

*आधुनिकता र आधुनिक नेपाली कविता,* **सगरमाथाको नृत्यनग्न आत्मा** ( कवितासङ्ग्रह), सम्पादन) मोमिला, २०६४ ।

*लघुकथाका संरचनात्मक बान्की प्रसङ्ग भ्रम र पात्रहरू,* **प्रसङ्ग भ्रम पात्रहरू** (लघुकथासङ्ग्रह), सरस्वती रिजाल, २०६५ ।

*कवि परिचय,* **आत्मध्वनि** (कवितासङ्ग्रह), देवराज खरेल, २०६५ ।

*लोकतान्त्रिक गणतान्त्रिक आन्दोलन र चितवनको साहित्यिक, परिवृत्त संक्षिप्त इतिवृत्त,* **कवितामा गणतन्त्र** (कवितासङ्ग्रह), सम्पादन, प्रकाश चापागाइँ, २०६५ ।

*प्रभावपरकता भित्रैबाट वस्तुगततातिर उन्मुखता,* **कृति र दृष्टि,** समालोचना सङ्ग्रह), धनेश्वर भट्टराई र रामचन्द्र सुवेदी, २०६५ ।

*निमेषका कवितामाथि आत्मटिप्पणी,* **मनहरूको, परिसर** (कवितासङ्ग्रह), निमेष निखिल, २०६५ ।

*अक्षरको खेतमा बिम्बको रोपाईँ* **अक्षरको खेत** (कवितासङ्ग्रह), रमेश श्रेष्ठ, २०६५ ।

*यात्राका स्पन्दनहरूको वस्तुविन्यास,* **यात्राका स्पन्दन** (नियात्रा), केदारनाथ खनाल, २०६५ ।

*अन्तरसंवादमा परशु प्रधानमाथि उत्खनन् र उनको आत्मस्विकृति,* **अन्तरसंवाद,** अन्तरवार्ता, २०६५ ।

*म्याजिक रियालिटीक कथा,* **अनुभ्रम प्रतिभ्रम** (लघुकथासङ्ग्रह), हरिहर पौडेल, २०६६ ।

*शब्दक्रान्ति : तरल अनुभूतिमा ठोस पदार्थ,* **शब्दक्रान्ति** (कवितासङ्ग्रह), जी शर्मा, २०६६ ।

*चेतनाका बिम्बहरू र हजार वर्षको निद्रा,* **हजार वर्षको निद्रा** (कवितासङ्ग्रह), भूपिन व्याकुल, २०६६ ।

*बिम्बहरूको कठघरामा प्रतिक्षाको उपस्थिति,* **बिम्बहरूको कठघरा** (कवितासङ्ग्रह), सरस्वती प्रतिक्षा, २०६६ ।

*सम्झनाको आलिङ्गनमा बाँधिएर,* संस्मरण), **दयाकृष्ण राई,** २०६६ ।

*आख्यानको बिनिर्मिति र असाधारण नारी चारित्रका कोलम्बसका पाइलाहरू,* **सीताहरू** (कथोपन्यास), परशु प्रधान, २०६६ ।

*मनलाई सम्बोधनमा अन्तःचेतना बिम्बहरू,* **मनलाई सम्बोधन** (कवितासङ्ग्रह), भागवत आचार्य, २०६६ ।

*दृष्टिविचरण भित्र गीता त्रिपाठीको समालोचना विचरण,* **दृष्टिविचरण** (समालोचना सङ्ग्रह) गीता त्रिपाठी, २०६६ ।

*डिल्लीराम मिश्रको श्रमसाध्य कृति :* **युवा वर्ष मोति पुरस्कार सर्जक र सिर्जना,** (समालोचनासङ्ग्रह, २०६६ ।

*काव्यकला चेतनमा अनुभुतिका बिम्बहरू : सालिकको साम्राज्य,* **सालिकको साम्राज्य** (कवितासङ्ग्रह), नरेन्द्रबहादुर श्रेष्ठ, २०६७ ।

*युगीन यथार्थ र नारीकेन्द्री कथा समयदंश,* **समयदंश** (कथासङ्ग्रह), पद्मावती सिंह २०६७ ।

*युगबोधी चेतनाका कवितात्मक प्रस्तुति निरङ्कुशता,* **निरङ्कुशता** (कवितासङ्ग्रह) राधेश्याम लेकाली, २०६७ ।

*अनावृत्त यथार्थ र रहस्यमय शैलीको यात्रा साहित्य,* **रुसतिर रुमलिँदा** (यात्रा संस्मरण), ध्रुवचन्द्र गौतम, २०६७ ।

*समकालीन यथार्थ र राष्ट्रबोधी चेतनाका छान्दसिक काव्यबिम्ब,* **माटो र मुटु** (कवितासङ्ग्रह), देवी नेपाल, २०६७ ।

*पुरुषवादी कविता अर्थात् भाले कविता केही अभिमत,* **पुंसत्व र पर्खाल** ( कवितासङ्ग्रह), भरत भारद्वाज, २०६७ ।

*वस्तुनिष्ट र अनुसन्धानात्मक समालोचनाको प्रयोगिक नमूना,* **कृति विश्लेषण प्रायोगिक आयाम** (समालोचना), गीता त्रिपाठी, २०६७ ।

*सडकमा झुल्को घाम ओराल्ने चाहनाभित्र अभिव्यञ्जित काव्यिक सौन्दर्य,* **एक झुल्को घाम ओर्लेर सडकमा** (कवितासङ्ग्रह), सरस्वती श्रेष्ठ सरु, २०६७ ।

*मनको शिविरबाट युगीन यथार्थको उद्घोषण,* **मनको शिविरबाट** (कवितासङ्ग्रह), छविरमण सिलवाल, २०६७ ।

*चितवनको साहित्य लेखनको अर्को प्रस्थान : स्रष्टा बिम्ब व्यक्तित्त्व आरेख,* **स्रष्टा बिम्ब व्यक्तित्त्व आरेख** (समालोचना सङ्ग्रह), कपिल अज्ञात, २०६७ ।

*लघु कथामा वैविध्यमय जीवनमूल्यका प्रस्तुति,* **सन्दिग्ध समयका पाइला** (लघुकथासङ्ग्रह), साधना प्रतिक्षा, २०६८ ।

*युगीन यथार्थको जीवन्त अभिव्यक्ति विस्थापित मुड,* **विस्थापित मुड** (निबन्ध सङ्ग्रह), सृजना लम्साल, २०६८ ।

*नेपाली डायस्पोरिक कविताको जीवन्त प्रतिरूप,* **डायस्पोराका डोरा** (कवितासङ्ग्रह), होमनाथ सुवेदी २०६८ ।

*नेपाली नारी समालोचनामा ऐतिहासिक कदम : नेपाली नारी समालोचना परम्परा प्रवृत्ति र विश्लेषण,* **नेपाली नारी समालोचना परम्परा प्रवृत्ति र विश्लेषण,** ज्ञानु अधिकारी, २०६८ ।

**यसुका कथाको जीवन्त सम्भावना, आँसुको** (कथासङ्ग्रह), यसु, २०६८ ।

*जीवनका विविध आयामहरूलाई नियालिएका कथा,* **जीवनका रङ्गहरू** ( कथासङ्ग्रह), इल्या भट्टराई, २०६८ ।

*युगबोधी चेतना र विशिष्ट शैलीका कथा,* **मञ्जुका कथा सपना** (कथासङ्ग्रह), मञ्जु काँचुली, २०६९ ।

*यथार्थको अभिव्यक्ति र पन्तका कथा,* **पुष्पमञ्जरी** (कथासङ्ग्रह), रामप्रसाद पन्त, २०६९ ।

*डायस्पोरिक काव्य सुसेलीमा अनुभुतिका बिम्बहरू,* **काव्य सुसेली** (कवितासङ्ग्रह), सम्पादन कुमारप्रसाद कोइराला, २०६९ ।

*व्यङ्ग्य र आत्मप्रकटीकरणको यथार्थ बिम्ब : एक्लो परिचय,* **एक्लो परिचय** (निबन्ध), श्री ओम श्रेष्ठ 'रोदन', २०६९ ।

*समयबोधी चेतना र नेपाली चिन्तनको मार्ग,* **समयबोध र उत्तरआधुनिकता** गोविन्दराज भट्टराई, २०६९

*उत्तरवर्ती चेतनाका कथाविम्ब : सङ्घारमा,* **सङ्घारमा** (कथासङ्ग्रह), किशन थापा अधीर, २०६९ ।

*नारी भोगाइको यथार्थपरक संवेदनात्मक र अनुभुतिपरक डायस्पोरिक कथाः सुमित्राका कथा,* **अन्तिम बिदाई** (कथासङ्ग्रह), सुमित्रा पौडेल आँचल, २०६९ ।

*नेपाली हिन्दी साहित्येतिहासको महत्त्वपूर्ण दस्तावेज,* **नेपाली हिन्दी साहित्यकार र तीनका कृति** (समालोचना सङ्ग्रह), गोपाल अस्क, २०६९ ।

*नयाँ घरेको स्वाहाभित्रका कथन र कथ्य,* **स्वाहा** (निबन्ध), युवराज नयाँघरे, २०६९ ।

*वस्तुनिष्ट समालोचना तिरको अग्रसरता,* **प्रायोगिक समालोचना : केही प्रतिरूप,** (समालोचना सङ्ग्रह), ज्ञानु अधिकारी, २०७० ।

*यथार्थको जीवन्त बिम्बचित्र विसङ्गत जीवन,* **विसङ्गत जीवन** (उपन्यास) रुकु कार्की, २०७० ।

*समकालीन कवितामा चितवनका कवि र कविता,* **चितवन कवि र कविता** (कवितासङ्ग्रह), सम्पादन), एल.बी. क्षेत्री, २०७० ।

*पाठकलाई पनि आफूसँगै डुलाउने नियात्रा,* **पाताल वृत्तान्त** (संस्मरण), कृष्ण कँडेल, २०७० ।

*साहित्यका माध्यमबाट भ्रष्टाचार निवारणका लागि सन्देश,* **भ्रष्टाचार विषयक** कथा प्रवृत्ति, कथासङ्ग्रह), ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल, २०७० ।

*रत्न श्रेष्ठ पुरस्कार गुठीको इतिवृत्त माथिको दृष्टि प्रक्षेप,* **नेपाली वाङ्मयमा रत्न श्रेष्ठ पुरस्कार गुठी,** डुण्डीराज पौडेल ।

*रोडम्यापभित्रका लघु कथामा युगचेतनाका बिम्बहरू,* **रोडम्याप** (लघु कथासङ्ग्रह), कृष्ण बजगाई ।[७४]

*मौद्गल्यका आख्यानमा चञ्चु प्रवेश,* **चिरञ्जीवी नेपालीका आख्यान**, २०७१ ।

---

७४. ऐजन ।

### ३.१३.८ प्रकाशित फुटकर कविताहरू

समालोचना, निबन्ध र कथामा कलम चलाए तापनि र समालोचनामा विशेष दक्षता हासिल गरे पनि लक्ष्मणप्रसाद गौतमलाई साहित्यतर्फ पहिलो पाइलो टेकाएर अग्रसरता दिलाउने विधा कविता नै हो । वि.सं. २०३६ सालमै मातृभूमि शीर्षकको कविता *नयाँ पुकार* पत्रिकामा प्रकाशित गरेर गौतमले साहित्य लेखनमा प्रवेश गरेका हुन् । गौतमका कविताहरू कृतिकै रूपमा प्रकाशित नभए पनि उन्नाइसवटा कविता फुटकर रूपमा विभिन्न पत्रिकाहरूमा प्रकाशित छन् तिनको विवरण यस प्रकार रहेको छ :

*मातृभूमि,* **नयाँ पुकार** पत्रिका २०३६ (सन १९७९) ।

*देववाणी संस्कृतम,* **अर्वाचीन संस्कृतम्** (५/२ सन् १९८३), वि.सं. २०४० भारत, संस्कृत भाषामा ।

*हिमाली गुराँस,* **हिमाली गुराँस** (१/१ २०४०/४१) भारत ।

*तीन टुक्रा,* **नव कविता** (३३, २०५१) ।

*तीन हाइकु,* **मधूलिका** (२/२०५२) ।

*जिन्दगी किन रुने गर्छ,* **मिर्मिरे** (३२/२१७, २०६०) ।

*म तिमीले सोचे जस्तो उत्ताउलो छैन,* **कविता** (१/८०, २०६०) ।

*आतङ्कित मन र सन्त्रस्त परिवेश,* **तालिम दर्पण** (३/४, २०६०) ।

*यो चित्रवन हो अरे,* ***कवितामा चितवन,*** सम्पादन केदारनाथ खनाल (२०६१) ।

*कमलको फूल गुलाफका काँडा र जिन्दगीका सपनाहरू,* **मिर्मिरे** (३३/२३४, २०६१) ।

*तिम्रो नाममा आज एउटा,* **माधुरी** (१/१, २०६२) ।

*चेतनाका पीडा,* **कविता** (१/८६, २०६२) ।

*मिथक पात्र,* **अन्तर्बोधी** (५/९, २०६५) ।

*अर्को सपनाको हत्या,* **अभिव्यक्ति** (३९/१३९, २०६५) ।

*म कुनै सपनाको हत्या गर्ने छैन,* **मध्यक्षितिज** (२०६५) ।

*घाइते रात,* **मधूलिका** (१४/११, २०६६) ।

*समयबिम्ब,* **शब्दसिन्धु**, २/८, २०६७) ।

*स्वप्नबिम्ब,* **शब्द संयोजन** (७/८१, २०६७) ।

*थुइक्क सभासद म,* **नेपाल** (२०६९) ।[७५]

---

७५. ऐजन ।

### २.१३.९ प्रकाशित फुटकर कथाहरू

लक्ष्मणप्रसाद गौतम समालोचक निबन्धकार र कविका साथै कथाकार पनि हुन । हालसम्म गौतमका पुस्तकाकार कथाकृतिहरू प्रकाशित नभए पनि दश वटा फुटकर कथाहरू प्रकाशित भएका छन् । विभिन्न पत्रिकामा प्रकाशित ती कथाहरू कालक्रमिक रूपमा यस प्रकार रहेका छन् :

*उत्तरआधुनिक प्रेम-१,* **समकालीन साहित्य**, वर्ष १५, अङ्क ५८, २०६२ ।

*उत्तरआधुनिक प्रेम-२,* **समष्टि** ( वर्ष २८, पूर्णाङ्क १५८, २०६४ ।

*उत्तरआधुनिक प्रेम-३,* **मधुपर्क** ( वर्ष ४१, पूर्णाङ्क ४६८, २०६४ ।

*उत्तरआधुनिक प्रेम-४,* **मिर्मिरे**, अङ्क ३८, पूर्णाङ्क २८७, २०६६ ।

*उत्तरआधुनिक प्रेम-५,* **मधुपर्क**, वर्ष ४२, पूर्णाङ्क ४८३, २०६६ ।

*उत्तरआधुनिक प्रेम-६,* **समष्टि** ( वर्ष ३०, पूर्णाङ्क ७१, २०६६ ।

*उत्तरआधुनिक प्रेम-७,* **नवप्रज्ञापन**, वर्ष ४५, २०६६ ।

*उत्तरआधुनिक प्रेम-८,* **जनमत**, वर्ष २६ पूर्णाङ्क १४९, २०६६ ।

*उत्तरआधुनिक प्रेम-९,* **नवप्रज्ञापन** (पूर्णाङ्क ५०, २०६७ ।

*उत्तरआधुनिक प्रेम-१०,* **तन्नेरी**, वर्ष ३२, अङ्क १, २०६७ ।[७६]

### २.१३.१० प्रकाशित फुटकर निबन्धहरू

लक्ष्मणप्रसाद गौतमले सानैबाट निबन्ध लेखनको प्रयास गरेको देखिन्छ । १९८३तिर भारतमै अध्ययनरत रहदा उनले संस्कृत भाषामा *नशास्त्र वेदतः परम्* शीर्षकमा निबन्ध लेखेर प्रकाशित गरेको पाइन्छ ।[७७] सानैबाट निबन्ध लेखनको प्रयास गरे तापनि उनका हालसम्म पनि पुस्तकाकार निबन्धात्मक कृति भने प्रकाशित छैनन् । समालोचना तिरको विशेष झुकावले नै हाल उनले निबन्धात्मक कृति प्रकाशनमा चासो देखाएका छैनन्। तथापि उनका बाह्रवटा फुटकर निबन्धहरूको सूची प्रस्तुत गर्नु यहाँ सान्दर्भिक देखिन्छ । गौतमका फुटकर निबन्धहरू यस प्रकार छन् :

---

७६. ऐजन ।
७७. ऐजन ।

*नशास्त्र वेदतः परम्,* **परिजातम्** (फेब्रुअरी ५ सन् १९८३) भारत ।

*देवकोटाले नेपाली ताजमहलमाथि किन कविता लेखेनन्,* **वागीश्वरी**, वर्ष १३ अङ्क ९, २०५८ ।

*भर्खरको ठिटोले कस्तो कार्यपत्र लेखेको होला र ?* **नरेन्द्र चापागाई स्मृतिग्रन्थ** (सम्पादन) दधिराज सुवेदी (२०६२) ।

*साहित्यिक पत्रकारिता र यसका चुनौती,* **हाम्रो पुरुषार्थ,** वर्ष ३२ अङ्क ५०, २०६३ ।

*परमानन्दका पुत्ला र चौध घण्टे यात्रा पीडाको सगरमाथा,* **प्रेमप्रकाश मल्ल** (सम्पादन), सृजन लम्साल, २०६५ ।

*हैप्पी बर्थ डे टु यु,* **अभिव्यक्ति**, वर्ष ४०, पूर्णाङ्क १४४, २०६६ ।

*पी.एच.डी.को कुइनेटो,* **शिवपुरी सन्देश**, वर्ष १५ अङ्क ४५, २०६६ ।

*म कसरी बञ्चित भएँ प्रेमको अनुभुतिबाट,* **शब्दसिन्धु**, वर्ष २, अङ्क ५, २०६७ ।

*शिक्षा, भाषा र साहित्य, सङ्ग्रहालयको एउटै आस्थाबिम्ब,* **राष्ट्रभाषा,** पूर्णाङ्क १२२, अङ्क ७५, २०६९ ।

*नेपाली हृदयका कवि र मेरा गुरु दैवज्ञ, प्रेरणा पुरुष कवि दैवज्ञ* (सम्पादन) केदार न्यौपाने, २०६९ ।

*भानुभक्त मिथक पात्र र शब्दक्रीडा,* **वागीश्वरी**, वर्ष २४, अङ्क २१, २०७० ।

*साहित्यमा सत्यम्, शिवम्, सुन्दरम्,* **गोरखापत्र,** वैशाख २४, २०७१ ।[७८]

निष्कर्षतः लक्ष्मणप्रसाद गौतमका समालोचनात्मक कृतिहरू पुस्तकाकार रूपमा प्रकाशित भए पनि कथा, कविता र निबन्धहरू भने फुटकर रूपमा मात्रै प्रकाशित भएको पाइन्छ ।

---

७८. ऐजन ।

## ३.१४ निष्कर्ष

कुनै पनि व्यक्तिको जन्मदेखि मृत्युसम्म जीवनयात्रामा घटित घटनाहरूको शृङ्खलित रूप नै जीवनी हो । जीवनको यात्रा सबैका लागि एकनासले अघि बढ्दैन । कसैको जीवन भावी पुस्ताका लागि अनुकरणीय बन्छ भने कसैको जीवन स्वयं सहानुभुतिको पात्र बन्छ । भावी पुस्ताका लागि र समकालीन पुस्ताहरूका लागि पनि प्रेरणाको स्रोत बनेका लक्ष्मणप्रसाद गौतमको जन्मदेखि हालसम्मको सम्पूर्ण पक्षलाई यहाँ अति संक्षेपमा निष्कर्षात्मक रूपमा प्रस्तुत गरिएको छ ।

वि.सं. २०२० सालमा बागलुङ गलकोट अन्तर्गत गल्याङमा जन्मिएका गौतमको आफू सात वर्षको हुँदा उपनयन भएको पाइन्छ । शिक्षा दीक्षाको क्रममा २०६६ सालमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि गरिसकेका उनी हाल पनि नेपाली समालोचनाको साधनामा तल्लीन छन् । २०४१ सालमा सीता पौडेलसँग विवाह बन्धनमा बाँधिएका गौतमको सन्तानका रूपमा एक छोरा र दुई छोरी छन् । अतिसम्पन्न परिवारमा जन्मिएर निम्नमध्यम वर्गमा परिणत भएका गौतमको आफ्नै मेहेनतका कारण हाल आर्थिक अवस्था पुनः सुदृढ देखिन्छ । पेसाको हकमा सुरुवातदेखि नै शिक्षण पेसा अँगालेका गौतम हालसम्म पनि त्रिभुवन विश्वविद्यालय केन्द्रीय नेपाली विभाग कीर्तिपुरमा अध्यापनरत छन् । विभिन्न संघ संस्थामा रहेर साहित्यको उत्थानमा लागेका गौतमका झन्डै दुई दर्जन समालोचनात्मक र सम्पादकीय कृति प्रकाशित छन् । उनी साहित्यलाई सँधै प्रेम गर्ने स्रष्टा हुन् भने एक असल गुरु र शिक्षक पनि हुन् । उनी सँधै आफूले पढाएका छात्रछात्राहरूको प्रगति देख्न चाहने सहयोगी स्वभावका धनी व्यक्तित्त्व हुन् ।

यसरी विभिन्न साहित्यिक, शैक्षिक, प्रशासनिक ओहोदामा संलग्न रहँदै आएका लक्ष्मणप्रसाद गौतम विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय पुरस्कार तथा सम्मानले विभूषित छन् र अद्यापि नेपाली समालोचनामा कलम चलाइरहेका छन् ।

परिच्छेद -तीन

# समालोचक लक्ष्मणप्रसाद गौतमको व्यक्तित्त्वको अध्ययन

## ३.१ पृष्ठभूमि

कुनै व्यक्तिको वैयक्तिक विशेषता देखाउने गुण व्यक्ति विशेषको निजीपन, व्यक्तिले अरुलाई प्रभावित पार्ने व्यक्ति विशेषमा निहित विशेषता[७९] लाई व्यक्तित्त्व भनिन्छ । कुनै पनि व्यक्तिको प्रथम परिचयात्मक आधारस्तम्भ नै उसद्वारा प्रदर्शित व्यक्तित्त्व हो । यसैबाट व्यक्तिलाई अध्ययन गर्न सकिन्छ र उसका व्यक्तित्त्वका विविध पक्षहरूको अध्ययन गरेर निष्कर्ष निकाल्न सकिन्छ, व्यक्तिमा निहित अन्तर्बाह्य वृत्तिलाई चिरफार गर्न सकिन्छ ।

मानिस एक सामाजिक प्राणी भएकाले समाजबाटै उसले आफ्नो पहिचान प्राप्त गर्दछ । व्यक्तित्त्व निर्माण गर्दछ । सामाजिक जीवनयापनका क्रममा मान्छे विभिन्न क्षेत्रसँग सम्बन्धित हुन पुग्दछ । सामाजिक सांस्कृतिक, शैक्षिक, राजनीतिक, साहित्यिक आदि यस्ता क्षेत्र छन्, जहाँ मान्छे एकै ठाउँ र एकभन्दा बढी ठाउँमा संलग्न हुन पुग्छ । मान्छेले गर्ने विभिन्न क्रियाकलाप र व्यवहारले, गुण र अवगुणले उसको आन्तरिक व्यक्तित्त्व निर्माण गर्दछ भने बाह्य व्यक्तित्त्व प्राकृतिक उपहार हुन्छ । आन्तरिक व्यक्तित्त्व मानव स्वयंले निर्माण गर्छ तर बाह्य व्यक्तित्त्व प्रायः शारीरिक र मुहारको बनावटसँग सम्बन्धित हुन्छ । समग्रमा बाहिरबाट झ्वाट्ट हेर्दा देखिने भौतिक संरचनाले बाह्य व्यक्तित्त्व निर्माण गर्दछ भने, व्यक्तिमा निहित दक्षता, अभिरुचि, अनुराग, साधना, इच्छा, प्रतिभा, बौद्धिकता, इमान्दारिता र लगनशीलताले मान्छेको आन्तरिक व्यक्तित्त्व निर्माण गर्दछ । आन्तरिक व्यक्तित्त्वले नै मानवलाई सामाजिक, नैतिक र चरित्रवान् भएर अगाडि बढ्न मद्दत पुऱ्याउँछ । यिनै विभिन्न पक्षहरूको आधार अनुशरण गर्दै नेपाली समालोचनाका स्थापित स्रष्टा लक्ष्मणप्रसाद गौतमको आन्तरिक र बाह्य व्यक्तित्त्वको यहाँ अध्ययन गरिन्छ ।

---

७९. **बालकृष्ण पोखरेल** (निर्देशक), पूर्ववत् पृष्ठ ११७५ ।

## ३.२ बाह्य/शारीरिक व्यक्तित्त्व

कुनै पनि व्यक्तिको भौतिक संरचना नै उसको बाह्य व्यक्तित्त्व हो । झट्ट हेर्दा देखिने उसको शारीरिक संरचना, अनुहारको बनोट आदि विभिन्न पक्षहरूले उसको भौतिक वा बाह्य व्यक्तित्त्वको परिचय दिन्छन् । लक्ष्मणप्रसाद गौतमको बाह्य व्यक्तित्त्वलाई हेर्दा गहुँगोरो वर्ण, उज्यालो तथा बाटुलो अनुहार, ठूलो एवम् पुष्ट निधार, सुहाउँदो उचाई, ठिक्कको न ज्यादा मोटो न पातलो शरीर, सुहाउँदिलो नाक, सँधै चश्माभित्र देखिने गहिरा तर गम्भीर आँखा, सँधै कपडाको पाइन्ट र सर्ट लगाउन मन पराउने र सामान्य जीवन जीउन रुचाउने उनका बाह्य व्यक्तित्त्वका पक्षहरू हुन् ।[८०] मसिनो तर मीठो बोली बोल्ने गौतम एक पटक भेटेको व्यक्तिलाई सँधै चिन्ने व्यक्तित्त्व हुन् ।

## ३.३ आन्तरिक व्यक्तित्त्व

समाजले नै व्यक्तिको व्यक्तित्त्व निर्माण हुने भएकाले समाजमा भोगेका, सुनेका, देखेका र अनुभव गरेका क्रिया-प्रतिक्रियाबाट जुन अन्तर्बोध व्यक्तिमा जाग्दछ त्यसकै सेरोफेरोमा उसको आन्तरिक व्यक्तित्त्व बन्दछ ।[८१] समालोचक लक्ष्मणप्रसाद गौतमको समग्र व्यक्तित्त्वलाई हेर्दा यो व्यक्तित्त्व अन्य क्षेत्रमा भन्दा शैक्षिक र समालोचना क्षेत्रकै सेरोफेरोमा मौलाएको देखिन्छ । उनले विशेष गरी समालोचना क्षेत्रमा कलम चलाए पनि अन्य सम्पूर्ण साहित्यिक विधाहरूमा उनको कलम चलेकै पाइन्छ । साहित्यिक विधाहरूमा पनि कविता कथा र निबन्धहरू प्रकाशित गरेका गौतमका आन्तरिक व्यक्तित्त्वका विभिन्न पाटाहरूको यहाँ अध्ययन गरिन्छ ।

## ३.४ व्यक्तित्त्वका विभिन्न पाटाहरू

एउटै व्यक्तिले सामाजिक जीवन जीउने क्रममा धेरै जिम्मेवारी बहन गर्नुपर्ने हुन्छ, धेरैवटा काममा हात हाल्नुपर्ने हुन्छ । एउटै व्यक्ति घरमा हुँदा कसैको बाबु हुन्छ, कसैको छोरो हुन्छ तर कार्यलय पुग्दा उसको भूमिका साटिन्छ । यसैगरी नै व्यक्तिका व्यक्तित्त्वका

---

८०. **शोधकर्ता**ले शोधनायकलाई भेट्दा अनुभव गरेको उनको बाह्य व्यक्तित्त्वको मूल्याङ्कनमा आधारित ।
८१. बालकृष्ण पोखरेल (निर्देशक), पूर्ववत्, पृष्ठ ११७५ ।

विभिन्न पाटाहरू निर्माण हुन्छन् । व्यक्तिले आफ्नो जीवन बाँच्ने क्रममा निभाएका भूमिका र जिम्मेवारीले उसको व्यक्तित्त्व निर्माण गर्छ । लक्ष्मणप्रसाद गौतम पनि यही समाजमा स्थापित व्यक्तित्त्व हुन् । उनले विभिन्न समयमा विभिन्न क्षेत्रमा विभिन्न भूमिकामा रहेर कार्य सम्पादन गरेका छन् । उनमा विकसित व्यक्तित्त्वका विभिन्न पाटाहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

### ३.४.१ साहित्यिक व्यक्तित्त्व

लक्ष्मणप्रसाद गौतममा निहित साहित्यिक गुणले र उनले नेपाली साहित्यमा दिएको योगदानले उनको साहित्यिक व्यक्तित्त्व निर्माण भएको हो । नेपाली साहित्यमा २०३६ सालदेखि कलम चलाएका गौतमलाई साहित्यमा पाइला टेकाउने विधा कविता हो ।[८२] समालोचना विधामा दक्षता हासिल गरेका गौतम २०४८ सालदेखि हालसम्म पनि समालोचना लेखनमै प्रवृत्त छन् । समालोचना नै गौतमलाई नेपाली साहित्यका क्षेत्रमा स्थापित गराउने विधा हो ।

उनको साहित्यिक व्यक्तित्त्वलाई विभिन्न भाग-उपभागमा विभाजन गरेर यहाँ अध्ययन गरिन्छ ।

#### ३.४.१.१ स्रष्टा व्यक्तित्त्व

नेपाली साहित्य सिर्जनामा वि.सं. २०४० को दशकदेखि कलम चलाउँदै आएका गौतममा बहुमुखी प्रतिभा विकसित रहेको पाइन्छ । उनमा विकसित स्रष्टा व्यक्तित्त्वलाई पनि विभिन्न उपभागमा बाँडेर यहाँ अध्ययन गरिन्छ ।

##### ३.४.१.१.१ कवि व्यक्तित्त्व

लक्ष्मणप्रसाद गौतम मूलतः समालोचक व्यक्तित्त्व भए पनि उनलाई साहित्यमा पहिलो पाइलो टेकाउने विधा कविता नै हो । त्यसैले उनमा निहित कवि व्यक्तित्त्वको

---

[८२] **शोधनायक**बाट प्राप्त जानकारी अनुसार ।

अध्ययन वाञ्छनीय देखिन्छ । वि.सं. २०३६ सालको **नयाँ पुकार** पत्रिकामा **मातृभूमि** शीर्षकको कविता प्रकाशन गरेर उनी नेपाली कविता लेखनमा प्रवेश गरेको पाइन्छ । हालसम्म गौतमका पुस्तकाकार कविता कृति प्रकाशित नभए पनि विभिन्न पत्रिकामा फुटकर रूपमा उन्नाइस वटा कविता प्रकाशित छन् । त्यसैले गौतममा कवि व्यक्तित्त्वको विकास भएको पाइन्छ ।

### ३.४.१.१.२ कथाकार व्यक्तित्त्व

लक्ष्मणप्रसाद गौतममा सबैभन्दा पछि विकसित साहित्यिक विधा हो- कथा विधा । वि.सं. २०६२ सालमा उत्तरआधुनिक प्रेम शीर्षकको कथा समकालीन साहित्यमा प्रकाशित गरेर उनी कथा लेखनमा प्रवृत्त भएको देखिन्छ । कथा लेखनका दृष्टिले गौतमको कथाकार व्यक्तित्त्वलाई हेर्दा उनले यसमा अनौठो प्रयोग गरेको देखिन्छ । एउटै कथा (उत्तरआधुनिक प्रेम) लाई दश वटा कथामा प्रकाशन गरेर वा एउटै शीर्षकमा दश वटा कथा लेखेर उनले नौलो प्रयोग गरेको छन् । कथाको शीर्षकबाटै यसले नौलो प्रयोगलाई आत्मसाथ गरेको पुष्टि हुन्छ । त्यसकारण लक्ष्मणप्रसाद गौतम समालोचक र कविका अतिरिक्त कथाकार व्यक्तित्त्वका पनि धनी रहेका छन् ।

### ३.४.१.१.३ निबन्धकार व्यक्तित्त्व

लक्ष्मणप्रसाद गौतममा विकसित स्रष्टा व्यक्तित्त्वलाई अगाडि बढाउन मद्दत पुऱ्याउने अर्को विधा निबन्ध हो । सन् १९८३, २०४०) मा भारतमा अध्ययनरत रहेका बेला संस्कृत भाषामा निबन्ध लेखनको सूत्रपात[८३] गर्ने गौतमले नेपाली भाषामा २०५८ सालमा मात्रै निबन्ध प्रकाशन गरेको देखिन्छ । आफूले देखेका भोगेका र कल्पना गरेका हरेक कुरालाई नैबन्धिक आकार दिने गौतमका जम्मा बाह्र वटा फुटकर निबन्ध प्रकाशित छन् । त्यसैले स्रष्टा लक्ष्मणप्रसाद गौतमलाई केही हदसम्म स्थापित गराउने अर्को उपविधा निबन्ध रहेको स्पष्ट छ ।

---

८३. ऐजन ।

## ३.४.१.२ द्रष्टा व्यक्तित्त्व

कुनै पनि कुराको सृष्टि कार्य जति कठिन हुन्छ त्यो सृष्टिकार्यको प्राप्ति र सीमाको लेखाजोखा अवश्यमेव सृष्टिकार्य भन्दा कठिन हुन्छ । पूर्वाग्रहविहीन भएर तटस्थ रहेर समालोचना गर्ने व्यक्तिलाई पूर्वीय साहित्य सिद्धान्तमा ब्रह्माजीको भन्दा उच्च स्थान दिइएको छ । समालोचक ब्रह्माजीले नदेखेका नजानेको पनि देख्न र जान्न सक्छ र ब्रह्माजी भन्दा सूक्ष्मदर्शी हुन्छ[८४] भनी राजशेखरले उल्लेख गरेका छन् । ब्रह्माजीले नै सृष्टि गरेको पदार्थ, व्यक्ति र वस्तुलाई नयाँ कोणबाट व्याख्या गर्ने र सूक्ष्म दृष्टिकोण राख्ने द्रष्टालाई उचित स्थान दिने कोसिस यहाँ राजशेखरको रहेको पाइन्छ । वास्तवमै कठिन कार्य गर्ने व्यक्तिको उचित मूल्याङ्कन गर्नु नै न्यायपूर्ण ठहरिन्छ । लक्ष्मणप्रसाद गौतममा स्रष्टा व्यक्तित्त्व भन्दा सयौं गुणा ज्यादा द्रष्टा व्यक्तित्त्वले विकास गरेको पाइन्छ । आज गौतमका समालोचनात्मक कृति बाह्रवटा छन् । एकल तथा सह-लेखनमा प्रकाशित गौतमका यी कृतिहरू उनको द्रष्टा व्यक्तित्त्वको परिचय दिन काफी छन् । नेपाली साहित्यमा देखिएका प्रायः सबै बिधाका समालोचनात्मक कृति प्रकाशित गरिसकेका गौतमले विशेष गरेर कविता समालोचनामा बढी समय खर्चिएको पाइन्छ । उनका यी समालोचनात्मक कृतिहरूमा गौतमले जीवनीपरक समालोचनाप्रणाली देखि दिएर प्रभावपरक सैद्धान्तिक तथा निर्णयात्मक समालोचनाप्रणालीलाई आत्मसात गरेको पाइन्छ । फुटकरदेखि लिएर पुस्तकाकार रूपमा उनका समालोचनाहरू प्रकाशित छन् । फुटकर समालोचनाहरू दुई सय सत्तरी वटा जति र अठसठ्ठी वटा भूमिकासमालोचना पनि प्रकाशित छन् । उनको द्रष्टा व्यक्तित्त्वलाई अझै माथि उठाउन उनीद्वारा प्रस्तुत कार्यपत्र र अनुसन्धान लघुअनुसन्धानले पनि महत्त्वपूर्ण स्थान ओगटेका छन् । विभिन्न समयमा प्रस्तुत भएका उनका कार्यपत्रले पनि नेपाली साहित्यका विभिन्न विधाबारे उचित मूल्याङ्कन प्रस्तुत गरेका छन् । उनले विभिन्न संस्थामा आबद्ध रहेर गरेका अनुसन्धानहरूले पनि उनमा निहित द्रष्टा व्यक्तित्त्वको विकासमा उचित सहयोग गरेका छन् ।

लक्ष्मणप्रसाद गौतमको व्यक्तित्त्वको महत्त्वपूर्ण पाटो द्रष्टा व्यक्तित्त्व हो । यस व्यक्तित्त्वको निर्माणमा समालोचनात्मक कृतिका अतिरिक्त भूमिका समालोचना, फुटकर

---

८४. **राजेन्द्र सुवेदी,** पूर्ववत् पृष्ठ १९ ।

समालोचनात्मक लेखहरू, कार्यपत्रहरू र विभिन्न अनुसन्धानले महत्त्वपूर्ण स्थान ओगटेको देखिन्छ ।

### ३.४.३ साहित्येतर व्यक्तित्त्व

लक्ष्मणप्रसाद गौतम साहित्य भन्दा इतर अन्य क्षेत्रसँग पनि सम्बन्धित छन् । त्यसैले यहाँ उनमा निहित साहित्येतर संलग्न व्यक्तित्त्वको अध्ययन गरिन्छ ।

#### ३.४.३.१ शिक्षक व्यक्तित्त्व

शिक्षक व्यक्तित्त्व लक्ष्मणप्रसाद गौतमको व्यक्तित्त्वका मूल पाटाहरूमध्ये एउटा प्रमुख पाटो हो । उनको जीवनको मुख्य पेसाका रूपमा रहेको यो व्यक्तित्त्व जीवनयापनको महत्त्वपूर्ण साधन पनि हो ।[८५] शिक्षण पेसा उनले व्यावहारिक जीवन बाँचेर आर्थिक आय उपार्जन गर्न र पेट पाल्नको लागि पहिलो पाइलो टेक्दा सम्हालेको पेसा हो । (सन् १९९०) को दशकमा भारतमै रहेको अवस्थादेखि लिएर हालसम्म पनि यो पेसाले उनलाई डोहोऱ्याइरहेको पाइन्छ । (सन् १९८१) मा भारतको देहरादुनमा नेपाली विषयशिक्षक भएदेखि लिएर चितवनका विभिन्न माध्यमिक विद्यालय, उच्च माध्यमिक विद्यालय र क्याम्पसहरू तथा हालको त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभागमा गरेको अध्यापनको विस्तृत विवरण उनको जीवनी खण्डमा प्रस्तुत गरिसकिएको छ । उनी एक सफल शिक्षक हुन्, जसको शिक्षण पेसाले हालसम्म निरन्तर उचाइ प्राप्त गर्दै गएको देखिन्छ ।

#### ३.४.३.२ प्रशासक व्यक्तित्त्व

लक्ष्मणप्रसाद गौतमले आफू शिक्षण पेसामा लागिरहँदा ती संस्थामा आइपर्ने हरेक कार्यलाई सफल रूपमा सम्पादन गरेको पाइन्छ । चितवनमा रहेका बेला उनले विभिन्न माध्यमिक विद्यालय, उच्च माध्यमिक विद्यालय, र क्याम्पसहरूमा कार्यलय प्रमुख वा

---

८५. **सीता गौतम**बाट प्राप्त जानकारी अनुसार ।

संयोजक भएर महत्त्वपूर्ण कार्य सम्पादन गरेका छन् ।[८६] त्यसैले लक्ष्मणप्रसाद गौतममा विकसित महत्त्वपूर्ण व्यक्तित्त्वमध्ये एउटा व्यक्तित्त्व प्रशासक व्यक्तित्त्व पनि रहेको पाइन्छ ।

### ३.४.३.३ सम्पादक व्यक्तित्त्व

सम्पादक व्यक्तित्त्व साहित्येतर व्यक्तित्त्व नै भए पनि लक्ष्मणप्रसाद गौतमको हकमा यो साहित्यिक व्यक्तित्त्वमै अटाउने देखिन्छ । जे भए पनि उनको सम्पादक व्यक्तित्त्वलाई साहित्येतर मै राखेर यहाँ अध्ययन गरिन्छ । लक्ष्मणप्रसाद गौतमले एक दर्जन कृतिको सफल सम्पादन गरेर आफूमा निहित सम्पादकीय क्षमताको परिचय पनि दिएकै छन् । एकल सम्पादनका साथै केही सह-सम्पादनमा प्रकाशित कृतिहरू आफैमा उत्कृष्ट छन् । गौतमले सम्पादन गरेका यी कृतिहरू समयानुकूल र लोकप्रिय भएका कारण सफल छन् । गौतमले पुस्तकाकार कृतिका आतिरिक्त विभिन्न साहित्यिक पत्रिकाहरूको पनि सम्पादन गरेका छन् । तसर्थ उनमा निहित सम्पादक व्यक्तित्त्वलाई एक सफल व्यक्तित्त्वका रूपमा हेर्न सकिन्छ ।

### ३.४.३.४ सामाजिक व्यक्तित्त्व/ संस्थागत व्यक्तित्त्व

लक्ष्मणप्रसाद गौतम यही समाजको एउटा हिस्सा भएकाले यो समाजमा आवश्यक पर्ने जुनसुकै समस्याको समाधानमा संलग्न देखिन्छन् । त्यसमा पनि साहित्यिक संस्थासँग उनी ज्यादा झुकाव राख्छन् । शैक्षिक क्षेत्रमा धेरै समय खर्चिएका गौतमले समय बिताउने वा सेवा गर्ने अर्को स्थान साहित्यिक संस्था नै हो । लक्ष्मणप्रसाद गौतमले दिएको साहित्यिक योगदान र शैक्षिक योगदानले उनमा निहित सामाजिक व्यक्तित्त्वलाई उजागर गरेको छ । नेपालका विभिन्न शैक्षिक संस्थामा संलग्न गौतम विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय साहित्यिक संस्थामा संलग्न भएका कारण उनमा निहित सामाजिक व्यक्तित्त्वले विकसित हुने अवसर पाएको देखिन्छ ।[८७]

---

८६. **शोधनायक**बाट प्राप्त जानकारी अनुसार ।

[८७] शोधनायककी पत्नी **सीता गौतम** पूर्ववत ।

### ३.४.३.५ अन्तर्वार्ताकार व्यक्तित्व

लक्ष्मणप्रसाद गौतममा निहित एउटा व्यक्तित्त्व अन्तर्वार्ताकार व्यक्तित्त्व पनि हो । लक्ष्मणप्रसाद गौतमले हालसम्मको आफ्नो अनुसन्धानात्मक जीवनमा परशु प्रधान, विष्णुविभू घिमिरे, अभि सुवेदी र सनत रेग्मीको अन्तर्वार्ता प्रकासित गरिसकेका छन् ।

### ३.४.३.६ अन्तर्वार्तानायक व्यक्तित्व

लक्ष्मणप्रसाद गौतम अन्तर्वार्ताकारमात्र नभएर अन्तर्वार्तानायक व्यक्तित्त्व पनि हुन् । हालसम्म उलका पन्ध्र वटा अन्तर्वार्ताहरू विभिन्न पत्र-पत्रिकामा प्रकासित भइसकेका छन् । उनले यी अन्तर्वार्ताहरूमा साहित्य र समालोचना संग सम्बन्धित आफ्ना महत्त्वपूर्ण धारणाहरू व्यक्त गरेका छन् ।

### ३.४.४ निष्कर्ष

लक्ष्मणप्रसाद गौतम नेपाली साहित्यका विविध विधामा कलम चलाउने साहित्यकार भएकाले उनलाई नेपाली साहित्यका बहुमुखी प्रतिभा सम्पन्न व्यक्तित्त्वका रूपमा लिन सकिन्छ । कथा, कविता, निबन्ध विधामा हात हालेका गौतमको समालोचना विधा नै बढी फस्टाएका कारण उनको समालोचक व्यक्तित्त्व प्रभावशाली देखिन्छ । २०४८ सालदेखि निरन्तर समालोचना लेखनमा प्रवृत्त हुनु पनि यसकै प्रमाण हो । शिक्षण पेसालाई नै मूलभूत आयस्रोतको माध्यम मान्न सकिने गौतममा निहित व्यक्तित्त्वको महत्त्वपूर्ण पाटो शिक्षक व्यक्तित्त्व रहेको मान्न सकिने आधारहरू अगाडि (३.४.३.१मा) चर्चा गरिएकै छ । समग्रमा लक्ष्मणप्रसाद गौतममा निहित विभिन्न प्रतिभाले विभिन्न व्यक्तित्त्वको निर्माण गरेका छन् ।

# परिच्छेद : चार

# समालोचक लक्ष्मणप्रसाद गौतमको साहित्ययात्रा र चरण विभाजन

## ४.१ विषय प्रवेश

नेपाली साहित्यको विकासमा योगदान पुऱ्याउने विभिन्न स्रष्टाहरू छन् । ती स्रष्टाहरूले आफ्नो क्षेत्रबाट पुऱ्याएको योगदान महत्त्वपूर्ण छ । कविताबाट सुरु भएको नेपाली साहित्यले आज लगभग दुई सय पचास वर्ष पुरा गरिसक्दा धेरै परिवर्तनलाई आत्मसात् गरिसकेको छ । १९४८ बाट सुरु भएको नेपाली समालोचनामा पनि विविध धारहरू स्थापित भइसकेका छन् । लक्ष्मणप्रसाद गौतम पनि नेपाली समालोचनाको विकासमा योगदान पुऱ्याउने स्रष्टा हुन् । साहित्यलाई आत्मप्रकटीकरणको महत्त्वपूर्ण साधन मान्ने गौतम समालोचक पूर्वाग्रह विहीन, तटस्थ र निष्पक्ष हुनपर्ने कुरामा जोड दिन्छन् । सानैबाट एकान्तप्रेमी हुनुको पारिणाम र भोगेका विविध सङ्कष्टहरूले गर्दा साहित्य लेखनमा प्रवृत्त हुन पुगेको मान्यता राख्ने गौतम कविता लेखनबाटै साहित्यमा प्रवेश गरेका हुन् । त्यसैले उनलाई साहित्य लेखनमा प्रेरणा प्रदान गर्ने प्रेरक स्व नै रहेको स्पष्ट छ । ईश्वर बरालसँगको सान्निध्यले उनलाई समालोचनातिर झुकाव राख्न प्रेरित गरेको देखिन्छ । दिल्ली विश्वविद्यालयका प्राध्यापक रहेका बेला ईश्वर बरालले उनलाई प्रेरणा प्रदान गरेकै कारण गौतम आज यो स्थानमा पुगेको जानकारी प्राप्त गर्न सकिन्छ ।[८८] वि.सं. २०३६ सालमा **नयाँ पुकार** पत्रिकामा प्रकाशित *मातृभूमि* शीर्षकको कविताले नै उनलाई साहित्यमा प्रवेश गराएको गौतमको धारणा छ । वि.सं. २०४८ सालमा प्रकाशित *विश्वेश्वरप्रसाद कोइरालाको सुम्निमा : एक समीक्षा*ले उनलाई समालोचनातर्फ मोडिदिएको र त्यहीँबाट उनी समालोचना लेखनमा प्रवृत्त भएको देखिन्छ ।[८९] वि.सं. २०३६ सालबाट सुरु भएको लक्ष्मणप्रसाद गौतमको साहित्ययात्रामा लगभग दुई दर्जन कृतिहरू र दुई सय सत्तरी जति

---

८८. **शोधनायक**बाट प्राप्त जानकारी अनुसार ।

८९. ऐजन ।

फुटकर रचनाहरू प्रकाशित छन् । उनको साहित्ययात्रालाई समेटेर यहाँ उनका साहित्यिक चरणहरूको विभाजन यसरी गरिएको छ :

क) पृष्ठभूमि चरण - वि.सं. २०३६-२०५१

ख) प्रथम चरण - वि.सं. २०५२-२०५९

ग) द्वितीय चरण - वि.सं. २०६०-२०६५

घ) तृतीय चरण - वि.सं. २०६६ देखि हालसम्म ।

## ४.२ पृष्ठभूमि (२०३६-२०५१)

लक्ष्मणप्रसाद गौतमको साहित्यियात्राको झण्डै सोह्र वर्ष ओगटेको पृष्ठभूमि चरणले उनलाई साहित्यमा स्थापित गराउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । सानैदेखि बेहोरेको दुःख, कष्ट र बसाइसराई पारिवारिक प्रवृत्तिले उनलाई एकान्त प्रेमी बनाएको पाइन्छ । लक्ष्मणप्रसाद गौतमको परिवेशले नै उनलाई साहित्यतर्फ झुकाउन प्रेरक भूमिका खेलेको थियो । २०३६ सालबाट नयाँ पुकार पत्रिका मार्फत मातृभूमि शीर्षकको कविता लेखेर उनले आफूमा साहित्यिक पृष्ठभूमि निर्माण गरेको देखिन्छ । मातृभूमि कविता नै उनको पहिलो साहित्यिक रचना हो । भारतमा अध्ययनरत रहेका बेला लेखेका संस्कृत भाषाका निबन्धहरू र संस्कृत कविताहरूले पनि उनको साहित्यिक पृष्ठभूमि निर्माणमा महत्त्वपूर्ण स्थान ओगटेका छन् । उनको साहित्यिक पृष्ठभूमि चरणमा लेखिएका धेरै रचनाहरू हराएको[९०] जानकारी पाइए तापनि केही प्रकाशित प्रतिनिधि रचनाहरू यसप्रकार रहेका छन् :-

क) *मातृभूमि* फुटकर कविता (२०३६)

ख) *देववाणी संस्कृतम्* कविता (सन् १९८३ भारत), २०४०

ग) *हिमाली गुराँस* कविता (२०४० भारत)

घ) *न शास्त्रं वेदतः परम परिजातम्* (निबन्ध, १९८३, भारत)

ङ) *विश्वेश्वरप्रसाद कोइरालाको सुम्निमा : एक समिक्षा,* फुटकर समालोचना ( २०४८)

च) *तीन टुक्रा,* कविता २०५१)

---

९०. ऐजन ।

लक्ष्मणप्रसाद गौतमको पृष्ठभूमि चरणले लामो समय लिएको पाइए तापनि पुस्तकाकार कृति दिएको पाइँदैन । विद्यार्थीकालमा लेखेका विविध फुटकर रचनाहरू नै यो समयका उनका रचनाहरू हुन् । विद्यार्थी जीवन र अध्ययनलाई नै प्राथमिकता दिएका कारण यस चरणको साहित्यिक प्राप्ति कमजोर र सुरुवाती अवस्थामै रहेको देखिन्छ । त्यसैले यो चरणलाई पृष्ठभूमिका रूपमा व्याख्या गरिएको हो ।

### ४.२.१ पृष्ठभूमि चरणका प्रवृत्तिहरू

लक्ष्मणप्रसाद गौतमका यस समयमा प्रकाशित कृतिहरू फुटकर रूपमा रहेका र ती हाल प्राप्त नभएकाले उनको यस चरणका प्रवृत्तिबारे निष्कर्ष दिन सकिने अवस्था छैन । त्यसैले नै उनको यो चरणलाई पृष्ठभूमि चरणका रूपमा विश्लेषण गरिएको हो ।

## ४.३ प्रथम चरण, वि.सं. २०५२- वि.सं. २०५९)

लक्ष्मणप्रसाद गौतमलाई फुटकर कृतिबाट माथि उठाएर पुस्तकाकार कृति दिने चरणका रूपमा प्रथम चरण नै रहेको पाइन्छ । वि.सं. २०४८ सालको सुम्निमा एक समिक्षाले उनलाई समालोचनामा प्रवृत्त गरायो । वि.सं. २०४८ देखि वि.सं. २०५२ सम्म उनी कृति प्रकाशनमा हतार नगरी अध्यापन पेसाका साथै लेखन अभ्यासमा रहेको जानकारी पाइन्छ । उनलाई पुस्तकाकार रूपमा प्रथम चरणका लक्ष्मणप्रसाद गौतम भनेर चिनाउने कृति **नन्दनको काव्यिक परिवेश** (२०५२) हो । यसमा गौतमले प्रेमविनोद नन्दनको जीवनी, व्यक्तित्त्व र कृतित्त्वमा आधारित रहेर नन्दनको साहित्ययात्राका साथै चरणगत प्रवृत्तिको मूल्याङ्कन गरेका छन् । वि.सं. २०५२ सालमै प्रकाशित लक्ष्मणप्रसाद गौतमको अर्को कृति चितवनको साहित्य सर्वेक्षण र विश्लेषण (२०५२) ले उनलाई खोज अनुसन्धानात्मक समालोचनाको लेखनमा अझ प्रौढता प्रदान गर्‍यो । यस कृतिमा उनले वि.सं. २०१६ देखि वि.सं. २०५२ सम्म चितवनमा देखिएका साहित्यकार र उनीहरूका कृतिहरूलाई पनि चिनाउने महत्त्वपूर्ण कार्य गरेको भेटिन्छ ।[९१] वि.सं. २०५७ सालमा प्रकाशित **सान्दर्भिक**

---

९१. **गोवर्द्धन पूजा** पूर्ववत् पृष्ठ ५ ।

**समालोचना**लाई फुटकर समालोचनाको सङ्ग्रह मान्न सकिन्छ । यस कृतिमा गौतमले फुटकर समालोचनाका रूपमा विभिन्न विधाका विविध विषयवस्तुलाई समेटेका छन् ।

**नन्दनको काव्यिक परिवेश**बाट **सान्दर्भिक समालोचना**सम्म आइपुग्दा उत्तरोत्तर विकसित लक्ष्मणप्रसाद गौतमको साहित्यसमालोचना यात्राले उनको सम्पादकीय क्षमतालाई पनि विकसितता प्रदान गरेको छ । लक्ष्मणप्रसाद गौतमले २०५७ सालमा सम्पादन गरेको **शब्दहरू अविराम यात्रामा** (२०५७) संयुक्त कवितासङ्ग्रहले पनि उनको समालोचकीय धारको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको मानिन्छ । त्यसैगरी त्रिभुवन विश्वविद्यालय अनुदान आयोग सम्बद्ध रहेर पुरा गरेको **चालीसको दशकका नेपाली गद्यकवितामा बिम्बबिधान** त्रिभुवन विश्वविद्यालय (२०५५), **पचासको दशकका नेपाली कवितामा बिम्बबिधान** त्रिभुवन विश्वविद्यालय (२०५६), **विज्ञान शब्दकोष** (२०५९/६०), लघु अनुसन्धान परियोजनाहरूले पनि उनमा निहित खोजमुलक समालोचना लेखनको क्षमतालाई प्रस्तुत गरेका छन् । त्यसैगरी उनका **तीन हाइकु,** कविता (२०५२), **देवकोटाले नेपाली ताजमहलमाथि किन कविता लेखेनन्,** निबन्ध, २०५८), फुटकर सृजनाहरू प्राप्त छन् । विभिन्न पत्रिकामा प्रकाशित पहिलो चरणमा समावेश गर्न सकिने फुटकर लेख रचनाहरूको सूची पनि प्राप्य छ तथापि यहाँ ती सम्पूर्णको समावेशन सम्भव छैन । त्यसैकारण गौतमको समालोचकीय यात्राको प्रथम चरणमा उल्लेख गर्न सकिने कृतिहरू माथि उल्लिखित नै रहेका छन् र यिनले गौतमको समालोचना यात्राको प्रथम चरणलाई पूर्णता प्रदान गरेका छन् ।

निष्कर्षतः तीन वटा समालोचनात्मक कृति एउटा सम्पादकीय रचना र विभिन्न अनुसन्धान परियोजनामा पूर्णता प्रदान गरिएका कार्यहरू गौतमको प्रथम चरणका प्राप्ति र उपलब्धि हुन् । समालोचकीय कलाका दृष्टिले र साहित्य सृजनाका दृष्टिले यस चरणका कृतिहरू सफल देखिन्छन् ।

### ४.३.१ प्रथम चरणका प्रवृत्तिहरू

वि.सं. २०५२ सालको नन्दनको काव्यिक परिवेशबाट सुत्रपात भएको लक्ष्मणप्रसाद गौतमको साहित्य यात्राको यस चरणले उनमा निहित प्रवृत्तिलाई पनि स्पष्ट रूपमा छुट्याएको छ । सर्वप्रथम जीवनीपरक समालोचनाप्रणालीबाट समालोचना लेखनको सूत्रपात

गर्दै प्रभावपरक एवम् अन्वेषणात्मक समालोचना पद्धतिको प्रयोग नन्दनको काव्यिक परिवेश कृतिमा रहको लक्ष्मणप्रसाद गौतमको पहिलो प्रवृत्ति हो । त्यसै गरी तटस्थता सूक्ष्म अध्ययनशीलता, निर्णयात्मक क्षमता र परिष्कृत भाषाशैली यस कृतिमा देखिएका गौतमका समालोचनात्मक प्रवृत्ति हुन् । त्यसै गरी **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**मा पनि अन्वेषणात्मक समालोचना पद्धतिलाई अवलम्बन गर्दै सृजनात्मकता अध्ययनशीलता र सूक्ष्म निरीक्षण क्षमता, अन्तर्दृष्टि एवम् स्पष्ट विचारको प्रक्षेपण गौतमले देखाएका समालोचकीय कौशल हुन । उनको **सान्दर्भिक समालोचना**ले समेटेको अनुसान्धनात्मक, विश्लेषणात्मक एवम् प्रभावपरक समालोचना पद्धतिको अवलम्बनलाई नै प्रमुखता दिएको छ । त्यस अर्थमा प्राथमिक चरणका लक्ष्मणप्रसाद गौतममा अन्वेषणात्मकता, विश्लेषणात्मकता, सूक्ष्म अध्ययनशीलता, अन्तर्दृष्टियुक्त निरीक्षण शक्ति सूत्रात्मकता र निर्णयात्मक क्षमता जस्ता प्रवृत्ति रहेको स्पष्ट छ । उनका कथा, कविता र निबन्धहरूले पनि समसामयिक विषयवस्तुको उठानमा जोड दिएका कारण गौतमलाई वर्तमानमा क्रियाशिल लेखक भनेर यो चरणले चिनाएको छ ।

## ४.४ द्वितीय चरण (वि.सं. २०६०- वि.सं. २०६५)

लक्ष्मणप्रसाद गौतमको पहिलो चरणलाई दोस्रो चरणमा प्रवेश गराउने महत्त्वपूर्ण कृतिका रूपमा **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण** (२०६०) रहेको छ । प्रथम चरणमा रहेको उनको समालोचकीय क्षमताले विस्तृतता र तटस्थताको अनुशरण गर्दै उत्तरोत्तर प्रगतितर्फ उन्मुखता देखाएको पाइन्छ । समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषणले बिम्ब र प्रतीक बारेको भिन्नता, पूर्वीय र पाश्चात्य बिम्बका अवधारणा, बिम्ब र अलङ्कारका बीचमा देखिने साम्य वैषम्यलाई विश्लेषणात्मक रूपमा प्रस्तुत गरेको छ । नेपाली साहित्यको कविता विधामा देखिएका अन्य कृतिहरूकै उत्कृष्टताको दाँजोमा दाँज्न मिल्ने प्रस्तुत कृतिलाई गौतमको प्रथम चरण र दोस्रो चरण छुट्याउने सेतु मानिन्छ । पूर्वीय अलङ्कार र पाश्चात्य बिम्बलाई जोड्ने महत्त्वपूर्ण कार्य पनि यसले गरेको छ । त्यसैले गोविन्दराज भट्टराईले यो ग्रन्थलाई नेपाली साहित्यको इतिहासमा नै नौलो आविष्कार मानेका

छन् ।[९२] दोस्रो चरणमै प्रकाशित लक्ष्मणप्रसाद गौतम र हरिहर पौडेलको कृति **विज्ञान शब्दकोष**ले प्राविधिक शब्दहरूको खोजीकार्य गरेको छ । नोबेल पुरस्कार विजेता साहित्यकार (२०६२) पनि लक्ष्मणप्रसाद गौतम, खुमनारायण पौडेल र हरिहर पौडेलको संयुक्त लेखनमा प्रकाशित कृति हो । यसमा विश्वमा (सन् १९०१-२००७)सम्मका नोबेल पुरस्कार प्राप्त गर्ने साहित्यकारहरूको संक्षिप्त परिचय र प्रवृत्तिबारे चर्चा गरिएको छ । वि.सं. २०६६ मा प्रकाशित लक्ष्मणप्रसाद गौतमको **नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना** नामक कृतिले नेपाली साहित्यमा देखिएको उत्तरआधुनिकताको प्राप्ति र सीमाबारे उचित मूल्याङ्कन प्रस्तुत गर्दै व्याख्या विश्लेषण पनि गरेको छ । यो कृतिले लक्ष्मणप्रसाद गौतमको समालोचकीय धारलाई उत्तरोत्तर विकसित गर्दै तेस्रो चरणको पृष्ठभूमि निर्माणमा महत्त्वपूर्ण कार्य गरेको छ । यस चरणमा पनि उनको सम्पादकीय कार्यले निरन्तरता पाएको छ । ( वि.सं. २०६०) सालमै गौतमद्वारा सम्पादित **आख्यान पुरुष ध्रुवचन्द गौतम अभिनन्दन ग्रन्थ** (वि.सं. २०६०)ले उनको सम्पादकीय क्षमताको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । त्यसैगरी **नेपाली यौनकथा भाग-२** (२०६१), **समकालीन नेपाली द्वन्द्वकथा** (२०६३), **अन्तर-संवाद** (२०६५), **सनत रेग्मी संवादसन्दर्भ** (२०६६) उनले सम्पादन गरेका महत्त्वपूर्ण कृतिहरू हुन् । त्यसैगरी उनका विभिन्न पत्रिकामा प्रकाशित फुटकर निबन्धहरू, कथाहरू र कविताहरूले उनको सृजनात्मक लेखनलाई उत्तरोत्तर प्रगति पथमा लम्काएको पाइन्छ ।

निष्कर्षतः यस चरणका लक्ष्मणप्रसाद गौतमको लेखनले सैद्धान्तिक तथा प्रायोगिक दुबै समालोचकीय धारबाट अगाडि बढ्ने जमर्को गरेको देखिन्छ । यस चरणमा नै गौतमले कृति सम्पादन तर्फको रूचीलाई अझ फस्टाउने मौका प्रदान गरेका छन् ।

## ४.४.१ द्वितीय चरणका प्रवृत्तिहरू

लक्ष्मणप्रसाद गौतमलाई प्रथम चरणबाट दोस्रो चरणमा प्रवेश गराउने समालोचनात्मक कृतिका रूपमा **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण** (२०६०) रहेको छ । पहिलो चरणमा भन्दा यस चरणमा गौतमको समालोचकीय धारले उत्तरोत्तर प्रगति गर्दै गएको देखिन्छ । पहिलो चरणको समालोचकीय प्रवृत्तिका अतिरिक्त गौतमलाई यस

---

९२. **डुन्डिराज पौडेल** पूर्ववत पृष्ठ १३३ ।

चरणमा सैद्धान्तिक एवम् प्रायोगिक दुवै समालोचकका रूपमा देख्न सकिन्छ । समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषणले गरेको बिम्बको विस्तृत अध्ययनले र त्यसको पूर्वीय सापेक्षतामा गरिएको व्याख्याले यस चरणका लक्ष्मणप्रसाद गौतमको एउटा अर्को प्रवृत्ति थपेको छ, त्यो प्रवृत्ति हो - पूर्वीय र पाश्चात्यका सेतु । उनका हरेक कृतिमा पाइने पूर्वीय र पाश्चात्यको सेतुमय व्याख्याले उनीलाई यो प्रवृत्तिको लेखकका रूपमा स्पष्टताका साथ उभ्याएको छ । पाश्चात्य साहित्यका सिद्धान्तलाई पूर्वीय सापेक्षतामा ढाल्दै बिम्बलाई पूर्वीय अलङ्कारसँग जोडेर व्याख्या गर्नुमा होस् या उत्तरआधुनिक सन्दर्भलाई पूर्वीय वाङ्मयमा लगेर जोड्ने कार्यमा होस् उनी विख्यात मानिन्छन् । त्यसैले यसलाई पनि उनको एउटा प्रवृत्ति नै मान्न सकिन्छ । यस चरणमै उनको **विज्ञान शब्दकोष**ले कोष लेखकीय अनुसन्धानत्मक प्रवृत्तिको निर्धारणमा महत्त्वपूर्ण भूमिका खेलेको छ । **नोबेल पुस्कार विजेता** साहित्यकार कृतिबाट विकसित जीवनीमूलक समालोचना लेखन प्रवृत्ति, उत्तरआधुनिक नेपाली समालोचनाको सैद्धान्तिक र प्रायोगिक व्याख्या यस चरणका गौतमका पाइने मूलभूत प्रवृत्ति हुन् । त्यसैगरी उनका फुटकर कविता, कथा र निबन्धले पनि यस चरणमा उनको सृजनात्मक प्रवृत्तिलाई माथि उठाउन महत्त्वपूर्ण योगदान दिएका छन् ।

निष्कर्षतः दोस्रो चरणका लक्ष्मणप्रसाद गौतममा सैद्धान्तिक समालोचनालाई नेपाली करण गर्दै पूर्वीय र पाश्चात्यका सन्दर्भलाई जोडेर व्याख्या गर्ने प्रवृत्ति विकास भएको पाइन्छ । तसर्थ उनका यस चरणका मूलप्रवृत्तिलाई केलाउदा पूर्वीय र पाश्यात्य सिद्धान्तको सेतुमय व्याख्या, पूर्वीय अलङ्कार र पाश्यात्य बिम्बको साम्यवैषम्यिक व्याख्या प्राविधिक शब्दभण्डारको खोजी जस्ता प्रवृत्ति विकसित भएको पाइन्छ ।

## ४.५ तृतीय चरण (वि.सं. २०६६ देखि हालसम्म)

लक्ष्मणप्रसाद गौतमको समालोचकीय क्षमतालाई उत्तरोत्तर विकसित गर्ने र तेस्रो चरण छुट्याउने महत्त्वपूर्ण कृतिका रूपमा **समकालीन नेपाली कविताका प्रवृत्ति** (२०६६) रहेको पाइन्छ । नेपाली कविताको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने **समकालीन नेपाली कविताका प्रवृत्ति**मा समकालीनता र उत्तर आधुनिकता अनि समकालीन चरणमा विकसित नेपाली कविताको विश्लेषणमा विश्लेषणात्मक, मूल्याङ्कनपरक, निर्णयात्मक तथा सैद्धान्तिक समालोचनाको अवलम्बन, गरिएको छ । यस कृतिले गौतमको समालोचकीय

क्षमतालाई उच्चता प्रदान गर्दै उनीलाई दोस्रो चरणबाट तेस्रो चरण प्रवेशको ढोका पनि खोलिदिएको छ । त्यसैले नेपाली समकालीन कविताका विविध प्रवृत्तिको व्यवस्थित चिनारीमा यो अनुसन्धनात्मक कृति अथक साधनाको उल्लेखीय प्रतिफल हो । [९३]

यिनको समालोचकीयतालाई अरु प्रखरता प्रदान गर्ने र तेस्रो चरणकै प्राप्तिका रूपमा देखिएको **राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता** (२०६८) ले नेपाली राजनैतिक आन्दोलनसँग मिसिएर आएका विभिन्न साहित्यिक आन्दोलनहरूको अध्ययन प्रस्तुत गरेको छ । नेपाली कथाको इतिहास पनि उनको तेस्रो चरणकै कृति हो । वि.सं. २०६८ सालमै ज्ञानु अधिकारीसँगको सहलेखनमा प्रकाशित यस कृतिले नेपाली कथाको इतिहासलाई समग्रतामा केलाउने काम गरेको छ । त्यसरी नै **कविताको सैद्धान्तिक विमर्श** ( २०६९) मा गौतमले कविताको सिद्धान्तलाई पूर्वीय तथा पाश्चात्य सापेक्षतामा विश्लेषण गर्दै आफ्नो समालोचकीय कौशल प्रस्तुत गरेका छन् ।

लक्ष्मणप्रसाद गौतमको लेखनले विकसित हुने मौका पाइरहेको तेस्रो चरणमा सम्पादकीय कार्यले पनि उत्तरोत्तर विकसित हुने मौका पाएको छ । वि.सं. २०६९ सालमा राजेन्द्र सुवेदीसँगको सहकार्यमा सम्पादित **रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड)** र वि.सं. २०६९ सालमै प्रकाशित **रत्न बृहत् नेपाली समालोचना (प्रायोगिक खण्ड)** ले उनको सम्पादकीय क्षमतालाई पनि उत्तरोत्तर विकसित हुने मौका प्रदान गरेको छ । वि.सं. २०७० सालमा सम्पादित **प्रज्ञा समकालीन नेपाली कविता भाग-१** र वि.सं. २०७१ सालमा प्रकाशित यसैको दोस्रो भागले पनि उनको सम्पादकीय क्षमताको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । त्यसैगरी उनका यस चरणमा प्रकाशित फुटकर कविता, कथा र निबन्धले पनि उनको सृजनात्मक लेखन क्षमतालाई उजागर गरेका छन् ।

निष्कर्षतः लक्ष्मणप्रसाद गौतमको तृतीय चरण समालोचना लेखनका दृष्टिले त उर्वर देखिन्छ नै सम्पादकीय कृति प्रकाशनका दृष्टिले पनि उर्वर नै देखिन्छ । तीनवटा चरणमध्ये पनि यो चरण लक्ष्मणप्रसाद गौतमको समालोचना यात्रा र सृजनात्मक लेखनका दृष्टिले महत्त्वपूर्ण प्राप्तिको चरण रहेको छ ।

---

९३. **सुकुम शर्मा** पूर्ववत पृष्ठ १३५ ।

### ४.५.१ तेस्रो चरणका प्रवृत्ति

लक्ष्मणप्रसाद गौतमको यो चरण अद्यापि क्रियाशील रहेका कारण यस चरणका प्रवृत्तिलाई स्पष्ट छुट्याइहाल्नु उचित देखिँदैन । यो चरणका लक्ष्मणप्रसाद गौतममा अझै पनि दोस्रो चरणकै प्रवृत्तिले निरन्तरता पाए पनि उनलाई प्रयोगिक समालोचनामा बढी झुकाव राखेको देख्न सकिन्छ । समकालीन नेपाली कविताका प्रवृत्ति उनको विद्यावारिधि शोध ग्रन्थले उनमा रहेको तेस्रो चरणका प्रवृत्तिलाई आमन्त्रण गरेको छ। दोस्रो चरण भन्दा यो चरण के अर्थमा भिन्न छ भने यसले अन्वेषणात्मक पद्धतिको व्यापक अध्ययनलाई विषय बनाएको छ । **नेपाली कथाको इतिहास, उत्तरवर्ती नेपाली समालोचना : केही प्रतिरूप, कविताको सैद्धान्तिक विमर्श** जस्ता कृतिहरूले उनलाई अझै गहन अन्वेषणको कार्यमा तल्लीन बनाएका छन् । यस चरणका लक्ष्मणप्रसाद गौतममा अन्वेषणात्मकता, तटस्थ मूल्याङ्कन क्षमता, निर्णयात्मकता, प्रायोगिक समालोचना क्षमता, ऐतिहासिक अन्वेषण दक्षता, सैद्धान्तिक समालोचनात्मक प्रणालीको अवलम्बन जस्ता महत्त्वपूर्ण प्रवृत्ति रहेका छन् । त्यसैगरी यस चरणमा प्रकाशित लक्ष्मणप्रसाद गौतमका निबन्धमा देखिएको नैबन्धिक प्रवृत्ति, कथात्मक प्रवृत्ति र कवितात्मक प्रवृत्तिले पनि समसामयीकता, आत्मानुभूति र युगीन समाजको चित्रण र प्रवृत्ति स्थापित गराएर नव-नव प्रयोगकर्ताको रूपमा उनको छविलाई विकसित गरेका छन् ।

निष्कर्षतः जीवनीपरक समालोचनात्मक प्रणालीमा आबद्ध रही प्रभावपरक विश्लेषणत्मक प्रवृत्तिको अवलम्बन गर्दै समालोचनाको सैद्धान्तिक व्याख्या, विश्लेषण र मूल्याङ्कन क्षमता लक्ष्मणप्रसाद गौतममा निहित समालोचनात्मक प्रवृत्ति हुन् । त्यसै गरी सूत्रात्मकता, सूक्ष्म अन्तरर्दृष्टि, अध्ययनशीलता भाषाशैलीगत परिष्कृतता लक्ष्मणप्रसाद गौतममा निहित समालोचकीय प्रवृत्ति हुन् ।

## ४.६ निष्कर्ष

लक्ष्मणप्रसाद गौतम नेपाली समालोचनामा स्थापित व्यक्तित्त्वका रूपमा रहेका छन् । २०३६ सालमा कविता विधाबाट नेपाली साहित्यमा प्रवेश गरे पनि उनलाई स्थापित गराउने महत्त्वपूर्ण विधा समालोचना नै रहेको छ । उनको साहित्य यात्रालाई चरणगत रूपमा छुट्याउने उनका समालोचनात्मक कृतिहरूले समकालीन नेपाली समालोचनाको विकासमा

महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनको चरणगत प्रवृत्ति छुट्याउने विभिन्न माध्यम हुन सक्लान् । लक्ष्मणप्रसाद गौतम अझै साहित्य समालोचनामा साधनारत रहेका कारण अन्य चरण पनि छुट्टिन सक्लान् तथापि यहाँ उनका कृतिहरूको प्रभावकारिता र नेपाली साहित्यमा तिनीहरूले पुऱ्याएको योगदानका आधारमा उनको चरणगत प्रवृत्ति छुट्याइएको छ । उनको साहित्यिक कालखण्डको धेरै समय ओगटेको पृष्ठभूमि चरणले पुस्तकाकार कृति दिन नसके पनि उनको समालोचकीय धारको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । त्यसपछिका उनका तीनवटा चरणहरूले उनको समालोचकीय धारको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । त्यसैले गौतमका चरणगत प्रवृत्तिलाई उल्लिखित चार चरणमा छुट्याएर अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

## परिच्छेद : पाँच

# समालोचक लक्ष्मणप्रसाद गौतमको कृतित्त्वको अध्ययन

## ५.१ विषय प्रवेश

नेपाली समालोचनाको इतिहास त्यति लामो छैन र यसले साढे एघार दशकको अवधि पार गर्दैछ ।[९४] तापनि आज यसमा विविध प्रवृत्तिहरू स्थापित भइसकेका छन् । मोतिराम भट्टको **आदिकवि भानुभक्त आचार्यको जीवन चरित्र** (१९४८) बाट थालिएको यस विधाले आज उत्तर आधुनिकताभित्रका विविध छाता सङ्गठनका साथ आफूलाई विकसित गरेको छ । नेपाली समालोचना पश्चिमेली समालोचना चिन्तनको ऋणी छ । नेपाली समालोचनामा पश्चिमेली समालोचना चिन्तनको कुरा गर्दा रामकृष्ण शर्माको नाम र उनको **अङ्ग्रेजी साहित्यको प्रभाव** (१९९९) लाई अग्रस्थान प्राप्त छ । पूर्वीय सिद्धान्तानुसार स्रष्टाहरूको गुणदोष र तीनका कृतिहरूको मूलभूत विषयवस्तु केलाउने कार्य भने सूर्यविक्रम ज्ञवालीको **नैवेद्य** (१९७९) ले गरेको छ । त्यसैले नेपाली समालोचनामा आधुनिकताको सूत्रपात ज्ञवालीबाटै भएको मानिए[९५]तापनि यसमा विद्वान्हरूका आ-आफ्नै मत भने स्थापित छन् । आरम्भमा नीतिपरक समालोचना चेतका साथ देखिएका ज्ञवालीका यी समालोचनाहरूले नैतिक पाटोबाट कृति विश्लेषण गरेको पाइन्छ ।

नेपाली समालोचनाको विस्तृत विश्लेषण र मूल्याङ्कनका लागि विभिन्न विद्वान्हरूले आफ्नो तर्क पेश गरेका छन् । विद्वान्हरूका तर्कहरू जे जस्ता भए पनि उनीहरूले दिएको योगदान सबैभन्दा महत्त्वपूर्ण कुरा हो । त्यसैकारण नेपाली समालोचनाको विकासमा योगदान पुऱ्याउने विद्वान्हरूकै सापेक्षातामा यहाँ लक्ष्मणप्रसाद गौतमको कृतित्त्वको अध्ययन गरिन्छ ।

---

९४. लक्ष्मणप्रसाद गौतम, ***नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना,*** काठमान्डौ, आरियण्टल पब्लिकेशन, वि.सं. २०६६, पृष्ठ ४२ ।

९५. राजेन्द्र सुवेदी, **नेपाली समालोचना परम्परा र प्रवृत्ति,** काठमान्डौ, पाठ्यसामग्री पसल, वि.सं. २०६९, पृष्ठ १०९ ।

## ५.२ समालोचनाको सैद्धान्तिक चर्चा

अवलोकन अर्थ वहन गर्ने **लुच्** धातुमा **णिच्** लागेर **लोच्** बनेपछि यस **लोच्** शब्दमा **यु** प्रत्यय थपिएर **अन** आदेश हुँदा लोचन शब्द बन्ने र समग्रता बोधी **आ** र स्त्रीत्वबोधी **आ** प्रत्यय लागेपछि बनेको आलोचना शब्दमा सम् उपसर्ग थपिएपछि समालोचना शब्द बन्ने कुरा उल्लेख छ ।[९६] समालोचना शब्दको व्युत्पत्ति गरिने धातुहरू एकभन्दा अधिक हुन सक्ने देखिन्छ । तत्सम शब्दका रूपमा स्थापित समालोचना शब्दलाई परिभाषित गर्ने कार्यमा पनि विद्वान्हरूका आ-आफ्नै मत छन् । **अक्सफोर्ड इङ्लिस डिक्सनरी**मा कलात्मक कार्यको गुणस्तर निर्धारण गर्दै त्यस कृतिमा प्रयुक्त पात्र चरित्रको महत्त्व र प्राप्तिलाई निर्णय दिने कार्य आलोचना हो[९७] । यस परिभाषाले समालोचना शब्दले वहन गर्ने कलात्मकताको उल्लेख गरेको छ । **अङ्ग्रेजी नेपाली साझा संक्षिप्त शब्दकोश**मा क्रिटिसिज्म शब्दले समालोचना, गुणदोष विवेचना, आलोचना, कुरा काट्नु आदि बुझाउने कुराको उल्लेख गरिएको छ ।[९८] आचार्यको परिभाषाले पनि कुनै पनि वस्तुको गुणदोष केलाउने कुरा उल्लेख गरेको छ । **नेपाली बृहद् शब्दकोश**ले कुनै साहित्यकारका विशेषता वा साहित्यिक गुणदोषले कुनै साहित्यकारका विशेषता वा साहित्यिक गुणदोषको वस्तुगत विवेचना गर्ने गन्थ, रचना, स्रष्टा आदिको सम्यक् रूपमा विवेचना गरिएको रचना पनि समालोचना हो । **नेपाली बृहत् शब्दकोष**ले गरेको परिभाषाले पनि एकाङ्गी व्याख्याको वर्जन र गुणदोषको समान विवेचना नै समालोचना हो भन्ने कुरालाई नै प्राथमिकता दिएको पाइन्छ ।

समालोचना शब्दलाई यसरी विभिन्न व्यक्ति र तिनका कृतिले व्युत्पादित र परिभाषित गर्ने प्रयत्न गरेका छन् तथापि नेपालीमा प्रचलित समालोचना संस्कृतकै देन हो भन्ने कुरा **आसमन्तात् सम्यक् अवलोकयति इति समालोचना** अर्थात् समग्र कोणबाट गुणदोष निरूपण गरिने दृष्टिकोण नै समालोचना हो भन्ने कुरा उल्लिखित उक्तिले पुष्टि गर्दछ ।

पाश्चात्य जगतमा समालोचना शब्दको लागि क्रिटिसिज्म शब्दको प्रयोग गरिन्छ । क्रिटिसिज्म शब्द फ्रान्सेली क्रिटिकको विकसित रूप हो ।[९९] ग्रिसेली कृतिकोशबाट बनेको

---

९६. **राजेन्द्र सुवेदी,** पूर्ववत् पृष्ठ ८ ।

९७. ऐजन ।

९८. नरेन्द्रमणि आचार्य, **अग्रेजी नेपाली संक्षिप्त साझा कोष,** ललितपुर, साझा प्रकाशन, वि.सं. २०६७, पृष्ठ १०६ ।

९९. ज्ञानु अधिकारी, **नेपाली नारी समालोचना परम्परा, प्रवृत्ति र विश्लेषण**, काठमान्डौ, पैरवी प्रकाशन, वि.सं. २०६८, पृष्ठ ६ ।

क्रिटिक शब्दको अर्थ निर्णायक र क्रिटिसिज्म शब्दको अर्थ निर्णय हुन्छ भनी उल्लेख पाइन्छ। त्यसैले पश्चिममा समालोचना शब्दकै समानार्थी शब्दका रूपमा क्रिटिसिज्म शब्दको प्रयोग भएको पाइन्छ । क्रिटिसिज्मकै समानार्थीका रूपमा प्रिसिसिएसन, रिभ्यू, ओपिनियन जस्ता शब्दहरू पनि प्रचलित रहेको कुरा ज्ञानु अधिकारीले उल्लेख गरेकी छिन् ।[१००]

## ५.३ समालोचनाको परिभाषा

मानिसले आफूलाई सामाजिक रूपान्तरणमा ढालेर सामजिक प्राणी बनाईरहँदा उसले हरेक वस्तुलाई हेर्ने दृष्टिकोणमा पृथक्ता आयो । आदिम समयका मानवको सामूहिक जीवन प्रणालीदेखि लिएर आजको विकसित समाजमा पनि वस्तुको गुणदोष मापनमा मान्छे क्रियाशील नै छ । प्रत्येक समाजले बोक्ने मानवीय सुख, दुःख, पीडा, निराशा, कुण्ठा, हर्ष, त्याग वीरता, पराक्रम, हत्या, हिंसा र स्वपरको अवधारणाबाट साहित्य आफू विकसित हुँदै अगाडि बढेको छ । यसरी बढेको साहित्यलाई सामयिक रूपमा नै गुणदोष कोट्याएर विचार सम्प्रेषण गर्ने कार्य विद्वत्समाजबाट हुँदै आएको छ । विशेषतः साहित्यभन्दा पनि समालोचना गर्ने काम आफैमा स्रष्टाको आभ्यासिक उपज हो । यसमा प्रतिभा र व्युत्पत्तिको भूमिका हुँदै नहुने होइन तथापि अभ्यासको मात्रा र अध्ययनको मात्रा नै यसमा अधिक हुन्छ भन्ने अवधारणामा समीक्षकहरू सहमत नै छन् । पूर्वीय साहित्यमा देखिएका विविध वाद र प्रणालीहरू पाश्चात्य साहित्यमा प्लेटो र अरस्तुको विवादका मुद्धाहरू, अनि आधुनिक युगमा देखिएका विभिन्न वादीय चश्माबाट साहित्य सिद्धान्त तथा समालोचनाप्रणालीलाई अर्थ्याउन आजको विद्वत्समाज क्रियाशील छ । समालोचना आफैमा कठिन कार्य हो भने त्यसबाट निचोड निकालेर संक्षिप्तमा समेट्दै परिभाषा गर्नु त्यो भन्दा कठिन कार्य हो । तथापि विद्वान्हरू त्यो कठिन कार्य गर्न तत्पर छन्, अद्यापि कृयाशील छन् । ती परिभाषाहरू यहाँ प्रस्तुत छन् ।

राजशेखरले समालोचक ब्रह्माजीले नदेखेको पनि देख्न र जान्न सक्दछ र ब्रह्माजी भन्दा पनि सूक्ष्मदर्शी हुन्छ भनी उल्लेख गरेका छन् ।[१०१] राजशेखर पूर्वीय साहित्यका समालोचक भएका कारण ब्रह्माजीको तुलना समालोचकसँग गर्दै समालोचकलाई श्रेष्ठ

---

१००. **ज्ञानु अधिकारी**, पुर्ववत् पृष्ठ ६ ।

१०१. **राजेन्द्र सुवेदी,** पूर्ववत पृष्ठ १९ ।

तुल्याएका छन् । यो यसो हेर्दा अतिवादी मत जस्तो देखिए तापनि समालोचकलाई एउटा सृष्टिकर्ताको रूपमा हेरेर उसको महत्त्व प्रतिपादन यहाँ गर्न खोजीएको स्पष्ट छ ।

म्याथ्यु आर्नोल्डले संसारमा आजसम्म जे जति जानियो र विचार गरियो तीनमा सबभन्दा राम्रा कुरालाइ ग्रहण गरेर त्यसको प्रचारको प्रयास गर्नु नै समालोचना हो भनी उल्लेख गरेका छन् ।[१०२] आर्नोल्डको परिभाषा हेर्दा उनले संसारमा निहित राम्रा कुराको प्रचारलाई मात्र समालोचना भनेका छन् । समालोचनामा सधैं निष्पक्षता हुनु राम्रो कुरा हो भन्ने धारणामा उनको सहमति छ । संसारमा सधैं राम्रा कुरा मात्र नहुने कुरामा उनी सहमत छन् तर समालोचनामा छानेर राम्रा कुरा राख्नु पर्ने जसमा तटस्थता र निष्पक्षता हुनुपर्ने कुरामा आर्नोल्डको जोड रहेको पाइन्छ ।

विलियम हेनरी हड्सनले समालोचना अनि सृजना गर्ने कलाकार (स्रष्टा भावक) एकै समवेदनाको तहमा पुग्न सक्ने हुनुपर्दछ[१०३] भनेका छन् । हड्सनको परिभाषा हेर्दा स्रष्टाले जुन जुन समवेदनामा पुगेर कृतिको रचना गर्दछ त्यही समवेदनामा पुगेर कृतिको समालोचना गर्दा स्रष्टाको मनमा उब्जिएका विचार पुञ्जहरूलाई समालोचकले महसुस गर्न सक्छ ? यो आफैमा एउटा जटिल प्रश्न हो किनकि स्रष्टाले भोगेको समय र परिवेश समालोचकले नभेट्न सक्छ ।

श्यामसुन्दरले साहित्यका क्षेत्रमा रचित ग्रन्थहरू पढेर तिनको गुणदोष, प्राप्ति र त्रुटिहरूको विवेचना गर्नु र ती कृतिहरूका बारेमा आफ्नो प्रतिक्रिया प्रकट गर्नु समालोचना हो भनेका छन् ।[१०४] यो परिभाषाले अभिधात्मक अर्थमा कुनै पनि कृतिको गुणदोष केलाउने कार्य गर्नु समालोचना हो भन्ने धारणा प्रकट गरेको छ ।

यदुनाथ खनालले पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो । नदीका बारेका अरु विशेष कुरा जान्नु उसको मूल खोज्नु समालोचना हो भनेका छन् ।[१०५] यदुनाथ खनालको परिभाषा हेर्दा उनले साहित्य लेखनको मूल खोज्नु समालोचना हो भनेका छन् । उनले स्रष्टाले कुन परिवेशमा कृतिको रचना गर्‍यो र त्यसमा सामयिक प्रभाव कस्तो छ

---

१०२. ऐजन ।
१०३. ऐजन ।
१०४. ऐजन ।
१०५. ऐजन ।

आदि कुराहरूको उल्लेख हुने धारणा व्यक्त गरे पनि गुणदोषादि केलाउने र वास्तविक मूल्याङ्कन हुनुपर्ने धारणाको उल्लेख गर्न बिर्सेका छन् ।

रत्नध्वज जोशीले लेखकहरू आलोचकले राम्रा कुरामात्र लेखिदेओस् भन्ठान्छन्, उनीहरू यो कुराको विचारै राख्दैनन् आलोचक लेखकको कमारो होइन भनेका छन् ।[१०६] जोशीको परभाषा हेर्दा उनी समीक्षा क्षेत्रमा देखिएको स्वपरको प्रवृत्तिबाट लेखक र समालोचकले मुक्त हुँदै तटस्थ समीक्षा हुनुपर्ने मान्यताका पक्षधर देखिन्छन् । तथापि समालोचना के हो र त्यो कसरी गर्नुपर्छ भन्ने कुरामा उनी मौन छन् ।

ईश्वर बरालले नेपाली साहित्यको नाम उच्चारण गर्दा हामी रसग्राही समालोचना गर्न सक्दैनौं । अरु देशका साहित्यसँग यसले तँछाड मछाड कहिले गर्नु भनेका छन् ।[१०७] यस परिभाषाले भन्न खोजेको वास्तविक कुरा रसग्राही समालोचना कसरी गर्ने भन्ने हो । रस भनेको पूर्णतः भावनात्मक कुरा हो । समालोचक भावनामा ज्यादा बहकियो भने गुण र दोषलाई एउटै दृष्टिले केलाउन सकिन्छ ? त्यसकारण यस परिभाषाले पनि वास्तविक कुरा दिन सकेको देखिंदैन ।

रामकृष्ण शर्माले सुख दुःख राम्रो नराम्रो, मनपर्दो नपर्दो इत्यादि कुराको मस्तिष्कमा जब विवेचना हुन्छ, त्यसको परिणाम स्वरूप समालोचनाको जन्म हुन्छ भनेका छन् ।[१०८] रामकृष्ण शर्माको परिभाषाले साहित्यलाई मात्र नभएर जीवनलाई पनि समेट्ने कोसिस गरेको छ । संसारको प्रत्येक व्यक्ति, पदार्थ, स्थान र वस्तुमा विपरीत धर्मी कुराहरू हुन्छन् र ती दुवैको वास्तविक मूल्याङ्कन समालोचना हो भन्नेतर्फ उनको ध्यान गएको छ तथापि साहित्यकेन्द्री मात्र नहुनु यसको सीमा हो ।

बालकृष्ण पोखरेलले समालोचना इन्जेक्सनको सुई हो, च्वास्स ! घोचेर भए पनि मनको घाउ निको पार्छ भनेका छन् ।[१०९] पोखरेलको परिभाषाले कुनै पनि स्रष्टाले आलोचना खेप्दा उसलाई पीडा भए पनि उसले आफूमा रहेको दोषलाई पन्छाएर गुणको निर्माण गर्न सक्छ भन्नेतर्फ केन्द्रित छ । जब स्रष्टा आलोचना खेपेर अघि बढ्छ त्यतिबेला रोग निको भएको बिरामीले सुइको पीडा बिर्सिएझैं हुन्छ भन्ने आलङ्कारिक धारणा पोखरेलको छ ।

---

१०६. ऐजन ।
१०७. **राजेन्द्र सुवेदी**, पूर्ववत पृष्ठ २० ।
१०८. ऐजन ।
१०९. ऐजन ।

आनन्ददेव भट्टले साहित्यको आलोचना गर्दा वादका आधारमा आलोचना गर भन्ने सुझाउ पनि विचारको अनिकाल लागेकाहरूको खोक्रो कुरामात्र हो भनेको छन् ।[११०] भट्टले कुनै पनि कृति एउटै वाद र प्रणालीमा मात्र सीमित भएर नलेखिने अवधारणा व्यक्त गरेका छन् । एउटा वादमा आस्था राख्नेले त्यही वाद ठूलो देख्ने र अर्को वादलाई सानो देख्ने प्रवृत्तिले तथ्यगत मूल्याङ्कन नहुने उनको धारणा छ ।

निष्कर्षतः यी कथनहरू आफैमा पूर्ण नहुँदा नहुँदै पनि यिनीहरूले के कुरालाई जोड दिएका छन् भने कुनै पनि वस्तुमा जति गुण हुन्छ दोषको मात्रा त्यति नै नभए पनि संसारमा दोषरहित केही छैन । त्यही गुण र दोषमा बराबर दृष्टि पुऱ्याएर कुनै पनि वस्तुको सबल र दुर्बल पक्ष केलाउनु समालोचना हो भन्ने कुरामा विद्वान्हरू सहमत छन् ।

## ५.४ समालोचनाका उपकरणहरू

उपकरण भनेका ती वस्तुहरू हुन् जसको कुनै पनि वस्तु वा साहित्यिक कृतिको निर्माणमा अहम् भूमिका रहन्छ । साहित्यका हरेक विधा निर्माणमा यिनै उपकरणहरू मूलभूत तत्त्वका रूपमा स्थापित हुन्छन् । ती उपकरणले दिएका आफ्ना निश्चित कार्यगत योगदानबाटै कुनै पनि कृतिको निर्माण भएको हुन्छ । साहित्यका अन्य विधामा जस्तै समालोचना विधाको निर्माणमा पनि विभिन्न उपकरणको योगदान रहेको हुन्छ । समालोचनाका तत्त्वहरू समालोचनाको स्वरूप अनुसार विभिन्न हुन्छन् तापनि समालोचनाका आधारभूत तत्त्व भने यसका प्रमुख संरचक घटक हुन् ।[१११] समालोचनाका उपकरणहरू यिनै हुन् भन्नेमा विद्वान्हरूमा मतैक्य पाईदैन । तिनै अलग अलग विद्वान्का अलग अलग धारणाहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

समालोचनाका तत्त्वहरूका सम्बन्धमा ठाकुर पराजुलीले आफ्नो दृष्टिकोण यस प्रकार उल्लेख गरेका छन् :

> समालोचना मूलतः बौद्धिक व्यापार हो । त्यसैले अन्तर्दृष्टि सापेक्ष चिन्तन र कल्पना यसका मूल तत्त्व हुन सक्छन् । समालोचनाले केवल बुद्धि र तर्कबाट मात्र काम लिन थालेमा समालोचना दोषदर्शनको भण्डार मात्र हुन सक्छ ।

---

११०. ऐजन ।
१११. **ज्ञानु अधिकारी,** पूर्ववत पृष्ठ १३ ।

त्यसैले समालोचकमा सहृदयताको गुण पनि बौद्धिकता र तार्किकताको सहवर्ती हुन आवश्यक मानिन्छ ।

निष्पक्षता समालोचनाको अतिरिक्त अध्ययनको व्यापकता परम्परा र वर्तमानका उपलब्धिहरूप्रतिको सन्तुलित दृष्टिकोण र इमान्दारिता जस्ता गुणहरू अपेक्षित मानिन्छन् ।[११२] पराजुलीको यस मान्यतालाई दृष्टि दिँदा उनले बौद्धिकता, तार्किकता, अध्ययनको फराकिलो दायरा र इमान्दारिता जस्ता गुणलाई समालोचनाका तत्त्व भनी उल्लेख गरेका छन् । उनले यहाँ समालोचनाको तत्त्व निर्धारण भन्दा पनि समालोचकका गुणको व्याख्या गरेका छन् ।

भानुभक्त पोखरेलले वर्तमानमा समालोचनामा पाइने केही विशेषताहरू या मुख्य तत्त्वहरू भनेर यस प्रकार देखाएको पाइन्छ :[११३]

क) व्यवस्थात्मक दृष्टिकोण

ख) ऐतिहासिक दृष्टिकोण

ग) मनोवैज्ञानिक दृष्टिकोण

घ) तुलनात्मक दृष्टिकोण

यहाँ पोखरेलले तत्त्वको कुरा नगरेको पाइए पनि एउटा समालोचकमा पाइने यी मूलभूत विशेषता र पक्ष भने अवश्य हुन् ।

सीताराम चतुर्वेदीले समीक्षा शास्त्र पुस्तकमा समाचोलनाका तत्त्वलाई यस प्रकार देखाएको पाइन्छ :[११४]

क) सैद्धान्तिक व्यवस्था वा विज्ञानका रूपमा

ख) भावप्रेरित वा अनुभवसिद्ध कौशलका रूपमा

ग) कला अर्थात् एक व्यवस्थित सोद्देश्य रचनाका रूपमा

चतुर्वेदीको तत्त्वनिर्धारणलाई हेर्दा सैद्धान्तिक व्याख्या र वैज्ञानिक दृष्टिकोण भावग्रहण, अनुभवसिद्ध कौशल एवम् कलागत र व्यवस्थित अध्ययन नै समालोचनाका तत्त्व हुन सक्ने देखिन्छ ।

---

[११२] ऐजन

[११३] **ज्ञानु अधिकारी** पूर्ववत पृष्ठ १४ ।

[११४] ऐजन

**गोकुलप्रसाद शर्मा**ले यस प्रकार तत्त्व निर्धारण गरेका छन् :[११५]

क) अर्थबोध

ख) भावग्रहण

ग) लक्ष्यबोध

घ) सौन्दर्यबोध

ङ) तुलनात्मक परीक्षा

च) शक्ति र सन्तुलन

शर्माको परिभाषा हेर्दा यिनले कुनै पनि कृतिको अर्थ, भाव, उद्देश्य, कलागत सौन्दर्य, तुलनात्मक दृष्टि र शक्ति सीमा जस्ता कुराहरूलाई तत्त्वका रूपमा उनले स्विकारेको पाइन्छ ।

रोशन थापा 'नीरब'ले समालोचनाका तत्त्वहरू यस प्रकार रहने कुरामा जोड दिएका छन् :[११६]

क) भावग्रहण

ख) विवेचन

ग) मूल्य निर्धारण

घ) सिद्धान्त निरूपण

ङ) आत्माभिव्यञ्जन

नीरवको परिभाषा हेर्दा उनले पनि भावग्रहण कृतिको विवेचन, त्यसको मूल्य प्रतिपादन, सैद्धान्तिक पक्षको व्याख्या र विचार सम्प्रेषणलाई तत्त्वका रूपमा गर्न सकिने कुरा उल्लेख गरेका छन् ।

उल्लिखित तत्त्वहरू कुनै पनि सर्वमान्य छैनन्, तथापि कुनै पनि कृतिलाई निश्चित ढाँचामा ढालेर समीक्षा गर्नु पर्ने कुरामा मार्गदर्शक भने यी परिभाषाहरू बनेकै छन् । कृतिको गुणदोष केलाएर त्यसको वास्तविक मूल्य निर्धारणमा उल्लिखित उपकरणहरू वास्तविक सहयोगी बन्न सक्छन् ।

---

११५. ऐजन ।
११६. ऐजन ।

यिनै विभिन्न उपकरणहरूलाई नजरअन्दाज गर्दै लक्ष्मणप्रसाद गौतमका कृतिहरूको विश्लेषण गर्नुपर्ने देखिन्छ । तथापि यहाँ गौतमका कृतिहरूबारे अति संक्षिप्त रूपमा परिचयात्मक विश्लेषण मात्र प्रस्तुत गरिने छ । त्यसक्रममा कृतिमा निहित विषयवस्तु समालोचनात्मक प्रणालीको उल्लेख गर्दै निष्कर्षात्मक टिप्पणी प्रस्तुत गरिनेछ ।

कृतिमा निहित विषयवस्तु कृतिकारले व्यक्त गर्न खोजेको भाव वा विचार, धारणा र मान्यता सूक्ष्म निरीक्षण गर्ने क्षमता र व्याख्यागत तटस्थता एवम् समालोचना विधिलाई मूल तत्त्व मान्न सकिन्छ । त्यसैले यहाँ लक्ष्मणप्रसाद गौतमका समालोचकीय कृतिको विश्लेषणका क्रममा विषयवस्तुको व्याख्या, गौतमद्वारा व्यक्त गरिएका विचार धारणा वा मान्यताहरू, उनमा निहित अन्तर्दृष्टिको व्याख्या एवम् उनले प्रयोग गरेको समालोचनाप्रणालीको आधारलाई प्रमुखता दिइएको छ । उनका सम्पादकीय कृतिहरूको विश्लेषणका क्रममा भने मूलभूत विषयवस्तुको व्याख्या र सम्पादकीय क्षमताको लेखाजोखा गर्दै निकर्षात्मक टिप्पणी प्रस्तुत गरिएको छ ।

समालोचनाका विधिहरू हरेक हुनसक्छन् । कुनै पनि विधि सर्वमान्य नहुन सक्छ तथापि समालोचकले समेटेको मूल विषयवस्तुको व्याख्या उसले समालोचनाका क्रममा व्यक्त गरेका भाव, विचार धारणा एवम् मान्यताको व्याख्या र उसले समालोचनाका क्रममा प्रयोग गरेको समालोचनाप्रणालीले एउटा समालोचनात्मक कृतिको मूल मर्मलाई समेट्ने देखिन्छ । शीर्षक कृतिको संरचना र प्रकाशक संस्था बारेको जानकारीलाई पनि सामान्य तत्त्वका रूपमा स्विकार्न सकिने देखिन्छ तथापि यी तत्त्वहरूलाई विषयवस्तुको विश्लेषणकै क्रममा समेट्न सकिन्छ । त्यसैले समालोचनाको मूल तत्त्वका रूपमा उल्लिखित तत्त्वहरूलाई प्रधान तत्त्व मान्न सकिन्छ ।

## ५.५ लक्ष्मणप्रसाद गौतमका कृतिहरूको विश्लेषण

लक्ष्मणप्रसाद गौतम नेपाली समाचोलनामा वि.सं. २०६० को दशकको सुरुदेखि नै निरन्तर क्रियाशील छन् । नेपाली समालोचना वि.सं. २०६० को दशकसम्म आइपुग्दा यसमा धेरै स्रष्टाहरूको योगदानले महत्त्वपूर्ण स्थान ओगटेको छ । नेपाली समालोचना वि.सं. १९४८ सालको मोतीराम भट्टको **आदिकवि भानुभक्त आचार्यको जीवन चरित्र**देखि आजसम्म आइपुग्दा यसले आफूलाई निरन्तर रूपमा अगाडि बढाएको छ । जीवनीपरक, प्रभावपरक

एवम् मूल्याङ्कनपरक, सैद्धान्तिक, निर्णयात्मक, ऐतिहासिक, आधुनिक र उत्तरआधुनिक छातासङ्गठनभित्रका अनेक समालोचनाप्रणालीको विकास आज नेपाली समालोचनाले आत्मसात गरिसकेको छ । संरचनाबाद एवम् शैली वैज्ञानिक लगायतका समालोचनाप्रणालीहरू, विभिन्न वादहरू यसमा विकसित छन् । **नन्दनको काव्यिक परिवेश** (२०५२) बाट अगाडि बढेको गौतमको समालोचना लेखन पनि यिनै विविध समालोचनाप्रणालीका साथ अगाडि बढेको छ । लक्ष्मणप्रसाद गौतमका हालसम्म बाइसवटा पुस्तकाकार कृति प्रकाशित छन् । बाइसबटामध्ये पनि १० वटा समालोचनात्मक कृति र १२ वटा सम्पादित रचना रहेका छन् । यिनै उनका पुस्तकाकार कृतिहरूको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ । विश्लेषणका क्रममा विभिन्न विद्वान्हरूले अघि सारेका उपकरणलाई ध्यान दिँदै यहाँ विशेषतः विषयवस्तुको सामान्य रेखाङ्कन प्रस्तुत गर्दै समालोचनाप्रणालीबारे चर्चा गरिने छ । यिनै कृतिहरूका आधारमा लक्ष्मणप्रसाद गौतमको योगदानबारे चर्चा गरिएको छ ।

## ५.६ लक्ष्मणप्रसाद गौतमका एकल समालोचनात्मक कृतिहरूको विश्लेषण

लक्ष्मणप्रसाद गौतमका नौवटा एकल समालोचनात्मक कृतिहरू प्रकाशित छन् । तिनीहरू यसप्रकार छन् :

क) नन्दनको काव्यिक परिवेष (२०५२)

ख) चितवनको साहित्य सर्वेक्षण र विश्लेषण, सान्दर्भिक समालोचना (२०५२)

ग) सान्दर्भिक समालोचना (२०५७)

घ) समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण (२०६०)

ङ) नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना (२०६६)

च) समकालीन नेपाली कविताका प्रवृत्ति (२०६६)

छ) उत्तरवर्ती नेपाली समालोचना केही प्रतिरूप (२०६८)

ज) राजनीतिक आन्दोलन र समकालिन नेपाली कविता (२०६८)

झ) कविताको सैद्धान्तिक विमर्श (२०६९)

उल्लिखित कृतिहरूलाई कालक्रमिक रूपमा यहाँ विश्लेषण गरिएको छ ।

### ५.६.१ नन्दनको काव्यिक परिवेश कृतिको विश्लेषण

**नन्दनको काव्यिक परिवेश** लक्ष्मणप्रसाद गौतमको वि.सं. २०५२ सालमा प्रकासित कृति हो । यहाँ यस कृतिलाई विषयप्रवेश, विषयवस्तु, मूलभाव र विचार, अन्तर्दृष्टि, समालोचनाप्रणाली र निष्कर्ष सात वटा तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

#### ५.६.१.१ विषय प्रवेश

नन्दनको काव्यिक परिवेश वि.सं. २०५२ सालमा प्रकाशित लक्ष्मणप्रसाद गौतमको पहिलो समालोचनात्मक कृति हो । नेपाली काव्य विधामा विगत चार दशकदेखि कारिगरी देखाउने शिल्पी प्रेमविनोद नन्दनबारे खोजमूलक विवरणप्रधान अध्ययन गर्नु यस कृतिको उद्देश्य रहेको कुरा उल्लेख गरिएको छ । एउटा स्रष्टाको मूलभूत चिनारी र लेखकीय क्षमता उजागर गर्दै लेखिएको नन्दनको काव्यिक परिवेश आफैमा विवेच्य कृति हो । यहाँ **नन्दनको काव्यिक परिवेश** कृतिबारे चर्चा गरिन्छ ।

#### ५.६.१.२ विषयवस्तु

नन्दनको काव्यिक परिवेश कवि प्रेमविनोद नन्दनको जीवनी व्यक्तित्त्व र कृतित्त्वसँग सम्बन्धित रहेको पाइन्छ । यसमा प्रेमविनोद नन्दनको जन्मदेखि लिएर उनले आफ्नो जीवनमा गर्नु परेका विविध सङ्घर्षहरूबारे वर्णन गरिएको छ । बसाइँ सराइका क्रममा अन्ततः चितवनमा आइपुगेका नन्दनको व्यापारिक जीवन, वैवाहिक स्थिति र पारिवारिक अवस्थाबारे पनि गौतमले यहाँ चर्चा गरेका छन् ।

नेपाली साहित्यमा प्रेमविनोद नन्दनको साहित्ययात्राका चरणगत प्रवृत्ति केलाउने क्रममा गौतमले पूर्वार्ध र उत्तरार्ध भनी चरणगत प्रवृत्तिलाई चार उपचरणमा विभाजित गरिएको छ । वि.सं. २००४ सालबाट सुरु भएको नन्दनको साहित्ययात्रा २०५२ सम्म आइपुग्दा यसले स्वच्छन्दतावादी प्रगतिवादी धाराबाट अगाडि बढ्दै समसामयिकतालाई अवलम्बन गरेको पाइन्छ । समाजमा देखिने उदात्त मानवीय भावना, प्रकृति प्रेम, अतीतोन्मुखिता, भावुकता र अतिशय वर्णन क्षमता नन्दनमा पाइने मूल प्रवृत्ति रहेको चर्चा

गरिएको पाइन्छ । प्रगतिवादी लेखन, सामाजिक विकृति र विसङ्गतिको भन्डाफोर, अनुदार शासकीय व्यवस्था जस्ता प्रवृत्ति नन्दनको प्रगतिवादी लेखनमा पाइने कुरा पनि गौतमले उल्लेख गरेका छन् ।

त्यसपछि नन्दनका कृतिहरूको तत्त्वगत आधारमा विश्लेषण गर्दै मूल्याङ्कन प्रस्तुत गरिएको छ । सर्वप्रथम तत्त्वगत आधारमा उनको **झटारो** गीतिसङ्ग्रहको विश्लेषण गरिएको छ । त्यसक्रममा **झटारो**ले ल्याएको जागरणको स्वर, क्रान्तिचेतको चर्चा गरिएको छ । प्रमाणका रूपमा विभिन्न विद्वान्हरूका उक्ति समावेश गर्दै लेखनमा वस्तुनिष्ठता ल्याउने प्रयत्न गौतमले गरेका छन् । नन्दनको झटारो पहिलो गीतिसङ्ग्रह हो र यसमा उनले विभिन्न समयमा लेखेका गीतहरूबारे गौतमले विश्लेषण प्रस्तुत गरेका छन् ।

**अञ्जली** नन्दनको कवितासङ्ग्रह हो । वि.सं. २०१५ सालमा प्रकाशित **अञ्जली**को विषयवस्तु र यसमा देखिएका नन्दनका प्रवृत्तिहरूबारे पनि गौतमले विश्लेषणात्मक मूल्याङ्कन प्रस्तुत गरेका छन् । यसबाट नन्दनमा रहेको स्वच्छन्दतावादी भावधारा, प्रकृतिप्रेम, प्रणयभाव, राष्ट्रप्रेम र युग सचेतना जस्ता प्रवृत्तिहरूबारे चर्चा गरिएको छ ।

वि.सं. २०२४ सालमा प्रकाशित नन्दनको **सपनीबाट ब्यूँझेर** गीत सङ्ग्रहबारे पनि गौतमले विश्लेषणात्मक मूल्याङ्कन प्रस्तुत गरेका छन् । यसमा पनि स्वच्छन्द भावधारामा आधारित रहेर विषयवस्तु नन्दनले समेटेको उल्लेख छ ।

वि.सं. २०५२ सालमा प्रकाशित नन्दनको **विपनीका पाइलाहरू** गद्यकविताले बोकेका मूलभूत विषयवस्तुबारे पनि गौतमले चर्चा गरेका छन् ।

लक्ष्मणप्रसाद गौतमले नन्दनका कृतिहरूको विश्लेषण पश्चात् गीतिकाव्य सम्बन्धी पाश्चात्य अवधारणाबारे पनि चर्चा गरेका छन् । गीतिकाव्यको शाब्दिक अर्थदेखि लिएर यसको विकासक्रमको संक्षिप्त रेखाङ्कन उल्लेख गरिएको छ । नेपाली गीत लेखनको क्षेत्रमा देखिएका अन्य स्रष्टासँग नन्दनको तुलना गर्दै उनको स्थान निर्धारण गर्ने प्रयत्न गरिएको छ । यसक्रममा वि.सं. २०२० साललाई एउटा आधार बिन्दु बनाएर हेर्दा नन्दनको गीति साहित्य यात्राको थालनीका अवशरमा आधुनिक गीति परम्पराले आफ्नो पूर्ण र मानक रूप स्थापना गरिसकेको देखिन्छ भनी नन्दनलाई आधुनिक गीतकारका रूपमा चिनाउने प्रयत्न पनि यहाँ गौतमले गरेका छन् । नन्दनले गीत मार्फत छरेको स्वच्छन्द माधुर्य छटा र रागात्मक गीतहरूमा पाइने गुणबारे चर्चा गरिएको छ । उनका रागात्मक गीतहरूमा जुन

माधुर्य गुण पाइन्छ, भाव चमत्कृति र पदलालित्यका दृष्टिले ती बढी सशक्त देखिन्छन् भनी उल्लेख गरिएको छ । विशेषतः स्वच्छन्दतावादी भावधारा नन्दनका गीतहरूका विषय रहेको कुरा स्पष्ट छ ।

अन्त्यमा गौतमले नन्दनसँग बिताएको एक साँझ र उनीसँग भएका कुराकानीलाई पनि प्रस्तुत गरेका छन् । साथै नन्दनका विभिन्न छायाचित्रहरू पनि गौतमले यस कृतिको परिशिष्ट खण्डमा समेटेका छन् ।

यसरी नन्दनको काव्यिक परिवेशले प्रेमविनोद नन्दनको समग्र जीवनवृत्त उनको साहित्ययात्रा र चरणगत प्रवृत्तिबारे चर्चा गर्दै एउटा स्रष्टालाई समग्रतामा चिनाउने कार्य गरेको छ । यस कृतिका माध्यमबाट लक्ष्मणप्रसाद गौतमको कार्य पनि सह्राहनीय मान्न सकिन्छ ।

### ५.६.१.३ मूलभाव र विचार

**नन्दनको काव्यिक परिवेश** प्रेम विनोद नन्दनको जीवनी व्यक्तित्त्व र कृतित्त्वसँग सम्बन्धित कृति भएका कारण यो एक अनुसन्धानात्मक समालोचना हो । सामग्रीको सङ्कलन र वस्तुपरक विश्लेषणलाई प्राथमिकता दिँदै एउटा स्रष्टालाई साहित्यको एउटा कालखण्ड निर्माणको योगदान प्रदाताका रूपमा चिनाउनु नै लेखकीय वैचारिक महत्त्वपूर्ण पाटो हो । एउटा स्रष्टाले दिएको योगदानबारे तटस्थ रहेर आफूलाई लागेका भाव, विचार, धारणा र मान्यताको सम्प्रेषण समालोचकले गरेका छन् ।

### ५.६.१.४ अन्तर्दृष्टि

**नन्दनको काव्यिक परिवेश**मा लक्ष्मणप्रसाद गौतमले विषयवस्तुको व्याख्यालाई सूक्ष्म अन्तर्दृष्टिका साथ विश्लेषण गरेका छ्न । एउटा स्रष्टाबारे वस्तुगत विश्लेषण गर्ने कार्यमा उनी सफल छन् । प्रेमविनोद नन्दनबारे मानक ग्रन्थ तयार गर्ने क्रममा उनीसँग सम्बन्धित सम्पूर्ण कुरामा गौतमको दृष्टि पुगेकै छ तथापि स्रष्टाको गुणैगुण केलाएर दोषप्रति कम झुकाव राख्नु लक्ष्मणप्रसाद गौतमको यस समालोचनात्मक कृतिको सीमा हो, गौतमीय अन्तर्दृष्टि प्रक्षेपणको सीमा हो ।

### ५.६.१.५ समालोचनाप्रणाली

नन्दनको काव्यिक परिवेश साहित्यकार प्रेमविनोद नन्दनको जीवन वृत्त, साहित्ययात्रा र कृतिविश्लेषणमा आधारित कृति हो । यसमा प्रेमविनोद नन्दनबारे समग्र अध्ययन गरिएको छ । यसमा रहेको विषयवस्तुमा जीवनीपरक, प्रभावपरक एवम् मूल्याङ्कनपरक र निर्णयात्मक समालोचनाप्रणालीको अवलम्बन गरिएको छ । नन्दनको जीवनवृत्तको रेखाङ्कनका क्रममा जीवनीपरक समालोचनाप्रणालीको अवलम्बन गरिएको छ भने कृति विश्लेषणका क्रममा प्रभावपरक एवम् मुल्याङ्कनपरक समालोचनाप्रणाली अपनाइएको छ । त्यसैगरी नन्दनको साहित्ययात्रा र चरणविभाजनमा निर्णयात्मक समालोचनाप्रणालीको अवलम्बन गरिएको छ ।

### ५.६.१.६ निष्कर्ष

निष्कर्षतः नन्दनको काव्यिक परिवेश लक्ष्मणप्रसाद गौतमको पहिलो प्रकाशित पुस्तकाकार समालोचनात्मक कृति हो । यसमा प्रेमविनोद नन्दनलाई मुख्य विषय बनाइएको छ । साहित्यकार प्रेमविनोद नन्दनको जीवनवृत्त र साहित्ययात्राबारे समग्रतामा अध्ययन गरिएको यस कृतिले एउटा साहित्यकारलाई चिनाउने महत्त्वपूर्ण कार्य गरेको छ । एउटा साहित्यकारमाथि तटस्थ दृष्टिकोण राखेर गरिएको समालोचनाले गौतमको समालोचना लेखनको स्पष्टता र भाषागत परिष्कृतता निर्णयात्मक तटस्थता यस कृतिका गौतममा देख्न पाइन्छ । उनको यो कृतिको अध्ययनबाट उनको सुनिश्चित समालोचनीय सुनौलो भविष्यको आँकलन गर्न सकिन्छ ।

## ५.६.२ चितवनको साहित्य सर्वेक्षण र विश्लेषण कृतिको विश्लेषण

**चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** लक्ष्मणप्रसाद गौतमको वि.सं. २०५२ सालमा प्रकासित कृति हो । यहाँ यस कृतिलाई विषयप्रवेश, विषयवस्तु, मूलभाव र विचार, अन्तर्दृष्टि, समालोचनाप्रणाली र निष्कर्ष सात वटा तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

### ५.६.२.१ विषय प्रवेश

**चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (२०५२) लक्ष्मणप्रसाद गौतमको अनुसन्धानात्मक समालोचना हो । चितवन जिल्लाको समग्र साहित्यलाई एउटै कृतिमा अटाउने कार्य गौतमले गरेका छन् । यस कृतिले चितवन जिल्लाको समग्र साहित्यलाई नजिकबाट चियाउने कोशिष गरेको छ । समालोचक लक्ष्मणप्रसाद गौतमको समालोचनात्मक लेखन प्रवृत्तिको विकास गर्न यस कृतिले महत्त्वपूर्ण स्थान ओगटेको छ । माथि उल्लिखित विभिन्न उपकरणका आधारमा यहाँ चितवनको साहित्य सर्वेक्षण र विश्लेषणको अध्ययन गरिन्छ ।

### ५.६.२.२ विषयवस्तु

**चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (२०५२) ले चितवन जिल्लाकै सम्पूर्ण साहित्यिक गतिविधिलाई आफ्नो विषयवस्तु बनाएको छ । यसले वि.सं. २०१५ देखि वि.सं. २०५२ सम्मको चितवनको सम्पूर्ण साहित्यलाई माथि उठाउने स्रष्टा र तीनका कार्यहरूबारे विश्लेषणात्मक रूपमा समेट्ने कार्य गरिएको छ ।

लक्ष्मणप्रसाद गौतमको अनुसन्धानात्मक समालोचनाका रूपमा रहेको यस कृतिमा चितवनको ऐतिहासिक महत्त्व दर्शाउँदै प्रमाणका लागि **पञ्चतन्त्र**को एउटा नमुना प्रस्तुत गरेर विषयारम्भ गरिएको छ । नेपाली माटोको चितवन नामको यो भूमिकाबारे पूर्वीय वाङ्मयहरूमा पनि उल्लेख पाइन्छ । *तदस्माकं मित्रं हिरण्यको नाम मुषकराजो गण्डकी तीरे चित्रवने निवसति* भनेर पञ्चतन्त्रमा स्पष्ट भनिएको छ ।[११७] चित्रवनबाट विकसित भएको चितवनको परिचय यसले ओगटेको भू-भाग र यसमा निवास गर्ने सम्पूर्ण आदिवासी जनजातिबारे पनि गौतमले जानकारी दिएका छन् । यस जिल्लाको हावापानी, प्राकृतिक सम्पदा, राष्ट्रिय निकुञ्ज, नदीनाला, ऐतिहासिक गढीहरू, धार्मिक दृष्टिकोण सांस्कृतिक स्थिति र विभिन्न सङ्घ संस्थाहरू प्रति विवरणात्मक सङ्केत गौतमले गरेका छन् । चितवनको शैक्षिक स्थिति, राजनैतिक स्थिति र यस क्षेत्रमा घटेका राजनैतिक चपेटाका घटनाबारे पनि गौतमले संक्षिप्त रेखाङ्कन प्रस्तुत गरेका छन् ।

---

११७. लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** चितवन, **चितवन वाङमय प्रतिष्ठान,** वि.सं. २०५२, पृष्ठ १ ।

चितवनको साहित्यिक इतिहास, पृष्ठभूमि र विकास प्रक्रियाबारे पनि गौतमले यस कृतिमा चर्चा गरेका छन् । चितवनको साहित्य कहिलेदेखि विकसित भयो र यसको पृष्ठभूमि के कस्तो छ अनि यसको विकासमा योगदान पुऱ्याउने व्यक्तिहरू कोको रहेका छन् ? जस्ता प्रश्नमा आधारित रहेर गौतमले त्यसको समाधान खोज्ने प्रयत्न गरेका छन् । चितवनमा २०५२ सम्म कुन कुन विधाले विकसित हुने मौका पाए र यस क्षेत्रमा साहित्यिक गतिविधि विकसित हुनुको कारक तत्त्व के हो भन्ने बारेमा पनि गौतमले आफ्ना धारणा राखेका छन् । विभिन्न जनजातिहरू वि.सं. २०११ सालदेखि यस क्षेत्रमा बसोबास गरेको उल्लेख गर्दै साहित्यको विकासमा पनि यिनै जातिका संस्कृतिले काम गरेको उल्लेख गरेका छन् ।

वि.सं. २०१६ सालमा कलानाथ अधिकारीले गरेको **जितिया पावनी**को थारु भाषामा लेखन र प्रकाशन, वि.सं. २०२२ को जिल्ला स्तरीय साहित्य गोष्ठी, वि.सं. २०२५ को **दोभान** पत्रिकामार्फत आनन्ददेव भट्ट लगायतले दिएको योगदान वि.सं. २०२८ को नयाँ शिक्षा योजना, वि.सं. २०३६ को जनमतसङ्ग्रह आदिको प्रभाव पनि चितवनको साहित्यमा परेको कुरा उल्लेख गरिएको छ । चितवनको लोकसाहित्य परम्पराबारे चर्चा गर्दै यसको सैद्धान्तिक व्याख्याबारे पनि गौतमले चर्चा गरेका छन् । थारु लोक संस्कृति त्यसमा पाइने गाथाहरू नेपाली भाषामा प्रचलित उखान टुक्काहरूबारे पनि उल्लेख गर्दै चितवनको साहित्यमा यसको प्रभावबारे चर्चा गरिएको छ ।

*चितवनको काव्य र कविता सिर्जनापरम्परा*बारे चर्चा गर्दै गौतमले कविता विधाका सम्पूर्ण कृतिहरू र कृतिकारहरूबारे चर्चा गरेका छन् । चितवनको खण्डकाव्य र शोककाव्य सिर्जनपरम्परामा देखिएका स्रष्टा र तीनका कृतिहरूबारेको विश्लेषणलाई गौतमले यस कृतिमा समेटेका छन् । ती खण्डकाव्य र शोककाव्यले समेटेका विषयवस्तु, समसामयिकता राजनैतिक घटनाक्रम र सामाजिक विकृतिलाई प्रस्तुत गर्नुका साथै, प्रियजनको मृत्युबाट उत्पन्न पीडा, समाजका विकृति र विसङ्गतिको विरोध, मानवीय कुण्ठा निराशा आदिलाई विषय बनाएको पाइन्छ । गौतमले उल्लेख गरेका स्रष्टाहरू अनिल सिग्देल, कोमलनाथ कोइराला, खेमराज त्रिपाठी, दुर्गानाथ उपाध्याय, पोषराज पौडेल, रविकिरण निर्जिव, बामदेव पण्डित, हरिहर सविता र तिनका कृतिहरूबारे संक्षिप्त चर्चा गरेका छन् ।

*चितवनको कविता सिर्जना परम्परा यसको पृष्टभूमि र विकासक्रम* उल्लेख गर्दै त्यहाँका कविका कविताबारे गौतमले संक्षिप्त चर्चा पनि यसै पुस्तकको एउटा शीर्षकमा

आधारित भएर गरेका छन् । त्यसक्रममा चितवनका विभिन्न कविहरू र तिनका कविताबारे पनि गौतमले संक्षिप्त चर्चा गरेका छन् । गौतमले उल्लेख गरेका चितवनका कविहरूमा उत्तम न्यौपाने, कपिल अज्ञात, खुमनारायाण पौडेल, गोविन्दराज विनोदी, जगतराज पौडेल, डीडी शर्मा, देवीदत्त अधिकारी, धर्म प्रधान अकिञ्चन, प्रेमविनोद नन्दन, मदनमोहन जोशी, पदमपाणि विरक्ति, मित्रलाल ढकाल, रविकिरण निर्जिव, रामविनय, लीलामणि भट्टराई, वामदेव पण्डित, विजयराज भट्टराई, सुवर्ण कक्षपती, हरिहर खनाल, होमनाथ सापकोटा, केशवराज भट्टराई, चितवन शिखरवास, धर्मराज अर्याल, नारायणप्रसाद खनाल लगायतका कविहरूको नाम उल्लेख गर्दै तिनका कवितामा पाइने युगीन विषयवस्तुको चर्चा पनि गौतमले यस कृतिमा गरेका छन् । समसामयिक विषय अभाव, पीडा, गरिबी, राजनैतिक विसङ्गति विकृति, प्रेम मृत्यु जीवनवादी दृष्टि आदि विषयवस्तु रहेको कुरा गौतमले उल्लेख गरेका छन् ।

*चितवनको गद्यसिर्जन परम्परा र गद्यकृतिहरूको विश्लेषण* उपशीर्षकमा आधारित रहेर गौतमले कथा, उपन्यास, नाटक र निबन्धसँग सम्बन्धित स्रष्टा र तीनका कृतिबारे अध्ययन गरेका छन् । चितवनको कथा साहित्य सिर्जना परम्परा र पृष्ठभूमिको चर्चा गर्दै चितवनको साहित्यिक इतिहासमा कथा साहित्यको प्रवेश पृष्ठभूमि र विकास प्रक्रियासँगै त्यसलाई अगाडि बढाउन सहयोग पुऱ्याउने स्रष्टाबारे पनि व्यापक चर्चा गरिएको छ । गौतमले चर्चा गरेका स्रष्टाहरूमा मदनमोहन जोशी, हरिहर खनाल, हरिहर सविता, सूर्यमणि अधिकारी, गोवर्धन पूजा, वि.पी. तिवारी, गोपालकृष्ण आचार्य रहेका छन् । गौतमले उल्लेख गरेका यी स्रष्टाहरूका कृतिमा विशेषतः सामाजिक विषयवस्तु, वैयक्तिक जीवनका कथाहरू, विकृति र विसङ्गति, राजनैतिक अदूरदर्शिता आदि विषयवस्तु रहेको पाइन्छ ।

*चितवनको निबन्ध सिर्जना परम्परा र पृष्ठभूमि* केलाउने क्रममा गौतमले स्रष्टाहरूका कृतिबारे पनि महत्त्वपूर्ण टिप्पणी प्रस्तुत गरेका छन् । चितवनमा निबन्ध लेखनको विकासप्रक्रिया, यसमा आएका विभिन्न स्रष्टाहरू र तिनका कृतिले पुऱ्याएको योगदानबारे पनि गौतमले चर्चा गरेका छन् । गौतमले चर्चा गरेका निबन्धकारहरूमा जनकराज शर्मा, रविकिरण निर्जीव, रामबाबु घिमिरे, गङ्गाराम श्रेष्ठ, डि.के. शाही, राजकृष्ण कँडेल, केदारनाथ खनाल, मणिराज शर्मा, डि.आर. पोखरेल, शिव रेग्मी आदि उल्लेखनीय स्रष्टा रहेको गौतमको धारणा छ ।

निष्कर्षत : उल्लिखित स्रष्टाहरूका निबन्धहरूले वैयक्तिक जीवनानुभूतिदेखि लिएर सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रस्तुत गरेको टिप्पणी गौतमको रहेको छ ।

*चितवनमा नाटक सिर्जना परम्परा र पृष्ठभूमि* उपशीर्षकमा आधारित रहेर चितवनमा नाटकको परमपरा, विकासक्रम स्रष्टा र तिनका कतिहरूबारे चर्चा गरिएको छ । त्यसक्रममा प्रकाश चापागाई, मीनप्रसाद सहाय, हरिहर खनाल, अनिल सिग्देलको नामलाई उल्लेखनीय रूपमा लिइएको छ । लक्ष्मणप्रसाद गौतमले चितवनका नाटकमा समाविष्ट विषयवस्तुले समाजका विभिन्न पक्षको उद्घाटन गरेको चर्चा गरेका छन् । ती कृतिहरूमा सामाजिक संरचना, आर्थिक प्रशासनिक विकृति, पञ्चायतकालीन शासकीय स्वरूप, नारी पीडा, गरीब कृषकका पीडा, वर्गविभेदयुक्त नेपाली समाजको चित्रण गरेका छन् भन्ने अवधारणा गौतमको छ ।

*चितवनको उपन्यास सिर्जना परम्परा र पृष्ठभूमि* नामक उपशीर्षकमा आधारित रहेर गौतमले चितवनमा देखिएको उपन्यास सिर्जनाको परम्परा पृष्ठभूमि र विकासक्रम साथै त्यो विकासप्रक्रियालाई अगाडि बढाउने स्रष्टाहरूबारे चर्चा गरिएको छ । त्यसक्रममा गौतमले नारायण गौतम, लीलामणि भट्टराई, केशवराज भट्टराई, माधव खनाल, मित्रवन्धु पौडेलका कृतिहरूबारे चर्चा गरेका छन् ।

उल्लिखित स्रष्टाका औपत्यासिक कृतिहरूले समसामयिक विषयवस्तुको उठान गर्दै सामाजिक विषयवस्तु विकृति, विसङ्गति, नारी शिक्षा, प्रेम प्रणयभाव आदि विषयको उठान गरेको कुरा गौतमले उल्लेख गरेका छन् ।

चितवनमा समालोचना लेखनको पृष्ठभूमि र परम्परा, विकासक्रम साथै त्यो विकासमा योगदान पुऱ्याउने स्रष्टाहरू र तिनका कृतिहरूबारे पनि चर्चा गरिएको छ । यसक्रममा अनिल सिग्देल, गायत्री श्रेष्ठ, नारायणप्रसाद खनाल, रामनाथ खनाल, लक्ष्मणप्रसाद गौतम, पूर्णप्रसाद अधिकारी, होमनाथ सापकोटा, भागवतशरण न्यौपाने, डी.आर. पोखरेल, कुलप्रसाद ढुङ्गाना, भवनाथ सडौलाका पुस्तकाकार तथा फुटकर समालोचनात्मक कृतिहरूको उल्लेख गरेका छन् । चितवनसँग सम्बद्ध चितवन बाहिरका साहित्यकारबारे पनि गौतमले चर्चा गरेका छन् । यस्ता साहित्यकारहरूमा आनन्ददेव भट्ट, घनश्याम कँडेल, उपेन्द्र श्रेष्ठ, खगेन्द्र सङ्ग्रौला, द्वारिका श्रेष्ठ, बाबुराम लामिछाने, निर्मोही व्यासको नाम उल्लेख गर्दै यिनीहरूले चितवनको साहित्यलाई पुऱ्याएको योगादानबारे पनि गौतमले चर्चा गरेका छन् ।

लक्ष्मणप्रसाद गौतमले साहित्यलाई माथि उठाउन पहल गर्ने त्यस्ता स्थापित संस्थाहरूको पनि उल्लेख गरेका छन्, जसको योगदान महत्त्वपूर्ण रहेको पाइन्छ । कुनै पनि क्षेत्रको साहित्यिक विकासमा पत्रिका, प्रकाशक संस्थाहरू र विभिन्न सङ्घ सङ्गठनहरूको हात रहेको हुन्छ । चितवनको साहित्यिक विकासमा पनि यस्ता संस्थाहरू अग्रसर छन् जसको कार्यबारे पनि गौतमले उल्लेख गरेका छन् । यस्ता संस्थाहरूमा नारायणी पुस्तकालय (२०१६) नारायणी कला मन्दिर (२०१८), चितवन साहित्य समिति (२०३९) साहित्य सङ्गम चितवन (२०४४), चितवन साहित्य परिषद् (२०४५), अन्नपूर्णा परिवार (२०४६), समर्पण नाट्य समूह (२०४६), सहिद नारायण दहाल साहित्य परिषद् (२०४७), सगरमाथा साहित्य समाज (२०४८), महाकवि देवकोटा पुस्तकालय (२०४८), साहित्य सुधा कुञ्ज (२०५०), गुराँस नाट्य समूह (२०५०), माडी साहित्य समिति (२०५०) को उल्लेख गौतमले गरेका छन् । यी माथि उल्लिखित संस्थाहरूले चितवनको साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको गौतमको धारणा छ । चितवनको साहित्यमा योगदान पुऱ्याउने, पत्रिकाहरूमा दोभान (२०२५), नौलो राँको (२०२६), नयाँ गोरेटो (२०२७), मारुनी (२०२८), नौलो समाज (२०३७), ऋचा (२०३८), गोधुली (२०४०), जनसाहित्य (२०४८), मधूलिका (२०५१), पल्लव (२०५२) को महत्त्वपूर्ण योगदान रहेको गौतमले उल्लखे गरेका छन् ।

**चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**ले यिनै महत्त्वपूर्ण विषयवस्तुलाई समेटेको पाइन्छ । चितवनको साहित्यिक इतिहास लेखनमा लक्ष्मणप्रसाद गौतमको यस कृतिले महत्त्वपूर्ण स्थान ओगटेको छ ।

## ५.६.२.३ मूलभाव र विचार

लक्ष्मणप्रसाद गौतमको **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**मा गौतमका महत्त्वपूर्ण धारणा र मान्यताहरू समावेश भएको पाइन्छ । चितवनको समग्र साहित्यलाई अवलोकन गर्ने क्रममा हरेक विधासिद्धान्तका सष्टा कृति र प्रवृत्तिबारे अनुसन्धानात्मक मानक कृतिको निर्माण गर्दा लक्ष्मणप्रसाद गौतमका विभिन्न विचार धारण र मान्यताको प्रयोग यस कृतिमा भएको छ । हरेक कृति, स्रष्टा र प्रवृत्तिलाई सूक्ष्मताका साथ अवलोकन विश्लेषण र मूल्याङ्कन गर्ने क्रममा गौतमका महत्त्वपूर्ण विचारहरू प्रकट भएका छन् ।

### ५.६.२.४ अन्तर्दृष्टि

लक्ष्मणप्रसाद गौतमको **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** अनुसन्धानात्मक कृति हो । यस कृतिमा गौतमले विभिन्न स्रष्टा कृति र प्रवृत्तिमा आधारित रहेर आनो गहन अध्ययनशीलताको परिचय दिएका छन् । अनुसन्धान स्वतः एक अन्तर्दृष्टि युक्त कार्य हो । त्यसैले यस कृतिमा लक्ष्मणप्रसाद गौतमको सूक्ष्म अन्तर्दृष्टि, अध्ययनशीलता, विश्लेषणत्मकता, सूत्रात्मकता र परिष्कृततालाई कृति पठनका क्रममा अवलोकन गर्न सकिन्छ ।

### ५.६.२.५ समालोचनाप्रणाली

चितवनको साहित्य सर्वेक्षण र विश्लेषण लक्ष्मणप्रसाद गौतमको अनुसन्धानात्मक समालोचना हो । यस कृतिले वि.सं. २०५२ सम्मको साहित्यलाई अन्वेषण गर्ने कार्य गरेको छ । त्यसैले यसमा अन्वेषणात्मक समालोचनाप्रणालीको अवलम्बन गरिएको छ । विभिन्न विधाका स्रष्टाका कृति विश्लेषणमा भने प्रभावपरक समालोचनाप्रणालीको अवलम्बन गरिएको छ । विषयवस्तुको संक्षिप्त विश्लेषण गर्दै निष्कर्षात्मक टिप्पणी दिने काम गौतमले यस कृतिमा गरेका छन् ।

### ५.६.२.६ निष्कर्ष

**चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** वि.सं. २०५२ ले संक्षिप्त र विवरणात्मक रूपमा चितवनको सम्पूर्ण साहित्यिक गतिविधिलाई एउटै कृतिमा समेट्ने महत्त्वपूर्ण कार्य गरेको छ । कथा, कविता, उपन्यास, निबन्ध, नाटक र एकाङ्की जस्ता विषयमा कलम चलाउने स्रष्टा र तिनका कृतिको विश्लेषण आफैमा महत्त्वपूर्ण कार्य हो । चितवनको समालोचनामा भएको यो कदम ऐतिहासिक छ । यस ऐतिहासिक कार्यका कारण गौतम सम्मानित छन् । तथापि स्रष्टाहरूको गुणैगुणको बखान गरेर प्रायः स्रष्टाहरूका कमजोरीहरूप्रति आँखा चिम्लनु यस समालोचनात्मक कृतिको सीमा हो । विस्तृत विषयलाई सङ्गालेर पनि छरिएको विषयलाई पूर्णतया समेट्न नसक्नु गौतमको यस कृतिको सीमा हो ।

## ५.६.३ सान्दर्भिक समालोचना कृतिको विश्लेषण

**सान्दर्भिक समालोचना** लक्ष्मणप्रसाद गौतमको वि.सं. २०५७ सालमा प्रकासित कृति हो । यहाँ यस कृतिलाई विषयप्रवेश, विषयवस्तु, मूलभाव र विचार, अन्तर्दृष्टि, समालोचनाप्रणाली र निष्कर्ष सात वटा तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

### ५.६.३.१ विषय प्रवेश

**सान्दर्भिक समालोचना** लक्ष्मणप्रसाद गौतमका फुटकर समालोचनाहरूको सङ्ग्रह हो । यसमा विभिन्न विधाका कृतिहरूमा आधारित रहेर लेखिएका समालोचनाहरू सङ्ग्रह गरिएको छ । कथा, कविता, खण्डकाव्य, महाकाव्य, गजल र उपन्यास विधाका विविध कृतिहरूमा आधारित विषयवस्तुहरू नै सान्दर्भिक समालोचनामा समेटिएको छ । लक्ष्मणप्रसाद गौतमका प्रारम्भिक चरणका रचनाहरू रहेका र यी समीक्षाहरू पूर्वजहरूबाट अनुप्राणित रहेको उल्लेख गरिएको छ ।[११८] पूर्वप्रकाशित विभिन्न आफ्ना रचनाहरूलाई नै सान्दर्भिक समालोचना नाम दिएर प्रकाशित गर्ने गौतमले विशेषतः त्रि.वि. एम.ए. तहको पाठ्यक्रमलाई पनि ध्यानमा राखेर यसलाई प्रकाशनमा ल्याएको देखिन्छ । यहाँ यही **सान्दर्भिक समालोचना** कृतिको विश्लेषण र मूल्याङ्कन प्रस्तुत गरिएको छ ।

### ५.६.३.२ विषयवस्तु

**सान्दर्भिक समालोचना** लक्ष्मणप्रसाद गौतमको फुटकर समालोचनाहरूको सङ्गालो हो । यसमा विविध विषयवस्तु समेटिएका छन् । कथा, कविता, खण्डकाव्य, महाकाव्य, गजल र उपन्यास विधाका विविध कृतिहरूमा आधारित विषयवस्तुहरू नै सान्दर्भिक समालोचना कृतिको परिधी रहेको देखिन्छ ।

*नेपाली महाकाव्यको विकासक्रमिक अनुरेखाङ्कन* शीर्षकको लेखलाई गौतमले प्रस्तुत कृतिको पहिलो समालोचनाका रूपमा समेटेका छन् । यसमा गाथाचक्रको विकाससँगै

११८. ठाकुरप्रसाद पराजुली, **गौतमका रचानात्मक अध्ययन,** लक्ष्मणप्रसाद गौतम, **सान्दर्भिक समालोचना,** काठमाडौ, भुँडीपुराण प्रकाशन, २०६७, पृष्ठ भूमिका ।

आएको महाकाव्यलाई चिनाउने प्रयास गरिएको छ । नेपाली महाकाव्यको विकासयात्रा, त्यसको प्रारम्भिक कालमा देखिएका प्रवृत्ति र विशेषताहरू, नेपाली महाकाव्यको विकासयात्रामा देखिएको उत्कर्षकाल एवम् देवकोटा युग, स्रष्टा र तिनले बोकेका बहुलवादी प्रवृत्तिको लेखाजोखा गौतमले यस पहिलो लेखमा प्रस्तुत गर्दै निष्कर्षात्मक टिप्पणी प्रदान गरेका छन्

*नेपाली बालकविताको विकासक्रम* सम्बन्धी अर्को समालोचनाले नेपाली बालकविताको विकास र त्यसमा योगदान पुऱ्याउने स्रष्टाहरूको संक्षिप्त विवरण पनि प्रकाशित गरेको छ । यसमा बालकविताको शाब्दिक अर्थ र कविता विधासँग यसको सम्बन्ध आदिको चर्चा गरिएको छ । बालकविताको खास प्रयोगक्षेत्र, यसको विषयवस्तुगत, सरलता, सहजता, मनोरञ्जनात्मकता, श्रुतिरमणीयता, लयात्मकता, गत्यात्मक औत्सुक्यपूर्ण र कोमलकान्त भाषिक पदावलीयुक्त बालकविता हुनु आवश्यक छ भनी उल्लेख गरिएको छ ।[११९] नेपाली साहित्यमा बालसाहित्यको उद्भवबारे चर्चा पनि गौतमले यहाँ प्रस्तुत गरेका छन् । नेपाली साहित्यमा पहिलो बालसाहित्यकार जयपृथ्वीबहादुर सिंह रहेको र उनले लेखेको **अक्षराङ्क शिक्षा** नेपालको पहिलो बाल साहित्य रहेको उल्लेख गौतमले गरेका छन् । नेपाली बालसाहित्यमा योगदान पुऱ्याउने स्रष्टाहरूबारे चर्चा गर्दै बालसाहित्यमा योगदान पुऱ्याउने स्रष्टाहरूबारे चर्चा गर्दै बालसाहित्यको विकासक्रममा देखिएका चरण विभाजन गर्नु गौतमको यस लेखको महत्त्वपूर्ण कार्य हो ।

*लघुकथाको स्वरूप संरचना र तत्त्व : एक लघु आँकलन* उपशीर्षक दिएर लेखिएको अर्को लेखमा लघुकथाको स्वरूप संरचना र तत्त्वबारे संक्षिप्त जानकारी दिने प्रयत्न गौतमले गरेका छन् । लघुकथा भनेको झ्वाट्ट हेर्दा देखिने एउटा आकार वा आकृति हो जसमा आख्यानको तीब्र तीब्रतम अभिव्यक्ति हुन्छ भनी उल्लेख गरेका छन्[१२०] । उनको अवधारणामा लघुकथा छोटो बुनोटमा र बनोटमा छरितोपन तीब्र गत्यात्मक घटना आदिले युक्त हुने देखिन्छ ।

*समसामयिक विद्रुपताको त्रासद चित्राङ्कन : उपसंहार अर्थात् चौथो अन्त्य* उपशीर्षकको अर्को समलोचनात्मक लेखमा **उपसंहार तथा चौथो अन्त्य** कृतिले देखाएको

११९. लक्ष्मणप्रसाद गौतम, *नेपाली बालकविताको विकासक्रम,* **सान्दर्भिक समालोचना,** काठमाडौ, भुँडिपुराण प्रकासन, पृष्ठ ९/१० ।
१२०. लक्ष्मणप्रसाद गौतम, *नेपाली बालकविताको विकासक्रम,* **सान्दर्भिक समालोचना,** काठमाडौ, भुँडिपुराण प्रकासन, पृष्ठ ९/१० ।

त्रासद वातावरणको चित्रण गरिएको छ । ध्रुवचन्द्र गौतमले नेपाली आख्यानमा भित्र्याएको नवीन प्रवृत्तिको चर्चा गर्दै उनको उपन्यास लेखनमा पाइने विविध वादीय प्रवृत्ति र **उपसंहार अर्थात् चौथो अन्त्य**ले देखाएको समसामयिक समाज राजनीति र शैक्षिक क्षेत्रमा देखिएको समसामयिक विकृति विसङ्गति, निराशा, कुण्ठा र देशलाई खोक्रो बनाउने तत्त्वमाथि प्रकाश पारेका छन् । लक्ष्मणप्रसाद गौतमले यस लेखमा ध्रुवचन्द्र गौतममा रहेको समाज चित्रणको शैली र श्यामव्यङ्ग्यबारे पनि टिप्पणी गरेका छन् ।

*पौराणिकता र आधुनिकताको सङ्गम शाकुन्तल* अर्को समालोचनात्मक लेखमा शाकुन्तल महाकाव्यमा देखिएको पौराणिक विषयवस्तु र त्यहाँ देखिने आधुनिकताको झिल्कोलाई पनि गौतमले प्रस्तुत गरेका छन् । देवकोटाले टिपेको आख्यानको मूल स्रोत अनि **अभिज्ञान शाकुन्तलम्**को प्रसङ्गको व्याख्या जस्ता पौराणिक प्रसङ्ग र विश्वमानवमा देखिएको विकृति विसङ्गति, युद्ध विभीषिका हत्या, हिंसा, कुण्ठा, निराशा आदि सन्दर्भलाई उदाहरणसहित व्याख्या गरेका छन् ।

*लुनीमा प्रतिध्वनित प्रकृति र संस्कृति* उपशीर्षक अन्तर्गत रहेर देवकोटाले लूनी खण्डकाव्यमा रहेको प्रकृति चित्रण गर्दै त्यसले वहन गरेको सांस्कृतिक पाटोलाई पनि विषयवस्तुका रूपमा समावेश गरेका छन् । लुनीले बोकेको हिमाली प्रकृति र संस्कृतिको चर्चा गौतमले यस लेखमा गरेका छन् ।

*सिद्धिचरण श्रेष्ठको उर्वशीमा भोगवादी चेतना* उपशीर्षक लेखमा सिद्धिचरण श्रेष्ठको उर्वशी खण्डकाव्यले आफ्नो विषयवस्तुमा समेटेको संसारिक भोग र दैहिक इच्छाले निम्त्याउने परिणतिबारे चर्चा गरिएको छ । त्यसमा उर्वशीको अर्जुनप्रतिको आकर्षण, अर्जुनको अचेतनले प्रकट गरेको भोगवादी दृष्टि र यिनीहरू दुवैको दमित यौनकुण्ठाबारे गौतमले टिप्पणी गरेका छन् ।

वालकृष्ण समको *चिसो चूल्हो विविध आयामिक विश्लेषण* अन्तर्गत रहेर लक्ष्मणप्रसाद गौतमले समको परिचय, चिसो चुल्होको उद्भव र विकास, समका महाकाव्यात्मक प्रवृत्तिहरूको चर्चा गर्दै चिसो चुल्होले ल्याएको नवप्रयोगशीलता, नवप्रेमको माधुरी, बौद्धिकता, राष्ट्रियता, शिल्पसौन्दर्य र त्यसका प्राप्ति र सीमालाई पनि उल्लेख गरिएको छ ।

*चिसो चुल्होमा चिसिएको प्रेम भौतिक कि अभौतिक एक आलोचनात्मक विश्लेषण* अन्तर्गत रहेर चिसो चुल्होमा वर्णित प्रेमको भौतिक पक्ष र अभौतिक पक्षको तुलनात्मक मूल्याङ्कन गरिएको छ । आदर्श प्रेमको चित्रण गर्न खोज्दा खोज्दै सम चिप्लिएको ताना शर्माको धारणामा गौतमले पनि सहमति जनाएका छन् ।

*भाषिक प्रयोगका दृष्टिले मदनमणि दिक्षितको माधवी : एक सङ्क्षेप* उपशीर्षक लेखमा माधवीमा प्रयोग भएका विविध शव्द र वाक्यबारे चर्चा गरिएको छ ।

*उमानाथ सिन्धुलीय र उनको मकवानी बाला महाकाव्य संक्षिप्त समीक्षण* उपशीर्षक अन्तर्गत रहेर गौतमले उमानाथ सिन्धुलीयको संक्षिप्त चिनारी दिँदै उनको लेखकीय प्रवृत्ति मकवानी बालामा पाइने विषयवस्तुगत विविधताको चित्रण गरेका छन् ।

*एब्स्ट्रयाक चिन्तन प्याज जीवनको एब्स्ट्रयाक र चित्रणका सन्दर्भमा* उपशीर्षक अर्को लेखमा शङ्कर लामिछानेको लेखकीय धार र एब्स्ट्रयाक चिन्तनप्याजमा पाइने जीवनवादी दार्शनिक चिन्तनको विश्लेषण गरेका छन् ।

*बैरागी काइँला र उनको पर्वत कवितामा मिथकीय प्रयुक्ति* उपशीर्षक लेखमा बैरागी काइँलाको लेखकीय प्रवृत्ति र *पर्वत* कवितामा पाइने मिथकीय सन्दर्भको मिथकीय व्याख्या गरेका छन् ।

*माधव घिमिरेको वैशाख कवितामा लोकजीवनको अभिव्यक्ति* उपशीर्षक लेखमा माधव घिमिरेमा निहित स्वच्छन्दतावादी काव्यचेतको चित्रण गर्दै बैशाख कविताले बोकेको प्राकृतिक सांस्कृतिक परिवेश एवम् सेरेफेरोको चित्रण गर्नु गौतमको यस लेखको विशेष पक्ष हो ।

*इन्द्रवहादुर राईको त्यसरी बाँचेको छ त्यसरी नै कथाको वस्तुविश्लेषण र शैली विश्लेषण* उपशीर्षक लेखमा इन्दबहादुर राईको प्रवृत्तिगत संक्षिप्त चिनारी, त्यसरी बाँचेको छ त्यसरी नै कथाले प्रस्तुत गरेको मानवीय मनोदशाको व्याख्या, त्यसको कथानक ढाँचा, पद्धति, अर्थ सापेक्षता, दृष्टिविन्दुका आधारमा कथाको विश्लेषण गर्दै निष्कर्षात्मक टिप्पणी प्रस्तुत गरिएको छ ।

*परालको आगोमा सामजिक सन्दर्भ* शीर्षक लेखमा गुरूप्रसाद मैनालीको परिचय उनका कथागत विशेषता र त्यसमा चित्रित सामाजिक जीवनप्रणाली, ग्रामीण जीवनमा पाइने हाँसो, खुसी, सुख, दु:ख मनमुटाव, आत्मीयता आदि ग्रामीण भेग लक्षित सामाजिक परिवेश खोज्ने काम गौतमले यस लेखमा गरेका छन् ।

*भैरव अर्याल र केशवराज पिँडालीका हाँस्यव्यङ्ग्य प्रवृत्ति* शीर्षकमा नेपाली हाँस्यब्यङ्ग्य साहित्य र विशेषतः अर्याल र पिँडालीका निबन्धमा पाइने हास्यव्यङ्ग्यात्मक प्रवृत्ति र त्यही प्रवृत्तिमा आधारित भएर अर्याल र पिँडालीले पुऱ्याएको योगदानबारे पनि तुलनात्मक दृष्टि प्रस्तुत गरिएको छ । त्यसक्रममा प्रवृत्तिगत र भाषिक प्रयोगका दृष्टिले उनीहरूका निबन्धको तुलनात्मक अध्ययन प्रस्तुत गरिएको छ ।

*ज्वरसमना प्रकृति कविताको वस्तुविन्यास* उपशीर्षक लेखमा लक्ष्मणप्रसाद गौतमले ज्वरसमना प्रकृति कविताको विश्लेषण गरेका छन् । त्यसमा कविताको शीर्षकीकरण, अन्तर्वस्तु, प्राकृतिक जीवनदृष्टि र रूपगन शिल्पविधानगत र भावगत विश्लेषण पनि गौतमको यस लेखका विषयवस्तु बनेका छन् ।

*समकालीन नेपाली कविताका नवनव रूप र प्रवृत्ति* उपशीर्षकमा गौतमले नेपाली कवितामा वि.सं. २०३६ पछि देखिएका नवनव प्रवृत्तिको चर्चा गरेका छन् ।

*समसामयिक छन्दोबद्ध गीत गजलः एक सर्वेक्षण* उपशीर्षकमा छन्दोबद्ध कविताको विधागत चिनारीका साथै समकालीन नेपाली साहित्यमा देखिएका गीत गजल र छन्दोबद्ध कविताका विषयवस्तुगत विविधता र तीनका स्रष्टाबारे गौतमले चर्चा गरेका छन् ।

*पौराणिक मिथकमा समकालीन चेतनाको प्रतिरूपः अश्वत्थामा* उपशीर्षकमा माधव घिमिरेको अश्वत्थामा गीति नाटकमा पाइने पौराणिक मिथक र त्यसको सामाजिक प्रभाव अश्वत्थमाको अन्तर्वस्तुबारे गौतमले चर्चा गरेका छन् ।

यस कृतिमा सङ्कलित रचनाहरूमध्ये अन्तिम समालोचनाका रूपमा रहेको *मोहन कोइरालाको गङ्गा प्रवास : एक संक्षिप्त अवलोकन* उपशीर्षक लेखमा मोहन कोइरालाको कवितात्मक प्रवृत्ति केलाउनुका साथै तत्त्वगत आधारमा मोहन कोइरालाको **गङ्गाप्रवास** लामो कविताको विश्लेषण गरेका छन् । यसरी सान्दर्भिक समालोचनाको विषयवस्तुको गर्भमा अन्य विविध कृतिले स्थान पाएका छन् ।

### ५.६.३.३ मूलभाव र विचार

लक्ष्मणप्रसाद गौतमको **सान्दर्भिक समालोचना** कृति फुटकर समालोचनात्मक कृतिहरूको सङ्गालो हो । काव्य र कविता, कथा र उपन्यास तथा निबन्ध विषयमा गरिएका अध्ययनहरू नै सान्दर्भिक समालोचनामा प्रतिस्थापित विषय हुन् । यी समालोचनाहरू

मार्फत बोकेको युगीन प्रभाव सांस्कृतिकता, स्थानीय प्रभाव एवम् शिल्पलाई उचित विश्लेषण गर्दै वस्तुगतता प्रदान गर्ने कार्यमा गौतमले महत्त्वपूर्ण योगदान दिएका छन् । विभिन्न फुटकर लेखहरू मार्फत कृतिविश्लेषणलाई विषयवस्तु बनाउँदै त्यसको विश्लेषणमा पूर्णतः वस्तुगतता प्रदान गर्नु गौतमको यस कृतिमा निहित मूलभाव रहेको पाइन्छ ।

### ५.६.३.४ अन्तर्दृष्टि

हरेक कृतिको विश्लेषणलाई विस्तृतता प्रदान गर्दै त्यसको युगीन प्रभावप्रति दृष्टिप्रक्षेपण गर्ने गौतमले सान्दर्भिक समालोचना मार्फत विभिन्न कोणबाट कृतिहरूको विश्लेषण गरे पनि त्यसमा आफ्नो समालोचनात्मक वस्तुगतता, तटस्थता र मूल्याङ्कन क्षमतालाई प्रभावकारी रूपमा प्रस्तुत गरेका छन् । आफ्नो शीर्षक सम्बद्ध विषयवस्तुको विश्लेषणमा गौतमको दृष्टि पुगेको छ ।

### ५.६.३.५ समालोचनाप्रणाली

सान्दर्भिक समालोचनामा निहित विषयवस्तुले विभिन्न कृतिहरूलाई समेटेको छ । यसमा विभिन्न कृतिहरूको विश्लेषण गरिएको छ । यसमा सङ्कलित समालोचनाहरूमा विश्लेषणात्मक प्रभावपरक एवम् मूल्याङ्कनपरक समालोचनाप्रणालीको अवलम्बन गरिएको छ

### ५.६.३.६ निष्कर्ष

निष्कर्षतः **सान्दर्भिक समालोचना** लक्ष्मणप्रसाद गौतमका फुटकर समालोचनाहरूको सङ्गालो हो । यसमा गौतमले नाटकबाहेकका अन्य सबै साहित्यिक विधाका कृतिहरूको विश्लेषण गरेका छन् । सामयिक, सान्दर्भिक र प्रयोजनपरक दृष्टिले प्रकाशित यी समालोचनाहरूले यसको शीर्षकलाई पनि सार्थक बनाएकै छन् तथापि फुटकर कृतिको सङ्गालो भएका कारण यसका विषयवस्तु छरपष्टै छँदैछन्, विधागत रूपमा खण्ड खण्डमा बाँडिएको भए यो कृतिले अझै व्यवस्थित आकार ग्रहण गर्ने थियो ।

### ५.६.४ समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण कृतिको विश्लेष्ण

**समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण** लक्ष्मणप्रसाद गौतमको वि.सं. २०६० सालमा प्रकासित कृति हो । यहाँ यस कृतिलाई विषयप्रवेश, विषयवस्तु, मूलभाव र विचार, अन्तर्दृष्टि, समालोचनाप्रणाली र निष्कर्ष सात वटा तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

### ५.६.४.१ विषय प्रवेश

**समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण** लक्ष्मणप्रसाद गौतमको नेपाली कविता विधासँग सम्बन्धित समालोचनात्मक कृति हो । २०६० सालमा साभा प्रकाशनबाट प्रकाशित यस कृतिले बिम्बलाई केन्द्रबिन्दु बनाएर कविताको विस्तृत अवलोकन गरेको छ । उल्लिखित उपकरणकै आधारमा यहाँ समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण कृतिको अध्ययन गरिन्छ ।

### ५.६.४.२ विषयवस्तु

समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण लक्ष्मणप्रसाद गौतमको लेखनलाई दोस्रो चरणमा पुऱ्याउने महत्त्वपूर्ण कृति हो । यस कृतिको विषयवस्तुले बिम्बको सैद्धान्तिक अवधारणा केलाउँदै समकालीन कवितामा बिम्बको प्रयोगबारे चर्चा गरेको छ । पूर्वीय साहित्यमा बिम्बको व्याख्या अलङ्कारको सापेक्षतामा बिम्बको चर्चा पश्चिमी बिम्बवादीहरूका अवधारणासँग सम्बन्धित विविध पक्षहरूलाई यस कृतिको विषयवस्तुका रूपमा समेटिएको छ । नेपाली साहित्य समालोचनामा भएका बिम्बसम्बन्धी अध्ययन विश्लेषणमा यो कृतिले समेटेका विषयवस्तुको गहन स्थान छ । यो कृति नेपाली कविता परम्परामा आजसम्मकै सशक्त प्रभावशाली अनुसन्धानयुक्त गहन विश्लेषणमूलक तथा आधिकारिक ग्रन्थ मानिएको छ ।[१२१]

१२१. **डुण्डिराज पौडेल,** पूर्ववत पृष्ठ १२९ ।

यस कृतिको पहिलो परिच्छेदमा बिम्बको परिचय पूर्वीय र पाश्चात्य विद्वान्हरूका बिम्बसम्बन्धी अवधारणाहरू प्रस्तुत गरिएको छ । कलरिज, एज्रा पाउण्ड र टि इ ह्युम लगायत विद्वान्का बिम्बसम्बन्धी अवधारणाहरू केलाउँदै निष्कर्षात्मक टिप्पणी प्रस्तुत गरिएको छ । हिन्दी साहित्यका विद्वान्हरूका अवधारणाहरूको चर्चा गर्दै नेपाली साहित्यमा विम्बलाई चिनाउन गरिएका प्रयासहरूबारे पनि चर्चा गरिएको छ । बिम्ब के हो ? भन्ने जिज्ञासाको तुष्टिका लागि खोजी गर्ने विद्वान्का निष्कर्षात्मक टिप्पणीलाई गौतमले यस कृतिको प्रारम्भिक भागमा समेटेका छन् । बिम्बबाद कहिले र कसरी विकसित भयो र यसको विकास कहाँबाट भयो भन्ने प्रश्नको उत्तर खोज्दै गौतमले बिम्बको प्रथम प्रयोग फ्रान्सबाट भएको र यसका प्रयोगकर्ता टि.इ. ह्युल्मे रहेको उल्लेख गरेका छन् । बिम्बबादको विकासमा एज्रा पाउण्ड, टि.एस. इलियट लगायतको योगदानबारे पनि गौतमले चर्चा गरेका छन् । बिम्ब के हो भन्ने जिज्ञासाको तुष्टिसँगै यो कति प्रकारको हुन्छ भन्ने प्रश्नको उत्तर खोज्ने कार्य पनि गौतमले यस कृतिमा गरेका छन् । विभिन्न आधारमा बिम्बको वर्गीकरण गर्दै तिनीहरूको चिनारी गराउने कार्यमा गौतमले गरेको कार्य महत्त्वपूर्ण छ । पूर्वीय साहित्यमा बिम्बको प्रयोग, बिम्ब र अलङ्कारका समानता भिन्नता र नेपाली कवितामा प्रयोग, बिम्ब र अलङ्कारका समानता भिन्नता र नेपाली कवितामा प्रयोग भएका बिम्बलाई उदाहरणसहित प्रस्तुत गरिएको छ ।

यस कृतिको दोस्रो परिच्छेद बिम्बसँग अन्य तत्त्वको तुलनासँग सम्बन्धित छ । बिम्ब र प्रतीक, बिम्ब र मिथक बिम्ब र रूपक बिम्ब र उपमाबीचको समानता भिन्नता केलाउने विषयसँग सम्बन्धित छ । यसक्रममा बिम्ब र प्रतीक कसरी छुट्टिन्छन्, यिनका निजी विशेषता के हुन् र कवितामा कसरी प्रायोजित हुन्छन् भन्ने जस्ता प्रश्नलाई कवितात्मक उदाहरण सहित निराकरण गर्ने प्रयत्न गरिएको छ ।

*समकालीन नेपाली कवितामा बिम्बविधान* उपशीर्षकको तेस्रो परिच्छेदमा बिम्बबारे विस्तृत चर्चा गरिएको छ । यसक्रममा समकालीनता भनेको के हो ? यसको तात्पर्य र अर्थबारे स्पष्ट्याउने कार्य गरिएको छ । नेपाली कवितामा समकालीनता भनेर छुट्याउने पाटाका रूपमा वि.सं. २०३६ लाई आधार बिन्दु बनाउँदै समकालीनताबारे स्पष्टता ल्याउने प्रयत्न गरिएको छ । वि.सं. २०३६ सालपछिका कविताले बोकेका बिषयवस्तु र तीनका प्रवृत्तिबारे चर्चा गर्ने कार्य गौतमले गरेका छन् । नेपाली साहित्यमा बिम्ब विधानको

सूत्रपातको सन्दर्भ आदिकवि भानुभक्त आचार्यका कविता देखिनै प्रयोग हुँदै आएका विविध बिम्बलाई उदाहरण सहित गौतमले प्रस्तुत गरेका छन् । भानुभक्त, मोतिराम र लेखनाथ पौड्यालका कवितामा प्रयोग भएका विविध बिम्बलाई नै नेपाली कविताका बिम्बप्रयोगको प्रमाण मान्न सकिन्छ भने कुरा गौतमले स्पष्ट गरिदिएका छन् । त्यसैगरी भवानी भिक्षु, भिमनीधि तिवारी, भूपी, गोपालप्रसाद रिमाल, केदारमान व्यथित, मोहन कोइराला, मदन रेग्मी, मोहन हिंमांसु थापा, बैरागी काइला, ईश्वरवल्लभ लगायतका कवि र तिनका कवितामा पाइने बिम्बप्रयोगका नमूनालाई उदाहरणसहित प्रस्तुत गरेका छन् । अनि प्रमुख कविहरूका कवितालाई लिएर विम्बको विश्लेषण गरेका छन् । लक्ष्मणप्रसाद गौतमले बिम्बको विश्लेषणका क्रममा प्राकृतिक, भौतिक, मानसिक, शारीरिक लगायतका नेपाली कविताको समकालीनतामा प्रयुक्त विविध बिम्बहरूको उल्लेख गरेका छन् । वि.सं. २०३६ पछि नेपाली कवितामा प्रयोग भएका विविध विम्बको विश्लेषणमै यस कृतिको विषयवस्तु अडिएको छ । त्यसैले यो कृति भन्नु नै यस कृतिको तेस्रो परिच्छेद रहेको स्पष्ट छ । यसको उपसंहारका रूपमा रहेको चौथो परिच्छेदले विभिन्न विद्वान्ले प्रस्तुत गरेका बिम्बसँग सम्बन्धित परिभाषाहरूलई प्रस्तुत गरेको छ । बिम्ब के हो भन्ने सन्दर्भमा विभिन्न पूर्वीय तथा पाश्चात्य विद्वान्का अवधारणालाई प्रस्तुत गर्दै निष्कर्षात्मक टिप्पणी प्रदान गर्ने कार्यमा यसको चौथो परिच्छेद स्थापित भएको छ ।

### ५.६.४.३ मूलभाव र विचार

**समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण** कृतिमा लक्ष्मणप्रसाद गौतमले महत्त्वपूर्ण भाव विचार एवम् धारणा र मान्यतालाई प्रस्तुत गरेका छन् । बिम्बको मूलभूत वर्गीकरण, पूर्वीय एवम् पाश्चात्य अवधारणाहरूको व्याख्यालाई सैद्धान्तिकीकरण सहित आफ्ना भावलाई व्यक्त गर्ने कार्य गौतमले यस कृतिमा गरेका छन् । पूर्वीय अलङ्कार र पाश्चात्य बिम्बको तुलनात्मक अध्ययनलाई अगाडि सार्दै बिम्बबारे विस्तृत रूपमा विश्लेषण गर्ने धारणा गौतमको रहेको पाइन्छ । समकालीन कवितालाई बिम्बीय कोणबाट व्याख्या नगरेसम्म त्यसले पूर्णता नपाउने उनको विचार रहेको स्पष्ट छ ।

### ५.६.४.४ अन्तर्दृष्टि

उन्नाइसौं शदीको झण्डै सातौं दशकतिर पाश्चात्य साहित्यमा विकसित बिम्बको अवधारणालाई पूर्वीय साहित्यको अलङ्कार सिद्धान्तका सापेक्षतामा विश्लेषण गर्ने कार्य नै गौतममा निहित समलोचकीय अन्तर्दृष्टि हो । त्यसैले पूर्वीय साहित्यसिद्धान्त र पाश्चात्य साहित्य सिद्धान्तलाई जोड्ने सेतुमय अन्तर्दृष्टि गौतममा विकसित रहेको पाइन्छ । नेपाली साहित्यमा बिम्बको सैद्धान्तिक अवधारणालाई प्रयोगिक रूप दिने कार्यमा उनले सूक्ष्मदृष्टि अङ्गालेका छन् । उनले गरेको समकालीन नेपाली कविताहरूको बिम्बमय व्याख्या पनि सूक्ष्म अन्तर्दृष्टि कै उपज हो । त्यसैले समकालीन नेपाली कवितामा निहित विषयवस्तुको तटस्थ वस्तुपरक र सूक्ष्म निरीक्षण क्षमता र भाषागत परिष्कृतताका कारण यस कृतिलाई विभिन्न विद्वान्ले प्रथम पङ्तीको अब्बल दर्जाको स्थान प्रदान गरेका छन् । त्यसैले लक्ष्मणप्रसाद गौतमको विषयवस्तुगत दृष्टिप्रक्षेपणका कोणबाट यो कृति उत्कृष्टमा दहरिन पुगेको देखिन्छ ।

### ५.६.४.५ समालोचनाप्रणाली

समकालीन नेपाली कविताको विम्बपरक विश्लेषणले आफूलाई प्रायोगिक समालोचनाको दर्जामा उभ्याएको छ । त्यसको पहिलो परिच्छेदमा अन्य तत्त्वसँग यसको सम्बन्ध केलाइएको छ । यस क्रममा यस कृतिले पूर्णतया सैद्धान्तिक समालोचनाप्रणालीको अवलम्बन गरेको छ । यसको तेस्रो परिच्छेदमा भने समकालीन नेपाली कवितामा रहेको बिम्बको विश्लेषण प्रस्तुत गरिएको छ र यस क्रममा विस्तृत व्याख्या प्रणालीको अवलम्बन गरिएको छ । निष्कर्षतः समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषणले सैद्धान्तिक समालोचनाप्रणालीका साथै अनुसन्धानात्मक प्रविधि आत्मसात् गरेको स्पष्ट छ ।

### ५.६.४.६ निष्कर्ष

समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण लक्ष्मणप्रसाद गौतमको कविता विधासँग सम्बन्धित कृति हो । नेपाली कविताको समसामयिक धारामा अत्यधिक प्रयोग र चर्चामा रहेको बिम्बसँग सम्बन्धित रहेर विस्तृत अध्ययन यस कृतिमा गरिएको छ ।

पाश्चात्य साहित्यमा उन्नाइसौ शदीको सातौं दशकतिर देखिएको बिम्बले नेपाली साहित्यमा प्रवेश गरेपछि यसबारे विस्तृत खोजीकार्य यसै कृतिमार्फत प्रस्तुत भएको देखिन्छ । पूर्वीय अर्थालङ्कार र पाश्चात्य इमेजका सापेक्षतामा बिम्बलाई चिनाउनु गौतमको उद्देश्य रहेको पाइन्छ । विभिन्न अलङ्कारसँग बिम्बको तुलनात्मक अध्ययन, विभिन्न विद्वान्का विम्बबादी अवधारणा र निष्कर्षात्मक टिप्पणी दिँदै आफ्ना धारणा व्यक्त गर्ने कार्य पनि गौतमले गरेका छन् । बिम्बजस्तो जटिल विषयलाई सरल भाषामा प्रस्तुत गर्दै पाठकप्रति झुकाव राख्नु गौतमका सबल पक्ष हुन् । कविताको अध्ययनमा विम्बलाई मात्र महत्त्व दिएर अन्य तत्त्वलाई कम आँक्ने कार्य लगायत यस कृतिमा गौतमका केही सीमा पनि रहेकै छन् । विम्बकै अवधारणाबाट मात्रै कवितालाई विश्लेषण गर्ने कार्यले अन्य तत्त्वलाई वर्जित गरेझैं प्रतीत यहाँ भएको पाइन्छ । यसको चौथो परिच्छेदले विभिन्न परिभाषालाई समेटेर निम्त्याएको संरचनागत शिथिलता यस कृतिको अर्को सीमा हो । त्यसैगरी वि.सं. २०३६ पछि नेपाली साहित्यको समसामयिक धाराको सूत्रपातका सन्दर्भमा पनि स्पष्ट विचार राख्न नसक्नु यो कृतिको अर्को सीमा हो । यी केही सीमा देखिए पनि समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषणले नेपाली कविता समालोचनामा पुऱ्याएको योगदान महत्त्वपूर्ण छ ।

### ५.६.५ नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना कृतिको विश्लेषण

**नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना** लक्ष्मणप्रसाद गौतमको वि.सं. २०६६ सालमा प्रकासित कृति हो । यहाँ यस कृतिलाई विषयप्रवेश, विषयवस्तु, मूलभाव र विचार, अन्तर्दृष्टि, समालोचनाप्रणाली र निष्कर्ष सात वटा तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

#### ५.६.५.१ विषय प्रवेश

नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना लक्ष्मणप्रसाद गौतमको समालोचनात्मक कृति हो । यस कृतिमा लक्ष्मणप्रसाद गौतमले नेपाली साहित्यका विभिन्न विधामा देखिएको उत्तरआधुनिक प्रवृत्तिमाथि चर्चा गरेका छन् । नेपाली साहित्यमा

उत्तरआधुनिक समालोचना चिन्तन वि.सं. २०३४ मा देखा परेको हो ।[१२२] यसको प्रारम्भ इन्द्रबहादुर राईको भ्रान्तिहरू र लीला लेखनमात्र (रूपरेखा २०३४बाट) भएको मानिन्छ । नेपाली साहित्यमा उत्तरआधुनिक समालोचनाको वकालत गर्ने धेरै स्रष्टाहरू छन् र उनका कृतिहरूले उत्तरआधुनिकताको बारेमा विविध चर्चा परिचर्चा गरेका छन् । तिनै स्रष्टाहरूमध्ये लक्ष्मणप्रसाद गौतम एक रहेका छन् । यहाँ उनको नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना कृतिको विश्लेषण गरिन्छ ।

## ५.६.५.२ विषयवस्तु

नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना कृतिको विषयवस्तुले नेपाली साहित्यमा देखिएको समग्र उत्तरआधुनिक प्रवृत्तिलाई समेट्ने काम गरेको छ । यस कृतिमा उत्तरआधुनिक समालोचनाको प्रारम्भदेखि वर्तमानसम्मका प्राप्तिहरूलाई लेखाजोखा गर्ने कार्य गरिएको छ । विश्वमा उत्तरआधुनिकताको सूत्रपात कहिले भयो ? यसको पृष्ठभूमि के कस्तो रहेको छ जस्ता विषयको चर्चा गौतमले यस कृतिमा गरेका छन् । विश्वका हरेक क्षेत्रमा देखिएको उत्तरआधुनिक परिवेशले गरेको नवीन सोचको विकास र त्यसका कारक तत्त्वहरूबारे पनि यहाँ प्रकाश पारिएको छ । आधुनिकता, उत्तरआधुनिकता र समकालीनता बीचमा देखिएका समानता र भिन्नताबारे पनि गौतमले प्रकाश पारेका छन् ।

पाश्चात्य साहित्यबाट विकसित क्रिटिसिज्म शब्द र यसको व्युत्पत्तिबारे चर्चा गर्दै नेपालीमा प्रचलित समालोचना शब्दको समानार्थीका रूपमा यसको परिचर्चा यस कृतिका विषयवस्तु बनेका छन् । उत्तरआधुनिकताको नेपाली साहित्यमा प्रयोग र प्रभाव यसका अन्यान्य छाता सङ्गठनहरूबारे प्रकाश पार्ने कार्यका साथ विस्तृत विश्लेषण यहाँ प्रस्तुत गरिएको छ । सन् १९६० पछि विश्वसाहित्यमा देखिएको उत्तरआधुनिक साहित्य र समालोचनाको आफ्नै सिद्धान्त र मान्यताहरू रहेका छन् । यस्ता सिद्धान्तहरूलाई पनि गौतमले उल्लेख गरेका छन् । परोक्ष यथार्थ, अधियथार्थ, मायिक यथार्थ, सन्दिग्धता सिद्धान्त, अभिघात सिद्धान्त, जनजातीय अध्ययन सिद्धान्त, डायस्पोरिक लेखन, वातावरणीय समालोचनालाई उत्तरआधुनिकता सिद्धान्तका रूपमा गौतमले चर्चा गरेका छन् । यी

---

१२२. सुकुम शर्मा, *नेपाली साहित्यमा उत्तरआधुनिक भ्रम विरुद्ध मार्क्सवादी चिन्तन,* **भृकुटी** उत्तरआधुनिक समालोचना, विशेषाङ्क, काठमान्डौ, भृकुटी एकेडेमिक पब्लिकेशन, २०६७, पृष्ठ ४४९ ।

सिद्धान्तको व्युत्पत्ति र अर्थ प्रतिपादनका साथमा विस्तृत व्याख्या विश्लेषण गर्ने कार्य पनि यस कृतिमा भएकै छ । नेपाली साहित्यमा उत्तर आधुनिक समालोचनाको प्रवेशमा इन्द्रबहादुर राईको उल्लेखनीय स्थान रहेको पाइन्छ । उनले उत्तरआधुनिकतालाई नेपालीकरण गर्दै लीला लेखनको सूत्रपात गरे । उनले उत्तरआधुनिकतालाई चिनाउन गरेको महत्त्वपूर्ण कार्यको चर्चा र अन्य विविध स्रष्टाद्वारा उत्तरआधुनिक नेपाली समालोचनालाई चिनाउन गरिएका परिभाषाहरूलाई पनि गौतमले प्रस्तुत गरेका छन् । उत्तरआधुनिक समालोचनाको विश्लेषणका क्रममा मार्क्सवादसँग यसको तुलना, मार्क्सवाद विनिर्माणबाद र पाठकीय अनुक्रियापरक समालोचनाको तुलना, मार्क्सवाद र बिनिर्माणबाद एवम् लीलालेखन, नारीवाद र मार्क्सवाद, मार्क्सवाद एवम् उत्तर आधुनिकता भित्रको अन्तर्विरोध जस्ता विषयवस्तुलाई गौतमले यस कृतिमा समेटेका छन् । प्रायोगिक समालोचनाको चर्चा, आधुनिकता र उत्तरसंरचनावाद एवम् बिनिर्माणणवादप्रतिको दृष्टिकोण साथै विभिन्न स्रष्टाका समालोचनात्मक कृतिमा पाइने उत्तरआधुनिक प्रवृत्ति खोज्ने कार्य यहाँ भएको छ । कृतिविश्लेषणका उत्तर आधुनिक आधारहरू, विभिन्न विधाहरूको उत्तरआधुनिक विश्लेषणको तरिका निरूपण गर्ने कार्यका साथै विस्तृत व्याख्या विश्लेषण गौतमले प्रस्तुत गरेका छन् । नेपाली समालोचनामा उत्तरआधुनिक शब्दको प्रयोगबारे चर्चा साथै नेपाली समालोचनामा योगदान पुऱ्याउने स्रष्टा र तिनका कृतिहरूबारे गौतमले विशेष चर्चा गरेका छन् । यसक्रममा इन्द्रबहादुर राईको **अर्थहरूको पछिल्तिर** (सन् १९९४) **पाश्चात्य काव्यशास्त्र-** अभि सुवेदी (२०५४) मोहनराज शर्माको **समकालीन समालोचना : सिद्धान्त र प्रयोग** (२०५५) कृष्ण गौतमका **रचनाको रोमाञ्च** (२०५६) **प्राच्य महाकाव्य** (२०५९) दयाराम श्रेष्ठको **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ** (२०५९) गोविन्दराज भट्टराईको **पश्चिमी बलैंसीका बाछिटा** (२०६१) राजेन्द्र सुवेदीको **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, नेत्र एटमको **समालोचनाको स्वरूप**, शान्तिराज शर्माको **नेपाली साहित्यको इतिहास : उत्तर आधुनिक प्रस्तुति** (सन् १९९७) मोहन वैद्य किरणको **उत्तर आधुनिकतावादी दर्शन : सङ्घर्षको दर्शन** (२०६३) पेम्पा तामाङ्को **आख्यानदेखि पराख्यानसम्म** (सन् २००५) ऋषिराज बरालको **साहित्य र समाज** (२०६४) मोहन बैद्यद्वारा लिखित **समीक्षा र सौन्दर्य** (२०६५) आदि र सैद्धान्तिक निरूपण शीर्षकमा केही अन्य समालोचना र अनुसन्धानबारे चर्चा गरिएको छ । उत्तर आधुनिक समालोचनाको विकासमा योगदान पुऱ्याउने पुस्तकाकार

कृतिका अतिरिक्त विविध फुटकर रचनाहरू ती रचनालाई प्रकाशित गर्ने पत्रपत्रिकाबारे र कार्यपत्रबारे पनि गौतमले चर्चा गरेका छन् । नेपाली साहित्यको उत्तरआधुनिक समालोचनामा पुस्तकाकार कृतिका अतिरिक्त विभिन्न पत्रिकाहरूको योगदान पनि अवश्यमेव रहेकै छ । त्यसैको लेखाजोखा गर्ने कार्य यहाँ गरिएको छ । नेपाली साहित्य यहाँसम्म विकसित हुनुमा पाश्चात्य साहित्यको जति योगदान छ पूर्वीय समीक्षा शास्त्रको योगदान पनि रहेकै पाइन्छ । समालोचना साथै त्यसको उत्तरआधुनिक रूपमा जोडिएका विविध विषय र पूर्वीय समीक्षाशास्त्रका प्रसङ्गहरूबारे गौतमले विशेष चर्चा गरेका छन् । उत्तरआधुनिक नेपाली समालोचनामा टेवा पुऱ्याउने उद्देश्यले लिखित नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना कृतिले उल्लिखित यिनै विविध विषयवस्तुलाई समेटेको पाइन्छ ।

### ५.६.५.३ मूलभाव र विचार

**नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना** कृतिले लक्ष्मणप्रसाद गौतममा निहीत उत्तरआधुनिकतावादी अवधारणा प्रस्तुत गरेको छ । उत्तर आधुनिकता के हो देखि लिएर उत्तरआधुनिकताको विकासका सन्दर्भहरूलाई केलाउने कार्यका साथ नेपाली साहित्यमा उत्तरआधुनिकताको आमन्त्रणबारे गौतमले आफ्ना मान्यतालाई प्रस्तुत गरेका छन् । यो कृति आजको महत्त्वपूर्ण विषयलाई उठाउने कृति हो र यसमा गौतमका आफ्नै धारणाहरू विकसित भएका छन् । नेपाली साहित्यमा देखिएको उत्तर आधुनिक सन्दर्भलाई हरेक विषय क्षेत्रका सापेक्षतामा केलाउन सकिन्छ भन्ने धारणा गौतमले प्रस्तुत गरेका छन् । पाश्चात्य उच्चाधुनिक साहित्य सिद्धान्तलाई पूर्वीय वाङ्मयका सापेक्षतामा विश्लेषण गर्न सकिने वैचारिक दृष्टि यस कृतिमा निहित गौतमीय विवेचनाको सबैभन्दा सबल पाटो हो ।

### ५.६.५.४ अन्तर्दृष्टि

पाश्चात्य साहित्यमा विकसित उत्तरआधुनिक समालोचनालाई पूर्वीय साहित्य सिद्धान्का सापेक्षतामा अध्ययन गर्न सक्ने दुरदर्शिता उत्तरआधुनिक समालोचनाका लक्ष्मणप्रसाद गौतममा भेट्न सकिन्छ । सैद्धान्तिक पाटोका साथै स्रष्टाका कृतिहरूको मूल्याङ्कनलाई पनि कोट्याउने गौतमको विश्लेषण क्षमता सूक्ष्म अन्तर्दृष्टियुक्त छ । यति

हुँदाहुँदै पनि केही समालोचकमाथि अति प्रसंशापरक समालोचकीय दृष्टि गौतमको यस कृतिको सीमा हो ।

### ५.६.५.५ समालोचनाप्रणाली

**नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना** समालोचनाहरूकै समालोचना भएका कारण यसमा सैद्धान्तिक व्याख्याका साथै त्यसलाई प्रायोगिक रूप दिने प्रयत्न गरिएको छ । उत्तर आधुनिकताको पूर्वीय, पाश्चात्य एवम् नेपाली सन्दर्भ, यसलाई चिनाउन गरिएका विविध सैद्धान्तिक चर्चाहरूले यसमा सैद्धान्तिक समालोचनाप्रणाली रहेको स्पष्ट छ । उत्तरआधुनिक समालोचनामा नेपाली स्रष्टाहरूका कृतिहरूको व्याख्या विश्लेषणले गर्दा त्यही सिद्धान्तका आधारमा गरिएको हुँदा यसको प्रायोगिक पक्ष पनि सबल छ । तसर्थ नेपाली साहित्यमा उत्तरआधुनिक समालोचनाल सैद्धान्तिक समालोचनामा आधारित रहेर विस्तृत व्याख्या पद्धति अपनाएको छ ।

### ५.६.५.६ निष्कर्ष

निष्कर्षतः उत्तरआधुनिकता सम्बन्धी विस्तृत चिन्तन गरिएको लक्ष्मणप्रसाद गौतमको **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना** (२०६६) ले विश्वसाहित्यमा रहेको उत्तरआधुनिक प्रवृत्तिको उल्लेख गर्दै नेपाली साहित्यमा देखिएको उत्तरआधुनिक प्रवृत्तिमाथि विशेष चर्चा गरेको छ । विश्व साहित्यमा उत्तरआधुनिकताको आगमन नेपाली साहित्यमा यसको प्रभावको विस्तृत चर्चा यस कृतिमा गरिएको छ । यस कृतिले उत्तर आधुनिक नेपाली समालोचनाको विकासमा एक खुट्किलोको काम गरे पनि यसमा केही सीमाहरू अवश्य छन् । यस्ता समस्याहरूमा नेपाली स्रष्टा र समालोचकबारे फितलो मूल्याङ्कन प्रणाली अपनाउनु, सन्दर्भपरक व्याख्या र प्रसंशापरक वर्णनको अधिकता हुनु यसका सीमा हुन् । यस्ता केही समस्या भए पनि उत्तरआधुनिक नेपाली समालोचनाको विकासमा यो कृतिको उच्च मूल्य रहेको छ ।

## ५.६.६ समकालीन नेपाली कविताका प्रवृत्ति कृतिको विश्लेषण

**समकालीन नेपाली कविताका प्रवृत्ति** लक्ष्मणप्रसाद गौतमको वि.सं. २०६६ सालमा प्रकासित कृति हो । यहाँ यस कृतिलाई विषयप्रवेश, विषयवस्तु, मूलभाव र विचार, अन्तर्दृष्टि, समालोचनाप्रणाली र निष्कर्ष सात वटा तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

### ५.६.६.१ विषय प्रवेश

समकालीन नेपाली कविता भन्नाले हालको, वर्तमानको र आजको कविता भन्ने बुझिन्छ । नेपाली कवितामा वि.सं. २०४० को दशकदेखि सूत्रपात भएको नयाँ मोड एवम् प्रवृत्तिलाई समसामयिक धारा भनिएको पाइन्छ । यसै धारामा आधारित रहेर लेखिएको लक्ष्मणप्रसाद गौतमको **समकालीन नेपाली कविताका प्रवृत्ति** (२०६६) ले नेपाली कविताको वर्तमान विशेषता, प्राप्ति र सीमाबारे विस्तृत विश्लेषण प्रस्तुत गरेको छ । यसभित्रका विषयवस्तुहरू र यसले देखाएको नेपाली कविताको भविष्यबारे यहाँ चर्चा गरिन्छ ।

### ५.६.६.२ विषयवस्तु

समकालीन नेपाली कविताका प्रवृत्ति लक्ष्मणप्रसाद गौतमको नेपाली कविताको विश्लेषणसँग सम्बन्धित अनुसन्धानात्मक समालोचना हो । यस समालोचनाले नेपाली कविताको संक्षिप्त रेखाङ्कन प्रस्तुत गर्दै समकालीन नेपाली कविताको व्यापक विश्लेषण गरेको छ । यसको विषयवस्तु नेपाली कविताको पृष्ठभूमि विकासक्रमदेखि लिएर समकालीन कविता र तिनका स्रष्टा र प्रवृत्तिमा आधारित छ । यिनै आधारहरू माथि विवेचना गर्नु यसको उद्देश्य हो ।

यसको पहिलो परिच्छेद कविताको सैद्धान्तिक व्याख्या विश्लेषणसँग सम्बन्धित छ । त्यसैगरी नेपाली कविताको विकासक्रम र कालविभाजनलाई पनि यो खण्डमा समेटिएको छ । काव्य शब्दको व्युत्पत्ति कसरी भयो ? पोयम शब्दको चर्चा, उद्भव र विकास, त्यसबारेका परिभाषाको विश्लेषण, कविताका विविध रूप र त्यसको परिभाषाको विश्लेषण साथै कविताको काल विभाजनलाई पनि गौतमले यहाँ प्रस्तुत गरेका छन् । नेपाली कविताको कालविभाजनमा पनि विद्वान्हरूका आफ्नै मत रहेका पाइन्छन्, गौतमले पनि

काल विभाजनका सम्बन्धमा आफ्नो मत प्रकट गरेका छन् । उनले सुरुदेखि वि.सं. १९४० सम्म प्राथमिक काल, वि.सं. १९४१ देखि माध्यमिक काल र वि.सं. १९९१ देखि आधुनिककाल मानेको पाइन्छ । लेखनाथलाई माध्यमिककालीन कवि मान्ने जमातमा उनको पनि समर्थन रहेको छ । वि.सं. २०३६ सालबाट मात्र समसामयिक घाराको सूत्रपात भएको मान्ने गौतमले सडक कविता क्रान्तिलाई नेपाली साहित्यको निर्णायक विन्दू मानेका छन् । यसरी कविताको सैद्धान्तिक विमर्श र कालविभाजन यस परिच्छेदका विषयवस्तु रहेका छन् ।

समकालीन कविताका प्रवृत्तिको दोस्रो परिच्छेदमा आधुनिकताको सैद्धान्तिक स्वरूपबारे चर्चा गरिएको छ । आधुनिकताको तात्पर्य र अर्थबारे व्याख्या गर्दै आधुनिकता सम्बन्धी विद्वान्हरूका विभिन्न परिभाषाबारे निष्कर्षात्मक टिप्पणी प्रदान गरेका छन् । आधुनिकतावाद भनेको के हो र यस विषयमा व्यक्त भएका पाश्चात्य विद्वान्हरूका अवधारणा र यसमा रहेका विशेषताबारे पनि चर्चा गरिएको छ । समकालीनताप्रतिको विशेष चासोका कारण यससँग सम्बन्धित हरेक क्षेत्रबारे विद्वान्का धारणाहरूको चर्चा परिचर्चा गौतमले यस खण्डमा प्रस्तुत गरेका छन् ।

समकालीनताको सैद्धान्तिक स्वरूपको चर्चा, त्यसको तात्पर्य, अर्थ, समसामयिकता र समकालीनता बीचका भिन्नता तिनीहरूका पूर्वीय पाश्चात्य सन्दर्भका कोशीय अर्थहरूबारे पनि गौतमले चर्चा गरेका छन् । समकालीनताका विविध प्रायोगिक अर्थहरू, उत्तरआधुनिकतासँग यसको तुलना बारेको चर्चा गौतमले यसको तेस्रो परिच्छेदमा गरेका छन् । त्यसैगरी पाश्चात्य समकालीन कविहरूको चर्चा, समकालीन पाश्चात्य सम्प्रदायहरू, पाश्चात्य साहित्यमा देखिएका समकालीन कविताका विशेषता केलाउने काम पनि यहाँ गरिएको छ ।

यसको चौथो परिच्छेदमा नेपाली कवितामा वि.सं. २०३६ पछिको कविता साहित्यलाई समकालीनताको कोटीमा राखेर व्याख्या गर्दै नेपाली कविता विधाबाटै समकालीनताको सूत्रपात भएको उल्लेख छ । त्यस धाराको आगमनमा कारक सिद्ध भएको राजनैतिक पृष्ठभूमि, सामाजिक आर्थिक र साहित्यिक क्षेत्रका विकासमा योगदान पुऱ्याउने विविध आन्दोलनको चर्चा गरिएको छ । त्यसपछि समकालीन नेपाली कविताको कालविभाजनमा देखिएका मतमतान्तरको चर्चा गर्दै समकालीनताको समय निर्धारण गरिएको छ । समकालीनता सम्बन्धी विद्वान्का अवाधारणाहरू क्रमिक रूपमा प्रस्तुत गर्दै नामाङ्कन र सीमाङ्कन सम्बन्धी मतमतान्तरको व्याख्या, समकालीनताको निर्धारण,

जनमतसङ्ग्रह पछिको आमूल परिवर्तनको व्याख्या, समकालीन कविताका अभिलक्षणहरू र कविता विधामा आएको आमूल परिवर्तनको व्याख्या उदाहरणसहित व्यापक रूपमा गरिएको छ । समकालीन नेपाली कविताले समाजका विभिन्न विषयको व्याख्या गरेको पाइन्छ । तिनै कविताले समेटेका, राजनैतिक, सामाजिक, आर्थिक र वैयक्तिक पीडा, आक्रोश र व्यङ्ग्यलाई समकालीन नेपाली कविताले विषय बनाएको गौतमले उल्लेख गरेका छन् ।

समकालीन नेपाली कवितामा देखिएका विविध मोडहरू राजनैतिक प्रभावको चित्रण गर्दै समकालीन नेपाली कवितामा देखिएका विविध आन्दोलनहरूको समेत चर्चा गरेका छन् । समकालीन नेपाली कविताका सबल र दुर्वल पक्षको समेत विश्लेषण यस परिच्छेदमा विषयवस्तुका रूपमा समेटिएका छन् ।

यसको पाँचौं परिच्छेदमा समकालीन नेपाली कविताको विश्लेषण प्रक्रियाको चर्चा गरिएको छ । यस क्रममा वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैलीय विन्यास आदिको व्याख्या गरिएको छ । साथै निष्कर्षात्मक टिप्पणी पनि प्रदान गरिएको छ ।

समकालीन नेपाली कविताको प्रवृत्तिको मूलपाठ सरह रहेको यसको छैठौं परिच्छेदले व्यापक विषयवस्तुलाई समेटेको छ । यसमा समकालीन कविताका प्रवृत्तिको मूल विषयको वस्तुविश्लेषण गरिएको छ । समकालीन कविताका विविध विषयहरूलाई समेट्ने कार्य यहाँ भएको छ । समाज र मानवजीवनसँग एवम् परिवेशसँग सम्बन्धित विविध विषयवस्तुलाई केलाउँदै कवितात्मक उदाहरण समेत गौतमले प्रस्तुत गरेका छन् । समकालीन नेपाली कविताले चित्रण गरेका विविधविषयहरूलाई गौतमले चर्चा गरेका छन् । यस्ता कविताहरूमा मानवीय विसङ्गत जीवनमा अस्तित्वको खोजी, मानवमूल्यको उपेक्षा, कुण्ठा, निराशा र हताशाको चित्रण, उदासीनता, वितृष्णा, अन्योलग्रस्त जीवन, खोक्रोपन र दिशाहीनता, मानवीय मूल्यहीनता आदि विषयवस्तु रहेको चर्चा गौतमले गरेका छन् । तत्कालीन समयमा देखिएको संवेदनहीन मानवीय अवस्थाको चित्रण, सशस्त्र द्वन्द्वको यथार्थ चित्रण द्वन्द्वबाट आक्रान्त मानसिकता, पीडाबोध, असुरक्षा, द्वन्द्वबाट सिर्जित सङ्कटापन्न परिस्थिति, द्वन्द्वको विरोध, युगीन राजनैतिक अवस्थाको चित्रण, युगीन शासनव्यवस्थाप्रतिको असन्तुष्टि, प्रजातन्त्रपछिको राजनैतिक अव्यवस्था, प्रजातन्त्रको मूल्यहीनता, नेताहरूको अदूरदर्शी नेतृत्वशैली, नेताहरूको दुष्चरित्रता आदि विषयको चित्रण पनि यहाँ प्रस्तुत गरिएको छ । गौतमले यस परिच्छेदमा वि.सं. २०३६ पछिको समग्र राजनैतिक अवस्थाको चित्रण गर्दै समसामयिकता यस समयका कवितामा विशेषरूपमा रहेको कुरा उल्लेख गरेका छन ।

पञ्चायतकालीन विकृतिको विरोध, मानवीय मूल्यहीनता, सत्तालिप्सा, विकृति र विसङ्गतिको चर्चा नेपाली जनतामा भरिएको आक्रोस र परिवर्तनमा जोड दिने प्रवृत्ति, प्रजातन्त्र प्राप्तिको चाहना, लोकतान्त्रिक गणतान्त्रिक चेतना, भ्रष्टाचार, दुराचार, नेताहरूको सुविधाभोगी प्रवृत्ति, युवाहरूको बढ्दो विदेश पलायनता, सामाजिक असमानता, युद्धजन्य पीडा, छुवाछुत प्रथा, वर्गविभेदको स्थिति, जस्ता विषयलाई उठाएका कविताहरू यस समयका कविहरूले सिर्जना गरेको उल्लेख पाइन्छ । यस समयका कविताले क्लिष्टतालाई वर्जन गर्दै सरलताको अनुशरण गर्ने महत्त्वपूर्ण कार्य गरेका छन् । यस्ता कवितामा कथ्यगत समानान्तरता, सांस्कृतिक चेतना, परावृत्तिय प्रस्तुति, सामुहिकताको अभिव्यक्ति, मानवाधिकारको प्रयोग, उत्तरआधुनिकताको प्रभाव जस्ता विषयवस्तुलाई समेटेको पाइन्छ । भूमण्डलीकरण र प्रविधिसँस्कृतिको प्रभाव, शहरिया यान्त्रिक परिवेशको चित्रण, पुराना केन्द्रको भञ्जन र नयाँ केन्द्रको स्थापना, अर्थको अनिर्धारण, नारीवादी चेतना र नारीवादी दृष्टिकोणा, लैङ्गीक चेतना, नारीपीडाबोध र पुरुषप्रधान समाजको विरोध, नारी अधिकारको खोजी, डायस्पोरिक पूर्खाको खोजी, समावेशी सङ्घात्मकताको आभिव्यक्ति जस्ता विषयवस्तु यस परिच्छेदमा समेटिएका छन् ।

यस कृतिको सातौं परिच्छेद समकालीन नेपाली कविताका विविध पक्षको विश्लेषण शीर्षकमा कवितामा सहभागी पात्रको व्याख्या, विविध कविताबाट उदाहरण लिएर प्रस्तुत गरिएको छ । त्यसैगरी कुनै पनि कवितालाई गन्तव्यमा पुऱ्याउने सहभागी पात्रको भूमिका अहम् हुने कुराको व्याख्या गर्दै कविता सिर्जनको उद्देश्यबारे पनि गौतमले प्रकाश पारेका छन् ।

यस कृतिको आठौं परिच्छेदमा समकालीन नेपाली कवितामा पाइने भाषाशैलीय विन्यासबारे चर्चा गरिएको छ । समकालीन कविताले वरण गरेको भाषाको व्याख्या, शब्द र वाक्यमा पाइने सरलता, अर्थमा रहेको सघनता, शैली, चयनगत विचलन, समानान्तरताको प्रयोग, प्रयुक्तिगत विविधता, बिम्ब प्रयोग प्रतीक प्रयोग, मानवेत्तर विषयको मानवीकरण, अलङ्कार, लय, छन्दको प्रयोगबारे चर्चा गरिएको छ ।

### ५.६.६.३ मूलभाव र विचार

समकालीनताबारे व्यापक चर्चा गर्दै कविताको समकालीन विषयवस्तुको व्याख्यालाई गौतमले यस कृतिमा व्यक्त गर्ने प्रयास गरेका छन् । समकालीनताको व्युत्पत्ति र अर्थ केलाउँदै नेपाली कविताको ऐतिहासिक रेखाङ्कनका सापेक्षतामा समकालीनता प्रतिका आफ्ना महत्त्वपूर्ण धारणा गौतमले यस कृतिमा प्रस्तुत गरेका छन् । विद्यावारिधि शोधग्रन्थका रूपमा रहेको गौतमको **समकालीन नेपाली कविताका प्रवृत्ति** कृतिमा उनले विषयवस्तुको सूक्ष्म निरीक्षण साथ विस्तृत विश्लेषण प्रस्तुत गर्दै समकालीनताप्रतिको आफ्नो विचार धारणा र मान्यतालाई स्पष्टताका साथ अघि सारेको पाइन्छ ।

### ५.६.६.४ अन्तर्दृष्टि

लक्ष्मणप्रसाद गौतमले समकालीन नेपाली कविताका प्रवृत्ति कृतिमा विषयवस्तुलाई अनुसन्धानात्मक पद्धतिमा ढालेर अध्ययन गरेका छन् । यस क्रममा गौतमले विषयको सूक्ष्म निरीक्षण, विश्लेषण र मूल्याङ्कन प्रस्तुत गरेका छन् । यस क्रममा उनले विस्तृतता, सूत्रात्मकता, सूक्ष्म निरीक्षण, वस्तुपरक समालोचनात्मक प्रवृत्ति र भाषाशैलीगत परिष्कृतताको अवलम्बन गर्दै आफूमा निहित समालोचकीय अन्तर्दृष्टियुक्त क्षमतालाई सवलता प्रदान गरेका छन् ।

### ५.६.६.५ समालोचनाप्रणाली

**समकालीन नेपाली कविताका प्रवृत्ति** लक्ष्मणप्रसाद गौतमको अन्वेषणात्मक समालोचना हो । विविध सामग्रीको सङ्कलन, परिमार्जन, विश्लेषण र मूल्याङ्कनमा आधारित यो कृति लक्ष्मणप्रसाद गौतमको विद्यावारिधिको शोध समालोचना पनि हो । कविताको सैद्धान्तिक विमर्शको व्याख्याका क्रममा सैद्धान्तिक समालोचनाप्रणालीको अवलम्बन गरिएको यस ग्रन्थमा सामग्रीलाई विश्लेषण गर्न विस्तृत अन्वेषणात्मक पद्धति अवलम्बन गरिएको छ । तसर्थ समकालीन नेपाली कविताका प्रवृत्तिमा सैद्धान्तिक प्रभावपरक एवम् मूल्याङ्कनपरक व्याख्यात्मक शोध अन्वेषणात्मक समालोचना पद्धति अवलम्बन गरिएको छ ।

### ५.६.६.६ निष्कर्ष

निष्कर्षतः **समकालीन नेपाली कविताका प्रवृत्ति** नामक लक्ष्मणप्रसाद गौतमको अनुसन्धानात्मक समालोचनाले कविता माथिको व्यापक रेखाङ्कन र मूल्याङ्कन प्रस्तुत गरेको छ । नेपाली कविताको विकासक्रमदेखि लिएर समकालीनता माथिको व्यापक चर्चा गर्ने काम गौतमले यस कृतिमा गरेका छन् । पूर्वीय काव्यमान्यता र पाश्चात्य पोयम मान्यताको विश्लेषण एवम् निष्कर्षात्मक टिप्पणी गौतमको यस कृतिमा प्रस्तुत गरिएको छ । समकालीनको तात्पर्य र अवधारणाको चर्चादेखि चरण विभाजन गर्दै चरणगत मूलभूत प्रवृत्तिको चर्चा गौतमले यहाँ प्रस्तुत गरेका छन् । यस कृतिका लक्ष्मणप्रसाद गौतमले वि.सं. १९९१ सालमा आधुनिकताको सूत्रपात भएको धारणा राख्दै लेखनाथलाई माध्यमिक कविको दर्जामा राखेका छन् । त्यसैगरी वि.सं. २०३६ सालबाट समकालीनताको सूत्रपात भएको कुरा उल्लेख गरेका छन् । लेखनाथलाई आधुनिक कवि नमानेर गौतमले न्याय गरे या अन्याय त्यो छुट्टै बहसको विषय होला तर त्यसको प्रष्ट कारण नदेखाई लेखनाथलाई माध्यमिक कविको दर्जामा राखिदिनु यस कृतिको त्रुटि हो । त्यसैगरी नेपाली कवितामा वि.सं. २०१८ वा वि.सं. २०२९ चाँहि के कारणले नयाँ मोड हुन सकेनन् र वि.सं. २०३६ साल चाहिँ कसरी नयाँ मोड बन्न पुग्यो भन्ने कुरामा पनि गौतमको कम ध्यान पुगेको छ । त्यसैले यसमा केही त्रुटिहरू अवश्य छन् तापनि नेपाली कविता समालोचनाको विकासमा यसले महत्त्वपूर्ण कार्य गरेको कुरा स्पष्ट छ ।

## ५.६.७ उत्तरवर्ती नेपाली समालोचना केही प्रतिरूप कृतिको विश्लेषण

**उत्तरवर्ती नेपाली समालोचना केही प्रतिरूप** लक्ष्मणप्रसाद गौतमको वि.सं. २०६८ सालमा प्रकासित कृति हो । यहाँ यस कृतिलाई विषयप्रवेश, विषयवस्तु, मूलभाव र विचार, अन्तर्दृष्टि, समालोचनाप्रणाली र निष्कर्ष सात वटा तत्त्वका आधारमा विश्लेषण  गरिएको छ ।

### ५.६.७.१ विषयप्रवेश

लक्ष्मणप्रसाद गौतमले नेपाली समालोचनाका विविध क्षेत्रमा आफ्नो कौशल प्रस्तुत गरिसकेका छन् । उत्तरवर्ती नेपाली समालोचना केही प्रतिरूप कृति लक्ष्मणप्रसाद गौतमका विविध समालोचनाहरूको सङ्ग्रह हो । यसमा रहेका समालोचनाहरू फुटकर रूपमा रहेका छन् । तीनै फुटकर समालोचनाहरूलाई सङ्ग्रहित गरेर प्रकाशित गरिएको हो यो कृति । यहाँ यसै कृतिको मूलभूत विषयवस्तुबारे चर्चा गरिएको छ ।

### ५.६.७.२ विषयवस्तु

**उत्तरवर्ती समालोचना : केही प्रतिरूप** कृतिमा रहेका विषयवस्तुले कविता/काव्य र आख्यान विधाका कृतिहरूको व्याख्या विश्लेषण र मूल्याङ्कन गर्ने कार्य गरेको छ । यस कृतिमा कविता खण्ड र आख्यान खण्ड गरी २ खण्ड रहेका छन् । पहिलो कविता खण्डमा नेपाली कविताको आधुनिकता सम्बन्धी मान्यताहरू विश्वसाहित्यमा कविता विधाको आधुनिक सन्दर्भको व्याख्या, विश्वसाहित्यमा कविता विधा विकासको आधार र एसियाली कविताको विकासबारे अति संक्षिप्त रेखाङ्कन प्रस्तुत गरिएको छ । नेपाली कविताको आधुनिककाललाई आमन्त्रण दिन योगदान दिने स्रष्टाहरू गोपालप्रसाद रिमाल र लक्ष्मीप्रसाद देवकोटाको योगदानको चर्चा पनि गौतमले यसमा गरेका छन् । उत्तरवर्ती नेपाली कविताका प्रवृत्ति नामको अर्को शीर्षकमा वि.सं. २०३६ सालपछि नेपाली कवितामा देखिएका विविध प्रवृत्ति राजनैतिक आन्दोलन र साहित्यिक कविता आन्दोलनहरूबारे चर्चा गरिएको छ । समकालीन नेपाली कवितामा उत्तरआधुनिक चेतना नामक अर्को शीर्षकले नेपाली कवितामा देखिएका समग्र उत्तरआधुनिक प्रवृत्तिहरूको चर्चा गरेको छ ।

*समकालीन नेपाली कविता : आन्दोलन, मान्यता र प्रयोग* नामक अर्को उपशीर्षकले समकालीन नेपाली राजनैतिक आन्दोलनका सापेक्षातामा नेपाली कविताले पाएको सफलता र त्यो सफलतामा योगदान पुऱ्याउने विभिन्न पत्रपत्रिकाको योगदानबारे पनि चर्चा गरिएको छ । **प्रमिथस** महाकाव्यमा बिम्बविधान शीर्षक लेखमा प्रमिथस महाकाव्यलाई बिम्बात्मक कोणबाट विश्लेषण गर्ने प्रयत्न गरिएको छ । समकालीन नेपाली नारी कविता लेखनमा अन्तर्वस्तुको विविधता शीर्षक अर्को लेखले नारी कविताको समग्र विकासको चर्चा गर्दै समकालीन नेपाली नारी कविताले बोकेका विविध विषयवस्तुको चर्चा गरिएको छ । मोहन

कोइराला काव्ययात्रा प्रवृत्ति र योगदान शीर्षकले मोहन कोइरालाको समग्र काव्ययात्रा, उनका चरणगत प्रवृत्ति र उनले नेपाली कवितालाई दिएको नवप्रवृत्तिबारे चर्चा गरिएको छ। नदी किनाराका माझीमा जनजातीय सांस्कृतिक चेतना शीर्षक अर्को लेखमा आयाम, कथ्यगत सन्दर्भ र जनजातीय सांस्कृतिक चेतनाका आधारमा **नदी किनाराका माझी** लामो कविताको विश्लेषणलाई उदाहरण साथ प्रस्तुत गरिएको छ । उदयानन्द अर्यालको पुरानो वातको अर्जी कविताको वस्तुविन्यास अर्को शीर्षकले पुरानो बातको अर्जी कवितामा पाइने मूलभूत विषयको चर्चा गरेको छ । यस कृतिको कविता काव्य खण्डमा यिनै माथि उल्लिखित विषयवस्तुलाई समेटिएको छ भने यसको आख्यान खण्डमा अन्य विविध विषयको चर्चा गरिएको छ।

यस कृतिको आख्यान खण्डको पहिलो शीर्षक नेपाली कथामा उत्तरआधुनिक चेतनाले नेपाली कथामा उत्तरआधुनिकताको प्रवेशसँगै यसको समग्र विकास प्रक्रिया र प्रवृत्तिबारे चर्चा गरेको छ । अभिघात सिद्धान्त, द्वन्द्वको परिवेश र समकालीन नेपाली द्वन्द्वकथा शीर्षक अर्को समालोचनाले द्वन्द्वको तात्पर्यलाई स्पष्ट पार्दै अभिधात कथाहरूको वस्तुविश्लेषण गर्ने तरिका र समकालीन नेपाली कथाले बोकेका द्वन्द्वजन्य विषयवारे चर्चा गरेको छ। प्रेमा शाहको लोग्नेमा आवेगको प्रतिफल शीर्षक खेलमा प्रेमा शाहको लोग्नेमा पाइने यौनिक विषय, आवेग उन्माद र विक्षिप्त मनोदशाको चित्रण गरिएको छ । यस कृतिमा सङ्ग्रहित अन्तिम शीर्षक दौलतविकम बिष्टका औपन्यास प्रवृत्तिमा तीन चरणमा छुट्याएर दौलत विक्रम विष्टका औपन्यासिक प्रवृत्तिहरूको विश्लेषण गरिएको छ। उत्तरवर्ती नेपाली समालोचना केही प्रतिरूपको विषयवस्तु नेपाली कविता, काव्य, कथा र उपन्याससँग सम्बद्ध विभिन्न कृतिहरूको व्याख्या विश्लेषणले निर्मित छ।

## ५.६.७.३ मूलभाव र विचार

**उत्तरवर्ती नेपाली समालोचना केही प्रतिरूप** कृतिमा लक्ष्मणप्रसाद गौतमले आफ्नो अनुसन्धानात्मक क्षमताको उजागर गरेका छन् । यसमा सङ्ग्रहित विभिन्न फुटकर समालोचनाहरूमा गौतमका धारणा, मान्यता र विचारहरू प्रस्तुत भएका छन् । कविता र कथाको विकासक्रमका साथै कविता कथा र उपन्याससँग सम्बन्धित प्राचीन र अधुनातन

उत्तरआधुनिक मान्यतालाई गौतमले प्रस्तुत गरेका छन् । गौतमले यस कृतिका समालोचना मार्फत निष्पक्ष, तटस्थ मूल्याङ्कनपरक विचारहरूलाई उजागर गरेका छन् ।

### ५.६.७.४ अन्तर्दृष्टि

**उत्तरवर्ती नेपाली समालोचना केही प्रतिरूप** कृतिमा लक्ष्मणप्रसाद गौतमले आफ्नो समालोचनात्मक अन्तर्दृष्टिलाई उजागर गरेका छन् । विधागत विकास एवम् विधागत कृतिविश्लेषणका क्रममा गौतमले सूत्रात्मकता, विश्लेषणात्मकता, विषयवस्तुगत निरीक्षणीय क्षमता र भाषागत परिष्कृतता गौतमका समालोचकीय अन्तर्दृष्टिगत सबल पक्षहरू रहेका छन् ।

### ५.६.७.५ समालोचनाप्रणाली

उत्तरवर्ती समालोचना केही प्रतिरूप समालोचनाहरूको सङ्ग्रह भएकाले यस भित्रका समालोचनात्मक कृतिहरू प्रायोगिक समालोचनात्मक प्रणाली भित्रका विविध उपपद्धतिहरूमा आबद्ध छन् । व्याख्यात्मक प्रणाली, निर्णयात्मक समालोचनाप्रणाली र सैद्धान्तिक समालोचनाप्रणाली जस्ता विविध विधिहरूको प्रयोग यस कृतिमा गरिएको छ ।

### ५.६.७.६ निष्कर्ष

उत्तरवर्ती समालोचना केही प्रतिरूप लक्ष्मणप्रसाद गौतमद्वारा लिखित प्रायोगिक समालोचनाकै एउटा प्रतिरूप हो । यसमा विशेषतः शैक्षणिक प्रयोजनका लागि सङ्ग्रहित समालोचनाहरू रहेका पाइन्छन् । कविता र आख्यान विधामा महत्त्वपूर्ण विषयवस्तु समेटिएर निर्माण गरिएको प्रस्तुत कृतिले एउटै कृतिमा धेरै कुरा दिने उद्देश्य राखेको छ । त्यसैले यो कृति पाठकलाई सहयोगी एवम् अनुसन्धानका लागि महत्त्वपूर्ण खुराक बन्ने देखिन्छ ।

## ५.६.८ राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता कृतिको विश्लेषण

**राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता** लक्ष्मणप्रसाद गौतमको वि.सं. २०६८ सालमा प्रकासित कृति हो । यहाँ यस कृतिलाई विषयप्रवेश, विषयवस्तु, मूलभाव र

विचार, अन्तर्दृष्टि, समालोचनाप्रणाली र निष्कर्ष सात वटा तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

### ५.६.८.१ विषय प्रवेश

नेपाली साहित्यको कविता बिधामा देखिएका विभिन्न समालोचकहरूमध्ये एक लक्ष्मणप्रसाद गौतम हुन् । नेपाली समालोचनाका विविध विधामा आबद्ध रहेर समालोचना लेखनमा प्रवृत्त गौतमलाई समालोचनातर्फ आकर्षित गर्ने प्रमुख विधा कविता हो । गौतमले गरेका अधिकांश समालोचनात्मक कृतिहरू कविता बिधासँगै सम्बन्धित छन् । राजनीतिकआन्दोलन र समकालीन नेपाली कविता कृतिले पनि विधागत समालोचनाका रूपमा स्थापित हुँदै कविता समालोचनाको विकासमा महत्त्वपूर्ण स्थान ओगटेको छ । वि.सं. २०६८ सालमा रत्नपुस्तक भण्डारबाट प्रकाशित यस कृतिले नेपाली कविताको विकास राजनीतिक आन्दोलनले पारेको प्रभाव र आन्दोलनलाई सफलतामा पुऱ्याउन कविताले दिएको योगदानको चर्चा गरेको छ । राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता कृतिमा अटाएका मूलभूत विषयको चर्चा गर्दै यसका प्राप्ति र सीमाको यहाँ मूल्याङ्कन गरिन्छ ।

### ५.६.८.२ विषयवस्तु

राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता लक्ष्मणप्रसाद गौतमद्वारा लिखित र वि.सं. २०६८ सालमा रन्त पुस्तक भण्डारबाट प्रकाशित अनुशन्धनात्मक समालोचना हो । यस कृतिमा गौतमले कुनै पनि कालखण्डको राजनीतिले त्यहाँको समाज संस्कृति र साहित्यलाई प्रत्यक्ष प्रभाव पार्ने कुराको उल्लेख गर्दै त्यसमा कविता साहित्यले खेलेको भूमिकालाई स्पष्ट उल्लेख गरेका छन् । वि.सं. २०३६ सालको जनआन्दोलन, वि.सं. २०३७ सालको बालिग मताधिकार, २०४६ सालको जनआन्दोलन र नेपाली जनताले दिएको बलिदान, वि.सं. २०५२/५३ मा सूत्रपात भएको माओवादी सशस्त्र जनयुद्ध, वि.सं. २०६२/०६३ को संयुक्त जनआन्दोलनका सापेक्षतामा कविता साहित्यले पुऱ्याएको योगदानबारे उनले विशेष चर्चा गरेका छन् ।

नेपाली राजनीतिले जबजब कोल्टे फेर्छ तब तब कविता साहित्यको योगदान रहेकै हुन्छ भन्दै राणाकालीन समयमा देखिएका स्रष्टाका विरोधका स्वरहरूको चर्चा गर्दै, जयतु संस्कृतमा आन्दोलन र सहिदकाण्डका परिवेशमा पनि युगीन शासन व्यवस्थासँगको असन्तुष्टिका रूपमा तत्कालीन कविहरूले खेलेका कविता लेखनप्रतिको भूमिकाबारे पनि यस कृतिले प्रकाश पारेको छ । वि.सं. २००७ सालमा पनि परिवर्तनको पक्षधर कविता साहित्य रहेको पाइन्छ । तथापि प्रत्यक्ष रूपमा वि.सं. २०३६ सालको सडक कविता क्रान्तिलाई यसको चरम उत्कर्षता मान्न सकिन्छ ।

वि.सं. २०३६ सालमा विद्यार्थी आन्दोलनका नाममा सुरु भएको निरङ्कुश पञ्चायती व्यवस्था विरुद्धको आन्दोलन र यसले ल्याएको जनमत सङ्ग्रह साथै त्यसको परिणामले पूर्णतः प्रभाव पारेको देखिन्छ । वि.सं. २०३६ सालकै पृष्ठभूमिको आधारमा खडा भएको वि.सं. २०४६ सालको आन्दोलन र कविता विधाले गरेको विकास, पञ्चायती दमन र त्यस विरुद्धका नेपाली जनआवाजलाई गौतमले यस कृतिको विषवस्तुका रूपमा उठाएका छन् । समकालीन नेपाली कविताको विकासक्रमलाई पनि गौतमले चारवटा चरणमा विभाजन गरेका छन् र ती विशुद्ध राजनैतिक घटनाक्रमसँग सम्बन्धित छन् । यसै क्रममा पहिलो प्रारिम्भिक चरण वि.सं. २०३६, दोस्रो चरण वि.सं. २०४६, तेस्रो चरण वि.सं. २०५२/५३ र चौथो चरण वि.सं. २०६२/६३ भनी उल्लेख पाइन्छ । यसरी चार चरणमा समकालीन कविताको विकासलाई विभाजन गर्दै गौतमले यसका चरणगत प्रवृत्तिलाई पनि राम्रारी केलाएका छन् । नेपाली साहित्यको इतिहास हेर्दा यो राजनैतिक इतिहासबाट पूर्णतः प्रभावित भएको पाइन्छ । त्यसै कुरालाई मध्यनजर गर्दै लेखिएको यो कृतिले कविता विधालाई फेरि एक खुट्कीलो उठ्न सहयोग गरेको छ । लक्ष्मणप्रसाद गौतमले माथि उल्लिखित ४ वटा चरणमा योगदान पुऱ्याउने कविहरू र तिनका कवितालाई उदाहरण सहित प्रस्तुत गर्दै तिनिहरूले सङ्केत गरेका समाज, राजनीति, विकृति, विसङ्गति, कुशासन र शोषण दमनबारे उदाहरण सहित चर्चा गरेका छन् । त्यसैगरी यो आन्दोलनलाई सफल बनाउन सहयोग गर्ने कवितासङ्ग्रह, साहित्यिक पत्रिका र तीनका सम्पादकबारे पनि गौतमले चर्चा गरेका छन् । निष्कर्षतः नेपाली साहित्य राजनीतिमा कविता साहित्यले खेलेको भूमिकाबारे चर्चा गर्नु नै यस कृतिको मुल उद्देश्य हो र त्यही उद्देश्यलाई पूर्ति गर्न यसमा विभिन्न विषयवस्तु समेटिएको पाइन्छ । समसामयिक नेपाली कविताको विकासमा यस कृतिले महत्त्वपूर्ण योगदान दिएको छ ।

### ५.६.८.३ मूलभाव र विचार

राजनितिक आन्दोलन र समकालीन नेपाली कविता कृतिमा लक्ष्मणप्रसाद गौतमले कुनै पनि कालखण्डको राजनीतिले साहित्यलाई प्रत्यक्ष प्रभाव पार्ने कुरालाई वैचारिकरूपमा प्रस्तुत गरिएको छ । राजनीतिले साहित्य जसरी प्रभावित हुन्छ त्यसरी नै साहित्यले पनि राजनीतिलाई प्रभावित गर्ने आफ्नो गहन भाव, विचार, धारणा र मान्यतालाई गौतमले प्रस्तुत गरेका छन् । नेपाली कविताका हरेक आन्दोलन राजनीतिक परिर्वतनसँग अगाडि बढेको कुरालाई पनि गौतमले पुष्टि गरेका छन् । त्यसैले राजनीतिबाट प्रभावित साहित्य हुने र साहित्यबाट राजनीति प्रभावित हुने धारणा गौतमको रहेको छ ।

### ५.६.८.४ अन्तर्दृष्टि

लक्ष्मणप्रसाद गौतमको समालोचकीय धारलाई उजागर गर्ने कार्यमा राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता कृतिले महत्त्वपूर्ण ठाउँ ओगटेको छ । हरेक राजनैतिक आन्दोलनका सापेक्षतामा समसामयिक नेपाली कविताका उपधाराहरूको विभाजन गर्न सकिन्छ भन्ने आफ्नो समालोचकीय अन्तर्दृष्टि गौतमले प्रस्तुत गरेका छन् । यस कृतिमा गौतमले प्रभावपरक विश्लेषणात्मक एवम् तटस्थ मूल्याङ्कन क्षमतालाई उजागर गरेका छन् । भाषाशैलीमा परिष्कृतता ल्याउदै अन्वेषणात्मक समालोचनाप्रणालीको अवलम्बन गरेका छन् ।

### ५.६.८.५ समालोचनाप्रणाली

राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता कृतिमा विश्लेषणात्मक पद्धति अपनाइएको छ । नेपाली साहित्यको कविता आन्दोलनले राजनैतिक आन्दोलनलाई सफल पार्न खेलेको भूमिकालाई विस्तृत व्याख्यामा उदाहरणसाथ प्रस्तुत गरिएको छ । विभिन्न समयमा कविहरूले खेलेको राजनैतिक आन्दोलनसँग सम्बद्ध भूमिकालाई प्रस्तुत गर्न स्थलगत निरीक्षणका साथ सङ्कलन गरिएका कतिपय विषयवस्तुले यसको अनुसन्धानात्मक पाटोलाई सबल तुल्याइदिएको छ । त्यसैले राजनीतिक आन्दोलन र समकालीन नेपाली

कविताले अनुसन्धानात्मक समालोचना धर्मलाई आत्मसात् गर्दै विस्तृत व्याख्या विश्लेषणात्मक प्रणालीको अवलम्बन गरेको छ ।

### ५.६.८.६ निष्कर्ष

नेपाली कविता साहित्यको विकासमा राजनैतिक आन्दोलनले पारेको प्रभाव र राजनैतिक आन्दोलनलाई सफलतातर्फ धकेल्न कविताले पुऱ्याएको योगदानको चर्चा गर्ने राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता एक महत्त्वपूर्ण कृति हो । प्रत्येक राजनैतिक घटनाक्रमले साहित्यलाई प्रत्यक्ष प्रभाव पार्दछ भन्ने कुरा जायज नै छ । त्यसै घटनाक्रमको उत्खनन र साहित्यको अनुसन्धान गर्ने कार्यमा लक्ष्मणप्रसाद गौतमको भूमिका महत्त्वपूर्ण देखिन्छ । यो कृतिले वर्तमानमा जति लोकप्रियता पाएको छ भविष्यमा त्यो बढ्न सक्ने आधार प्रशस्त छन् । वर्तमानमा महत्त्वपूर्ण वस्तुहरू भूतकालमा अवश्यमेव महत्त्वपूर्ण थिए । त्यसैले राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता कविता विधालाई सफलतातिर धकेल्ने एउटा कडी हो भन्ने कुरामा दुई मत नरहन सक्छ ।

### ५.६.९ कविताको सैद्धान्तिक विमर्श कृतिको विश्लेषण

**कविताको सैद्धान्तिक विमर्श** लक्ष्मणप्रसाद गौतमको वि.सं. २०६९ सालमा प्रकासित कृति हो । यहाँ यस कृतिलाई विषयप्रवेश, विषयवस्तु, मूलभाव र विचार, अन्तर्दृष्टि, समालोचनाप्रणाली र निष्कर्ष सात वटा तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

### ५.६.९.१ विषय प्रवेश

कविता विधा नेपाली साहित्यमा पुरानो विधा भएर आएसँगै यसका चर्चा परिचर्चा पनि अधिक मात्रामा भएकै छन् । नेपालीमा स्थापित कविताका सम्पूर्ण सिद्धान्तहरू संस्कृत कविता सिद्धान्तकै सापेक्षतामा विकसित भएका छन् । संस्कृत एवम् पाश्चात्य साहित्यबाट प्राप्त सिद्धान्तलाई एउटै स्थानमा समेटेर त्यसलाई नैपालीय सिद्धान्त बनाउने कार्यमा विद्वान्हरूले गरेका कार्यले खासै पूर्णता प्राप्त गरेका छैनन् । तथापि बिद्वानहरूका आफ्ना आफ्ना धारणा र मान्यतालाई उनीहरूले आफ्ना कृतिमा समेटेकै छन् । कविताको सैद्धान्तिक

विमर्शका लक्ष्मणप्रसाद गौतमले पनि यस कृतिमार्फत कविताको सिद्धान्तलाई केलाउने कार्य गरेका छन् । उनले समेटेको मूलभूत विषयवस्तुको यहाँ चर्चा गरिन्छ ।

## ५.६.९.२ विषयवस्तु

**कविताको सैद्धान्तिक विमर्श**को शीर्षकले नै यसको परिचय विधासिद्धान्तकेन्द्री समालोचनात्मक कृति भएको स्पष्ट छ । यसले कविताको व्युत्पादनदेखि लिएर यसका पाश्चात्य पूर्वीय सन्दर्भहरूको व्याख्या कविताको परिभाषाले दिएका भाव र शिल्पसौन्दर्य केन्द्री परिभाषा, ती परिभापाले दिएका भाव र शिल्पसौन्दर्य केन्द्री परिभाषाको व्याख्या पनि यसले प्रस्तुत गरेको छ । पूर्वीय तथा पाश्चात्यबाट प्रभावित नेपाली विद्वान्का परिभाषाहरूले कवितालाई चिनाउने कार्य गरेको कुरालाई पनि गौतमले उल्लेख गरेका छन् ।

कविता वर्गीकरण सम्बन्धमा पनि भामहदेखिका पूर्वीय काव्यचिन्तकका मान्यता, दण्डी, व्यास, वामन, आनन्दवर्धन, रुद्रट, अभिनव गुप्त, मम्मट, वाग्भट्ट, राजशेखर, हेमचन्द्र, विश्वनाथ र जगन्नाथका काव्य वर्गीकरणलाई विशिष्ट तालिकामा एकसाथ प्रस्तुत गरी पठनलाई सहजता प्रदान गरिएको छ ।

पाश्चात्य वर्गीकरणका आधारको विश्लेषण पनि गौतमले प्रस्तुत गरेका छन् । एरिस्टोटल, फ्रेडरिख सिलर, म्याथ्यु आर्नोल्ड, वेकरजेल, नर्थप फ्राइका वर्गीकरणको सूक्ष्म व्याख्या विश्लेषण पनि गौतमले यस कृतिमा प्रस्तुत गरेका छन् । कविताको संरचनात्मक प्रकारबारेको व्याख्याका सन्दर्भमा पनि गौतमले ध्यान पुऱ्याएका छन् ।

कविताका संरचनात्मक घटक र तत्त्वबारेका पूर्वीय शास्त्रीहरूका मान्यता अनि पाश्चात्यले मानेका घटक र तत्त्वहरू रीति, अलङ्कार र गुण ध्वनि, अलङ्कार, वक्रोक्ति र छन्दादिले आ-आफ्नो क्षेत्रबाट दिएको योगदान बारेको चर्चा पनि गौतमले गरेका छन् । कविताका प्रमुख तत्त्व र संरचना घटकहरू खोज्ने आधार र तरीका यसका वस्तुपक्षीय र भाषाशैलीपक्षीय तत्त्वहरूको व्याख्या, कविताको शैली वैज्ञानीक अध्ययनमा सहयोगी घटकहरू र छन्दबारेको व्याख्या यस कृतिमा प्रस्तुत गरिएको छ र गौतमीय तत्त्वनिर्धारणको जमर्को पनि भएकै छ ।

### ५.६.९.३ मूलभाव र विचार

**कविताको सैद्धान्तिक विमर्श** लक्ष्मणप्रसाद गौतमको विधा सिद्धान्त केन्द्री समालोचना हो । कविता विधाको सिद्धान्तलाई पूर्वीय एवम् पाश्चात्य सापेक्षतमा पुनःव्याख्या गर्ने क्रममा गौतमका महत्त्वपूर्ण विचारहरू प्रस्तुत भएका छन् । सिद्धान्तको व्याख्या आफैमा जटिल कार्य भएकोले यस कृतिमा गौतमका परिष्कृत धारणाहरू व्यक्त भएका छन् । यस कृतिमा परिभाषाका क्रममा होस वा तत्त्व निर्धारणका क्रममा होस लक्ष्मणप्रसाद गौतमका स्पष्ट धारणा मान्यता र विचारहरू प्रवाहित भएका छन् ।

### ५.६.९.४ अन्तर्दृष्टि

लक्ष्मणप्रसाद गौतमको **कविताको सैद्धान्तिक विमर्श** कृतिमा उनका महत्त्वपूर्ण समालोचकीय क्षमताहरूको उजागर भएको छ । यस कृतिमा गौतमले विधासिद्धान्तलाई आधार बनाएर व्याख्या विश्लेषण गरेका छन् । यस कृतिमा गौतमको सूक्ष्म अध्ययन क्षमता सूत्रात्मकता विश्लेषणात्मकता र परिष्कृत भाषाशैलीका साथ उनको समालोचकीय अन्तर्दृष्टि प्रस्तुत भएको छ ।

### ५.६.९.५ समालोचनाप्रणाली

**कविताको सैद्धान्तिक विमर्श** कृतिको शीर्षकले नै यो कृति विधा सिद्धान्तकेन्द्री समालोचना रहेको पुष्टि हुन्छ । यस कृतिले कविता विधाको सिद्धान्तकेन्द्री व्याख्या विश्लेषण गरेको छ । सिर्जनात्मक विधाहरूको हेतु प्रयोजन संरचक घटक आदिका साथै समालोचनाका सम्बन्धमा सैद्धान्तिक चर्चा गरिएको कृतिलाई सैद्धान्तिक समालोचना भनिने कुरा उल्लेख पाइन्छ । यस कृतिले कविता विधाको स्थापना र कविता लेखनमा पाइने मूलभूत तत्त्व, परिभाषा र विशेषताको व्याख्या गरिएको हुनाले यो कविताकेन्द्री सैद्धान्तिक समालोचना मूलक ग्रन्थ रहेको स्पष्ट छ ।

#### ५.६.९.६ निष्कर्ष

लक्ष्मणप्रसाद गौतमद्वारा लिखित **कविताको सैद्धान्तिक विमर्श** वि.सं. २०६९ मा पाठ्यसामग्री पसलबाट प्रकाशित एक विधा सिद्धान्तकेन्द्री समालोचना हो । सिद्धान्तलाई केन्द्रमा राखेर तयार पारिएको यो कृतिले शैक्षणीक प्रयोजनका साथै अनुशन्धातालाई पनि सहयोग गर्ने नै छ । यो कृति लेखेर गौतमले दिएको योगदान महत्त्वपूर्ण हुँदाहुँदै पनि अरूका कुरा बढी खेलाएर आफ्ना धारणा मान्यतालाई कमजोर बनाएको दाग यस कृतिलाई लाग्न सक्छ ।

## ५.७ लक्ष्मणप्रसाद गौतमका सह-समालोचनात्मक कृतिको विश्लेषण

लक्ष्मणप्रसाद गौतमका सहसमालोचनात्मक कृतिहरू नोबेल पुरस्कार विजेता साहित्यकार (२०६२) र नेपाली कथाको इतिहास (२०६९) रहेका छन् । यी कृतिहरूलाई कालक्रमिक रूपमा यहाँ विश्लेषण गरिएको छ ।

### ५.७.१ नोबेल पुरस्कार विजेता साहित्यकार कृतिको विश्लेषण

**नोबेल पुरस्कार विजेता साहित्यकार** लक्ष्मणप्रसाद गौतम, खुमनारायण पौडेल र हरिहर पौडेलको संयुक्त लेखनमा वि.सं. २०६० सालमा प्रकासित कृति हो । यहाँ यस कृतिलाई विषयप्रवेश, विषयवस्तु, मूलभाव र विचार, अन्तर्दृष्टि, समालोचनाप्रणाली र निष्कर्ष गरी सात वटा तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

#### ५.७.१.१ विषय प्रवेश

**नोबेल पुरस्कार विजेता साहित्यकार** खुमनारायण पौडेल, हरिहर पौडेल र लक्ष्मणप्रसाद गौतमको संयुक्त लेखन रहेको ग्रन्थ हो । विश्वका हरेक साहित्यसँग सम्बन्धित विषयवस्तु जोडिएको यो कृति संक्षिप्त रूपमा संरचित छ । विश्व साहित्यमा सन् १९०१ देखि सन् २००९ सम्म नोबेल पुरस्कार प्राप्त गर्ने १०४ जना साहित्यकारबारे संक्षिप्त परिचय प्रस्तुत गर्ने कार्य यस कृतिले गरेको छ ।

### ५.७.१.२ विषयवस्तु

**नोबेल पुरस्कार बिजेता साहित्यकार** कृतिको मूलभूत विषवस्तु सन् १९०१ देखि २००९ सम्म नोबेल पुरस्कार प्राप्त गर्ने साहित्यकारको जीवनी र संक्षिप्त साहित्यिक प्रवृत्तिसँग सम्बन्धित रहेको छ । सन् १९०१ मा नोबेल पुरस्कार प्राप्त गर्ने फ्रान्सेली सुली प्रुधोम देखि लिएर सन् २००९ मा नोबेल पुरस्कार प्राप्त गर्ने हेर्ता मुलर सम्म १०४ जना साहित्यकारहरूको जन्म, मृत्यु, जीवन भोगाई र त्यसका उतारचढाब, उनीहरूका कृतिहरूबारे जानकारी केलाउँदै यो कृतिको विषयवस्तु स्थापित भएको छ । विभिन्न स्रष्टाहरूको संक्षिप्त विवरण दिने कार्य यहाँ प्रस्तुत छ । यो कृतिले विश्वमा कस्ता कृतिले नोवेल पुरस्कार पाए र ती कुन भूभागको कस्तो परिवेशमा सिर्जिएका थिए भन्ने कुराको जानकारी प्रदान गर्ने काम गरेको छ । आज हरेक क्षेत्रको जानकारी प्राप्त गर्न चाहने जमात बढिरहेको बेला यस कृतिको विषयवस्तुले महत्त्वपूर्ण स्थान बनाउने देखिन्छ ।

### ५.७.१.३ मूलभाव र विचार

**नोबेल पुरस्कार विजेता साहित्यकार** कृतिमा लेखक त्रयले व्यक्त गरेका धारणा मान्यताहरू गहन छन् । नोबेल पुरस्कार विजेता स्रष्टाहरूलाई चिनाउँदै, उनीहरूका मूलभूत प्रवृत्तिमाथि कलागत मूल्य र सृजना मूल्य, विधागत मूल्यको चर्चा गर्दै उनीहरूका विशेषताबारे पनि आफ्ना तटस्थ विचार धारणा र मान्यतलाई लेखहरूले प्रस्तुत गरेका छन् । जीवनवृत्तको व्याख्याका क्रममा जीवनीपरक समालोचनात्मक धारणाहरू र कृतिगत प्रभावक मान्यतालाई पनि तटस्थ विश्लेषण गर्दै आफ्ना विचारको सम्प्रेषण यहाँ लेखकत्रयले गरेका छन् । सहलेखनमा प्रकाशित भए पनि यसमा लक्ष्मणप्रसाद गौतमको प्राज्ञिक लगानी बढी छ ।

### ५.७.१.४ अन्तर्दृष्टि

**नोबेल पुरस्कार विजेता साहित्यकार** कृतिमा रहेको महत्त्वपूर्ण लेखकीय दृष्टि एउटा पुरस्कारका आधारमा पनि स्रष्टा र सिर्जना दुबैलाई चिनाउन सकिन्छ भन्ने नै रहेको छ । विश्वका हरेक साहित्यकारका जीवनवृत्त र लेखकीय पवृत्ति निर्धारणमा पनि लेखकत्रयले

आफ्नो सूक्ष्म समालोचकीय दृष्टिलाई प्रक्षेपण गरेका छन् । थोरै शब्दमा स्रष्टाका धेरै विशेषताको व्याख्या पनि यस कृतिमा अटाएको लेखकीय अन्तर्दृष्टिको उपज मान्न सकिन्छ ।

### ५.७.१.५ समालोचनाप्रणाली

**नोवेल पुरस्कार विजेता साहित्यकार**ले संसारका नोबेल पुरस्कार विजेता एक सय चार जना साहित्यकारहरूको जीवनी र कृतिगत प्रवृत्तिगत विशेषतालाई अति संक्षिप्त रूपमा प्रस्तुत गरेको छ । यसमा विभिन्न स्रष्टाहरूको जीवनीलेखनको क्रममा जीवनीपरक समालोचनाप्रणालीको अवलम्बन गरिएको छ भने कृतिको विषयवस्तुको चर्चा र प्रवृत्ति निर्धारणमा प्रभावपरक र मूल्याङ्कनपरक समालोचनाप्रणालीको अवलम्बन गरिएको छ ।

### ५.७.१.६ निष्कर्ष

निष्कर्षतः **नोबेल पुरस्कार विजेता साहित्यकार** कृतिले विश्व साहित्यमा देखिएका नोबेल पुरस्कार विजेता साहित्यकार र तिनका कृतिहरूबारे जानकारी दिने उद्देश्य राखेको देखिन्छ । विश्वका हरेक देशको साहित्यसँग सम्बन्ध राख्ने यो कृतिले नेपाली समालोचनामा र स्रष्टाको जीवनी सङ्ग्रहमा महत्त्वपूर्ण योगदान दिएको छ । नोबेल पुरस्कार विजेता साहित्यकार र नोबेल पुरस्कारबारे चर्चा र विवाद दुबै छन् । नोबेल पुरस्कारले विश्वका हरेक भू-भागलाई समान महत्त्व दिएर पुरस्कार वितरण नगर्नु र निश्चित दायराको साहित्यलाई मात्र बढावा दिएर मूल्याङ्कन गर्ने कार्य आफैमा विवादरहित छैन । तथापि यसैलाई विषय बनाएर कृति रचना गर्ने कार्यलाई महत्त्वपूर्ण मान्नै पर्छ । कुनै पनि कृतिको आफ्नो शक्ति रहेकै हुन्छ तर सीमा पनि रहेकै हुन्छन् । नोबेल पुरस्कारमा मात्रै आधारित रहेर स्रष्टाको मूल्याङ्कन गर्ने कार्य नै यहाँ विवादरहित हुन सक्दैन यो यसको एउटा सीमा हो भने अतिसंक्षिप्तता हुनु यसको अर्को कमजोर पक्ष हो ।

## ५.७.२ नेपाली कथाको इतिहास कृतिको विश्लेषण

**नेपाली कथाको इतिहास** लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीको संयुक्त लेखनमा वि.सं. २०६९ सालमा प्रकासित कृति हो । यहाँ यस कृतिलाई विषयप्रवेश, विषयवस्तु,

मूलभाव र विचार, अन्तर्दृष्टि, समालोचनाप्रणाली र निष्कर्ष गरी सात वटा तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## ५.७.२.१ विषय प्रवेश

नेपाली साहित्यको भूत र वर्तमानमा पनि एक सशक्त विधाका रूपमा स्थापित कथा विधाले आफूलाई उच्च मूल्यका साथ स्थापित गरेको छ । कथा विधालाई चिनाउने कुराको सूत्रपात धेरै अगाडि भएको पाइन्छ । तापनि वैज्ञानिक समालोचनात्मक तथ्यपरक रूपमा कथालाई चिनाउने मानक ग्रन्थहरू भने औंलामै गन्न सकिने अवस्था भने जीवित छ । आधुनिक कथा साहित्य पश्चिमकै देन मानिए तापनि पूर्वमा यसको प्रारूप खोज्न वैदिक साहित्यसम्मै जाने गरिएको पाइन्छ । पूर्वमा त वैदिक साहित्यबाटै विकसित कथा विधा र पाश्चात्य साहित्यमा प्राचीनकालदेखि विकसित कथा विधालाई समग्र मूल्याङ्कन गर्ने कार्य १९ औं शदीमा मात्र भयो । कथालाई विभिन्न नाम दिएर प्रचीन समयदेखि नै अर्थ्याईदै आयो । पूर्वमा विकसित **पञ्चतन्त्र**का कथाहरू **हितोपदेश मित्रलाभ**का कथाहरू पश्चिममा विकसित **इशप नीतिकथाहरू, अल्फ लयला ओ लयला, अरेबियन नाइट्स**हरूले कथाको विकासमा विशिष्ट योगदान पुऱ्याएको कुरालाई नकार्न सकिन्न । यिनै पृष्ठभूमि र परिवेशमा रहेर सबै विद्वान्हरू कथा साहित्यको इतिहासलाई हेर्ने गर्दछन् । यहाँ नेपाली कथा साहित्यको विकासमा टेवा पुऱ्याउने नेपाली कथाको इतिहासलाई विश्लेषण गरिन्छ ।

## ५.७.२.२ विषयवस्तु

**नेपाली कथाको इतिहास** कथा समालोचना हो । यसका लेखक लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारी हुन् । नेपाली कथाको इतिहासले कथा साहित्यको सिद्धान्त र प्रकृति केलाउँदै भूत अनि वर्तमानको व्याख्याबाट भविष्यलाई हेर्ने प्रयत्न गरेको पाइन्छ ।

कथाको पूर्वीय तथा पाश्चात्य सन्दर्भमा यसलाई स्थापित गर्न भएका महत्त्वपूर्ण कार्यहरू विद्वान्का परिभाषाहरू, र यसको स्वरूप खोज्दै निष्कर्षात्मक टिप्पणी प्रस्तुत गर्ने काम यसको पहिलो परिच्छेदमा गरिएको छ । नेपाली कथाको विकासप्रक्रियामा देखिएका विभिन्न धारा, कथाकार र तीनका कथागत प्रकृतिको चर्चा यसको दोस्रो परिच्छेदमा गरिएको छ । कालविभाजनका सन्दर्भमा देखिएका विभिन्न विद्वान्हरूका मतका सापेक्षतामा

निर्णयात्मक समालोचनाका माध्यमबाट आफ्नो मतलाई व्यक्त गर्ने काम पनि यहाँ समालोचकद्वयले गरेका छन् । यसको परिच्छेद तीनमा लघुकथाको विकास प्रक्रियाको चर्चा गरिएको छ । नेपाली कथाकै सापेक्षतामा लघुकथाको चरण विभाजन गर्ने महत्त्वपूर्ण कार्य लेखकद्वयले गरेका छन् । नेपाली कथाको दाँजोमा खासै खोजी नगरिएको लघुकथाको अध्ययनमा खर्च गरेर अध्ययनलाई विस्तृतता दिने कार्य प्रशंसनीय छ । यसको चौथो परिच्छेदले भारतीय नेपाली कथाको विकासप्रक्रियाबारे चर्चा गरेको छ । भारतीय भूमिमा बसेर नेपाली कथालाई विकसित बनाउन गरिएका कार्यहरू प्रशंसनीय छन् । सुरुमा एउटै इतिहास बोकेको नेपाली कथा पछि गएर भारतीय नेपाली कथा र नेपालमा विकसित नेपाली कथाका रूपमा अलग अलग आस्तित्वमा स्थापित भएको पाइन्छ तापनि प्राचीन र माध्यमिक कालमा भने यिनीहरू बीच एउटै अस्तित्व स्थापित रहेको पाइन्छ । भारतीय नेपाली कथाको विकास प्रक्रियाको चर्चा गर्ने यस ग्रन्थले यसको विकासक्रमलाई दुई चरणमा विभाजन गरेर अध्ययन गरेको पाइन्छ । यसको पाँचौं परिच्छेद उपसंहारका रूपमा रहेको छ र यसले पूर्वीय तथा पाश्चात्य सन्दर्भमा यसको विकासका कारक तत्त्व खोज्दै यसको विकासमा देखिएका विभिन्न चरणगत प्रवृत्तिको चर्चा गरेको छ ।

नेपाली कथाको समग्र इतिहास केलाउने नेपाली कथाको इतिहासले बोकेको विषयवस्तु अत्यन्त गहन छ र यसले कथाको विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।

## ५.७.२.३ मूलभाव र विचार

लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीद्वारा लिखित **नेपाली कथाको इतिहास** कृतिमा लेखकद्वयकका महत्त्वपूर्ण भाव, विचार, धारणा एवम् मान्यतालाई प्रस्तुत भएका छन् । नेपाली कथाले हरेक कालखण्डमा आफुलाई कसरी परिवर्वित गर्दै आयो र त्यसका कारक तत्त्वहरू के के हुनसक्छन् भन्ने कुराको अनुसन्धानका क्रममा लेखकहरूले आफ्नो समालोचकीय वैचारिकतालाई सबलताका साथ अगाडि बढाएको पाइन्छ ।

## ५.७.२.४ अन्तर्दृष्टि

लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीले **नेपाली कथाको इतिहास** समालोचनात्मक कृति विश्लेषणका क्रममा समालोचकीय कौशललाई प्रस्तुत गरेका छन् । ऐतिहासिक

समालोचनाप्रणालीमा आधारित रहेर नेपाली कथाको कालगत विशेषता स्रष्टा र तिनका कृतिबारे आफ्नो स्पष्ट दृष्टिकोण प्रस्ततु गरेका छन् । सामग्रीको सङ्कलन, परिमार्जन, विश्लेषण र मूल्याङ्कनलाई मूर्तरूप दिने क्रममा देखिएको लेखकीय अन्तर्दृष्टिले महत्त्वपूर्ण स्थान ओगटेको छ ।

### ५.७.२.५ समालोचनाप्रणाली

**नेपाली कथाको इतिहास** अनुसन्धानात्मक समालोचना हो । नेपाल प्रज्ञा प्रतिष्ठानको अनुसन्धान परियोजना पुरा गर्ने उद्देश्यले लेखिएको प्रस्तुत कृतिले सामग्रीको सङ्कलनका साथ विश्लेषणलाई पनि प्रमुखता प्रदान गरेको छ । **नेपाली कथाको इतिहास** एक अनुसन्धानात्मक समालोचना भएकोले यससँग सम्बद्ध विविध सामग्रीको सङ्कलन विश्लेषण र मूल्याङ्कन प्रस्तुत गरिएको छ । त्यसैले नेपाली कथाको इतिहास प्रायोगिक समालोचना अन्तर्गत विधापरक र ऐतिहासिक समालोचनाप्रणालीलाई आत्मसात् गरेर लेखिएको समालोचनात्मक कृति हो ।

### ५.७.२.६ निष्कर्ष

**नेपाली कथाको इतिहास** कथाको सिद्धान्त परिभाषा र तत्त्वका साथै यसको समग्र नपाली इतिहास केलाइएको ग्रन्थ हो । पूर्वीय तथा पाश्चात्य सन्दर्भमा कथाको परिभाषा लघुकथाको विकासप्रक्रिया र भारतीय भूमिमा विकसित नेपाली कथाको समग्र ऐतिहासिक रूपरेखा प्रस्तुत गर्दै निष्कर्षात्मक टिप्पणी प्रस्तुत गर्ने कार्य यो ग्रन्थले गरेको छ । समग्रमा नेपाली कथाको इतिहास एउटा दस्ताबेज हो जसले नेपाली कथाको इतिहासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

## ५.८ लक्ष्मणप्रसाद गौतमका एकल सम्पादकीय कृतिको विश्लेषण

लक्ष्मणप्रसाद गौतमले एक्लै सम्पादन गरेका कृतिहरू चार वटा रहेका छन् । ती यसप्रकार छन् :

क) शब्दहरू अविराम यात्रामा (२०५७)

ख) नेपाली यौनकथा भाग-दुई (२०६१)

ग) समकालिन नेपाली द्वन्द्वकथा (२०६३)

घ) अन्तरसम्वाद (२०६५)

उल्लिखित कृतिहरूलाई यहाँ कालक्रमिक रूपमा विश्लेषण गरिएका छ ।

### ५.८.१ शब्दहरू अविराम यात्रामा सम्पादकीय कृतिको विश्लेषण

**शब्दहरू अविराम यात्रामा** लक्ष्मणप्रसाद गौतमको एकल सम्पादनमा वि.सं. २०५७ सालमा प्रकासित कृति हो । यस कृतिलाई यहाँ विषयप्रवेश, विषयवस्तु, सम्पादकीय क्षमता र निष्कर्ष गरी चार वटा तत्त्वका आधारमा विश्लेषण गरिएका छ ।

#### ५.८.१.१ विषय प्रवेश

प्रत्येक वस्तुको समय सापेक्ष मूल्य रहेको हुन्छ । कतिपय वस्तु अनमोल हुन्छन् भने कतिपय कमसल हुन्छन् । नेपाली साहित्यलाई माथि उठाउन पनि केही अनमोल कृतिहरू प्रकाशन भएका छन् भने केही सामान्य । नेपाली साहित्यलाई माथि उठाउन हरेक व्यक्ति र संस्थाले पनि आफ्नो स्थानबाट महत्त्वपूर्ण योगदान दिएका छन् । हरेक वस्तु आवश्यकताले जन्मिने भएकाले त्यसले युग सापेक्ष प्रभाव पनि छोडेकै हुन्छ । शब्दहरू अविराम यात्रामा वि.सं. २०५६ सालमा चितवन वाङ्मय प्रतिष्ठानद्वारा प्रकाशित हुँदा यसले पनि समयसापेक्ष प्रभाव छोडेकै छ । यसमा सङ्ग्रहित विषयवस्तु र गौतमको सम्पादकीय क्षमताबारे यहाँ निष्कर्षात्मक टिप्पणी प्रस्तुत गरिएको छ । शब्दहरू अविराम यात्रामा कृतिबारे थाहा पाउन सम्पादकीय लेखेको समीक्षा यहाँ वाञ्छनीय ठहर्छ । अविराम यात्राका शब्दपथहरू शीर्षकमा गौतमले यस कृतिको उद्देश्य र महत्त्वबारे स्पष्ट पारेकै छन् । गौतमकै कृति चितवनको साहित्य सर्वेक्षण र विश्लेषणले वि.सं. २०५२ साल सम्मको चितवनको साहित्यलार्य समग्रतामा चिनाउने प्रयत्न गरेको छ भने शब्दहरू अविराम यात्रामा कवितासङ्ग्रहले त्यसपछि चितवनको साहित्यमा उदाएका केही कविहरूलाई चिनाउने जमर्को गरेको छ । यसै उद्देश्यका साथ गौतमले शब्दहरू अविराम यात्रामा सम्पादन गरेको देखिन्छ ।

### ५.८.१.२ विषयवस्तु

**शब्दहरू अविराम यात्रामा** संयुक्त कवितासङ्ग्रह लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित कृति हो । यस कृतिमा ९ जना कविहरूका कविता गीत र गजलहरू सङ्ग्रहित छन् । यसमा सङ्ग्रहित कविहरूमा गणेशप्रसाद शर्मा, दीपकप्रसाद गौतम, प्रभा बराल, रमेश प्रभात, लक्ष्मी ढकाल, सुरेन्द्र अस्तफल र बुद्धिनाथ अधिकारी रहेका छन् । त्यसैगरी गोपाल पौडेलका गजल र प्रकाश थापाका गीतहरू सङ्ग्रहित छन् । यसमा सङ्ग्रहित कविता गीत र गजलहरूले समसामयिक प्रवृत्तिको चर्चा, नरङ्कुशताको विरोध देश र समाजका जटिल अवस्थाबारे चर्चा गरेका छन् । त्यसैले यो कृतिको विषयवस्तुलाई समयसापेक्ष मान्न सकिन्छ । मानवीय पीडा, इच्छा, आकाङ्क्षा, वैयक्तिक चाहना, प्रेम, हत्या हिंसा, निरङ्कुशता सम्बद्ध विषवस्तुलाई उठाएको पाइन्छ ।

### ५.८.१.३ सम्पादकीय क्षमता

**शब्दहरू अविराम यात्रामा** शीर्षकले के पुष्टि गर्छ भने शब्दहरू कहिल्यै थाक्दैनन् ती अनवरत यात्रामा हुन्छन् । त्यसैले कवि शब्द प्रयोगको अनवरत यात्री साक्षी हो । जो शब्दहरूसँग आफू पनि हिमाल, पहाड, तराई, मरुभूमि लगायतका स्थानमा उसँगै डुलिरहन्छ । यिनै शब्दहरूका साक्षी कविहरूका विविध रचनाहरूको सङ्कलन र सम्पादन गरेर गौतमले माओवादीको द्वन्द्व चर्किएका बेला पनि शब्दहरू थोकेनन् यो सम्पादकीय कृतिमा उनीहरू अविराम यात्रामै रहे भन्ने सन्देश दिएका छन् । गीत र गजलका साथै कवितालाई एकै स्थानमा समावेश गरेर नयाँपन दिने प्रयत्न पनि गरेकै छन् । कुनै पनि कृति प्रकाशनको समयसापेक्ष मूल्य हुने हुँदा यस कृतिको पनि मूल्य रहेकै छ । नवकवि र तीनका कविताको प्रकाशनलाई समग्रतामा प्रस्तुत गर्नु गौतमको प्राप्ति हो । धेरै स्रष्टाका केही कृति एउटै पुस्तकमा अटाएर सम्पादन गर्ने गौतम यस कृतिमा सम्पादकीय दृष्टिले सफल छन् ।

### ५.८.१.४ निष्कर्ष

लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित कृतिहरूमध्ये पहिलो कृतिका रूपमा रहेको **शब्दहरू अविराम यात्रामा** संयुक्त कवितासङ्ग्रहमा विभिन्न कवि, गीतकार र गजलकारका

विविध कृतिहरू समावेश गरिएका छन् । नवोदित स्रष्टाहरूलाई चिनाउने उद्देश्यका साथ सम्पादित कृतिले चितवनको कविता साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

## ५.८.२ नेपाली यौनकथा भाग-दुई कृतिको विश्लेषण

**नेपाली यौनकथा भाग-दुई** लक्ष्मणप्रसाद गौतमको एकल सम्पादनमा वि.सं. २०६१ सालमा प्रकासित कृति हो । यस कृतिलाई यहाँ विषयप्रवेश, विषयवस्तु, सम्पादकीय क्षमता र निष्कर्ष गरी चार वटा तत्त्वका आधारमा विश्लेषण गरिएका छ ।

### ५.८.२.१ विषय प्रवेश

**समकालीन नेपाली यौनकथा भाग-२** लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित यौनकथाहरूको सङ्ग्रह हो । वि.सं. २०६१ सालमा बाणी प्रकाशन बिराटनगरबाट प्रकाशित यस कृतिले छब्बीस जना लेखकका २६ वटै कथाहरूको सङ्कलन गरेको छ । आजको समयमा यौन अत्यन्त चासोको विषय बन्दै गएको छ । संसारमा जीवोत्पत्तिसँग मात्रै आज यौन विषय सीमित छैन । यसले दिने दैहिक आनन्दको पाटाको विश्लेषणमा पनि योगीदेखि भोगीसम्मले आ-आफ्ना धारणा व्यक्त गरेको पाइन्छ ।

यौन शब्द नेपालीमा तत्सम शब्दका रूपमा प्रचलित छ । यो शब्द संस्कृतको योनी शब्दबाट विकसित भएको कुरा यसको सम्पादकीय लेखमा गौतमले चर्चा गरेका छन् । संस्कृतमा योनित : योनि सम्बन्धात् अर्थात् एउटा योनी देखि अर्को योनीसँगको सम्बन्ध भन्ने अर्थ बुझाउने कुरा उल्लेख गरिएको छ । पूर्वीय साहित्य सिद्धान्तका साथै पाश्चात्य साहित्यमा पनि अत्यन्त प्रचलित यौन विषयका कथाहरू मध्येबाट प्रतिनिधि रूपमा कथाहरू छानी गौतमले यस पुस्तकमा सम्पादन गरी समेट्ने काम गरेका छन् । नेपाली यौनकथाको परिवेश र प्रवृत्ति संक्षिप्त अनुशीलन शीर्षक सम्पादकीय लेखमा गौतमले यौन किन आवश्यक छ भन्ने कुरादेखि यौनको मनोवैज्ञानिक पक्ष, पूर्वीय दार्शनिक यौन चिन्तनका कार्यहरू, वात्स्यायनको कामशास्त्र र पूर्वीय वैदिक वाङ्मयले कोरेको मार्गचित्र, पौराणिक यौन प्रसङ्गहरू, शिवपार्वतीका अनेक कामक्रीडाका प्रसङ्गहरू गौतमले यस लेखमा चर्चाको विषय बनेको छन् ।

पाश्चात्य यौन मनोविज्ञानको प्रसङ्ग फ्रायडको यौन मनोविज्ञानको प्रभाव, वात्स्यायन र फ्रायडको समग्र चर्चा अनि त्यसको नेपाली साहित्यमा प्रभाव जस्ता प्रसङ्गलाई गौतमले चर्चा गरेका छन् ।

लक्ष्मणप्रसाद गौतमको यस कृतिमा नै गौतमले नेपाली यौनकथालाई २ खण्डमा विभाजन गरेका छन् । (वि.सं. १९९२-वि.सं. २०२०) को पूर्वार्ध खण्ड र वि.सं. २०२१ देखि यताको खण्डलाई उत्तरार्ध खण्ड भनेर गौतमले चर्चा गरेको पाइन्छ । यी दुवै खण्डमा योगदान पुऱ्याउने स्रष्टा र तिनका कृतिबारे पनि गौतमले चर्चा गरेका छन् भने ती कृतिले समेटेका विविध कोणीय विषयवस्तुको चर्चा गरेको उल्लेख गरेका छन् । लक्ष्मणप्रसाद गौतमको सम्पादनमा सम्पादित यस कृति भित्रका रचनाहरूको विषयवस्तुको विश्लेषण यहाँ गरिन्छ ।

## ५.८.२.२ विषयवस्तु

**समकालीन नेपाली यौनकथा भाग-२** को विषयवस्तुले विभिन्न यौनकथाहरूलाई समेट्ने कार्य गरेको छ । यस सङ्ग्रहभित्रका कथाहरूले समेटेको विषयवस्तु अनुसार नै ती कथाहरूलाई विभिन्न शीर्षक अन्तर्गत राखेर खण्ड खण्डमा सम्पादन गरी स्पष्टता दिन खोजीएको छ । समकालीन नेपाली यौनकथा भित्र समेटिएका कथाहरूको विषयसूची यस प्रकार रहेको छ :

**क) प्रतीकीकरणको विशिष्ट चयन**

अ) *विराग* : मोहनराज शर्मा

आ) *हेल्लुस* : ध्रुवचन्द्र गौतम

इ) *इस्कुल* : कृष्ण धरावासी

ई) *ऋतुकाल* : हरिहर पौडेल

**ख) दृष्टिकोणको सघन प्रस्तुति**

अ) *सर्वज्ञ र सेक्स* : किशोर पहाडी

आ) *आत्मश्लाघा* : इन्द्रकुमार श्रेष्ठ 'सरित'

इ) *प्रत्यय* : रोशन थापा 'नीरव'

**ग) आवेग र उन्माद**

अ) *आँधी थामिएपछि* : बेञ्जु शर्मा

आ) *मौन स्विकृति* : पद्मावती सिंह

इ) *रतेली* : बाबा न्यौपाने

ई) *देवेन्द्रकी स्वास्नी* : अमोद भट्टराई

**घ) यथार्थ परिप्रेक्ष्य र स्थानिय परिवेश**

अ) *उन्मत्त भैरव* : जलेश्वरी श्रेष्ठ

आ) *यस्तै* : गोपाल पराजुली

इ) *काँचको टुक्रा* : बाबुराम लामिछाने

ई) *खलनायकको प्रेम* : नारायण ढकाल

उ) *भग्नकुण्ड र माछो* : विवश पोखेल

ऊ) *ओरगानी* : राजेन्द्र पराजुली

ए) *चोखाउनी* : महेशविक्रम शाह

ऐ) *आवरण* : नयनराज पाण्डे

**ङ) असामान्य मनोदशा प्रतिक्रिया**

अ) *पिशाचिनी* : मायाँ ठकुरी

आ) *विभ्रम* : भागीरथी श्रेष्ठ

**च) यौनिक कथ्यको तरल प्रस्तुति**

अ) *ऐसेलुका झ्याङहरू* : पुष्पलता आचार्य

आ) *भोक* : रक्ष राई

इ) *लोग्ने* : कमला सरूप

यी उल्लिखित कथाहरूले विविध विषयलाई समेटेको पाइन्छ । नेपाली समाजका विविध क्षेत्र, बर्ग र जातीमा भेटिएका पात्रहरू टिपेर तीनका जीवनमा यौनले खेलेको भूमिका र मनोदशाको सफल चित्रण यसका कथाले गरेका छन् । यौनका सकारात्मक

पक्षहरू र त्यसले पुऱ्याउने क्षतिहरू विक्षिप्त मनोदशाले पीडित पात्र आदिका माध्यमबाट यी कथाहरूले सन्देश सम्प्रेषण गर्ने कार्य गरेका छन् । यस कथासङ्ग्रहका कथाहरूले मानवका आवेग उन्माद र विक्षिप्त यौन मनोविज्ञानका माध्यमबाट यौनको विविध प्रकारबारे प्रकाश पारेका छन् ।

### ५.८.२.३ सम्पादकीय क्षमता

*समकालीन नेपाली यौनकथा भाग-२* का सम्पादक लक्ष्मणप्रसाद गौतम हुन् । यसमा गौतमले २६ जना स्रष्टाका २६ वटा कथाहरूलाई समेटेका छन् । यौन विषयका कथाहरूको पठनमा आजको पुस्ता क्रियाशील छ । नेपालमा यौनशिक्षालाई पाठ्यक्रमले समेटेको छैन । त्यसैले आजका बच्चाहरूले लुकिछिपी यौनबारे जिज्ञासा प्राप्त गर्नुपर्ने अवस्था छ । यौन भनेको शारिरीक आवश्यकता हो वयस्क मानिसलाई यसले स्वास्थ्यमा सुधारको कार्य गर्ने रहेछ भन्ने कुरालाई यी कथामार्फत जिज्ञासु बालकदेखि लिएर सिद्धान्तप्रेमीहरूको सिद्धान्तखोजीलाई पनि सकारात्मक प्रभाव पार्ने छ । यस्तो आवश्यकीय कृतिको सम्पादन गर्ने लक्ष्मणप्रसाद गौतमको कार्य महत्त्वपूर्ण छ । लेखकहरूको व्यक्तिवृत्तको चर्चालाई पछाडि राख्नुको सट्टा कथासँगै राखिदिएको भए अझै सुनमा सुगन्ध हुने थियो । लक्ष्मण गौतमको सम्पादकीय क्षमतालाई यस कृतिले एक खुट्किलो माथि उठाउने कार्य नै गरेको छ गिराएको छैन भन्ने निष्कर्षात्मक टिप्पणीले यहाँ उनको सम्पादकीय क्षमतालाई स्पष्ट पार्छ ।

### ५.८.२.४ निष्कर्ष

निष्कर्षतः पूर्वीय र पाश्चात्य साहित्यमा र चिन्तनका क्षेत्रमा आदिम समयदेखि चर्चाको विषय बनेको यौनलाई प्रमुखता दिएर लेखिएका कथाहरू आज विश्व साहित्यदेखि लिएर नेपाली साहित्यमा पनि प्रशस्त छन् । यस्तो विषयका कथाहरूको सम्पादन गरेर लक्ष्मणप्रसाद गौतमले प्रशंसनीय कार्य गरेका छन् । वि.सं. २०६१ सालमा नेपाली गृहयुद्ध चरम उत्कर्षमा पुगेको नेपाली समाजमा मनोरञ्जन प्रदान गर्न पनि यो कृतिको सम्पादन आवश्यक रहेको पाइन्छ । इतिहासको चर्चा गर्दा राणाकालीन क्रूर शासनका समयको त्रासदी निराकरणको लागि पनि नेपाली साहित्यमा सृङ्गारिक लेखनले प्रश्रय पाएकै थियो । त्यसैले यो कृति पनि युद्धले आहत नेपाली जनमानसलाई थोरै राहत प्रदान गर्न सफल छ ।

### ५.८.३ समकालीन नेपाली द्वन्द्वकथा कृतिको विश्लेषण

**समकालीन नेपाली द्वन्द्वकथा** लक्ष्मणप्रसाद गौतमको एकल सम्पादनमा वि.सं. २०६३ सालमा प्रकासित कृति हो । यस कृतिलाई यहाँ विषयप्रवेश, विषयवस्तु, सम्पादकीय क्षमता र निष्कर्ष गरी चार वटा तत्त्वका आधारमा विश्लेषण गरिएका छ ।

### ५.८.३.१ विषय प्रवेश

द्वन्द्व शब्द अङ्ग्रेजी कन्फिल्क्टको नेपाली रूपान्तरण हो भनी उल्लेख पाइन्छ । सामाजिक प्रतिष्ठा र विचार बीचको द्वन्द्व मूलतः दुई पात्र र पक्षबीचको मनमुटाव हो, झगडा हो । यो भिन्न राजनैतिक वैचारिक र जातीय पक्षको युद्ध हो भन्ने तात्पर्य द्वन्द्व शब्दले दिन्छ । संसारमा मानव सभ्यताको विकास नै द्वन्द्वको परिणति हो भन्ने धारणा विद्वान्हरूको रहेको पाइन्छ । आदिम साम्यवादी युगदेखि आजको पुँजीवादी युगसम्म मानवले जुन विकास गऱ्यो त्यो पनि २ भिन्न सिद्धान्त आस्था र विचारको परिणाम हो ।

**समकालीन नेपाली द्वन्द्वकथा** यिनै प्रवृत्ति र परिवेशको उपज हो । यसका कथाहरूले नेपालमा मात्र नभएर विश्व परिवेशमा नै देखिएको सशस्त्र सङ्घर्ष, आणविक हतियारको भण्डारण, त्यसले त्याएको ध्वंशता, दाशता र जनमानसका पीडा एवम् व्यथाको चित्रण गरेका छन् । गौतमले यस भित्रका कथाहरूबारे चर्चा गर्दै यी कथाहरूले बोकेका विषयवस्तुबारे पनि उल्लेख गरेका छन् । त्यसक्रममा गौतमले द्वन्द्वको तात्पर्य, अर्थ, समकालीनता शब्दार्थ र तात्पर्य, समकालीन नेपाली कथामा द्वन्द्वको पृष्ठभूमि र परिवेश आदि विषयको चर्चा गरेका छन् । यस कथासङ्ग्रहमा सङ्ग्रहित कथाले बहन गरेका विषयहरू तिनमा प्रतिपादित विषयवस्तुहरू, भय, पीडा, प्रतिशोध, शिकारीवृत्ति, नारीपीडा, विक्षिप्त मनोदशा, मृत्युवरण, स्थानान्तरण, विस्थापन, द्वन्द्वकालका राजनैतिक, सामाजिक मोडहरू, कथामा पाइने मिथक, बिम्ब र प्रतीकहरूबारे गौतमले व्यापक विश्लेषण गरेका छन् । यहाँ समकालीन द्वन्द्वकथाले समेटेको विषयवस्तुबारे चर्चा गरिन्छ ।

### ५.८.३.२ विषयवस्तु

**समकालीन नेपाली द्वन्द्वकथा**कृतिमा द्वन्द्वसँग सम्बन्धित विषयवस्तु समेटेका तीस वटा कथाहरूको सम्पादन गरिएको छ । यी कथाहरूलाई सम्पादन गर्ने कार्यलाई अझ स्पष्टता प्रदान गर्न लक्ष्मणप्रसाद गौतमले विभिन्न शीर्षकमा यी कथाहरूलाई समेटेका छन् । ती कथा र कथाकारहरूका कृतिको विषयसूची यहाँ प्रस्तुत गरिएको छ :-

**क) द्वन्द्वको परिणति : भय र पीडाबोधको अभिव्यक्ति**

अ) रमेश बिकल : *यतिखेर उ दुर्गा बनेर निस्किएकी थिई*

आ) विजय चालिसे : *शिकार र शिकारीहरू*

इ) पद्‌मावती सिंह : *हिंसाको मौनता*

ई) प्रदीप नेपाल : *तीन बास*

उ) राजेन्द्र पराजुली : *रित्तो*

ऊ) राजुबाबु श्रेष्ठ : *अँध्यारो गन्तव्य*

ए) नवीन बिभास : *बास*

ऐ) मञ्जुल मितेरी: *मोड*

**ख) द्वन्द्वजन्य प्रभावको प्रतिकिकरण र संवेदनाको प्रस्तुति**

अ) *सीताहरू* : परशु प्रधान

आ) *राजधानी एक्सप्रेस* : सनत रेग्मी

इ) *प्रतिविम्ब* : वनमली निराकार

ई) *एउटा अर्को खाडल* : महेश विक्रम शाह

उ) *विक्षिप्त* : सरस्वती शर्मा 'जिज्ञासु'

**ग) भय र मनोवैज्ञानिक सन्त्रासको आतङ्क**

अ) नरेन्द्रराज पौडेल : *मोहनराजको तल्सिङ*

आ) मनु ब्राजाकी : *अब तिम्रो पालो*

इ) किशोर पहाडी : *आतङ्कको आँशु*

ई) गोविन्द गिरी प्रेरणा : *तिम्रो गर्धन छिनाल्ने*

उ) पुण्यप्रसाद खरेल : *अति भए पछि*

**घ) द्वन्द्वपरिवेशको विद्रुपता र वर्णानात्मक यथार्थ**

अ) भाउपन्थी : *बिहानी विहीन रात*

आ) रोशन थापा नीरव : *असह्य*

इ) धीर कुमार श्रेष्ठ : *आरम्भ अर्थात् सुरुवात*

ई) नीलम कार्की निहारिका : *२०६२ को राजमार्ग*

**ङ) विवशता र विद्रोही चेतनाको वरण**

अ) ध्रुव सापकोटा : *अर्कै मान्छे*

आ) अविनाश श्रेष्ठ : *दिदी कमरेड*

इ) सर्मिला खड्का (दाहाल) : *सुकन्या उर्फ नीलिमा*

**च) द्वन्द्वमनको अनाचार र त्रासद परिस्थिति**

अ) हरिहर खनाल : *थवाङ्को आकाश मुनि*

आ) धनश्याम ढकाल : *माटोको खोजी*

इ) राजेन्द्र बिमल : *माओवादी*

**छ) आत्मालायीय स्वप्नाभिव्यक्तिमा द्वन्द्वपीडा**

अ) मृत्यु वैध कि अवैध : *डा. तुलसीहरि भट्टराई*

आ) सुनसान वस्तीका विध्वंस सपना : *हरिहर पौडेल*

समकालीन नेपाली द्वन्द्वकथामा सङ्ग्रहित यी कथाहरूले सशस्त्र द्वन्द्वजन्य पीडाबाट आहत नेपाली जनमानसका पीडा व्यथा समेतलाई समेटेको पाइन्छ ।

### ५.८.३.३ सम्पादकीय क्षमता

कुनै पनि कृति कति सान्दर्भिक छ भन्ने कुरा त्यो कहिले प्रकाशित छ भन्ने कुरा वा सामयिकतासँग पनि जोडिन्छ । वि.सं. २०६३ सालमा प्रकाशित यो कृतिले वाक्स्वतन्त्रताको प्राप्ति पछि स्रष्टाहरूले समेटेका द्वन्द्वका घटनाहरूलाई समेटेका कारण यी सबै कथाहरू सफल छन् । यस्ता कथाहरूको सङ्कलनले लक्ष्मणप्रसाद गौतमलाई पनि एक सफल सम्पादकका रूपमा उभ्याएको छ ।

### ५.८.३.४ निष्कर्ष

निष्कर्षत : द्वन्द्वजन्य पीडाबाट प्रताडित विश्वमानवका पीडा, व्यथा, र रोदनहरूलाई माथि उल्लिखित कथाहरूले आफ्ना विषयवस्तु मार्फत उजागर गरेका छन् । यिनै विविध विषयलाई समेटिएको सङ्गालो समकालीन नेपाली द्वन्द्वकथाले नेपाली कथा साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

## ५.८.४ अन्तरसंवाद सम्पादकीय कृतिको विश्लेषण

**अन्तरसंवाद** लक्ष्मणप्रसाद गौतमको एकल सम्पादनमा वि.सं. २०६५ सालमा प्रकासित कृति हो । यस कृतिलाई यहाँ विषयप्रवेश, विषयवस्तु, सम्पादकीय क्षमता र निष्कर्ष गरी चार वटा तत्त्वका आधारमा विश्लेषण गरिएका छ ।

### ५.८.४.१ विषय प्रवेश

लक्ष्मणप्रसाद गौतमको सम्पादनमा प्रकाशित अर्को कृति अन्तरसंवाद हो । परशुप्रधानलाई अन्तर्वार्ता नायक बनाएर उनको जीवनी, व्यक्तित्त्व र साहित्ययात्रा सम्बन्धी मूलभूत पाटाहरू केलाउने कार्य यस कृतिमा सङ्ग्रहित अन्तर्वार्ताले गरेका छन् । वि.सं. २०२० को दशकदेखि नेपाली साहित्यमा प्रवेश गरेका प्रधानले दिएको योगदानलाई कदर गर्दै उनको पहिचानलाई अरु माथि उठाउन यो कृति सम्पादन गरेको देखिन्छ । अन्तरसंवाद कृतिमा पाइने मूलभूत विषयवस्तुको यहाँ चर्चा गरिन्छ ।

### ५.८.४.२ विषयवस्तु

अन्तरसंवाद अन्तर्वार्ता सङ्ग्रह परशु प्रधानलाई अन्तर्वार्ता नायक बनाएर सम्पादन गरिएको महत्त्वपूर्ण कृति हो । यस कृतिका सम्पादक लक्ष्मणप्रसाद गौतम हुन् । यस कृतिले परशु प्रधानलाई नै अध्ययनको मुख्य विषय बनाएको छ । यस कृतिका मुख्य जिज्ञासाका केन्द्र प्रधान नै हुन् । नेपाली साहित्यमा प्रधानको आगमन र उनको लेखन, उनको जीवनीसँग सम्बन्धित कुराहरू, व्यक्तित्त्वका पाटाहरू, उनका विभिन्न धारणा, मान्यताहरूलाई नै यसमा मूख्य विषयवस्तु बनाईएको छ । यस कृतिमा सङ्ग्रहित विषयसूची यस प्रकार रहेको छ :

क) *यौन कुण्ठालाई दबाएर राख्नु हुन्न* : वार्ताकार ज्ञानुवाकार पौडेल (**मिर्मिरे** २०४९)

ख) *स्वास्नी मान्छेमा म बढी बाँडिएको छु* : देवेन्द्र प्रताप शाह (**समष्टि** २०४४)

ग) *मलाई लेखक हुनुपरेकोमा विसन्तोष छैन* : गोविन्द गिरी प्रेरणा

घ) *कथामा यथार्थ भोगाइ आउनु पर्छ* : ध्रुव मधिकर्मी (**पुनर्जागरण** २०५०, २०५८, २०६०)

ङ) *मान सम्मान र पुरस्कारका लागि लेख्दिन* : कैलाश भण्डारी (**सुगन्ध** २०५१)

च) *पहाडी सौन्दर्य भित्रको गरिबी र पीडाले म लेखक भएँ* : कमला सरूप (**परदेशी डटकम अनलाइन पत्रिका**, अमेरिका २०५५)

छ) *नातागोता र चाकडी गरेको भरमा प्राज्ञ हुँदा रहेछन्* : (व्याकुल पाठक २०५५)

ज) *साहित्यकार न बनाइन्छ न जन्माइन्छ, त्यो स्वयं जन्मन्छ* : (कुमारप्रसाद कोइराला, **गरिमा** २०५८)

झ) *जुन संस्थामा राजनीति हुन्छ त्यो संस्था खत्तम हुन्छ* : टङ्क सम्बाहाम्फे ( **अविराम** २०५८)

ञ) *नेपाली साहित्यमा कथाकारहरू दोस्रो श्रेणीका नागरिक भएका छन्* : देवी पन्थी (**सगर** २०५८)

ट) *साहित्यमा पनि माफियातन्त्रको दवदबा छ* : ध्रुव सापकोटा (**समकालीन साहित्य** ११/१, २०५८)

ठ) *बर्जित फल माथिको प्रयोग* : देवेन्द्र भट्टराई (**स्रष्टा र समय** २०५९)

ड) *खोटाङ र त्यहाँका मान्छेहरूको सरल मन हो* : देवान किराती (दिक्तेल क्याम्पसको **मुखपत्र** २०६०)

ढ) *रचना गर्भ साहित्यिक विधाको विसंरचनाको रूप हो* : लक्ष्मणप्रसाद गौतम ( **मधूलिमा** २०६०)

ण) *कुनै वाद र रङ्गमा प्रतिवद्ध भएर साहित्य सिर्जना गर्नु हुँदैन* : कृष्णप्रसाद ( **मिर्मिरे** २२७ २०६१)

त) *प्रज्ञा प्रतिष्ठान प्राज्ञहरूको जागीर मात्र खाने ठाउँ होइन* : मीनकुमार नवोदित श्रेष्ठ (**दर्शन** २०६१, २०६३)

थ) *चर्को चश्माबाट उत्तरार्धको अन्वेषण* : नेत्र एटम (**सीमान्त आकाश** २०६२)

द) *म पूर्वाञ्चलको लेखक हुँ* : गणेश निरौला (२०६३)

ध) *मैले त कुन्ती र द्रौपदीका कथाहरू लेखेको हुँ* : सरस्वती शर्मा 'जिज्ञासु' ( **नवमाधुरी** २०६३)

न) *अहिलेको खोटाङ्गले विश्वमा नै स्पष्ट पहिचान बनाएको छ* : नगेन्द्रराज रेग्मी, (**वाङ्मय** २०६४)

माथि उल्लिखित वार्ताकार र तिनले वार्तानायकसँग गरेका कुराकानीले प्रधानको वैयक्तिक जीवन, उनको व्यक्तित्त्व र कृतिसँग सम्बन्धित विभिन्न अवधारणा प्रस्तुत गरेका छन् । नेपाली समाजका विभिन्न समस्या, वैयक्तिक जीवनका विभिन्न पाटाहरूको व्याख्या र यौनजीवन गरिबी भोक र बेरोजगारी लगायत विषयलाई टिपेर आफ्नो कृतिमा स्थान दिएका प्रधानका प्राज्ञ के हो, प्राज्ञको कर्तव्य के हो, नेपाली साहित्यमा राजनैतिक प्रभाव कति छ, भन्ने धारणाहरूको लेखाजोखालाई यी अन्तर्वार्ताले प्रस्तुत गरेका छन् ।

### ५.८.४.३ सम्पादकीय क्षमता

लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादन गरिएको **अन्तरसंवाद** कृतिले परशु प्रधान बारेको अध्ययनलाई मूल पाटो बनाएर सामग्रीको सङ्कलन र सम्पादन गरेको छ । अन्तरवार्ता बारेको मूल जानकारीका साथ प्रधानबारे विस्तृत जानकारीका लागि सम्पादन गरिएको अन्तरसंवाद कृति आफैमा महत्त्वपूर्ण छ र सम्पादक लक्ष्मणप्रसाद गौतम यस कृतिमा सफल छन् ।

### ५.८.४.४ निष्कर्ष

लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित अन्तरसंवाद कृतिले एउटा स्रष्टाबारे जान्न चाहने जो कोहीलाई सहायता प्रदान गर्ने कार्य गरेको छ । एउटा स्रष्टाको जीवन समयसँगै कसरी परिवर्तन हुन्छ वा उसले बोकेको समयसँगै कसरी परिवर्तन हुन्छ वा उसले बोकेका विचारहरू जीवन भोगाइका क्रममा परिवर्तन हुन्छन् वा हुँदैनन् अनि स्रष्टा के हो ? प्राज्ञिक क्षेत्रमा कसरी राजनीति घुसेको छ जस्ता प्रश्नको उत्तर खोज्ने कार्य यस कृतिमा गरिएको छ । समग्रमा परशु प्रधानबारेको एउटा मानक ग्रन्थका रूपमा **अन्तरसंवाद** कृति रहेको पाइन्छ ।

## ५.९ लक्ष्मणप्रसाद गौतमका सह-सम्पादकीय कृतिहरूको विश्लेषण

लक्ष्मणप्रसाद गौतमका सहसम्पादकीय कृतिहरू पाँचवटा छन् जुन यसप्रकार छन् :

क) आख्यानपुरुष, ध्रुवचन्द्र गौतम (२०६०)

ख) रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक-खण्ड) (२०६९)

ग) रत्न बृहत् नेपाली समालोचना (प्रायोगिक-खण्ड) (२०६९)

घ) प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता (भाग-एक) (२०७०)

ङ) प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता (भाग-दुई) (२०७१)

उल्लिखित कृतिहरूलाई कालक्रमकि रूपमा यहाँ विश्लेषण गरिएको छ ।

### ५.९.१ आख्यानपुरुष ध्रुवचन्द्र गौतम कृतिको विश्लेषण

**आख्यानपुरुष ध्रुवचन्द्र गौतम** खुमनारायण पौडेलको प्रधानसम्पादन र लक्ष्मणप्रसाद गौतमको सहसम्पादनमा वि.सं. २०६० सालमा प्रकासित कृति हो । यस कृतिलाई यहाँ विषयप्रवेश, विषयवस्तु, सम्पादकीय क्षमता र निष्कर्ष गरी चार वटा तत्त्वका आधारमा विश्लेषण गरिएका छ ।

### ५.९.१.१ विषय प्रवेश

नेपाली आख्यानका क्षेत्रमा एउटा सिङ्गो युगको नाम हो -ध्रुवचन्द्र गौतम । विशेषतः विक्रम संबत्को बिसौं शताब्दीको तेस्रो दशकदेखि नेपाली उपन्यासलाई नयाँ मोडका साथ अग्रगति प्रदान गर्ने कार्यमा गौतमको भूमिका महत्त्वपूर्ण मानिन्छ । विश्वसाहित्यमा दोस्रो विश्वयुद्धपछि देखिएका नवप्रयोगलाई नेपाली साहित्यमा विशेषतः उपन्यास विधामा भित्र्याउने श्रेय ध्रुवचन्द गौतमलाई छ । गौतमको लेखनलाई विसङ्गतिवादी अस्तित्ववादी आख्यान परम्परामा बृहस्पतिको स्थान प्राप्त छ । नेपाली साहित्यलाई दुई दर्जन भन्दा बढी कृति प्रदान गर्ने गौतम श्रद्धेय व्यक्तित्त्व हुन् । उनको बारेमा र उनका कृतिहरूका बारेमा गरिएका खोज अनुसन्धानहरू महत्त्वपूर्ण छन् । ध्रुवचन्द्र गौतमको अभिनन्दन ग्रन्थका रूपमा प्रकाशित आख्यानपुरुष ध्रुवचन्द्र गौतम एक महत्त्वपूर्ण कृति मानिन्छ । चितवन वाङ्मय प्रतिष्ठानबाट लक्ष्मणप्रसाद गौतमको सम्पादनमा प्रकाशित प्रस्तुत ग्रन्थबारे यहाँ चर्चा गरिएको छ ।

### ५.९.१.२ विषयवस्तु

**आख्यान पुरुष ध्रुवचन्द्र गौतम** कृतिले ध्रुवचन्द्र गौतमसँग सम्बन्धित विभिन्न पक्षहरूको उद्घाटन गर्दै उनका कृतिमा पाइने विविध विषयको व्याख्या प्रस्तुत गरेको छ । नेपाली उपन्यास विधामा एउटा सिङ्गो युग हाँक्ने आख्यानपुरुष गौतमको अभिनन्दन स्वरूप प्रस्तुत ग्रन्थ रहेको पाइन्छ । यसमा ध्रुवचन्द्र गौतमको जीवनी व्यक्तित्व र कृतित्त्वसँग सम्बन्धित रहेर यो कृतिको विषयवस्तु निर्माण भएको छ । ध्रुवचन्द्र गौतमका उपन्यास, कथा र नाटकमा पाइने विषयवस्तुको बहुकोणीय अध्ययन र उनको जीवनसँग जोडिएका हरेका पक्षका साथै उनको स्वभावबारे पनि स्रष्टाहरूले यस कृतिमा उल्लेख गरेका छन् । आख्यानपुरुष ध्रुवचन्द्र गौतम कृतिले समेटेका विषयहरूको सूची यसप्रकार रहेको छ ।

**क) व्यक्तित्त्व/कृतित्त्व**

१. *ध्रुवचन्द्र गौतमको उपन्यासकारिता* -कृष्णचन्द्र सिंह प्रधान ।

२. *नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान* -डा खगेन्द्रप्रसाद लुईटेल ।

३. *उपन्यासकार ध्रुवचन्द्र गौतम* - ज्ञानु पाण्डे ।

**ख) उपन्यास**

१. *अन्यपछिको अन्तर्वस्तु* - पूर्णप्रसाद अधिकारी

२. *बालुवामाथि उपन्यास : दृष्टिविविधताका केन्द्रीयतामा* - रमेश प्रभात

३. *नेपाली उपन्यास परम्परामा एक नौलो आयाम, डापी* - कृष्ण गौतम

४. *डापी उपन्यासबारे एउटा प्रथम पाठकको प्रतिक्रिया* - गोपाल गोतामे

५. *केही मूलभूत बुँदाका आधारमा कट्टेलसरको चोटपटक उपन्यास* -राजेन्द्र सुवेदी

६. *अलिखित उपन्यासको रचनाशिल्प* - माधवप्रसाद पोखरेल

७. *निमित्त नायकको विसङ्गत संसार* - कुमार कोइराला

८. *स्वर्गीय हीरादेवीको खोज समकालीन जीवनको त्रासदी* -किशन थापा'अधीर'

९. *अभाव र विसङ्गतिको कथा एक सहरमा एक कोठा* - कृष्ण पौडेल

१०. *प्रकृतिवादी उपन्यासका रूपमा उपसंहार अर्थात् चौथो अन्त्य* - कृष्ण पौडेल

११. *दुविधाभित्रका ध्रुवचन्द्र गौतम* -प्रा. मोहनराज शर्मा

१२. *प्रथम उपन्यासका प्रथम पुनर्सर्जक ध्रुवचन्द्र* - गोविन्दराज भट्टराई

१३. *शिल्प संयोजकनको नवीनताका दृष्टिले फुलको आतङ्क* - लीला लुईटेल

१४. *औपन्यासिक नवप्रयुक्तिका रूपमा बाढी र यसको अनुभवन्यासिक विश्लेषण* - लक्ष्मणप्रसाद गौतम

१५. *सहश्राब्दीको अन्तिम प्रेमकथाको अभिव्यञ्जनात्मक मूल पाठ*-रमेश गोर्खाली

१६. *मौनभित्रका विस्फोटहरू* -रमेश थापा 'नीरव'

१७. *तथाकथितमा प्रतिबिम्बित समसामयिकता* - गोपाल पौडेल

**ग) कथा**

१. *कथाकार ध्रुवचन्द्र गौतमको कथायात्रा* -गोविन्द गिरी 'प्रेरणा'

**घ) नाटक**

१. *नेपाली नाट्यक्षेत्रमा ध्रुवचन्द्र गौतमको योगदान* -केशवप्रसाद उपाध्याय

२. *नेपाली नाट्यविधाको नयाँ घुम्ती : त्यो एउटा कुरा* -द्वारिका श्रेष्ठ

३. *ध्रुवचन्द्र गौतमका नाटकमा पाइने प्रयोगको स्वरूप* - नेत्र एटम

ङ) **दृष्टि**

१. *सायद अरु पनि धेरै छ लेख्नु* - अशेष मल्ल

२. *आलोक प्रेरणाको* - इशान गौतम

३. *एउटा शब्दचित्र पोट्रेट : डा ध्रुवचन्द्र गौतमको* -उत्तम नेपाली

४. *ध्रुवदाई आर्थात् सरलपन, मृदुभाषिता र मिलनसारिताको पर्याय* - कविर राणा

५. *काँचो आँप खाने ध्रुव दाइ* -किशोर पहाडी

६. *पृथ्वीको वरिपरि ध्रुवचन्द्र गौतम* - कृसु क्षेत्री

७. *ध्रुवचन्द्र गौतमको सहश्राब्दीको अन्तिम प्रेमकथा अस्तित्व प्रेमको सहीछाप* - डाकृष्णप्रसाद दाहाल

८. *अस्तित्ववादी विसङ्गतिवादी स्कुलका मेरा गुरु* - खुमनारायण पौडेल

९. *ध्रुवचन्द्र प्रति मेरो केही शब्द समर्पण* - गणशेखर शर्मा

१०. *मैले जानेबुझेका ध्रुवचन्द्र गौतम* - गोपाल अश्क

११. *आउने मान्छे जसरी पनि आउँछ* - गोपाल पराजुली

१२. *ध्रुवदाइले हिडिसकेको बाटोमा* - गोपी सापकोटा

१३. *शब्दचित्रमा ध्रुवचन्द्र* - गोविन्दराज विनोदी

१४. *ध्रुवचन्द्र गौतम नै किन ?* -चंकी श्रेष्ठ

१५. *लेखेर नबाँचे पनि बाँच्नलाई लेखिरहने* - जयदेव भट्टराई

१६. *गौतम : केही दृष्टि प्रक्षेप* - डा तुलसी भट्टराई

१७. *उपन्यास सम्राट ध्रुवचन्द्र र वीरगञ्ज* - दिनेश गुप्ता

१८. *पलपल बित्यो साठी वर्ष* - देवेन्द्र भट्टराई

१९. *मेरो प्रस्ताव उहाँले मान्नुभएन* - ध्रुव सापकोटा

२०. *४७४०६७* -नयनराज पाण्डे

२१. *मेरो अनुभूतिभित्र ध्रुवचन्द्र गौतम* -पुरुषोत्तम बस्नेत

२२. *धर्तीपुत्र* - बलदेव शर्मा मजगैंया

२३. *कुनै पात्र जस्तै* - बाबुराम लामिछाने

२४. *आख्यान पुरुष* -व्याकुल पाठक

२५. *मेरो शब्द क्यान्भासमा ध्रुव* -भाउपन्थी

२६. *हिजो र आजका ध्रुवचन्द्र* - भुवन ढुङ्गाना

२७. *ध्रुवचन्द्र र मेरो अम्मल* - युवराज नयाँघरे

२८. *डाक्टरसाप फ्ल्यासब्याकमा* - राजेन्द्र पराजुली

२९. *माङ्साप, ध्रुवचन्द्र र मेरो सहर* - विनय रावल

३०. *मेरो सम्फनामा ध्रुवचन्द्र* -विष्णुविभू घिमिरे

३१. *मेरो दाइलाई कुशुमे उपहार* - शशि भण्डारी

३२. *ध्रुवचन्द्र जस्तै ध्रुवचन्द्र* - शिव अधिकारी

३३. *ध्रुवचन्द्र गौतम : मेरो मित्र मेरो शत्रु* - शैलेन्द्र शाकार

३४. *मेरा अग्रज मेरा मित्र* : डा ध्रुवचन्द्र गौतम -सनत रेग्मी

३५. *शीर्ष आख्यानकार ध्रुवचन्द्र गौतम* - सृजन लम्साल

३६. *किन लेख्ने मैले ?* - श्री ओम रोदन

३७. *ध्रुवचन्द्र गौतम : मेरा गुरु साथी र सहयात्री* - हरि अधिकारी

३८. *आख्यान पुरुषलाई अधाउँजी बधाई* - ज्ञानेन्द्र विवश

**च) बिम्ब**

१. *फर्केर हेर्दा*

यसरी माथि उल्लिखित विभिन्न शीर्षकमा सङ्ग्रहित विषयवस्तुले ध्रुवचन्द्र गौतमसँग सम्बन्धित विभिन्न कुराहरूलाई समेटेको छ । गौतमको जीवनी व्यक्तित्त्व, उनका सम्पूर्ण विधाका कृतिमा पाइने मूलभूत विषयवस्तु र विभिन्न स्रष्टाले उनको सङ्गतबाट पाएका प्रेरणा, सहानुभूति र मित्रत्व भावबाट प्रेरित कुराहरूलाई यहाँ विषयवस्तका रूपमा समेटिएको पाइन्छ ।

## ५.९.१.३ सम्पादकीय क्षमता

लक्ष्मणप्रसाद गौतम एक सम्पादक हुन् । उनले लेखकीय क्षमताको अभिबृद्धिमा सम्पादकीयताले महत्त्वपूर्ण योगदान प्रदान गरेको छ । खुमनारायण पौडेलको प्रधानसम्पादकत्वमा गौतमले कार्यकारी सम्पादक भएर यस कृतिको सम्पादनमा महत्त्वपूर्ण

योगदान पुऱ्याएका छन् । विभिन्न स्रष्टाहरूका विविध दृष्टिकोणले एउटा स्रष्टालाई हेर्ने कार्य आख्यान पुरुष ध्रुवचन्द्र गौतम कृतिमा भएको छ । कुनै पनि स्रष्टाको अभिनन्दनमा मानक ग्रन्थको सम्पादनकाई एक प्रशंसनीय कार्य हो । त्यसमा पनि ध्रुवचन्द्र गौतमका समकक्षी स्रष्टा र अनुज स्रष्टाका दृष्टिमा ध्रुवचन्द्र गौतम अनि उनका कृतिका मूलभूत विषयलाई एकसाथ प्रकाशन गर्ने कार्यमा लक्ष्मणप्रसाद गौतम सफल छन् । यो लक्ष्मणप्रसाद गौतमको सम्पादकीय क्षमताको अभिवृद्धि गर्ने एउटा मानक ग्रन्थ रहेको कुरा स्पष्ट छ ।

### ५.९.१.४ निष्कर्ष

**आख्यान पुरुष ध्रुवचन्द्र गौतम** सम्पादित कृतिमा ध्रुवचन्द गौतमको जीवनी, व्यक्तित्त्व र कृतित्त्वसंग सम्बन्धित विभिन्न विषयलाई प्रस्तुत गरिएको छ । नेपाली आख्यानको एउटा सिङ्गो युगलाई हाक्ने ध्रुवचन्द्र गौतमको अभिनन्दन स्वरूप रहेको प्रस्तुत ग्रन्थमा गौतमको समग्र जीवनी, उनको व्यक्तित्त्व र उनका कृतिहरूबारे विभिन्न विद्वान्हरूका विश्लेषण, मूल्याङ्कन र धारणा मान्यतालाई प्रस्तुत गर्ने कार्य यस ग्रन्थमा भएको छ । यस कृतिका सम्पादक लक्ष्मणप्रसाद गौतम यस कृतिमा सफल रहेका छन् । एउटा स्रष्टाबारेको समग्र अध्ययनलाई एउटै कृतिमा समावेश गरेर सम्पादन गर्ने गौतमको कार्य प्रसंशनीय छ ।

## ५.९.२ रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड) सम्पादकीय कृतिको विश्लेषण

**रत्न बृहत् नेपाली समालोचना** (सैद्धान्तिक खण्ड) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमको सम्पादनमा वि.सं. २०६९ सालमा प्रकासित कृति हो । यस कृतिलाई यहाँ विषयप्रवेश, विषयवस्तु, सम्पादकीय क्षमता र निष्कर्ष गरी चार वटा तत्त्वका आधारमा विश्लेषण गरिएका छ ।

### ५.९.२.१ विषय प्रवेश

**रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड** राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमको सम्पादकत्वमा प्रकाशित नेपाली समालोचनासँग सम्बन्धित कृति हो । वि.सं. २०६८ सालमा रत्नपुस्तक भण्डारबाट प्रकाशित यस कृतिमा विभिन्न विधाहरूको सैद्धान्तिक चर्चा गरिएका लेखहरू समाविष्ट छन् । **रत्नबृहत् नेपाली समालोचना**को सैद्धान्तिक खण्ड कृतिमा समावेश गरिएका विषयवस्तुको चर्चा यहाँ गरिन्छ । यसमा समावेश भएका विषयवस्तु पूर्व सम्पादकद्वयको लेखको चर्चा वाञ्छनीय छ ।

यसको विषयवस्तु र यसको महत्त्व प्रतिपादनका सन्दर्भमा सम्पादकद्वयले समालोचनाका विविध सिद्धान्तको व्याख्या, विश्लेषण र मूल्याङ्कनबारे चर्चा गरेका छन् । समालोचनाको अर्थ तात्पर्य, यसको विकास, यसका प्रकारहरू र समालोचनाको अवधारणाबारे चर्चा गरिएको छ । उत्तरवर्ती समालोचनाका अभिलक्षण, यसका स्वरूपहरू, यसको विकासबारेको चर्चा, चारकेन्द्रको चर्चा, समालोचनाका विभिन्न प्रवृत्तिहरूको निर्धारण यहाँ उल्लेख गरिएको छ । उत्तरवर्ती समालोचनामा अभिलक्षित सिद्धान्त, त्यसमा आएका सांस्कृतिक, आप्रवासीय, अभिधानवादी र पर्यावरणीय सिद्धान्तको व्याख्या गरेर यसभित्र अवस्थित विषयवस्तुलाई उजागर गर्ने कार्य सम्पादकहरूले गरेका छन् । समालोचनाका तत्त्व निर्धारण त्यसको व्याख्या समालोचनाका नियम तरीकाको विश्लेषणबारे पनि सम्पादकहरूको ध्यान गएको छ । सैद्धान्तिक खण्डका रूपमा रहेको यो कृतिको कार्य सिद्धान्तको ब्याख्या नै हो । त्यस अर्थमा यस कृतिमा कला सौन्दर्यवादी सिद्धान्त र समालोचना पद्धति, विधासिद्धान्त र समालोचना पद्धतिको व्याख्या गरिएको पाइन्छ । यसरी समालोचना शब्दको ब्युत्पादनदेखि लिएर विविध समालोचना सिद्धान्तको व्याख्या नै यस कृतिमा समेटिएको कुरा सुवेदी/गौतमले जानकारी दिएका छन् । रत्न बृहत् नेपाली समालोचनामा समेटिएका विषयहरूको सूची सहित यसमा सङ्कलित विषयवस्तुको व्याख्या गरिन्छ ।

### ५.९.२.२ विषयवस्तु

रत्न बृहत् नेपाली समालोचनाको विषयवस्तु जम्मा तीन खण्डमा बिभाजित छ । तीनै तीन खण्डहरूमा विविध स्रष्टाहरूका फुटकर समालोचनाहरू सङ्ग्रहित छन् । तीन

मुख्य केन्द्रहरूमा समेटिएका यी समालोचनाहरूले विषयगत विविधतालाई पनि समेटेका छन् । यस्ता खण्डहरूमा कला सौन्दर्य चिन्तन खण्ड, विधा, सिद्धान्त खण्ड र भाषा शैली संरचनापरक खण्ड रहेका छन् । यी खण्डहरूले विविध विद्वान्का समालोचनाहरू साहित्यिक धारणा र मान्यताहरूको विश्लेषण गर्ने कार्य गरेका छन् । ती प्रत्येक खण्डका विषयवस्तुहरूको सूची यस प्रकार प्रस्तुत गरिएको छ :-

**क) कला सौन्दर्य चिन्तन खण्ड**

१. इन्द्रबहादुर राई : *लीलासूत्र भ्रान्तिहरू र लीलालेखनमात्र*
२. चूडामणि बन्धु : *साहित्यिक कृतिहरूको सम्पादन*
३. इन्द्रबिलास अधिकारी : *तुलनात्मक साहित्य र विधागत विवेचना*
४. मोहनराज शर्मा : *सृजनानात्मक लेखनका सैद्धान्तिक पक्षहरू*
५. गोपालप्रसाद भण्डारी : *नाभिकीय समालोचना*
६. वासुदेव त्रिपाठी : *पाश्चात्य साहित्य र समालोचना पद्धति*
७. अभि सुवेदी : *सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास*
८. राजेन्द्र सुवेदी : *अभिघात सिद्धान्त*
९. कृष्ण गौतम : *समालोचनामा अन्तपार्टीयताको अवधारणा*
१०. माधवप्रसाद पोखरेल : *पाश्चात्य समालोचनामा मनोरचनाविज्ञान*
११. कृष्णहरि बराल : *मिथक र साहित्य*
१२. गोविन्दराज भट्टराई : *डायस्पोरा साहित्यको सैद्धान्तिक स्वरूप*
१३. सञ्जीव उप्रेती : *उत्तर औपनिवेशवाद*
१४. सुधा त्रिपाठी : *पाश्चात्य नारीवाद र त्यसको स्वरूप*
१५. ताराकान्त पाण्डेय : *साहित्यिक शोधविधि : सिद्धान्त तथा प्रयोगपक्ष*
१६. रमेशप्रसाद भट्टराई : *लैङ्गीक समालोचना*
१७. रमेशप्रसाद भट्टराई : *चलचित्र सिद्धान्त*
१८. जगदीशचन्द्र भण्डारी: *प्रगतिवादको सैद्धान्तिक पृष्ठभूमि*
१९. लक्ष्मणप्रसाद गौतम : *उत्तरआधुनिकता/उत्तरआधुनिकतावादको सैद्धान्तिक स्वरूप*
२०. नेत्र एटम : *पर्यावरणीय समालोचना*

**ख) विधा सिद्धान्त खण्ड**

१. केशवप्रसाद उपाध्याय : *एकाङ्की परम्परा र त्यसको सैद्धान्तिक विमर्श*

२. मोहनराज शर्मा : *आख्यानको व्याकरण*

३. दयाराम श्रेष्ठ : *आधुनिक कथाको रचनाविधान*

४. राजेन्द्र सुवेदी : *संस्मरण सिद्धान्त*

५. निर्मोही व्यास : *यात्रा साहित्यको विधागत स्वरूप र विशेषता*

६. मोतीलाल पराजुली : *लोकाख्यानको संरचनावादी पद्धति*

७. अशेष मल्ल : *सडकनाटकको सैद्धान्तिक पक्ष*

८. ऋषिराज बराल : *उपन्यास चिन्तनका सौन्दर्य शास्त्रीय पक्षहरू*

९. महादेव अवस्थी : *खण्डकाव्यको सैद्धान्तिक अध्ययन*

१०. गोपीन्द्र पौडेल : *कथामा पात्रको स्थान, प्रारूपीकरण र चारित्रीकरण*

११. लक्ष्मणप्रसाद गौतम : *निबन्धका प्रकारहरू*

**ग) भाषाशैली/संरचनापरक समालोचना खण्ड**

१. मोहनराज शर्मा : *शैली विज्ञान र शैली*

२. ब्रतराज आचार्य : *बाक्क्रिया सिद्धान्त र साहित्य*

३. देवीप्रसाद गौतम : *सङ्कथन सिद्धान्त*

४. खगेन्द्र लुइटेल : *संरचनाको स्वरूप र विशेषता*

५. विष्णुप्रसाद पौडेल : *बक्रोक्ति सिद्धान्त र त्यससँग शैली वैज्ञानिक निकटता*

६. सुकुम शर्मा : *समाज भाषा विज्ञान र साहित्य अध्ययन पद्धति*

यसरी **रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड**ले विविध विधाका सिद्धान्तहरूलाई विषयवस्तु बनाएको देखिन्छ ।

## ५.९.२.३ सम्पादकीय क्षमता

**रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड**ले विविध विधासिद्धान्तको सङ्कलन गरेर आफ्नो विषयवस्तु स्थापित गरेको छ । नेपाली साहित्यमा र विश्वसाहित्यमा पनि

स्थापित विभिन्न साहित्यिक विधाहरूलाई एकसाथ समेटेर सम्पादन गर्ने कार्य आफैमा महत्त्वपूर्ण छ । यस कृतिमा झलक्क हेर्दा देखिने केही त्रुटिहरू नदेखिए पनि यसमा एउटा त्रुटि भने अवश्य छ । त्यो हो-अधिक पुराना समालोचनाहरूको समावेशन र नयाँको वर्जन । रत्न बृहत् नेपाली समालोचना भनेर यसमा बृहत् शब्द लगाइरहँदा नयाँ समालोचनाहरूलाई स्थान नदिएर पुराना समालोचनाको सम्पादन यसको सम्पादकीय सीमा हो ।

### ५.९.२.४ निष्कर्ष

निष्कर्षतः **रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड**ले नेपाली समालोचनालाई अगाडि बढाउने कार्यमा महत्त्वपूर्ण कार्य गरेको छ । समालोचनामा निष्पक्षता अपरिहार्य विषय मानिन्छ । कृति महत्त्वपूर्ण कुरा हो भने त्यसको प्राप्ति र सीमाको लेखाजोखा अझै महत्त्वपूर्ण कार्य हो । रत्न बृहत् नेपाली समालोचनाले धेरैवटा विधाका सिद्धान्तलाई समेट्ने कार्य गरेको छ । हरेक वस्तु परिवर्तनको पक्षधर हुन्छ । नेपाली समालोचनाले पनि विविध परिवर्तनको फड्को मारिरहँदा ती परिवर्तनका साक्षी समालोचनाका सिद्धान्तलाई एकै ठाउँमा सम्पादन गरेर समष्टि रूप दिनु आफैमा महत्त्वपूर्ण कार्य हो ।

लीलालेखन, विनिर्माणवाद, कृतिहरूको तुलनात्मक विवेचना लगायतका विभिन्न विषय बोकेका समालोचनाको समावेशन रत्नबृहत् नेपाली समालोचनाको सैद्धान्तिक खण्डमा गरिएको कुरा विषयवस्तु शीर्षकमा गरिएकै छ । कलासौन्दर्य, विधा सिद्धान्त र भाषाशैलीसँग सम्बन्धित समालोचनाहरूको सङ्कलन रत्नबृहत् नेपाली समालोचना रहेको पाइन्छ । समालोचनाको सैद्धान्तिक पक्षको विश्लेषणमा ऐतिहासिक कदमका रूपमा रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्डको स्थान उच्च रहेको छ ।

## ५.९.३ रत्न बृहद् नेपाली समालोचना प्रायोगिक खण्ड कृतिको विश्लेषण

**रत्न बृहत् नेपाली समालोचना** (प्रायोगिक खण्ड) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमको सम्पादनमा वि.सं. २०६९ सालमा प्रकासित कृति हो । यस कृतिलाई यहाँ विषयप्रवेश, विषयवस्तु, सम्पादकीय क्षमता र निष्कर्ष गरी चार वटा तत्त्वका आधारमा विश्लेषण गरिएका छ ।

## ५.९.३.१ विषय प्रवेश

**रत्न बृहद् नेपाली समालोचना प्रायोगिक खण्ड** राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादीत र (वि.सं. २०६९) सालमा रत्न पुस्तक भण्डारबाट प्रकाशित समालोचनात्मक कृति हो । कुनै पनि कृतिको प्रकाशनमा त्यसको युग सापेक्ष भूमिका रहेको हुन्छ । रत्न बृहद् नेपाली समालोचनाको पनि त्यसमा आफ्नै भूमिका रहेको स्पष्ट छ । कुनै पनि कृति कालजयी बन्न सक्छ भन्ने कुराको प्रमाण त्यसभित्र रहेको विषयवस्तु कस्तो छ भन्ने कुरामा निहित रहन्छ । विषयवस्तु उत्कृष्ट भए कृतिको महत्त्व पनि अधिक हुन्छ नभए सामान्यमा दहरिन पुग्छ । **रत्न बृहद् नेपाली समालोचनाको प्रायोगिक खण्ड**ले समेटेको विषयवस्तु र यसका प्राप्ति अप्राप्तिको विश्लेषण तथा मूल्याङ्कन प्रस्तुत गरिने नै छ । त्यस भन्दा पूर्व सम्पादकीय लेखको समीक्षा यहाँ प्रस्तुत गरिएको छ ।

विषय प्रवेश अन्तर्गतको प्रायोगिक समालोचना आधारभूत मापदण्ड उपशीर्षक सम्पादकीय लेखमा सम्पादक द्वयले साहित्यको महत्त्व प्रतिपादन गर्दै समालोचनाको महत्त्वलाई पनि उजागर गरेका छन् । पूर्वीय, पाश्चात्य सन्दर्भमा समालोचनाको महत्त्व प्रतिपादन गर्दै यसको पृष्ठभूमिको व्याख्या यस लेखमा गरिएको छ । समालोचनाको पाश्चात्य विकासक्रम, पूर्वीय काव्यशास्त्रीहरूले तयार पारेको समालोचनात्मक पृष्ठाधारको चर्चा पनि यस लेखमा गरिएको छ । आधुनिक नेपाली समालोचनाको पृष्ठभूमि केलाउँदै मोतिराम भट्ट, शम्भुप्रसाद ढुङ्गेल र सूर्यविक्रम ज्ञवालीका प्राप्ति र सीमाहरूका साथै नेपाली समालोचनाको माध्यमिक र आधुनिक कालखण्डबारे सामान्य चर्चा पनि यस लेखमा गरिएको छ । नेपाली समालोचनाले विभिन्न कालखण्डमा आफूलाई विकसित तुल्याए पनि प्रायोगिक समालोचनाको सूत्रपात गर्ने व्यक्ति यदुनाथ खनाल हुन् र उनको **समालोचनाको सिद्धान्त** (२००३) नामक कृति प्रकाशनमा आएपछि समालोचनाले सैद्धान्तिक र प्रायोगिक दुवै किसिमको मार्ग तय गरेको स्थिति स्पष्ट हुन्छ ।[१२३] यसरी प्रायोगिक समालोचनालाई स्पष्टता प्रदान गर्ने कार्यमा यदुनाथ खनालको ठूलो हात रहेको पाइन्छ । नेपाली समालोचनाको विकासमा योगदान पुऱ्याउने साझा समालोचना र यसका प्राप्तिहरू र उत्तरवर्ती नेपाल समालोचनाको विकासलाई व्याख्या गर्ने कार्य पनि यस लेखमा

---

१२३. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम(सम्पादन), **रत्न बृहत् नेपाली समालोचना,** काठमान्डौ, रत्नपुस्तक प्रकाशन, २०६९ पृष्ठ ६ ।

सम्पादकद्वयले गरेका छन् । उत्तरवर्ती उत्तर आधुनिक नेपाली समालोचनाको विकासको चर्चा, यसमा योगदान पुऱ्याउने मोहन कोइराला, पारिजात र ध्रुवचन्द्र गौतम, इन्द्रबहादुर राइका साहित्यिक कृतिहरूको योगदानको चर्चा, आदि लेखका विषय बनेका छन् । पाश्चात्य शैली वैज्ञानिक समालोचना र पूर्वीय रीति, वक्रोक्ति र औचित्य सिद्धान्तका साम्यता, वि.सं. २०३० को दशकपछि नेपाली समालोचनामा देखिएका नयाँ नयाँ धार र प्रवृत्तिको विश्लेषण पनि सम्पादकद्वयले यसमा गरेका छन् ।

नेपाली साहित्यको समालोचना विधामा विभिन्न पत्रिकाहरूको योगदान, ती कृतिका सम्पादक र सम्पादित कृतिबारे चर्चा, सैद्धान्तिक, व्यक्तिपरक, विधापरक र अनुसन्धानात्मक नेपाली समालोचनात्मक कृतिहरूको चर्चा पनि सम्पादकद्वयले यहाँ प्रस्तुत गरेका छन् । रत्न बृहद् नेपाली समालोचनाको प्रायोगिक खण्डमा अवस्थित लेखहरूले समेटेका विषयवस्तुबारे संक्षिप्त चर्चा गर्दै यस लेखको अन्त्य गरिएको छ ।

निष्कर्षत यो लेखका माध्यमबाट समालोचनाको सिद्धान्त, विकास र रत्नबृहत् नेपाली समालोचनाको प्रायोगिक खण्डले समेटेका विषयवस्तुको चर्चा यस लेखमा गरिएको छ ।

### ५.९.३.२ विषयवस्तु

**रत्न बृहद् नेपाली समालोचनाको प्रायोगिक खण्ड**ले समावेश गरेको विषयवस्तु विभिन्न विधाका कृतिहरूको व्याख्या विश्लेषणसँग सम्बन्धित रहेको छ । यस कृतिमा कविता, आख्यान, नाटक, निबन्ध र लोक साहित्य तथा अन्य विविध विषयसँग सम्बन्धित आठ ओटा समालोचनाहरू, दोस्रो खण्डमा आख्यानसँग सम्बन्धित दश ओटा समालोचनाहरू, तेस्रो खण्डमा नाट्यसमलोचनासँग सम्बन्धित सात ओटा समालोचनाहरू र चौथो खण्डमा निबन्ध तथा लोकसाहित्य तथा विविध विषयसँग सम्बन्धित छ वटा समालोचनाहरू समाविष्ट छन् । रत्न बृहद् नेपाली समालोचनामा समाविष्ट समालोचनाहरूको सूची यस प्रकार प्रस्तुत गर्न सकिन्छ ।

**क) पहिलो खण्ड : कविता काव्यसँग सम्बन्धित समालोचनाहरू :**

१. *प्रकृतिदर्शन र आदर्शराधवमा प्रयुक्त प्रकृति* ताराप्रसाद जोशी ।

२. *प्राग्भानुभक्तीय नेपाली काव्यका प्रमुख प्रवृत्ति* गोपालप्रसाद भण्डारी ।

३. *नेपाली मुक्तक कविता : संरचना प्रवृत्ति र भावी दिशा* नरेन्द्र चापागाई ।

४. *आयामेली कविताको अर्थ लगाउने तरिका* माधवप्रसाद पोखरेल ।

५. *मिथक काव्य नरसिंह अवतारमा युगदर्शन* हरिराज भट्टराई ।

६. *प्रमिथियन यात्रापथमा उभिएका महाकवि देवकोटा* गोविन्दराज भट्टराई ।

७. *समकालीन प्रगतिवादी नेपाली कविताका प्रवृत्ति* तारालाल श्रेष्ठ ।

८. *उत्तरवर्ती नेपाली कविता प्रवृत्ति* लक्ष्मणप्रसाद गौतम ।

**ख) दोस्रो खण्ड : आख्यान (कथा, उपन्यास) समालोचना खण्डमा समाविष्ट समालोचनाहरू :**

१. *यमपुरीको महल : उत्तरआधुनिक मनोविश्लेषणात्मक समालोचना* - मुरारीप्रसाद रेग्मी

२. *गोविन्दबहादुर मल्ल गोठाले यौन विषयका विलक्षण मनोवैज्ञानिक कथाकार* - दयाराम श्रेष्ठ

३. *समसामयिक नेपाली उपन्यास : सांस्कृतिक र सीमान्तीय अध्ययन* - राजेन्द्र सुवेदी

४. *विश्वेश्वरप्रसाद कोइराला कथामा अहम प्रतिरक्षा संयन्त्रको प्रयोग* - कृष्णहरी बराल ।

५. *तीन घुम्ती उपन्यासमा नारीप्रतिको पुरुषको दृष्टिकोण र पुरुषप्रतिको नारीको दृष्टिकोण*

६. *श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम* - खगेन्द्र लइटेल

७. *नेपाली उपन्यासमा अस्तित्ववाद* - ज्ञानु पाण्डे

८. *औपन्यासिक तत्त्वका आधारमा अनिदो पहाडसँगै उपन्यासको विवेचना* - कृष्णप्रसाद घिमिरे

९. *नेपाली अधिआख्यानको स्वरूप र सम्भावना* - नेत्र एटम

१०. *उत्तरवर्ती नेपाली कथा : पृष्ठभूमि र प्रवृत्ति* - नेत्र एटम

**ग) तेस्रो खण्ड : नाट्यसमालोचना खण्डमा समाविष्ट समालोचनाहरू :**

१. *समकालीन केही उच्चाधुनिक नेपाली नाटक* इन्द्रबहादुर राई

२. *गोठालेको नाट्यकारिता* केशवप्रसाद उपाध्याय

३. *नेपाली नाट्यपरम्परामा रिमालको नाट्यशिल्प*

४. *आधुनिक नेपाली र अंग्रेजी नाटक* अभि सुवेदी

५. *बालकृष्ण समको दु:खान्त नाट्यकारिता* देवीप्रसाद सुवेदी ।

६. *मुकुन्द इन्दिरा नाटकमा लोकतत्व* जिवेन्द्रदेव गिरी

७. *समका नाटकमा द्वन्द्वको स्वरूप* कुमारप्रसाद कोइराला

**घ) चौथो खण्ड : निबन्ध, लोकसाहितय तथा विविध समालोचना खण्ड**

१. *लक्ष्मी निबन्धसङ्ग्रहका निबन्धहरूमा देबकोटाका काव्य सौन्दर्यगत मान्यता* - कुमारबहादुर जोशी

२. *उत्तरवर्ती नेपाली निबन्धका प्रवृत्ति* -राजेन्द्र सुवेदी

३. *प्राचीन नेपाली लोकपरम्परा लेखन पद्धति र वाङ्मय ग्रन्थ* -ब्रतराज आचार्य

४. *गीति संरचनाको सङ्कथन विश्लेषण* - देवी गौतम

५. *संरचनावादी पद्धतिका आधारमा केही नेपाली लोकाख्यानको विश्लेषण* - मोतीलाल पराजुली

६. *पाश्चात्य साहित्यको विकासक्रमिक अनुरेखाङ्कन र प्रवृत्ति* - लक्ष्मणप्रसाद गौतम ।

७. *नेपाली निबन्धमा आत्मपरकता सन्दर्भ* - सुकुम शर्मा,

राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित **रत्न बृहत् नेपाली समालोचना** ( प्रायोगिक खण्ड) ले कविता, आख्यान, नाटक, निबन्ध र लोकसाहित्यका विविध विषयलाई समेटेको पाइन्छ । माथि उल्लिखित समालोचक र तीनका समालोचनाले संरचित प्रस्तुत कृतिले नेपाली समालोचनाको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

## ५.९.३.३ सम्पादकीय क्षमता

राजेन्द्र सुवेदी र लक्ष्मण गौतमद्वारा सम्पादित **रत्न बृहत् नेपाली समालोचना** प्रायोगिक खण्डले नेपाली समालोचनामा दिएको योगदान महत्त्वपूर्ण छ । यस समालोचनात्मक कृतिमा समावेश गरिएका समालोचनाहरूले विभिन्न विधामा आबद्ध रहेर

कृतिको विश्लेषण गरेका छन् । प्रायोगिक समालोचनामा आधारित यो कृतिको सम्पादन गरेर राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमले महत्त्वपूर्ण कार्य गरेकै छन् तथापि केही समालोचनाले प्रायोगिक पाटोका नियमहरू पूर्णतः पालना गरेर विश्लेषण नगरेको पाइएकाले यस कृतिको सीमालाई सङ्केत गरेको छ । त्यसैले यस कृतिका सम्पादकद्वयले थोरै आलोचित हुनु नै पर्नेछ । तथापि यो समालोचनात्मक कृतिको सम्पादनले नेपाली समालोचनामा जुन योगदान दिएको छ त्यो योगदान अद्वितीय छ । त्यस अर्थमा सम्पादकद्वय यस कृतिमा सफल छन् ।

### ५.९.३.४ निष्कर्ष

निष्कर्षतः *रत्न बृहद् नेपाली समालोचना* (प्रायोगिक) खण्डले बोकेका विषयवस्तु र यसको सम्पादनले नेपाली समालोचना विधामा महत्त्वपूर्ण स्थान ओगटेको छ । सिद्धान्तलाई कृतिको विषयवस्तुमा ढालेर अध्ययन गर्नु आफैमा महत्त्वपूर्ण कार्य हो र यो जटिल कार्य पनि हो । यसमा सङ्ग्रहित समालोचनाहरू त्यस अर्थले पनि महत्त्वपूर्ण छन् । पुराना स्थापित स्रष्टालाई कृतिविश्लेषणका साथ स्थान दिएर कविता कथा, उपन्यास, नाटक, निबन्ध र लोक साहित्यका विविध कृतिलाई प्रयोगात्मक व्याख्या विश्लेषण प्रस्तुत गरेको यस कृतिका समालोचनाहरूको स्थान उच्च छ । यति हुँदाहुँदै पनि केही समालोचनाहरू प्रायोगिक रूपले दुर्बल हुनुले यस कृतिको सीमालाई सङ्केत गरेको छ । एउटा कृतिको महत्त्व त्यसले पारेको प्रभावबाट प्रमाणित हुने हुँदा **रत्न बृहत् नेपाली समालोचना**लाई नेपाली समालोचनाको विकासमा योगदान पुऱ्याउने एउटा इटाको रूपमा लिन सकिन्छ ।

## ५.९.४ प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता भाग-१ सम्पादकीय कृतिको विश्लेषण

**प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता भाग-१** लक्ष्मणप्रसाद गौतम, विष्णविभू घिमिरे र पुरुषोत्तम सुवेदीको सम्पादनमा वि.सं. २०७० सालमा प्रकासित कृति हो । यस कृतिलाई यहाँ विषयप्रवेश, विषयवस्तु, सम्पादकीय क्षमता र निष्कर्ष गरी चार वटा तत्त्वका आधारमा विश्लेषण गरिएका छ ।

### ५.९.४.१ विषय प्रवेश

नेपाली कविता वि.सं. १८२६ देखि यहाँसम्म आइपुग्दा विभिन्न विद्वान्हरूले विभिन्न कोणबाट यस विधालाई अगाडि बढाउन महत्त्वपूर्ण कार्य गरेका छन् । ती हरेक कार्यहरू आफैमा प्रशंसनीय छन् । कविता विधा लोकप्रिय हुनु र यसले यति चाँडै परिवर्तनशील हुँदै विकास ग्रहण गर्नुमा धेरै विद्वान्हरूको योगदान रहेको पाइन्छ । नेपाली साहित्यको उत्थानमा व्यक्ति सरकार र संस्थालागि परेका छन् । तिनै मध्येको एउटा संस्था नेपाल प्रज्ञा प्रतिष्ठान हो । यो संस्थाले विभिन्न विद्वान्हरूलाई अनुसन्धान कार्यमा लगाउने गरेको छ । **प्रज्ञा समकालीन प्रतिनिधि कविता भाग-१** यसै संस्थाद्वारा गराइएको प्रशंसनीय कार्य हो । यसका सम्पादक लक्ष्मणप्रसाद गौतम, पुरुषोत्तम सुवेदी र विष्णु विभु घिमिरे हुन् । यसमा पाइने मूलभूत विषयवस्तुलाई यहाँ विश्लेषण गरिएको छ ।

### ५.९.४.२ विषयवस्तु

**प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता भाग -१** नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित एक सम्पादित कृति हो । यसका सम्पादकहरूमा पुरुषोत्तम सुवेदी, लक्ष्मणप्रसाद गौतम, विष्णुविभू घिमिरे रहेका छन् । यस कृतिले वर्तमान नेपाली साहित्यको समकालीन वा समसामयिक धारामा स्थापित स्रष्टाहरूका कविताहरूलाई सम्पादन गर्ने जमर्को गरेको छ । समकालीन नेपाली कविता यहाँसम्म आइपुग्नुमा परिवेशले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । विश्व साहित्यले उठाएका राजनैतिक, सामाजिक, सांस्कृतिक विसङ्गति, अराजकता, द्वन्द्व र विकृतिलाई वि.सं. २०२० को दशक पछिका कविताले नवआयामबाट अगाडि बढाएकै पाइन्छ । तापनि वि.सं. २०३६ सालको विद्यार्थी आन्दोलन पछिका अन्य विविध आयाम र आन्दोलनले कविताको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । यिनै विषयको समावेशनमा स्थापित हो - प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता । यस कृतिमा समसामयिक नेपाली कवितालाई अगाडि बढाउने स्रष्टाहरू र उनका कृतिमा पाइने मूलभूत विषयवस्तुको चर्चा गरिएको छ । यसमा समाविष्ट कवि र उनका कविताहरूको सूची यस प्रकार छ :

१. अमर गिरी-*बुनेटवा, सुनको औंठी र दुःसाध्य समय*

२. अविनास श्रेष्ठ -*जङ्गल : एउटा सलिलक्की विद्रोह ब्लुज*

३. अशेष मल्ल - *नाम सोध्दा थाहा छैन भन्छे, हतोहतः अक्षर मृत्युको घोषणा*

४. इन्दिरा प्रसाई - *आक्रमण पछि, देश खोजीरहेछ हामी, माया गर्नुपर्छ*

५. उषा शेरचन - *कालपुरुषसँग, एउटा अर्थहीन अर्थको कथा, अब म त बेसीमाना भइदिन्छु*

६. कणाद महर्षि - *कुईकेलको कविता, खडेरी आफैं आगो बल्छ, तेलकासामा लुकामारी, बकैनामा बकैनै*

७. कुन्ता शर्मा - *पूर्बबाट उदाउने प्रभातको घमाइलो सूर्यलाई मेरो धरती बाँचिरहोस्, पोथी बास्नु हुँदैन*

८. केशव आचार्य - *देश र तिमी, प्रजातन्त्र, बा रङ्गलाल भन्नुहुन्छ*

९. कृष्ण प्रधान - *सृष्टिका लहरहरू, विचार, प्रवेश निषिद्ध गोलार्धमा*

१०. कृष्णभुषण बल - *डायरी, सहरमा रात ओर्लेपछि, मनको घाउ*

११. कृष्ण सेन इच्छुक - *जेल, सलाम जेलवाङ, सेतु जैसीको घर*

१२. गोविन्द वर्तमान - *मसीको माग, वर्ष कथा : २०५४, भूमिगत प्रभातको सन्दर्भमा*

१३. गोविन्द विकल - *शरणार्थी शिविर, म फेरी बग्न सकूँ जुनलाई ज्वरो आएको छ ।*

१४. जीवन आचार्य - *आँधी, जहाँ बुद्धको पुत्ला बालिन्छ, तपाई पनि कविता लेख्नुहुन्छ ?*

१५. तीर्थ श्रेष्ठ - *तानाशाहहरूको सपनामा इन्द्रेणी हुँदैन, लाहुरे फूल ! म तिम्रो नाम फेर्न चाहन्छु, आगोको गीत*

१६ तोया गुरुङ - *(वर्णकुटी) अपरान्ह, कवि र जीन्दगी*

१७. दिनेश अधिकारी - *उफ् यी बाराहरू, बादलको तस्बिर, सिपाही*

१८. दुवसु क्षेत्री - *निषेध विरुद्ध उभिएका अश्वमेध यज्ञका घोडाहरू, क्षितिजको च्याँखे जिन्दगीको जीजिविषाभित्र, साले दुवसु क्षेत्री*

१९. नरेश शाक्य - *पग्लेर पनि तिम्रो मुटुबाट, भैरवको नृत्यमा मेरो कविता, ग्लेसियर ओढेर बहँदै छु ।*

२०. पुरुषोत्तम सुवेदी - *युद्धको पक्षमा, मत्युतन्त्र आगो*

२१. पूर्णबिराम - *मेरो प्रभातलाई कसले माऱ्यो, क्रान्तिदेखि होसियार, गोविन्दले ठीक भन्यो*

२२. प्रमोद प्रधान - *बादलको कुनै भर हुन्न, आफ्नै दुई आँखासँग मृत्युभोज*

२३. फडिन्द्र नेपाल - *भाट, सभ्यताको जुलुस, सङ्केत*

२४. बद्री पालिखे - *नसम्झ यो मदिरा भनेर, अभिमन्यु, चुप*

२५. बेञ्जु शर्मा - *कफ्र्यु, कविता नभएको भए, तकिया*

२६. मञ्जु काँचुली - *रङ्गमञ्चको पछाडि अगाडि, मोनालिसाको चित्र, सधैं तिमीसित हुन्छु ।*

२७. मञ्जुल - *कवितामा खुट्टाले टेकेर, आकाश, कविता अनुभूतिको नदी हो*

२८. महेश प्रसाईं - *रागमा बज्ने बाँसुरी, बादशाहको संवादचित्र, कोठामा तिमी नभएको रात*

२९. मीनबहादुर बिष्ट- *जरसाहेवबको कुकुर, यसरी एउटा राष्ट्र बाँच्ने बहाना गर्छ, गाउँको पाठशाला*

३०. रविमान लमजेल - *जीवनको मोडमा, अस्तित्वबोध, नयाँ घर बनाउनुपर्छ*

३१. राजव - *जोखिमको रुघा, असमर्थ श्लोक, बर्साती खाँ र सद्दाम हुसैन*

३२. राजेन्द्र सलभ - *अझै अँध्यारो छ, लठ्ठी, उज्यालोको सर्त*

३३. राधेश्याम लेकाली - *र मान्छे यति बेला हारिरहेछ, चन्द्रग्रहणको क्षण बाँसुरी बजाइरहेछ, पहाडहरू जलिरहेछन्*

३४. रेशम बिरही घिमिरे - *प्लाटुन कमाण्डर रीत बहादुर, मङ्गली गुप्ताको पान, जिउँदा लासमाथि गिद्धहरू*

३५. लक्ष्मी माली - *आमा, तिम्रो नाम के हो, न छ गल्ली, राप्तीको बगर*

३६. विक्रम सुब्बा - *मेरी बहिनी देवी, वस्त्र कविता, प्रेमपत्र*

३७. विजय बजिमय - *सूर्यमान ! नारा लगाइरहेछ, प्रजातन्त्रको भित्तो, उठाउ यी हातहरूलाई बिरोधमा*

३८. विधान आचार्य - *राममायाको परेवा, मेरै हिमाल भए पुग्छ, विपरीत आकाश*

३९. विनय रावल - *हाम्रा शासक, फरक, हाथ(हात) मुठी कसेपछि*

४०. बिमल कोइराला - *फुलमतिया, मेरो छोरालाई मन्त्री मन पर्दैन, नेपाल बन्द*

४१. वियोगी बुढाथोकी - *काठमान्डौलाई काजमा, डर बोकेको रात, म गोपाल अर्थात् गोपालहरू-२*

४२. विमल निभा - *बालकविता, बाखा, चप्पल*

४३. विश्वमोहन श्रेष्ठ- **सडक बोल्छ, म जिन्दावाद गाइरहेछु, म भात जोरु कि कविता लेखु**

४४. विष्णुविभू घिमिरे - *सगरमाथा, मलाई अहिले, यात्रा अनन्त*

४५. शारदा शर्मा - *युद्धोपरान्त, स्वर्णसूत्र, कर्ण*

४६. शिव अधिकारी - *समर/समृद्धिको शिखर, सबुद मान्छेको सिउर, खेतबारी र खानपान अचेल*

४७. शैलेन्द्रकुमार सिंह - *मुसाले सपना काट्दैन, नयाँ वर्ष हुलाकी र मेरी छोरी यसरी चलिरहेछ देश*

४८ शैलेन्द्र शाकार - *कथ्य कायकल्प, आजको मान्छेको कविता-२, नेपाल कही कतै केही नमिलेकै छ भन्छ जोशी*

४९. *लुतो लयब्रह्म, राइफलज्यान, कीर्तिबहादुरको मूल्याङ्कन*

५०. सरुभक्त - *शल्यक्रिया, साइकिल र कुखुराहरू, बकुल्लाहरूको कुनै देश हुँदैन*

५१. हरि अधिकारी - *हरि अधिकारी कुनै नाम होइन, आजको मान्छेका कविता -३, मानव अधिकार*

५२. हीरा आकाश - *अक्षरहरू, मुक्त आवाज, सडक बोल्छ*

प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता वर्तमानको नेपाली कविताको श्रीबृद्धिमा मरिमेट्ने कविहरूका कविताको सङ्ग्रह हो । यसमा सङ्ग्रहित कविताहरूले वर्तमान नेपाली समाज राजनीति र वैयक्तिक जीवनका विभिन्न पाटाहरूलाई विषयवस्तु बनाएका छन् । यस कृतिले उठाएको विषय समाजसापेक्ष छ र यसले नेपाली कविता साहित्यलाई विकसित तुल्याउन महत्त्वपूर्ण कार्य गरेको छ ।

### ५.९.४.३ सम्पादकीय क्षमता

प्रज्ञा समकालीन नेपाली प्रतिनिधि कविता भाग-१ मा लक्ष्मणप्रसाद गौतम एक सहसम्पादकीय भूमिकामा देखिएका छन् । यस कृतिको सम्पादनमा विष्णुविभू घिमिरे र

पुरुषोत्तम सुवेदीसँगै देखिएका गौतमले दिएको योगदान पनि उच्च छ । कविता साहित्यको विकासमा योगदान दिने सम्पूर्ण कविहरूलाई समेटेर नयाँ कविलाई चिनाउँदै पुरानालाई सम्मान दिने कार्य गरेका कारण र यो कृतिलाई त्रुटिरहित ढङ्गबाट सम्पादन गर्ने सम्पादकहरू सफल रहेका छन् ।

### ५.९.४.४ निष्कर्ष

प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता भाग-१ संयुक्त कवितासङ्ग्रह हो यसमा बाउन्न जना कविहरूका कवितालाई एकसाथ प्रकाशन गर्ने कार्य गरिएको छ । यस कृतिले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको कुरामा दुईमत छैन । यस्तो कृति सम्पादन गर्ने स्रष्टाहरू र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान धन्यवादका पात्र रहेका छन् ।

## ५.९.५ प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता भाग-२ कृतिको विश्लेषण

**प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता भाग-२** लक्ष्मणप्रसाद गौतम, विष्णविभू घिमिरे र पुरुषोत्तम सुवेदीको सम्पादनमा वि.सं. २०७१ सालमा प्रकासित कृति हो । यस कृतिलाई यहाँ विषयप्रवेश, विषयवस्तु, सम्पादकीय क्षमता र निष्कर्ष गरी चार वटा तत्त्वका आधारमा विश्लेषण गरिएका छ ।

### ५.९.५.१ विषय प्रवेश

**प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता भाग-१** (२०७०) कै निरन्तरता यस कृतिलाई मान्न सकिन्छ । **प्रज्ञा समकालीन नेपाली कविता**ले समकालीन नेपाली कवितामा योगदान पुऱ्याउने कविका विभिन्न कविताहरूलाई दुई भागमा प्रकाशित गरेको छ । पुरुषोत्तम सुवेदी लक्ष्मणप्रसाद गौतम र विष्णुविभू घिमिरे सम्पादन गरेर नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित यो कृतिले समकालीन नेपाली केही स्थापित स्रष्टाहरू र केही नवकविका कवितालाई सङ्कलीत गरेको छ । यसमा सङ्ग्रहित कवि र तीनका कवितालाई प्रस्तुत गर्दै यसको विषयवस्तुको विश्लेषण गरिन्छ ।

### ५.९.५.२ विषयवस्तु

प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता भाग-दुई कृति भाग-एक कृतिकै निरन्तरता हो । यसमा सङ्ग्रहित विषयवस्तुको अध्ययनका लागि यसमा सङ्ग्रहित कवि र उनका कविताको सूची प्रस्तुत गरिएको छ ।

१. अभय श्रेष्ठ - *जाडो आगो र सपना, भीडमा अनुहार*

२. अमोध काफ्ले - *आर्यघाट एउटा चुरोट पर्खिन्छ, लडेर जाने इतिहास*

३. अरुण वैद्य - *समुद्रलाई आँसु चाहिदैन, एउटा आमा सन्तोषले निदाएकी छिन्*

४. आर.आर चौलागाई - *अन्तिम रहर, फुलको आत्मकथा*

५. एमआर डङ्गोल - *जुनको कथा, घर बनाउँदै गर्दा*

६. आहुति - *गहुँगोरो अफ्रिका, गुईठाको आगो*

७. ईश्वरचन्द्र ज्ञवाली - *बादशाहको दुनियाँ, काली र कुकुर*

८. उत्तम भौकाजी - *यात्रामा म पनि, सम्बन्धहरू*

९. उदय निरौला - *यो साँझ, ग्लुपहरू सजाएर वर्तमान*

लगायतका ८४ जना कविका २/२ वटा कविता प्रकाशित छन् । यस कृतिका कविताले पनि समसामयिक नेपाली राजनीति समाज र वैयक्तिक विचार, भाव र समस्या, प्रेम, भोक, दुःख, विकृति विसङ्गतिबारेका विषयवस्तुको उठान गरेका छन् ।

### ५.९.५.३ सम्पादकीय क्षमता

कुनै पनि कृतिको सम्पादन कार्य आफैमा कठिन कार्य हो तथापि सम्पादकत्रयले सम्पादन गरेको **प्रज्ञा समकालीन नेपाली कविता** सम्पादनका दृष्टिले उत्कृष्ट कृति हो । यसका सम्पादकको कार्य आफैमा सह्राहनीय छ तथापि यसमा केही त्रुटिहरू भने अवश्य छन् । यसको सम्पादन क्रममा एउटा हेलचेक्र्याइँ भएको छ र त्यो सुरुआतमै भएको छ त्यो हो विषयसूचीको क्रम उल्टोपाल्टो हुनु । यस्तो मानक कृतिको अध्ययन कर्ताले विषयसूची हेर्न नपाउनु यस कृतिको सम्पादन र प्रकाशनमा देखिएको त्रुटि हो । विषयवस्तुका दृष्टिले भने यो कृतिको सम्पादन सम्माननीय देखिन्छ । कुनै पनि स्रष्टाले छापाखानाको कार्यलाई हतारमा सम्पादन गरेर वेवास्ता गरेर कृति प्रकाशनमा हतारो गर्दा **प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता भाग-२** को जस्तो स्थिति आउन सक्ने सम्भावना देखिन्छ ।

### ५.९.५.४ निष्कर्ष

**प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता**को शीर्षकबाटै यो समकालीन नेपाली कविताको सङ्ग्रह हो भन्ने स्पष्ट छ । तथापि यसमा भएका विषयवस्तुलाई थोरै बढाएर कविको सामान्य परिचय र बुँदागत मूलभूत प्रवृत्तिबारे चर्चा गर्न सकिएको भए सुनमा सुगन्ध हुने थियो । यो कृति प्रकाशनमा केही सीमा देखए पनि सम्पादन कार्य प्रसंशनीय छ । यस कृतिले नेपाली कविता विधाको विकासमा पुऱ्याएको योगदान पनि महन्वपूर्ण मान्न सकिन्छ ।

## ५.१० अन्य

अन्य शीर्षक अन्तर्गत लक्ष्मणप्रसाद गौतमका समालोचनात्मक र सम्पादित भन्दा अन्य कृतिहरूको विश्लेषण गरिन्छ । यस शीर्षकमा लक्ष्मणप्रसाद गौतमको विज्ञान शब्दकोष र उनका २ वटा फुटकर समालोचनालाई अध्ययन गरिएको छ ।

### ५.१०.१ विज्ञान शब्दकोष कृतिको विश्लेषण

**विज्ञान शब्दकोष** लक्ष्मणप्रसाद गौतम र हरिहर पौडेलद्वारा संयुक्तरूपमा लिखित र वि.सं. २०६० सालमा प्रकासित कृति हो । यस कृतिलाई यहाँ विषयप्रवेश, विषयवस्तु, र निष्कर्ष गरी तीन वटा तत्त्वका आधारमा विश्लेषण गरिएका छ ।

#### ५.१०.१.१ विषय प्रवेश

**विज्ञान शब्दकोष** कृति लक्ष्मणप्रसाद गौतम र हरिहर पौडेलद्वारा लिखित शब्दकोष हो । चितवन वाङ्मय प्रतिष्ठानबाट प्रकाशित यस कृतिले विज्ञान विषयसँग सम्बन्धित शब्दहरूको सङ्कलन गरेको कुरा यसको शीर्षकले नै स्पष्ट पारेको छ ।

### ५.१०.१.२ विषयवस्तु

**विज्ञान शब्दकोष**ले प्राविधिक शब्दहरू त्यसमा पनि विज्ञान विषयसँग सम्बन्धित शब्दहरूलाई अङ्ग्रेजी वर्णानुक्रमका आधारमा समावेश गर्दै त्यसको अर्थ प्रतिपादन गरेको छ । प्राविधिक विषयका शब्दहरूको सङ्कलन गरेर कृति प्रकाशन गर्ने कार्य नगण्य मात्रामा भएको अवस्थामा यसमा सङ्ग्रहित शब्दहरूले त्यो समस्या पूर्तिलाई केही हदसम्म समाधान गरेको छ । विज्ञान शब्दकोषका पनि यस भित्र प्राविष्टि गराइएका शब्दहरू भौतिकशास्त्र, रशायन शास्त्र, प्राणी शास्त्र, वनस्पतिशास्त्र, भूगर्भशास्त्र, चिकित्सा शास्त्र, कम्प्युटर विज्ञान र गणित शास्त्रसँग सम्बन्धित रहेको कुरा लेखकद्वयले उल्लेख गरेका छन् । यिनै क्षेत्रका शब्दको सङ्कलन गरी अङ्ग्रेजी वर्णविन्यासको बहुप्रचलित पद्धतिका आधारमा यसको विषयवस्तुको क्रम निर्धारण गरिएको छ । ण र ञ का स्थानमा न को प्रयोग, मानक र स्तरीय नेपालीको प्रयोग, विकल्पबोधक चिन्हको प्रयोग गरेर यसलाई व्यवस्थित तुल्याइएको छ ।

### ५.१०.१.३ निष्कर्ष

**विज्ञान शब्दकोष**ले विज्ञान शब्दको सङ्कलन गरेर अर्थलाई निर्धारण गर्ने कार्य गरेको छ । लक्ष्मणप्रसाद गौतम र हरिहर पौडेलद्वारा लिखित यो ग्रन्थले नेपाली प्राविधिक विज्ञान शब्दको अभावपूर्तिलाई केही हदसम्म समाधान गरेको छ ।

## ५.१०.२ लक्ष्मणप्रसाद गौतमका फुटकर समालोचनाहरूको विश्लेषण

कुनै पनि स्रष्टाका फुटकर लेखहरू अनगिन्ती हुन सक्छन् । त्यसमा पनि समालोचनामा स्थापित व्यक्तित्त्वका फुटकर लेखहरूको विवरण प्रकाशित गर्नु नै ठूलो कुरा ठहरिन्छ । लक्ष्मणप्रसाद गौतम नेपाली साहित्य समालोचनामा स्थापित व्यक्तित्त्व हुन् । त्यसैले उनका पनि दुई सय सत्तरी वटा जति फुटकर समालोचनात्मक लेखहरू प्रकाशित छन् । ती रचनाहरूको विवरण प्रकाशन गरिएकै छ । उनका कविता कथा र निबन्धहरू

आज पनि अप्राप्य छन् तिनको विश्लेषण सम्भव छैन ।[१२४] यहाँ उनका त्यस्ता फुटकर रचनाहरूको विश्लेषण गर्न खोजीएको छ जुन एकल रूपमा प्रकाशित गरे पनि तिनले पुस्तकाकार कृतिको रूप धारणा गर्ने सामर्थ्य राख्छन् । गौतमका यस्ता लेखहरू दुई वटा छन् नेपाल प्रज्ञा प्रतिष्ठानबाट वि.सं. २०६७ मा प्रकाशित भवानी भिक्षुको व्यक्तित्त्व र कृतित्त्वमा सङ्कलित भिक्षुको काव्यिक परिवृत्त विश्लेषण र मूल्याङ्कन र प्रज्ञा प्रतिष्ठानबाटै प्रकाशित **आख्यानकार विश्वेश्वर प्रसाद कोइराला पुनर्पाठ** (२०७०) मा सङ्कलित विश्वेश्वरप्रसाद कोइरालाका कथाको अन्तर्विषयक पठन । यी दुवै ग्रन्थ भाउपन्थीको सम्पादनमा प्रकाशित भएका छन् । लक्ष्मणप्रसाद गौतमका यिनै दुईवटा लेखहरूको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ

## ५.१०.२.१ भवानी भिक्षुका काव्यिक परिवृत्तः विश्लेषण र मूल्याङ्कनका फुटकर रचनाको विश्लेषण

**भवानी भिक्षुका काव्यिक परिवृत्तः विश्लेषण र मूल्याङ्कन** लक्ष्मणप्रसाद गौतमको फुटकर समालोचनात्मक लेख हो । यो लेख भाउपन्थीको सम्पादनमा वि.सं. २०६७ सालमा नेपाल प्रज्ञाप्रतिष्ठानबाट प्रकासित भवानी भिक्षुको व्यक्तित्त्व र कृतित्त्वमा प्रकासित रचना हो । यस रचनालाई यहाँ विषयप्रवेश, विषयवस्तु, समालोचनाप्रणाली र निष्कर्ष गरी चार वटा तत्त्वका आधारमा विश्लेषण गरिएका छ ।

### ५.१०.२.१.१ विषय प्रवेश

लक्ष्मणप्रसाद गौतमका कृतिहरू आफैमा गहन छन्, अध्येय छन् । यो शोधकार्यमा ती कृतिहरूको यथासक्य विश्लेषण र मूल्याङ्कन प्रस्तुत गरसकिएकै छ । ती कृतिका अतिरिक्त उनका फुटकर कृतिहरूको विश्लेषण सम्भव नभए तापनि **भवानी भिक्षुको काव्यिक परिवृत्त विश्लेषण र मूल्याङ्कन** फुटकर समालोचना लेख आफैमा एउटा कृति

१२४. **शोध नायक**बाट प्राप्त जानकारी अुनसार ।

समान देखिएकाले यसको विश्लेषण वाञ्छनीय देखिन्छ । त्यसैले यहाँ त्यस लेखमा समाविष्ट महत्त्वपूर्ण विषयबारे चर्चा गरिन्छ ।

### ५.१०.२.१.२ विषयवस्तु

*भवानी भिक्षुको काव्यिक परिवृत्त : मूल्याङ्कन र विश्लेषण* फुटकर समालोचनाका रूपमा **भवानी भिक्षु : व्यक्तित्त्व र कृतित्त्व** सम्पादित कृतिमा सङ्कलित छ । अठ्तीस पेजमा प्रकाशित यो लेख आफैमा एउटा लधु आकारको कृति समान छ । नेपाली साहित्यमा स्वच्छन्दतावादी भाव धारामा आधारित रहेर शिष्ट यौनमनोविज्ञानलाई कथामा समेट्ने गहन योगदान भिक्षुले गरेको मानिन्छ । काव्ययात्राका सन्दर्भमा भवानी भिक्षुको कलम छायावादी, रहस्यवादी पाटोलाई अवलम्बन गरेरै अगाडि बढेको पाइन्छ ।

लक्ष्मणप्रसाद गौतमले यस लेखमा भवानी भिक्षुको सामान्य परिचय, साहित्यमा प्रवेश, उनको काव्ययात्रा र चरण विभाजन गर्दै चरणगत प्रवृत्तिबारे पनि चर्चा गरेका छन् । वि.सं. १९९३ सालको **शारदा** पत्रिकाबाट नेपाली साहित्यमा प्रवेश गरेका भिक्षुका **छाया** (२०१७), **प्रकाश** (२०१७) र **परिस्कार** (२०१७) तीन वटा कवितासङ्ग्रह रहेको कुरा जानकारी दिँदै उनको काव्ययात्रालाई पनि यिनै कृतिका माध्यमबाट ३ चरणमा विभाजन गर्न सकिने धारणा गौतमले राखेका छन् । संरचना, अन्तर्वस्तु र लयगत आधारमा भवानी भिक्षुका कविता कृतिको विश्लेषण गर्दै तिनमा पाइने विषयको व्याख्या गर्ने कार्य पनि गौतमले यस लेखमा गरेका छन् र उनका प्रवृत्तिगत योगदानको चर्चा गरेका छन् ।

### ५.१०.२.१.३ समालोचनाप्रणाली

यस लेखमा लक्ष्मणप्रसाद गौतमले विश्लेषणात्मक पद्धति अवलम्बन गरेका छन् । भवानी भिक्षुको काव्ययात्रा र चरणगत प्रवृत्ति एवम् उनका कविताको व्याख्याका क्रममा पनि गौतमले उदाहरण सहित विश्लेषण गरेका छन् । तसर्थ यसमा विश्लेषणात्मक, मूल्याङ्कनपरक र प्रभावपरक समालोचनाप्रणालीलाई अवलम्बन गरिएको छ ।

### ५.१०.२.१.४ निष्कर्ष

लक्ष्मणप्रसाद गौतमद्वारा लिखित **भवानी भिक्षुको काव्यिक परिवृत्त विश्लेषण र मूल्याङ्कन** शीर्षक लेखले भवानी भिक्षुको काव्ययात्रा र काव्यिक योगदान सम्बन्धी महत्त्वपूर्ण विषयको उठान गरेको छ । यस क्रममा गौतमले भवानी भिक्षुको जन्म र जीवन, काव्यलेखनमा प्रवेश र यात्रा अनि उनका कृतिमा पाइने महत्त्वपूर्ण विशेषताका साथ उनका कृतिको विश्लेषण प्रस्तुत गरेका छन् ।

## ५.१०.२.२ विश्वेश्वरप्रसाद कोइरालाका कथाको अन्तर्विषयक पठन लेखको विश्लेषण

**विश्वेश्वरप्रसाद कोइरालाका कथाको अन्तर्विषयक पठन** लक्ष्मणप्रसाद गौतमको फुटकर समालोचनात्मक लेख हो । यो लेख भाउपन्थीको सम्पादनमा वि.सं. २०७० सालमा नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकासित विश्वेश्वरप्रसाद कोइराला पुनर्पाठ कृतिमा प्रकासित रचना हो । यस रचनालाई यहाँ विषयप्रवेश, विषयवस्तु, समालोचनाप्रणाली र निष्कर्ष गरी चार वटा तत्त्वका आधारमा विश्लेषण गरिएका छ ।

### ५.१०.२.२.१ विषय प्रवेश

लक्ष्मणप्रसाद गौतमद्वारा लिखित र **आख्यानकार विश्वेश्वरप्रसाद कोइराला : पुनर्पाठ** कृतिमा प्रकाशित विश्वेश्वरप्रसाद कोइरालाका कथाको अन्तर्विषयक पठन लेखले विश्वेश्वरप्रसाद कोइरालाका कथामा पाइने विषयवस्तुको बहुकोणीय अध्ययन प्रस्तुत गरेको छ । यसमा प्रस्तुत मूलभूत विषयवस्तुको यहाँ विश्लेषण गरिन्छ ।

### ५.१०.२.२.२ विषयवस्तु

**विश्वेश्वरप्रसाद कोइरालाका कथाको अन्तर्विषयक पठन** आख्यानकार विश्वेश्वरप्रसाद कोइराला पुनर्पाठ कृतिमा प्रकाशित छ । यसमा विश्वेश्वरप्रसाद कोइरालाका कथायात्राको चरण र प्रवृत्तिगत योगदान एवम् उनका कथामा पाइने मूलभूत विषयलाई गौतमले समेटेका छन् । कथाले समेटेका अर्न्तवस्तु धेरै क्षेत्रसँग सम्बन्धित भए पनि

मनोविश्लेषणपरक, समाजशास्त्रीय सांस्कृतिक, दर्शनपरक, इतिहासपरक, राजनीतिपरक, अर्थशास्त्रीय, धातुधार्मिक, पर्यावरणीय, मिथकीय, आद्यप्रकारीय, अधिसाहित्यिक, नीतिपरक र भाषाशास्त्रीय पठनका दृष्टिले विश्वेश्वरप्रसाद कोइरालाका कथाहरू प्रभावी तथा पठनीय छन् भनी उल्लेख पाइएकाले यसमा यिनै क्षेत्रसँग सम्बन्धित विषयको व्याख्या गर्ने जमर्को गरिएको छ । कोइरालाका कथागत प्रवृत्तिहरूको विश्लेषणका क्रममा उनको कथाकारितालाई गौतमले ३ चरणमा विभाजन गरेका छन् । कोइरालाले नेपाली कथामा भित्र्याएको मनोवैज्ञानिक नवप्रवृत्तिको चर्चा, अन्तर्विषयक पठनको सैद्धान्तिक व्याख्याबारे चर्चा पनि गौतमले प्रस्तुत गरेका छन् । विश्वेश्वरप्रसाद कोइरालाका कथामा पाइने प्रकृति, समाज, मनोविज्ञान, प्रेम, यौनिक विक्षिप्तता, दमित यौनकुण्ठा, इद, अहम, पराहम, संस्कृति, राजनीति, इतिहास पर्यावरण, विज्ञान, मिथक, भाषाशास्त्रीय व्याख्या विश्लेषणलाई गौतमले उदाहरणसाथ प्रस्तुत गरेका छन् । मनोविज्ञानका दृष्टिले विश्वेश्वरप्रसाद कोइरालाका कथामा पाइने मूलभूत विशेषता, यौन मनोविज्ञानको प्रयोगगत उत्कृष्टताको व्याख्या पनि यस लेखमा गौतमले प्रस्तुत गरेका छन् ।

### ५.१०.२.२.३ समालोचनाप्रणाली

लक्ष्मणप्रसाद गौतमद्वरा लिखित **विश्वेश्वरप्रसाद कोइराला कथाको अन्तर्विषयक पठन** लेखले विश्लेषणात्मक प्रणालीको अवलम्बन गरेको देखिए तापनि यसमा प्रभावपरक समालोचनाप्रणालीको पनि प्रयोग गरिएको छ । कोइरालाका कथायात्राको चरण विभाजनमा भने निर्णयात्मक समालोचनाप्रणालीको अवलम्बन गरेको पाइन्छ तापनि विशेषतः सामग्रीको सङ्कलनका साथ विश्लेषण प्रस्तुत गर्दै विश्लेषणात्मक प्रस्तुति गरिएको छ ।

### ५.१०.२.२.४ निष्कर्ष

लक्ष्मणप्रसाद गौतम नेपाली समालोचना विधाका हरेक क्षेत्रमा हात हाल्ने व्यक्ति हुन् । विश्वेश्वरप्रसाद कोइरालाका कथाको अन्तर्विषयक पठन शीर्षकले नै यो लेख विश्वेश्वरप्रसाद कोइरालाका कथाको अन्तर्वस्तुसँग सम्बन्धित रहेको स्पष्ट छ । लक्ष्मणप्रसाद गौतमले यस लेखमा विश्वेश्वरप्रसाद कोइरालाको कथाकारिताबारे विस्तृत रूपमा व्याख्या गरेका छन् । त्यसैले यो लेखले हरेक जिज्ञासु पाठकमा प्रभाव पर्ने कुरामा दुईमत छैन ।

## ५.११ नेपाली समालोचनामा लक्ष्मणप्रसाद गौतमको स्थान निर्धारण

नेपाली साहित्यको इतिहास त्यति लामो छैन । वि.सं. १८२६ बाट सूत्रपात भएको नेपाली साहित्यले लगभग दुई सय पचास वर्षको समयावधि पार गरेको छ । समालोचनाको इतिहास हेर्दा यो विधा नेपाली साहित्यभन्दा एक सय बाइस वर्ष कान्छो छ । नेपाली समालोचनाले विताएको एक सय वीस वर्षको यो समयावधिलाई नियाल्दा यसमा विभिन्न विद्वान्हरूको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । त्यसमा लक्ष्मणप्रसाद गौतमको स्थान निर्धारण गर्न उनको समालोचना लेखनको प्राप्तिलाई हेर्नु अत्यन्त जरुरी छ । उनको स्थान निर्धारण गर्ने क्रममा समग्र नेपाली समालोचना लेखन परम्परालाई एक पटक केलाउनु जरुरी छ ।

नेपाली समालोचनाको इतिहासलाई पल्टाएर हेर्दा यो विधा वि.सं. १९४८ सालमा सुरुवात भएको पाइन्छ । वि.सं. १९४८ मा सुरुवात भएको नेपाली समालोचनाले गरेको विकासलाई चरणगत प्रवृत्तिमा ढालेर अध्ययन गर्ने स्रष्टाका रूपमा आफ्नै अवधारणाहरू विकसित छन् । समालोचना लेखनको सूत्रपातका सन्दर्भमा वि.सं. १९४८ एउटा आरम्भविन्दू हो भन्ने कुरामा कसैको दुई मत छैन तथापि त्यस अघिका समालोचना प्रचेष्टालाई पृष्ठभूमिको रूपमा हेर्ने विद्वान्हरू प्रशस्त छन् । आधुनिक नेपाली समालोचनाको विकासका सन्दर्भमा सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, रत्नध्वज जोशी यदुनाथ खनाल, लक्ष्मीप्रसाद देवकोटालगायतका स्रष्टाहरूले दिएको योगदानलाई पनि महत्त्वपूर्ण मानिएकै छ । बाबुराम आचार्यको **तुलनात्मक सुन्दरकाण्ड** (२००२) र **पुराना कवि र कविता** (२००३) ले देखाएको तुलनात्मक र मूल्याङ्कनपरक समालोचनाप्रणालीतर्फ चासो सूर्यविक्रम ज्ञवालीको **नैवेद्य समालोचना**ले सूत्रपात गरेको नीतिपरक समालोचनाप्रणाली, यदुनाथ खनालका समालोचकीय कार्यहरूलाई पनि नेपाली समालोचनाको विकासमा महत्त्वपूर्ण प्राप्ति मानिन्छ । रामकृष्ण शर्माको **अङ्ग्रेजी साहित्यको प्रभाव** (वि.सं. १९९९)ले ल्याएको आधुनिकतावादी समालोचकीय तरङ्ग र शर्माका समालोचनामा पाइने स्पष्टतालाई पनि नेपाली समालोचनाको विकासमा भएको महत्त्वपूर्ण कार्य मानिन्छ । नेपाली साहित्य समालोचनामा देखिएका बाबुराम आचार्यपछिका अन्वेषणात्मक अन्य समालोचनाहरू सौन्दर्यशास्त्रीय समालोचना र चिन्तन परक समालोचनाले महत्त्वपूर्ण स्थान ओगटेका छन् । लोक साहित्यिक, सांस्कृतिक एवम् बालविवेचनामूलक समालोचनाहरू र भाषाव्याकरणीय

समालोचनाले पनि नेपाली समालोचनामा स्थान पक्का गरेका छन् । प्रगतिवादी, प्रभावपरक एवम् सैद्धान्तिक समालोचनाको विकासमा पनि विभिन्न विद्वान्हरूले महत्त्वपूर्ण कार्य गरेकै छन् ।

वि.सं. २०२० पछि नेपाली साहित्यको विकासमा देखिएका नवप्रवृत्तिकै प्राप्तिका रूपमा वि.सं. २०३४ बाट सूत्रपात भएको उत्तरआधुनिकतावादी बिनिर्माणिक प्रक्रियाको नेपाली संस्करण इन्द्रबहादुर राईको **लीलालेखन**को जगमा उभिएर धेरै स्रष्टाले कलम चलाउने कार्य गरेका छन् । यस सँगै अन्य विविध समालोचनाहरू पनि विकसित भएका छन् । मोहनराज शर्माको शैली वैज्ञानिक समालोचना, अभि सुवेदीका पाश्चात्यकेन्द्री समालोचनात्मक ग्रन्थहरू, निनु चापागाई, ऋषिराज बराललगायतका स्रष्टाहरूको योगदान पनि यस चरणको समालोचनालाई माथि उठाउन महत्त्वपूर्ण सावित भएका छन् ।

लक्ष्मणप्रसाद गौतमको प्रवेश पूर्व नै नेपाली समालोचनामा धेरै महत्त्वपूर्ण कार्यहरू भइसकेका थिए । विविध राजनैतिक आर्थिक र सामाजिक परिवर्तनको पृष्ठभूमिमा रहेर नेपाली साहित्यले पनि नवआयामको आगमनलाई स्वागत गरिरहेको थियो । वि.सं. २०४८ सालमा *विश्वेश्वरप्रसाद कोइरालाको सुम्निमा एक समीक्षा*बाट सुरुवात भएको गौतमको समालोचनाले **नन्दनको काव्यिक परिवेश** (२०५२) बाट अझै विकसित हुने मौका पायो । **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (२०५२)ले उनलाई अझै गतिशील बनाएको पाइन्छ । यस कृतिलाई चितवन जिल्लाको साहित्येतिहास लेखनकै मानक ग्रन्थ मानिन्छ । चितवनको साहित्यिक इतिहास र स्रष्टालाई चिनाउने यस कृतिलाई गोवर्द्धन पूजाले आमूल कृति मानेका छन् । त्यसैले चितवनको साहित्यि सर्वेक्षण र विश्लेषणले उनलाई एक खुट्किलो माथि उठाउने काम गरेको छ ।

दयाराम श्रेष्ठले वि.सं. २०५० को दशकमा भएका साहित्येतिहास सम्बन्धी ठोस कार्यहरूमा लक्ष्मणप्रसाद गौतमको **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**को महत्त्वपूर्ण स्थान रहेको उल्लेख गरेका छन् । त्यस अर्थमा पनि चितवनको साहित्य सर्वेक्षण र विश्लेषणले उनको लेखनलाई अझ पारदर्शी बनाएको मूल्याङ्कन गर्न विद्वान्का यी धारणाहरू काफी छन् । वि.सं. २०६० मा साझा प्रकाशनबाट प्रकाशित **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**लाई विद्वान्हरूले कविता समालोचनाकै मानक ग्रन्थका रूपमा विश्लेषण गरेका छन् । अहिले सम्मको नेपाली साहित्यमा यस किसिमको बिम्ब सम्बन्धी अनुसन्धान नभएको परिवेशमा गोन्दिराज भट्टराईका शब्दमा नेपाली साहित्यकै इतिहासमा

यो नौलो आविश्कार हो र यसले विशिष्ट योगदान दिएको छ । त्यस्तै घनश्याम कँडेलका शब्दमा यो ग्रन्थ नेपाली साहित्यमा बिम्बसम्बन्धी विषयमा लेखिएको र कविताको बिम्बपरक विश्लेषण गरिएको पहिलो र आधिकारिक कृति हो । त्यस्तै कृष्ण गौतमका शब्दमा यो रूपवादतिर उन्मुख समालोचना हो भने मोहन हिंमासु थापाका शब्दमा बिम्बको व्यवस्थित र वस्तुपरक विश्लेषण गरी यस विषयमा लेखिएको औपचारिक वैज्ञानिक अनुसन्धान गरिएको यो नै पहिलो कृति हो । त्यस्तै ध्रुवचन्द्र गौतमका शब्दमा यो ग्रन्थ बिम्बपरक अध्ययनको मानक ग्रन्थ हो । साझा प्रकाशनका अनुसार नेपाली समालोचनामा यस्तो किसिमको यो नै पहिलो कृति हो । खगेन्द्रप्रसाद लुईटेलले यस कृतिलाई बिम्बलाई अर्थ्याइ समकालीन नेपाली कवितामा यसको अवस्थित निरूपण गरिएको यो नेपालीकै पहिलो आधिकारिक कृति हो भनी उल्लेख गरेको पाइन्छ ।

यस अर्थमा के भन्न सकिन्छ भने कविता विधामा भएका अन्य विविध समालोचनात्मक कृतिहरू भन्दा **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण** यस अर्थमा मानक ग्रन्थ रहेको छ कि यसले कविता विधामा प्रयोग भएका बिम्बलाई नै लिएर विस्तृत अनुसन्धान गरेको छ र बिम्बलाई चिनाउने विशिष्ट कार्य सम्पन्न गरेको छ । त्यसैले लक्ष्मणप्रसाद गौतमलाई **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**ले पहिलो स्थान प्रदान गरेको छ । उनको विज्ञान शब्दकोषले विज्ञान शब्दावलीको सङ्कलन र अर्थनिर्धारणमा महत्त्वपूर्ण कार्य गरेको छ । **नोबेलपुरस्कर विजेता साहित्यकार** (२०६२) ले पनि पश्चिमा साहित्यप्रतिको उनको धारणाको विकासमा महत्त्वपूर्ण कार्य गरेको छ । **नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना**लाई गोविन्दराज भट्टराईले यो मानक कृति हो भनी उल्लेख गरेका कारण उत्तर आधुनिकतावादी नेपाली समालोचनालाई चिनाउन पनि गौतमको महत्त्वपूर्ण स्थान रहेको स्पष्ट छ । वि.सं. २०६६ सालमा उनको विद्यावारिधि शोधग्रन्थका रूपमा प्रकाशित **समकालीन नेपाली कविताका प्रवृत्ति** कृतिले नेपाली कविताको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएकै पाइन्छ । नेपाली कविताको इतिहासको निरीक्षण गर्दै समकालीनतालाई चिनाउने विशेष प्रयास गरीएको यो अनुसन्धानात्मक कृतिका बारेमा पनि विद्वान्हरूले धारणा व्यक्त गरेकै छन् । त्यसको भूमिकामा मोहनराज शर्माले उत्कृष्ट कृति भनेका छन् भने सुकुम शर्माले समकालीन नेपाली कविताको अध्ययनमा यो कृति शोधपरक व्याख्याको पठनीय कृति मात्र नभई यस क्षेत्रको आधिकारिक र भरपर्दो ग्रन्थ हो भनेका छन् ।

त्यसैले नेपाली कविताको समकालीनता प्रतिको चासो राख्ने यो कृतिले पनि उनलाई विशिष्ट स्थान प्रदान गरेको छ । त्यसैगरी **उत्तरवर्ती समालोचना केही प्रतिरूप** (२०६८) **राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता** (२०६८), **कविताको सैद्धान्तिक विमर्श** (२०६९) जस्ता कृतिले उनको कविता सालोचनालाई उत्तरोत्तर विकसित स्थान प्रदान गरेको स्पष्ट छ । लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीको सहलेखनमा प्रकाशित नेपाली कथाको इतिहासका सन्दर्भमा विद्वान्हरूका आ-आफ्नै धारणा छन् । राजु भुसालले **नेपाली कथाको इतिहास** (२०६९) एउटा आधार ग्रन्थ रहेको र यसले नेपाली साहित्यको इतिहास लेखनमा नयाँ मोड ल्याएको कुरा उल्लेख गरेका छन् । त्यसैगरी रविन्द्र समीरले समकालीन नेपाली कविताका प्रवृत्तिलाई ऐतिहासिक दस्तावेज मान्दै नेपाली कविता समालोचनामा यसको महत्त्वपूर्ण स्थान रहेको उल्लेख गरेका छन् । प्रदीप नेपालले यो कृति पढिसकेपछि मात्र मलाई थाहा भयो हिजोको मेरो कथा साहित्यको इतिहास ज्ञान कति कमजोर रहेछ भनी उल्लेख गरेका छन् ।

यी माथि उल्लिखित तथ्यहरूले के कुरा स्पष्ट पारेका छन् भने लक्ष्मणप्रसाद गौतमलाई नेपाली कविता समालोचनाको समकालीन धारामा एक नम्बरको स्थान प्रदान गर्न सकिन्छ । **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण** (२०६०) र समकालीन नेपाली कविताका प्रवृत्तिले नै उनलाई यो स्थान दिलाएको पाइन्छ । चितवनको साहित्यिक इतिहास लेखनमा पनि उनको ग्रन्थ **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**ले उनलाई प्रथम स्थान प्रदान गरेको छ । नेपाली समालोचनामा उनका प्राय सबै कृतिले पनि उनलाई मानक स्थान प्रदान गरेका छन् । उनलाई सम्पादकको एक सफल स्थान पनि प्रदान गर्न सकिन्छ । **रत्न बृहत् नेपाली समालोचनको सैद्धान्तिक र प्रायोगिक** मात्र दुई वटा खण्डका दुई वटा कृतिले नै उनको सम्पादकीय परिचय दिएका छन् भने अन्य कृतिहरूले सहायक भूमिका खेलेका छन् ।

एक शब्दमा नभनौं एक वाक्यमा भन्दा लक्ष्मणप्रसाद गौतमबारे तथ्यहरूलाई मूल्याङ्कन गर्दै के भन्न सकिन्छ भने लक्ष्मणप्रसाद गौतम समकालीन नेपाली समालोचना विधाका केही समालोचकहरूमा गनिने त्यस्ता समालोचक हुन् जसलाई आफ्ना केही कृतिका कारण एक नम्बरको स्थानमा प्राप्त छ ।

## परिच्छेद : छ

# उपसंहार

लक्ष्मणप्रसाद गौतम नेपाली समालोचनामा प्रचलित नाम हो । वि.सं. २०२० सालमा बागलुङमा जन्मिएका गौतमले बाल्यकाल एउटा सम्पन्न परिवारमा बिताए पनि बसाइसराइ जस्ता कठिनाइ बेहोर्नु परेको देखिन्छ । सानैदेखि पढाइपुरा गर्ने क्रममा मातापिताको सान्निध्य नपाएका गौतमले धेरै समय मातापिताविहीन भएर काट्नु पर्‍यो । भारत प्रवासमा रहँदा तीन दिन सम्म काँचो टमाटर र काँक्रो खाएर बिताएका गौतमले तिनै दुःखादायी क्षणबाट पार पाएर सम्मानित जीवन बाँच्दै छन् । सानैदेखि पढाइमा अब्बल भएका कारण उनी सबैका प्यारा छात्र हुन पुगेको जानकारी पाइन्छ । भारतका विभिन्न विद्यापीठबाट संस्कृत शास्त्री गरेका गौतमले आज विद्यावारिधि सम्मको औपचारिक शिक्षा हासिल गरिसकेका छन् । २०४१ सालमा विवाह बन्धनमा बाँधिएका गौतमका तीन जना सन्तान छन् । पेसाको रूपमा सुरुदेखिनै शिक्षण पेसा अङ्गालेका गौतम विभिन्न शैक्षिक संस्थामा आबद्ध हुँदै आएको पाइन्छ । हाल पनि उनी नेपाली केन्द्रीय विभाग किर्तीपुर काठमान्डौमा अध्यापनरत छन् । विशेषतः शैक्षिक संस्थामा आबद्ध गौतम विभिन्न राष्ट्रिय तथा आन्तर्राष्ट्रिय स्तरका साहित्यिक संस्थाहरूमा आबद्ध छन् । स्रष्टाले दिएको कदरस्वरूप प्रदान गरिने पुरस्कारका आतिरिक्त शैक्षिक संस्थाबाट पनि उनले पुरस्कारहरू प्राप्त गरेका छन् ।

लक्ष्मणप्रसाद गौतमले साहित्यका विविध विधामा कलम चलाए पनि उनलाई चिनाउने विधा समालोचना हो । नेपाली समालोचनालाई अग्रसरता प्रदान गर्ने कार्यमा गौतम हालसम्म पनि क्रियाशिल छन् । लक्ष्मणप्रसाद गौतमले विभिन्न विधामा कलम चलाए तापनि उनमा रहेको समालोचना कला विशिष्ट मानिन्छ । आज गौतमका अन्य रचनाहरू फुटकरमा सीमित रहनु र समालोचनात्मक कृतिहरू पुस्तकाकार रूपमा प्रकाशित हुनुले उनको समालोचना मोह र कलागत क्षमताको परिचय दिएको छ । उनलाई साहित्यमा पहिलो पाइलो टेकाउने विधा भने कविता नै रह्‍यो । वि.सं. २०३६ सालमा *मातृभूमि* शीर्षकको कविता मार्फत उनी साहित्यमा प्रवेश गरेका देखिन्छन् । समालोचनाको हकमा वि.सं. २०४८ सालको **नन्दनको काव्यिक परिवेश** मार्फत उनी समालोचना लेखनमा अझ प्रवृत्त हुन पुगे । वि.सं. २०५२ सालबाट अगाडि बढेको उनको समालोचना लेखन हालसम्म

पनि अझै परिस्कृतताका साथ अगाडि बढेको पाइन्छ । जीवनीपरक, प्रभावपरक एवम् मूल्याङ्कनपरक समालोचनाप्रणालीबाट अगाडि बढेको गौतमको लेखन आज विभिन्न सिद्धान्त, वाद तथा प्रणालीका साथ प्रगतिपथमा लम्किरहेको छ । नेपाली साहित्य र समालोचनाको विकासमा चितवनमा रहेर उनले गरेका कार्यहरू महत्त्वपूर्ण छन् । चितवनको साहित्यलाई मूल्याङ्कन गर्दै लेखिएको **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (२०५२) यसैको ज्वलन्त उदाहरण हो । लक्ष्मणप्रसाद गौतम अन्य विधाको समालोचना गर्न भन्दा कविता विधाको समालोचना गर्नमा रुचि राख्छन् भन्ने कुार उनका कृतिहरूले पुष्टि गर्दछन् । **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण** (२०६०), **समकालीन नेपाली कविताका प्रवृत्ति** (२०६६), **राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता** (२०६८), **कविताको सैद्धान्तिक विमर्श** (२०६९) कृतिले नै उनमा रहेको कविता समालोचनाप्रतिको मोहलाई प्रकट गरेका छन् । नेपाली साहित्यमा रहेको उत्तरआधुनिक प्रवृत्तिको लेखाजोखा गर्ने कार्यमा पनि उनले **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना** (२०६६) मार्फत आफूलाई अग्रसरता प्रदान गरेकै छन् । नेपाली विज्ञान शब्दकोषको विकासमा एक पाइलो थप्ने उनको कोषग्रन्थ **विज्ञान शब्दकोष** (२०६०) ले पनि भाषा साहित्यको विकासमा दिएको योगदान उच्च छ । कथाको इतिहासलाई समग्रतामा कोट्याउने उनको कृति **नेपाली कथाको इतिहास** (२०६८) ले नेपाली कथाको विकासमा एक खुड्किलोको काम गरेको छ ।

लक्ष्मणप्रसाद गौतममा रहेको समालोचकीय क्षमतामा उनमा रहेको सम्पादकीय कौशलले पनि टेवा दिएको छ । उनले सम्पादन गरेका एक दर्जन स्रष्टाकेन्द्री, विधाकेन्द्री, सिद्धान्तकेन्द्री र प्रयोगिक समालोचनाकेन्द्री सम्पादकीय कृतिहरूले नेपाली साहित्यको भण्डारलाई विशिष्ट योगदान पऱ्याएकै छन् । नेपाल प्रज्ञा प्रतिष्ठान, साझा प्रकाशन, त्रि.वि. अनुदान आयोगलगायतका संस्था मार्फत लक्ष्मणप्रसाद गौतमले पुरा गरेका विभिन्न अनुसन्धान परियोजनाहरू, विभिन्न संस्थामार्फत बुझाएका ज्ञापनपत्र र कार्यपत्रहरूले उनमा रहेको क्षमता र विचारगत स्पष्टताको परिचय दिएका छन् ।

नेपाली साहित्यको लेखनमा कथा, कविता र निबन्धमा हात हाल्नु आफ्नो अन्तःप्रेरणाकै प्रकटीकरण हो भन्ने गौतम आफ्नो समालोचना लेखनको प्रेरणा प्रदाता ईश्वर बराललाई मान्छन् । आफू भारतमा प्रवासी विद्यार्थी जीवन बिताइरहेका गौतमलाई साहित्यलेखनका साथै समालोचना लेखनमा विशेष रूपले उर्जा प्रदान गर्ने व्यक्ति ईश्वर

बराल नै रहेको पाइन्छ । ईश्वर बरालबाटै तटस्थ निष्पक्ष र विशिष्ट समालोचना क्षमताको संस्कार पाएका लक्ष्मणप्रसाद गौतम आज यो स्थानमा पुग्नुमा ईश्वर बरालको महत्त्वपूर्ण हात रहेको स्विकार्छन् । ईश्वर बरालबाट विशेष रूपमा प्रभावित गौतम टि.एस. इलियट, एज्रा पाउण्ड, रोला बार्थ, भि.एस. नयपाल, ह्यारोल्ड पिन्टरको लेखनबाट पनि प्रभावित छन् । आज गौतमको लेखनलाई विशिष्टता प्रदान गर्ने कार्यमा माथि उल्लिखित स्रष्टाका कृतिहरूले पारेको प्रभाव मुख्य रहेको गौतम स्विकार्छन् ।

लक्ष्मणप्रसाद गौतमको लेखनमा पाइने त्यस्ता केही महत्त्वपूर्ण पक्ष छन् जसले उनलाई नेपाली समालोचना विधामा अलग्गै पहिचान बनाउन र सफलता प्रदान गर्नमा महत्त्वपूर्ण कार्य गरेका छन् । समालोचना लेखनमा पनि विशेषतः पूर्वीय र पाश्चात्य साहित्यको सेतुमय व्याख्या उनमा पाइने विशिष्ट खुबी हो । पूर्वीय वाङ्मयका सापेक्षतामा उत्तरआधुनिक साहित्य सम्मको व्याख्या उनका कृतिमा पाइने अर्को महत्त्वपूर्ण नमुना हो । बिम्ब र अलङ्कारलाई जोड्दै यिनीहरूमा पाइने एकरूपताको व्याख्या, कविता विधाको चरणविभाजनमा नयाँ अवधारणाको विकास गौतमीय प्राप्ति हुन् । सामान्य विषयको उठानमा विशिष्टता र सरल भाषामा जटिल विषयवस्तुको उठान पनि गौतमीय प्राप्ति हुन् ।

निष्कर्षतः नेपाली साहित्यले यहाँ सम्म आइपुग्दा धेरै स्रष्टाको योगदान आत्मसात गरेको छ । तिनै स्रष्टामध्ये एउटा नाम हो लक्ष्मणप्रसाद गौतम । गौतमले नेपाली साहित्यलाई दिएको योगदान सबैथोक होइन तर केही अवस्यमेव हो । तसर्थ उनले चलाएको कलम उनले उठाएको विषयले नेपाली साहित्यलाई केही कुरा अवस्यमेव दिएको छ । त्यसैले लक्ष्मणप्रसाद गौतम नेपाली साहित्यमा र त्यसमा पनि समालोचनामा एक सम्झन योग्य व्यक्तिका रूपमा रहेका छन् र रहिरहने छन् ।

# सन्दर्भ ग्रन्थ सूची


अज्ञात कपिल, *वस्तुवादी समालोचक लक्ष्मणप्रसाद गौतम,* **स्रष्टा बिम्ब व्यक्तित्त्व आरेख,** चितवन, चितवन वाङ्मय परिषद् २०६७।

अधिकारी ज्ञानु, *समकालीन नेपाली कविता माथिको मानक अनुसन्धान,* **अन्नपूर्ण पोष्ट** राष्ट्रिय दैनिक, वर्ष ९, अङ्क ९९ ।

अधिकारी ज्ञानु, **नेपाली नारी समालोचना परम्परा, प्रवृत्ति र विश्लेषण,** काठमान्डौ, पैरवी प्रकाशन, जेष्ठ २०६८ ।

अधिकारी ज्ञानु, **प्रायोगिक समालोचना केही प्रतिरूप,** काठमान्डौ, नेपाल प्रज्ञा प्रतिष्ठान, २०६३ ।

आचार्य नरेन्द्रमणी, **अङ्ग्रेजी नेपाली साझा संक्षिप्त कोश,** काठमान्डौ, नेपाल प्रज्ञा प्रतिष्ठान २०६७।

आचार्य भागवत, *समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण,* **मिर्मिरे**, वर्ष ३३, अङ्क ३, असार २०६१ ।

आचार्य भागवत *उत्तरआधुनिक समालोचनाको पनि समालोचना,* **मिर्मिरे**, वर्ष ३८, अङ्क ११, २०६६ ।

आचार्य ब्रतराज, *नेपाली कथाको इतिहास केलाउँदा,* **गरिमा,** वर्ष ३०, अङ्क १०, पूर्णाङ्क ३५८, असोज २०६९ ।

एटम नेत्र, **समालोचनाको स्वरूप,** काठमान्डौ, विद्यार्थी पुस्तक भण्डार, २०६१ ।

गोवर्धन पूजा, *चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,* **नव समानान्तर,** वर्ष १, अङ्क १२, वैशाख २९५४ ।

गौतम लक्ष्मणप्रसाद, **नन्दनको काव्यिक परिवेश,** चितवन, चितवन वाङ्मय प्रतिष्ठान, २०५२ ।

गौतम लक्ष्मणप्रसाद, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** चितवन, चितवन वाङ्मय प्रतिष्ठान, २०५२ ।

गौतम लक्ष्मणप्रसाद, **सान्दर्भिक समालोचना,** काठमान्डौ, भुडीपुराण प्रकाशन, २०५७ ।

गौतम लक्ष्मणप्रसाद, **विज्ञान शब्दकोष** (सहलेखन), काठमान्डौ, **नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान,** २०६० ।

गौतम लक्ष्मणप्रसाद, **नोबेल पुरस्कार विजेता साहित्यकार** (सहलेखन), काठमान्डौ, रत्न पुस्तक भण्डार, २०६२ ।

.गौतम लक्ष्मणप्रसाद, **नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना**, काठमान्डौ, ओरियन्टल पव्लिकेशन, २०६६ ।

गौतम लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताका प्रवृत्ति,** काठमान्डौ, पैरवी प्रकाशन, २०६६ ।

गौतम लक्ष्मणप्रसाद, **उत्तरवर्ती समालोचना केही प्रतिरूप,** काठमान्डौ, पैरवी प्रकाशन, २०६८ ।

गौतम लक्ष्मणप्रसाद, **राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता,** काठमान्डौ, रत्न पुस्तक भण्डार, २०६८ ।

गौतम लक्ष्मणप्रसाद (सहलेखन), **नेपाली कथाको इतिहास**, काठमान्डौ, नेपाल प्रज्ञा प्रतिष्ठान, २०६९ ।

गौतम लक्ष्मणप्रसाद, **कविताको सैद्धान्तिक विमर्श,** काठमान्डौ, पाठ्यसामग्री पसल, २०६९ ।

गौतम लक्ष्मणप्रसाद (सम्पादक), **शब्दहरू अविराम यात्रामा**, संयुक्त कवितासङ्ग्रह, चितवन, चितवन वाङ्मय प्रतिष्ठान, २०५७ ।

गौतम लक्ष्मणप्रसाद (सम्पादक), **आख्यान पुरुष ध्रुवचन्द्र गौतम,** चितवन, चितवन वाङ्मय प्रतिष्ठान, २०६० ।

गौतम लक्ष्मणप्रसाद (सम्पादन), **नेपाली यौनकथा भाग-२,** विराटनगर, वाणी प्रकाशन, २०६१ ।

गौतम लक्ष्मणप्रसाद (सम्पादन), **समकालीन नेपाली द्वन्द्वकथा,** काठमान्डौ, पैरवी प्रकाशन २०६२ ।

गौतम लक्ष्मणप्रसाद (सम्पादन), **अन्तरसंवाद,** खोटाङ, टङ्कबहादुर श्रेष्ठ (प्रकाशक), २०६५ ।

गौतम लक्ष्मणप्रसाद, **प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता,** काठमान्डौ, नेपाल प्रज्ञा प्रतिष्ठान, २०७० ।

गौतम लक्ष्मणप्रसाद, **प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता,** काठमान्डौ, नेपाल प्रज्ञा प्रतिष्ठान, २०७१ ।

घिमिरे कृष्णप्रसाद *कथाहरूको आलोडन,* **मधुपर्क,** वर्ष २७, अङ्क ६, पूर्णाङ्क ४७०, साउन २०६५ ।

ढकाल रजनी, *कथाको इतिहास,* **कान्तिपुर दैनिक,** वर्ष, २०, अङ्क १७५, २०६९ ।

ढुङ्गाना गोपीकृष्ण, *एकैसाथ तीन,* **अन्नपुर्ण पोष्ट दैनिक,** वर्ष ११, अङ्क ६७, २०६९ ।

न्यौपाने घनश्याम, *काव्यिक विम्ब केलाइएको ग्रन्थ,* **मधुपर्क,** वर्ष ३७, अङ्क ६, पूर्णाङ्क ४२५, २०६१ ।

नेपाल प्रदीप, *अरुलाई चम्काउने ग्रन्थ,* **नेपाल राष्ट्रिय साप्ताहिक,** वर्ष १३, अङ्क १, साउन २०६९ ।

पराजुली ठाकुरप्रसाद, *गौतमका रचनात्मक अध्ययन,* **सान्दर्भिक समालोचना,** काठमान्डौ भुँडीपुरण प्रकाशन, दोस्रो संकरण २०६६, भूमिका ।

पोखरेल बालकृष्ण (निर्देशित), **नेपाली बृहत् शब्दकोष,** काठमान्डौ, नेपाल प्रज्ञा प्रतिष्ठान (सातौं संस्करण), २०६७ ।

पौडेल डुण्डिराज, *समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण अनुसन्धान ग्रन्थको विवेचना,* **नेपाली वाङ्मयमा रत्नश्रेष्ठ पुरस्कार गुठी,** बागलुङ, दिअ प्रकाशन, २०६३ ।

बन्धु चुडामणी, *समकालीन नेपाली कविताका प्रवृत्ति,* **गरिमा,** वर्ष २८, अङ्क १०, पूर्णाङ्क ३३४, असोज २०६७ ।

भट्टराई गोविन्दराज, *२०६० साल विशेष साहित्य, साठी साल सकिने बेलामा,* **कान्तिपुर** ( कोशेली), जेष्ठ १६ २०६१, पृष्ठ घ ।

भट्टराई शिवप्रसाद, *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,* **गोरखापत्र,** असार २७ शनिबार २०६१, पृष्ठ घ ।

भाउपन्थी (सम्पादन), **आख्यानकार विश्वेश्वरप्रसाद कोइराला पुनर्पाठ,** काठमान्डौ, नेपाल प्रज्ञा प्रतिष्ठान २०७० ।

भाउपन्थी (सम्पादन), **भवानी भिक्षु, कृतित्व र व्यक्तित्त्व,** काठमान्डौ, नेपाल प्रज्ञा प्रतिष्ठान २०६७।

भुषाल राजु, *नेपाली कथाको इतिहास एक संक्षिप्त परिचय,* **मेचीकाली** दैनिक, २७ असोज २०६९, पृष्ठ ४ ।

रविन्द्र समीर, *समकालीन नेपाली कविताको इन्साइक्लोपेडिया,* **नेपाल** राष्ट्रिय साप्ताहिक, वर्ष १०, अङ्क ४९, २७ असार २०६७।

लुइटेल खगेन्द्रप्रसाद, *बिम्ब र नेपाली कवितामा बिम्ब विधान,* **समकालीन साहित्य,** वर्ष १४, अङ्क ३, पूर्णाङ्क २५, चैत २०६१ ।

शर्मा सुकुम, **कृतिपरिचय,** काठमान्डौ, दोभान प्रकाशन, २०६८ ।

शर्मा मोहनराज, *मन्तव्यका रूपमा केही शब्द,* **समकालीन नेपाली कविताका प्रवृत्ति,** ललितपुर, साझा प्रकाशन, २०६६ भूमिका ।

श्रेष्ठ दयाराम, *इतिहास लेखनको आरम्भ र विकास,* **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ,** काठमान्डौ, पालुवा प्रकाशन (ते.सं.) २०६५ ।

श्रेष्ठ तारालाल, *उत्तरआधुनिक समालोचनाको समालोचना,* **नागरिक (अक्षर),** १३ भदौ २०६६ पृष्ठ कि ।

सिलवाल छविरमण, *नेपाली कविताको अवलोकन,* **दृष्टि राष्ट्रिय साप्ताहिक,** वर्ष २७, अङ्क ३७, ११ साउन २०६७।

सुवेदी राजेन्द्र, **नेपाली समालोचना परम्परा र प्रवृत्ति,** काठमान्डौ, पाठ्यसामग्री पसल, २०६१ ।

सुवेदी राजेन्द्र, **नेपाली समालोचना परम्परा र प्रवृत्ति काठमान्डौ,** पाठ्यसामग्री पसल (दोस्रो संस्करण), २०६९ ।

सुवेदी राजेन्द्र र लक्ष्मणप्रसाद गौतम (सम्पादन), **रत्न बृहद् नेपाली समालोचना (सैद्धान्तिक खण्ड),** काठमान्डौ, रत्नपुस्तक भण्डार, २०६९ ।

सुवेदी राजेन्द्र र लक्ष्मणप्रसाद गौतम (सम्पादन), **रत्न बृहद् नेपाली समालोचना(प्रायोगिक खण्ड),** काठमान्डौ, रत्न पुस्तक भण्डार, २०७० ।

सुवेदी होमनाथ, **समुद्रपारका समालोचना**, अमेरिका वासिङ्टन् डि.सी., अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, २०६५ चैत (अप्रिल २००९) ।

सुवेदी रेवती रमण, *प्रथम सम्पादित द्वन्द्वकथासङ्ग्रह,* **शारदा,** वर्ष १, अङ्क ३, चैत २०६३, पृष्ठ ९७ ।

त्रिपाठी सुधा, *खोजपूर्ण कार्य,* **मधुपर्क**, वर्ष २९, अङ्क १, पूर्णाङ्क ३३४, चैत २०५३ ।

## परिशिष्ट खण्ड

## परिशिष्ट 'क'

**शोधनायक लक्ष्मणप्रसाद गौतमलाई सोधिएका प्रश्नावलीहरू**

१. यहाँको न्वारनको नाम के हो ?

२. तपाईको जन्म कहिले र कहाँ भएको थियो ?

३. यहाँको बुबाले कुन पेसा अवलम्बन गर्नु भएको थियो र यहाँ कुन पेसामा आबद्ध हुनुहुन्छ ?

४. तपाईको परिवारमा हाल कति जना सदस्य हुनुहुन्छ ?

५. तपाईको परिवारमा तपाई कुन चाहिँ सन्तान हुनुहुन्छ ?

६. तपाईको पुर्ख्यौली बसोबास कहाँ रहेको थियो ?

७. तपाई कहिलेदेखि चितवन प्रवेश गर्नु भयो ? तपाईको परिवार कहिले चितवन प्रवेश गऱ्यो ?

८. बाल्यावस्था कसरी बितेको थियो ?

९. बाल्यावस्था कुन ठाउँमा बिताउनु भयो ?

१०. बाल्यकालमा विशेष गरी के गर्न मन लाग्थ्यो ?

११. औपचारिक शिक्षामा कहिलेदेखि प्रवेश गर्नुभयो ?

१२. औपचारिक शिक्षार्जन कहाँबाट गर्नुभयो ?

१३. घरमा शैक्षिक वातावरण कस्तो प्रकारको रहेको थियो ?

१४. अध्ययनको अवस्थामा यहाँका रुचिहरू के के थिए ?

१५. खानपान तथा पोसाकको दृष्टिकोणमा केही जानकारी दिनुहोस् न ?

१६. यहाँको साहित्यप्रतिको विशेष अनुरागका सन्दर्भमा कसको प्रभाव परेको थियो ? कसको प्रभाव छ ?

१८. अनि समालोचकहरूमा कोबाट बढी प्रभावित हुनुहुन्छ ?

१९. अन्तर्राष्ट्रिय व्यक्तित्त्व, स्रष्टा वा समालोचकहरूमा यहाँ कोबाट प्रेरित र प्रभावित हुनुहुन्छ ?

२०. तपाईको वैवाहिक अवस्था तथा हालसम्मको दाम्पत्य जीवन के कस्तो रहेको छ ?

२१. तपाईंका कतिजना सन्तति रहनुभएको छ र हाल उहाँहरूको शैक्षिक अवस्था कस्तो रहेको छ ?

२२. तपाईंका विभिन्न क्षेत्रसँग सम्बन्धित धारणा/मान्यताहरूबारे बताई दिनुस् न ?

२३. तपाईं साहित्य सिर्जना के का लागि गर्नुहुन्छ ?

२४. हालसम्म कुन कुन संस्थासँग आबद्ध हुनुहुन्छ ?

२५. आफ्नो आर्थिक अवस्था कत्तिको सबल रहेको ठान्नुहुन्छ ?

२६. साहित्ययात्रामा कहिलेदेखि के विधालाई लिएर प्रवेश गर्नु भयो ?

२७. खास कसको प्रेरणाले साहित्ययात्रामा प्रवेश गर्नुभयो ?

२८. साहित्य साधनामा यहाँको रुचिको विषय चाहिँ समालोचना मात्रै रहेको पाइन्छ स्पष्ट पारिदिनुस् न ?

२९. साहित्यमा यहाँले कुन कुन विषयमा कलम चलाउनु भएको छ ?

३०. यहाँको जीवनमा घटेका अविस्मरणीय क्षणहरूबारे बताइदिनुस् न ?

३१. अहिलेसम्म यहाँले भोगेका दुःखद् तथा रोचक घटनाहरू के के रहेका छन् ?

३२. यहाँले गरेका यात्रा तथा भ्रमणहरूबारे जानकारी दिनुस् न ?

३३. साहित्यिक कार्यक्रममा कत्तिको सहभागी हुनुहुन्छ ? सहभागी हुन मन पराउनु हुन्छ ?

३४. हरेक क्षेत्रमा कार्यरत व्यक्तिलाई आफू काम गरेको संस्थाको सर्वोच्च निकायमा पुग्ने रहर हुन्छ । यहाँले वीरेन्द्र बहुमुखी क्याम्पसबाट केन्द्रीय नेपाली विभागमा सरुवा हुँदा कस्तो अनुभूति गर्नुभयो ?

३५. जीवनमा आफूलाई पश्चात्ताप लागेको कुनै क्षण भए बताईदिनुस् न ?

३६. तपाईंको जीवनमा आएको यस्तो अनन्य मित्रबारे बताइदिनुस्, जसले आफू सङ्कटग्रस्त रहेको अवस्थामा च्याप्प हात समाएर त्यता होइन यता भनी बाटो देखाएको होस् ।

३७. आफूले पढाएका त्यस्ता विद्यार्थी कोही भए बताईदिनुस् न, जसप्रति यहाँलाई गर्वानुभूति हुन्छ ?

## परिशिष्ट 'ख'

**लक्ष्मणप्रसाद गौतमकी धर्मपत्नी सीता गौतमलाई सोधिएको प्रश्नावली**

१. घर गृहस्थीमा खुसी हुनुहुन्छ ?

२. तपाईं विवाह गरेर आउने बित्तिकैको आर्थिक अवस्था र हालको आर्थिक अवस्थामा के भिन्नता महसुस गर्नुहुन्छ ?

३. गृहस्थीमा आर्थिक जटिलताहरू कत्तिको अनुभव गर्नुभयो ?

४. सरको व्यस्ततताप्रति कत्तिको दिक्क लाग्छ यहाँलाई ?

५. सरको स्वभाववारे केही बताइदिनुस् न ?

६. सरको घरपरिवारप्रतिको व्यवहार, आफन्तप्रतिको व्यवहारबारे केही बताइदिनुस् न ?

७. सबैभन्दा खुसी लागेको क्षण के हो ? सरको कारणबाट आएको खुशीको क्षण ?

८. आज यसो गरौं न हजुर भन्दा कत्तिको समय निकालेर 'हुन्छ गरौं' भन्नुहुन्छ सरले ?

९. आफूलाई कत्तिको भाग्यमानी ठान्नुहुन्छ ?